# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषय परिचय

वि.सं. २०१७ चैत १० गते बागमती अञ्चल अन्तर्गत काभ्रेलान्चोक जिल्लाको कानपुरमा जन्मेका युवराज मैनाली आख्यानकार, निबन्धकार, समालोचक हुन् । उनी खास गरी नेपाली साहित्यमा समालोचकका रूपमा प्रख्यात छन् । वि.सं. २०३७ मा 'एउटा लाश लम्कदै छ सुनसानको रातमा' (**तन्नेरी**) नामक शीर्षकको कथा प्रकाशन गरी मैनालीले आफ्नो साहित्य लेखन आरम्भ गरेका थिए । साहित्यमा निरन्तर कलम चलाइरहेका मैनालीका हालसम्म निम्नलिखित पाँचवटा कृतिहरू प्रकाशित भएका छन् :

(१) **मुर्दा बोल्यो** (२०३७), कथासङ्ग्रह

(२) **केही प्रतिभा केही प्रकृति** (२०४२), समालोचनासङ्ग्रह

(३) **भ्रष्टाचारको भाङ** (२०६५), निबन्धसङ्ग्रह

(४) **समका पौराणिक नाट्य कौशल** (२०६९), समालोचनासङ्ग्रह

(५) **कर्मयोगी देवकोटा महाकाव्यको विश्लेषण** (२०६९), समालोचनासङ्ग्रह

यी बाहेक मैनालीका विभिन्न पत्रपत्रिकामा साहित्यिक स्तम्भहरूको साथै प्रशस्त लेखरचनाहरू पनि प्रकाशित भएका छन् ।

## १.२ समस्याकथन

नेपाली साहित्यलाई युवराज मैनालीले स्रष्टा र द्रष्टा दुवै क्षेत्रमा योगदान दिएका छन् । नेपाली समाजको विकृति र विसङ्गतिप्रति चोटिलो व्यंग्य प्रहार गरी साहित्यद्वारा वर्तमान समाजलाई दर्शाउने मैनाली देशप्रेमी तथा राष्ट्रसेवक प्रवृतिका छन् । वि.सं. २०३५ सालदेखि साहित्य यात्रामा लागेका मैनाली हालसम्म साहित्य साधनामा निरन्तर सक्रिय छन् । यसरी विभिन्न क्षेत्रमा मैनालीको योगदान महत्त्वपूर्ण रहेका अवस्थामा उनका बारेमा विभिन्न पत्रपत्रिकामा सामान्य चर्चा, अन्तवार्ता र छिटफुट रूपमा जे जस्तो अवस्थामा अध्ययन-विश्लेषण बाहेक गहन रूपमा अध्ययन भएको पाइँदैन । त्यसैले युवराज मैनालीको

जीवनी, व्यक्तित्व र कृतित्व बारेमा विस्तृत अध्ययन गर्नु यस शोधकार्यको समस्या हो । यसर्थ प्रस्तुत शोधकार्य मैनालीका बारेमा निम्नलिखित समस्याहरूसँग सम्बद्ध भएको छ । ती समस्याहरूलाई प्रश्नात्मक रूपमा यसरी प्रस्तुत गरिएको छ :

१. युवराज मैनालीको जीवनी के कस्तो रहेको छ ?

२. युवराज मैनालीको व्यक्तित्व के कस्तो रहेको छ ?

३. युवराज मैनालीको साहित्यिक यात्रा के कस्तो रहेको छ ?

४. युवराज मैनालीका कृतिहरू के कति र के कस्ता रहेका छन् ?

उक्त समस्याहरूमा केन्द्रित रही स्पष्ट, सुव्यवस्थित एवम् वैज्ञानिक व्याख्याविश्लेषणका लागि प्रस्तुत शोधकार्य गरिएको छ ।

## १.३ शोधकार्यका उद्देश्यहरू

विशेषतः समस्याका क्रममा देखिएका प्रश्नहरूको उत्तर वा समाधान गर्न खोज्नु नै शोधकार्यको मुख्य उद्देश्य रहने हुनाले प्रस्तुत शोधकार्यको समस्याको सुव्यवस्थित एवम् वैज्ञानिक ढङ्गले व्याख्याविश्लेषण र समाधान के कसरी गर्ने ? भन्ने कुरामा केन्द्रित रहेर अध्ययन गर्न निम्नलिखित उद्देश्यहरू रहेका छन् :

१. युवराज मैनालीको जीवनीको अध्ययन गर्ने

२. युवराज मैनालीको व्यक्तित्वका विविध पाटाहरू केलाउने

३. युवराज मैनालीको साहित्यिक यात्राको निरूपण गर्ने

४. युवराज मैनालीको कृतिहरूको विश्लेषण गर्ने ।

## १.४ पूर्वकार्यको समीक्षा

युवराज मैनाली नेपाली साहित्यमा समसामयिक धाराका समालोचक हुन् । साहित्य लेखनको थालनी कथा विधाद्वारा गरेका मैनालीले निबन्ध विधामा समेत कलम चलाएका छन् । उनका निबन्धहरूले नेपाली समाजका विविध नकारात्मक पक्षहरू माथि व्यंग्य प्रहार गर्न सफल छन् । मैनालीको व्यक्तित्व तथा कृतित्वको बारेमा समालोचकहरूले सामान्य परिचय गराए पनि उनका बारेमा विस्तृत र सुव्यवस्थित रूपमा अनुसन्धान भएको भने पाइँदैन । यिनका कृतिहरूको विस्तृत विश्लेषण र मूल्याङ्कन पनि भएको देखिदैँन । यिनका

बारेमा जे जति अध्ययन विश्लेषण भएको छ त्यो केवल परिचयात्मक रूपमा मात्र भएको देखिन्छ । यसै क्रममा मैनालीका बारेमा भएका चिनारी, भूमिका र कृति विश्लेषणका केही पूर्वकार्यहरूको विवरण कालक्रमिक रूपमा तल चर्चा गरिएको छ :

भवानी घिमिरेले **केही प्रतिभा केही प्रवृति** (२०४२) को भूमिकामा समालोचक मैनालीले नयाँ, पुराना कृति र कृतिकारका सम्बन्धमा आफ्ना समालोचनाको अभिव्यक्ति समेट्नु भएर एउटा गम्भीर र गुरुत्तर कार्य पूरा गर्नु भएको छ र नेपाली साहित्यमा अभिरुचि राख्ने जिज्ञासु तथा छात्रछात्राहरूका निम्ति यो उपयोगी छ भनेर उल्लेख गरेका छन् ।

विष्णु प्रभातले **भष्टाचारको भाङ** (२०६५) मा 'व्यङ्ग्यलेखन सजिलो काम होइन' शीर्षकको लेखमा "सामाजिक विसङ्गतिप्रति सूक्ष्म दृष्टि दिँदै व्यङ्ग्यकार मैनालीले आफ्ना रचनाहरूमा नेपाली समाजका विविध विसङ्गतिलाई ठम्याएर त्यसको कारक तत्व उन्मूलन गर्ने अभिप्राय राख्दछन् । उनका व्यङ्ग्यात्मक निबन्धहरूले सामाजिक, आर्थिक, सांस्कृतिक विसङ्गति उधिन्ने, नङ्ग्याउने र सच्याउने प्रयास गरेका छन्" भनी चर्चा गरेका छन् ।

भवानी घिमिरेले **भ्रष्टाचारको भाङ** (२०६५) को भूमिकामा मैनालीप्रति यस्तो धारणा प्रस्तुत गरेका छन् : "प्रचार प्रोपोगण्डाभन्दा बढी आफ्नो लेखन र साधनामा विश्वास गर्ने स्रष्टाका रूपमा देखिएका मैनाली मूलतः समालोचक हुन् तापनि यस पुस्तकबाट व्यङ्ग्य विधातर्फ उनको प्रतिभा प्रष्ट झल्किएको छ । विकृति र विसङ्गतितर्फ उनले गम्भीर प्रहार गरेको कुरा यहाँ छर्लङ्ग केलाउन सकिन्छ र व्यङ्ग्यको चपेटा लगाउन उनले कुनै क्षेत्रलाई छोडेका छैनन् ।"

विष्णु प्रभातले **गरिमा** (२८/१, २०६६) 'आफ्नै मौलिकतामा **भ्रष्टाचारको भाङ**' शीर्षकको समालोचना मार्फत विशुद्ध नेपालीपनको चिह्नारीलाई साहित्यमार्फत प्रस्तुत गर्ने साहित्यकारका रूपमा चिनाएका छन् । प्रभातले जसले जे देख्छ त्यही लेख्छ भन्ने आदर्शलाई अघि सारेर, सत्र पारेर 'मुर्दा बोल्यो १' भन्दै हिडेका कथाकारका रूपमा चिनाएका छन् ।

श्रीहरि फुयाँलले **शारदा** (५/१, २०६७) '**भ्रष्टाचारको भाङ** लाई नियाल्दा' शीर्षकको समालोचनामा "युवराज मैनाली (२०१७) नेपाली साहित्य क्षेत्रका प्रखर प्रतिभा हुन् । उनको कलम कथा, निबन्ध, समालोचना र हास्यव्यङ्ग्य विधामा पनि सशक्त रूपले चलेको देखिन्छ ।

उनी आफनो ब्रह्मले देखेको कुरालाई कलम र कापीको माध्यमबाट साहित्यको रूप दिन्छन । युवराज मैनाली नेपाली साहित्यमा विविध विधामा कलम चलाउने प्रतिभा हुन्” भनेका छन् ।

डा. खगेन्द्रप्रसाद लुइटेलले **समको पैराणिक नीाट्य कौशल** (२०६९) मा *युवराज मैनालीको व्यक्तिकेन्द्री समालोचना कौशल* शीर्षकको भूमिकामा मैनालीप्रति आफ्नो धारणा व्यक्त गर्दै “सरल भाषा र तार्किक शैलीमा कथ्यको विश्लेषण गरिएको प्रस्तुत समालोचनासङ्ग्रह सम्बद्ध विषयको जानकारीका लागि सम्बद्ध सबैलाई उत्तिकै उपयोगी हुनेमा म विश्वस्त छु । यस सङ्ग्रहबाट यिनको समालोचना कौशल निकै तेजिलो रहेको देखिन्छ ” भनी चर्चा गरेका छन् ।

डा. खगेन्द्रप्रसाद लुइटेलले **कर्मयोगी देवकोटा महाकाव्यको विश्लेषण** (२०६९) मा *कर्मयोगी देवकोटा महाकाव्यको विश्लेषणमाथि एक दृष्टि* शीर्षकको भूमिका लेखनको क्रममा वस्तुवादी समालोचकका रूपमा मैनालीलाई यसरी चिनाएका छन् : “कृति विश्लेषणमा प्रभाववादीभन्दा बढी वस्तुवादी दृष्टिकोण पाइए पनि यो कृति प्रभाववादी चिन्तनबाट पूरै मुक्तचाहिँ छैन् । यति हुँदाहुँदै पनि कवि फुयाँल आफ्नो काव्यनायकप्रति जति बढी प्रभाववादी भएर देखा परेका छन् समालोचक मैनाली त्यति प्रभाववादी भएर देखा परेका छैनन् । यस दृष्टिबाट हेर्दा प्रस्तुत कृतिका सन्दर्भमा मैनाली निकै वस्तुवादी भएर देखापरेका छन् भन्दा अतिशयोक्ति हुँदैन” ।

प्रकाशमणि दाहालले **रचना** (५/३, २०७०) ‘**भ्रष्टाचारको भाङ** :व्यङ्ग्य साहित्यको तिख्खर स्वाद’ शीर्षकको लेखमा नेपाली साहित्यमा छुट्टै मान स्थापित गरिसकेका युवराज मैनाली नेपाली व्यङ्ग्य साहित्यमा आफनै खालको मौलिकता प्रयोग गर्न सफल छन् भनेका छन् ।

रामेश्वर राउत ‘मातृदास’ ले **जनभावना** (२०७०, साउन २१) साप्ताहिक पत्रिकामा ‘समको नाटकमाथि युवराजको समालोचाना’ शीर्षकको लेखमा “उनको लेखमा बेग्लै र विशिष्ट ओज र पहिचान पाइन्छ । साहित्यकार युवराज मैनालीको कलममा तिख्खर सिर्जनात्मक चुरो हुन्छ । पगटा र फोस्लाङ गन्थन गरेर उनले समयलाई खेरा फालेका छैनन् । मैनालीका कृति पठनबाट पाठकहरूले समयलाई सधै आर्थिक धरातलमा अवतरण

गर्ने अवसर पाउँछन्" भनी चर्चा गरेका छन् । यसरी युवराज मैनालीको सामान्य चर्चा परिचर्चा भए पनि समग्र अध्ययन नभएको कारण यो शोध गरिएको हो ।

## १.५ अध्ययनको औचित्य

युवराज मैनालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रित भई उनका तिनै क्षेत्रको विस्तृत, वैज्ञानिक एवम् सुव्यवस्थित रूपमा विश्लेषण र मूल्याङ्कन यस शोधकार्यमा गरिएकोले आउने पिँढीलाई उनका बारेमा तथा उनका कृतित्वका बारेमा वस्तुगत एवम् प्रमाणिक जानकारी उपलब्ध हुनेछ । प्रस्तुत शोधपत्रको अध्ययनबाट उनका बारेमा जान्न इच्छुक व्यक्ति, सङ्घसंस्थाहरूका लागि सैद्धान्तिक एवम् व्यावहारिक रूपमा तथ्य प्रस्तुत गरिएकाले अनुसन्धानका क्षेत्रमा यसको महत्व रहेको छ । यसरी नै नेपाली साहित्यको इतिहास लेखनका क्रममा तथा साहित्यिक गतिविधिको मूल्याङ्कन गर्ने क्रममा यस शोधपत्रले मैनालीको स्थान निर्धारण गर्न पनि सहयोग पुऱ्याउने छ । उपयुक्त विविध दृष्टिकोणले प्रस्तुत शोधकार्य औचित्यपूर्ण रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

युवराज मैनालीको जीवनी, व्यक्तित्व र कृतित्वका विविध पाटाहरूलाई यस अध्ययनमा समेटिएको छ । उनका समालोचना, निबन्ध, कथा, कविता विधाका कृति तथा लेखहरू प्रकाशित भएका छन् भने ती कृति तथा लेखहरूलाई यसै शोधपत्रको दोस्रो परिच्छेदमा सूचीबद्ध गरिएको छ । यहाँ उनका सङ्ग्रहका रूपमा प्रकाशित कृतिहरूको साथै पत्रपत्रिकामा प्रकाशित फुटकर रचनाहरूको पनि विश्लेषण गरिएको छ । यहाँ उनका अप्रकाशित रचनाहरूको भने विश्लेषण गरिएको छैन् ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्रमा विशेष गरी समग्रीसङ्कलनका लागि पुस्तकालयीय पद्धतिको प्रयोग गरिएको छ । यसका साथै शोधनायक एवम् उनका आफन्तहरूसँग पनि आवश्यकता अनुसार अन्तरर्वार्ताको प्रयोग गरिएको छ । मैनालीका बारेमा आएका परिचयात्मक लेख तथा उनका कृतिका बारेमा गरिएका फुटकर समालोचनाहरू यस शोधका क्रममा प्रयोग गरिएको छ ।

## १.८ शोधविधि

प्रस्तुत शोधपत्रको सङ्कलित सामग्रीलाई विशेषगरी परम्परित पद्धतिको प्रयोग गरी विश्लेषण गरिएको छ । यसको साथै सङ्कलित सामग्रीको अवस्था हेरेर ऐतिहासिक, वर्णनात्मक, तुलनात्मक र विश्लेषणात्मक आदि शोधविधिहरू यथोचित रु रूपमा प्रयोग गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रका संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूपमा तयार पार्न निम्नलिखित परिच्छेदहरूमा वर्गीकरण गरिएको छ, जुन यस प्रकार रहेको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : युवराज मैनालीको जीवनी

तेस्रो परिच्छेद : युवराज मैनालीको व्यक्तित्व

चौँथो परिच्छेद : युवराज मैनालीको साहित्यिक यात्रा

पाँचौँ परिच्छेद : युवराज मैनालीका समालोचनात्मक कृतिहरूको विश्लेषण

छैटौँ परिच्छेद : युवराज मैनालीको निबन्धात्मक कृतिको विश्लेषण

सातौँ परिच्छेद : उपसंहार तथा निष्कर्ष

परिशिष्ट

सन्दर्भग्रन्थसूची

# दोस्रो परिच्छेद

# युवराज मैनालीको जीवनी

## २.१ जन्म र जन्मस्थान

युवराज मैनालीको जन्म बाग्मती अञ्चल अन्तर्गत काभ्रेपलान्चोक जिल्लाको कानपुर गा.वि.स.मा वि.सं.२०१७ चैत्र १० गते भएको हो । पिता केदारनाथ मैनाली र माता रेवती मैनालीका पाँचौं सन्तानका रूपमा जन्मिएका मैनालीका आठ जना दाजुभाइ र तीन जना दिदीबहिनीहरू छन् । दाजुहरू क्रमशः केशवप्रसाद, श्यामप्रसाद, उमेशप्रसाद तथा भाइहरू गोपीनाथ, देवराज, नारायणप्रसाद, रामप्रसाद छन् भने दिदी रुक्मणी र बहिनीहरू प्रभा र शोभा रहेका छन् ।[1] यसरी हेर्दा मैनालीको परिवार निकै ठूलो देखिन्छ ।

## २.२ बाल्यकाल

मैनालीको बाल्यकाल जन्मस्थान काभ्रेपलाञ्चोक जिल्लाको कानपुर, रोशिखोला, कटुन्जे, फलाँटे आदि ठाउँमा बितेको थियो । मैनालीको घरनजिकै माध्यमिक विद्यालय नभएकोले उनले बाल्यकालको केही समय माबलमा बिताउनु परेको थियो । मैनाली बाल्यकालमा साथीभाइसँग खोलामा पौडी खेल्न, घुम्न तथा बिदाको समयमा गाईबाखा चराउन मन पराउँथे । साथीहरू र दाजुहरूका साथमा जन्मस्थानका प्राकृतिक वातावरणको रमाइलो संसारमा खेल्दै उनको बाल्यकाल बितेको थियो ।[2] यसरी मैनालीको बाल्यकाल रमाइलो ग्रामीण वातावरणमा बितेको थियो ।

## २.३ शिक्षादीक्षा

### २.३.१ अक्षरारम्भ र प्राथमिक शिक्षा

युवराज मैनालीले पाँच वर्षको उमेरमा आफ्नै पिताबाट अक्षरारम्भ गरेका थिए । पिता केदारनाथले हात समाएर पहिलो व्यञ्जन वर्णको अक्षर चिन्न र कोर्न सिकाएका थिए ।

---

[1]. युवराज मैनालीसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[2]. ऐजन ।

मैनालीको घर गाउँमा भएकोले त्यहाँ बिजुली बत्तीको सुविधा थिएन । त्यसैले उनी मट्टितेलको प्रयोग गरी टुकी बत्ति बालेर पढ्ने गर्थे । घरमै स्वर-व्यञ्जनवर्णलाई राम्ररी चिनेपछि पिताले मैनालीलाई सात वर्षको उमेरमा कानपुर कालापानी प्राथमिक विद्यालयमा कक्षा एकमा भर्ना गरिदिएका थिए । उनले कक्षा एकदेखि कक्षा पाँचसम्म यही प्राथमिक विद्यालयमा अध्ययन गरे । उनले आफ्नो घरदेखि निम्नमाध्यमिक विद्यालय टाढा भएकोले मामाको घरमा गएर अध्ययन गरे । मैनालीका मामा खड्गराज खरेल शारदा माध्यमिक विद्यालयमा शिक्षक थिए ।[३] मैनालीको पढाइ राम्रो भएकोले उनले कक्षा पाँच उत्तीर्ण गरी एकैपटक कक्षा सातमा फड्को मारेका थिए । यसरी मैनालीले निम्नमाध्यमिक तहसम्मको अध्ययन यही विद्यालयबाट पूरा गरे ।

मैनाली पढाइमा ज्यादै तेज भएकोले कक्षामा जहिले पनि प्रथम श्रेणीमा उत्तीर्ण हुन्थे । उनले निम्नमाध्यमिक तहको अध्ययनको समयमा मामाकोघरमा बस्नुपरेकोले आमाको मायाको अभाव भएको महसुस भए पनि मामा तथा हजुरआमाको मायाले पढाइमा हौसला र प्रेरणा पाएका थिए ।[४] यसरी मैनालीले निम्नमाध्यमिक तहसम्मको अध्ययन गरेका थिए ।

### २.३.२ माध्यमिक तहको शिक्षा

युवराज मैनाली शारदा माध्यमिक विद्यालयभन्दा धुलिखेलको सञ्जिवनी माध्यमिक विद्यालयमा पढाइ राम्रो हुने भएकोले वि.सं. २०३२ सालमा माध्यमिक तहको शिक्षा हासिल गर्न धुलिखेल गएका थिए । धुलिखेलको विद्यालय घरदेखि टाढा भएकोले डेरा गरी बस्नुपर्ने बाध्यता थियो । नयाँ ठाउँ, नयाँ वातावरण भए पनि आफ्नो प्रतिभाका कारण उनी दुईचार दिन अनौठोजस्ता देखिए पनि पछि आफ्ना प्रशस्त साथी बनाएका थिए । मैनालीले वि.सं. २०३२ मा कक्षा नौ मा भर्ना भएर २०३४ सालमा एस.एल.सी. परीक्षामा द्वितीय श्रेणीमा उत्तीर्ण भएका थिए । मैनाली विद्यालयमा सधैं प्रथम श्रेणीमा प्रथम हुन्थे तर एस.एल.सी.मा द्वितीय श्रेणीमा उत्तीर्ण भएकोमा दुःखी भएका थिए । यसको कारण विद्यालयका प्रधानाध्यापक रहेको उनको भनाइ छ । विद्यालयमा कोचिङ नपढेका कारण प्रधानाध्यापकले

---

३. ऐजन ।
४. ऐजन ।

विद्यालयबाट पठाउने नम्बर नपठाएर उनले द्वितीय श्रेणीमा चित्त बुझाउनु परेको थियो ।[५] प्रधानाध्यापकको यस कामप्रति मैनाली दुःखी भएका थिए ।

मैनाली जेहेनदार विद्यार्थी भएकोले ७, ८, ९ र १० कक्षामा छात्रवृतिसमेत प्राप्त गरेका थिए । उनी विद्यालयमा आयोजित विभिन्न साहित्यिक कार्यक्रममा भाग लिने, कथा, कविता सुनाउनेजस्ता क्रियाकलापमा सहभागी हुन्थे । उनले माध्यमिक विद्यालय स्तरीय वादविवाद प्रतियोगितामा प्रथम भई विद्यालयबाट पुरस्कार प्राप्त गरेका थिए ।[६] विद्यालय तहमा मैनाली जेहेनदार विद्यार्थीका रूपमा गनिएका थिए ।

### २.३.३ उच्च तहको शिक्षा

एस.एल.सी. उत्तीर्ण गरेपछि युवराज मैनाली उच्च शिक्षाको अध्ययनका लागि २०३४ सालमा काठमाडौँ आए । मैनालीको घरको आर्थिक अवस्था केही कमजोर भएको कारण वि.सं. २०३५ देखि वि.सं. २०३७ सम्म शिक्षक पेशामा आवद्ध भए ।[७]

वि.स. २०३६ मा रत्नराज्य क्याम्पसबाट मैनालीले द्वितीय श्रेणीमा आई.ए. उत्तीर्ण गरे । मैनाली २०३७ सालमा लोक सेवा आयोगको सिफारिसमा खरिदार पदबाट प्रशासनिक सेवामा प्रवेश गरेको देखिन्छ । समय अनुसार अनुकूल वातावरण सिर्जना गरी वि.स. २०४० मा श्री रत्नराज्य क्याम्पस काठमाडौँबाट मानविकी संकायअन्तर्गत ऐच्छिक विषय नेपाली र इतिहास लिएर बी.ए. द्वितीय श्रेणीमा उत्तीर्ण गरे ।[८] यसरी मैनालीले बी.ए. सम्मको शिक्षा उत्तीर्ण गरको देखिन्छ ।

युवराज मैनालीले जागिर सँगसँगै उच्च तहको शिक्षा प्राप्त गरेको देखिन्छ । उनले वि.स. २०४६ मा त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट एम.ए.मा इतिहास विषय लिएर द्वितीय श्रेणीमा उत्तीर्ण गरे ।[९] यसरी मैनालीले उच्च तहको शिक्षा प्राप्त गरेको देखिन्छ ।

---

५. ऐजन ।
६. ऐजन ।
७. ऐजन ।
८. ऐजन ।
९. ऐजन ।

## २.४ सामाजिक संकार

### २.४.१ व्रतबन्ध

पूर्वीय पद्धतिअनुसार ब्राहमण जातिको उपयनय संस्कार ८ वर्षको उमेरमा गर्नुपर्ने भनेर मनुस्मृतिमा भनिएअनुसार युवराज मैनालिको व्रतबन्ध पनि ८ वर्षको उमेरमा पण्डित गुरु प्रसाद पाण्डेद्वारा भएको थियो ।[१०] व्रतबन्ध गर्ने समयमा मैनाली अत्यन्तै खुसी थिए, किनकी मन्दिरमा गएर मिठो-मिठो खान पाउनु ठूलो बनाइदिन लागेको सोचेर ब्रतवन्धको दिन निकै रमाएका थिए ।

### २.४.२ विवाह तथा सन्तान

मैनालीको शुभविवाह २०४८ सालमा ३१ वर्षको उमेरमा काठमाडौँ, कोटेश्वर निवासी धर्मनाथ गजुरेल र सरस्वती गजुरेलका चार छोरीहरूमध्ये साहिँली छोरी अञ्जु गजुरेलसँग सुसम्पन्न भएको हो ।[११] अञ्जुका बुबा धर्मनाथले सरकारी सेवामा लामो समय सेवा गरी केही जिल्लामा माल अड्डाको हाकिम समेतको जिम्मेवारी समालेको देखिन्छ । अञ्जुले नेपालगञ्जबाट स्टाफनर्ससम्मको अध्ययन गरेकी छन् । उनी वि.सं. २०७२ मार्ग ४ गते नेपाल प्रहरी अस्पतालमा इन्सपेक्टर (नर्स) पदबाट सेवा निवृत भएकी छिन् । अञ्जुले घरपरिवारका साथ जागिरे जीवन संघर्षका साथ चलाउँदैछिन् । अञ्जु सानैदेखि सरल स्वभाव, सहयोगी भावना भएकी, स्पष्पटवक्ता, मृदुभाषी नारी भएकोले वर्तमानमा पनि उनको बानीव्यवहार उस्तै रहेको पाइन्छ ।[१२] उनी भद्र र सहयोगी नारी हुन् ।

युवराज मैनाली र अञ्जु मैनालीका सन्तानका रूपमा एक छोरी र एक छोरा जन्मिएका छन् । छोरी आयुष्मा वि.स. २०५०/७/११ मा जन्मिएकी हुन् भने छोरा आयामको जन्म २०६१/६/१७ सालमा भएको हो । आयुष्मा हाल अमेरिकामा स्नातक तहमा अध्ययनरत छिन् भने आयाम पाठशाला फाउन्डेसनमा कक्षा ६ मा अध्ययनरत छन् ।

---

[१०]. ऐजन ।

[११]. ऐजन ।

[१२]. श्रीमती अञ्जु मैनालीसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

छोरी आयुष्मा इमान्दार, चलाख र बुद्धिमान छिन् भने छोरा केही चकचके प्रवृतिका छन् ।[१३] यसरी मैनाली विवाह पूर्व भन्दा विवाह पश्चात् घरपरिवार सन्तान तथा आफ्नो पेसा, कर्मप्रति धेरै सन्तुष्ट छन् ।

## २.५ बसोबास र आजीविका

युवराज मैनालीको जन्म निम्न मध्यम वर्गीय परिवारमा भएको थियो । उनको बाबुको पालामा प्रशस्त पाखे जग्गा जमिन थियो । प्रशस्त जग्गा जमिन भएकोले उनका बाबु र आमाले मुख्यतया कृषि व्यवसायलाई अँगालेका थिए । बाजेको पलामा जग्गा ५/६ रोपनी खेत र १० रोपनी पाखे जग्गा थियो, पछि बाबुको पालामा भाइ भागमा आधा परेको थियो । सोही जग्गा जमिनलाई भोटेहरूको ठूलो समुदायले मिचेर कब्जामा लगेका थिए ।[१४] मैनालीको परिवारलाई भोटेहरूले दुःख दिएर लुटपाट, हातपात समेत गरेका थिए । मैनालीका परिवारले केही वर्षपछि मुद्दा हालेर जितेपछि भोटेहरूले जग्गा जमिन फिर्ता गरेका थिए । मैनालीका बुवा गाउँमा प्रधानपञ्च भएकोले मुद्दामा न्याय पाउन सफल भएका थिए । भोटेहरूले जग्गा कब्जा गरेको समयमा मैनालीको परिवारमा आर्थिक संकट नै परेको थियो । काभ्रेको जग्गा जमिन बेचेर सबै मैनाली परिवार वि.सं.२०३८ मा बारा जिल्ला सपही गा.वि.स. मा बसाइँ सरेका थिए । मैनालीका परिवारले काभ्रेको जमिन बेचेको पैसाले धुम्बाराही, काठमाडौँमा घर बनाएका थिए । हाल मैनालीको एउटा धुम्बाराहीमा र एउटा पोखरामा गरी दुईवटा पक्की घर छन् ।[१५] हाल मैलाली परिवार धुम्बाराहीस्थित आफ्नै घरमा बसोबास गर्दै आएका छन् ।

## २.६ पारिवारिक अवस्था

युवराज मैनालीका दाजुभाइहरू सातजना र दिदीबहिनीहरू तीनजना छन् । उनका जेठा दाजु केशरप्रसाद कानून व्यवसायी, माहिँला दाजु श्यामप्रसाद नेपाल सरकारको सचिव पदबाट अवकास भएका, साहिँला दाजु उमेशप्रसाद लोकसेवा आयोगका अध्यक्ष्य, ठाइँलो भाइ गोपी मैनाली योजना आयोगमा सहसचिव, अन्तरे भाइ देवराज इन्जिनियर, ठूलो

---

[१३]. युवराज मैनालीसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[१४]. भाइ गोपी मैनालीसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[१५]. युवराज मैनालीसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

कान्छो भाइ नारायण विराटनगरमा एल.डी.ओ. र कान्छो भाइ डाक्टर छन् । उनकी दिदी रुक्मणी गृहणी र बहिनीहरू प्रभा र शोभा श्रम मन्त्रालयमा ना.सु. पदमा कार्यरित छन् । मैनालीकी श्रीमती, एक छोरा र एक छोरी छन् । श्रीमती अञ्जु मैनाली नर्स पदबाट अवकास भएकी छन् भने छोराछोरी अध्ययनरत छन् ।

## २.७ शैक्षिक अवस्था

युवराज मैनालीले कानपुरको कालापानी प्राथमिक विद्यालयबाट प्राथमिक तहको शिक्षा प्राप्त गरे । उनले निम्नमाध्यमिक तहको शिक्षा धुलिखेलबाट प्राप्त गरे । २०३४ सालमा एस.एल.सी. उत्तीर्ण गरेपछि युवराज मैनाली उच्च शिक्षाको लागि काठमाडौं आए । मैनालीले २०३६ सालमा आइ.ए. र २०४० सालमा बी.ए. द्वितीय श्रेणीमा उत्तीर्ण गरे । उनले २०४६ सालमा इतिहास विषयमा एम.ए. उत्तीर्ण गरे । विद्यार्थी जीवनदेखि नै साहित्यमा रुचि राख्ने मैनालीले साहित्यका विभिन्न पुस्तकहरू स्वअध्ययन गर्दछन् । साहित्य तथा साहित्येतर पुस्तकहरूको अध्ययन गर्नु मैनालीको रुचिको विषय पनि हो ।

## २.८ आर्थिक अवस्था

मैनालीले एस.एल.सी.पछि चावहिलस्थित माध्यमिक विद्यालयमा प्राथमिक शिक्षकको रूपमा अध्यापन गरे । मैनाली २०३७ सालमा खरिदार पदमा स्थायी नियुक्ति भए । खरिदार भएपछि मैनालीको केही आर्थिक कमाइ भयो । २०४४ सालमा ना.सु. पदमा नियुक्ति भएपछि मैनाली वि.स. २०६३ मा शा.अ. पदमा बढुवा भएर रसुवा जिल्लाको स.प्र.जि.अ. पदमा नियुक्ति भएपछि उनको आर्थिक अवस्था केही मजबुत भयो ।[१६]

मैनाली प्रशासनिक क्षेत्रका विभिन्न पदमा कार्य गर्दै आएका कारण वर्तमान समयमा आर्थिक अवस्था सन्तोषजनक नै रहेको पाइन्छ । मैनालीकी श्रीमती पनि प्रहरी अस्पतालमा इन्सपेक्टर(नर्स) भएकोले उनको कमाइले पनि मैनालीको आर्थिक अवस्था मजबुत बनाउन सहयोग गरेको छ ।[१७] मैनालीको आर्थिक अवस्थालाई अञ्जुका बुवाले पनि केही सहयोग गरेका छन् ।

---

[१६]. ऐजन।

[१७]. ऐजन।

छोरी आयुष्मा अमेरिकामा छात्रवृत्ति प्राप्त गरेर पढ्ने र छोरा आयामले सानो कक्षामा पढ्ने भएकोले हाल मैनालीको परिवारलाई छोराछोरीको पढाइ खर्च धेरै गर्नुपरेको छैन ।[१८] हाल छोरी र छोराको पढाइलाई व्यवस्थित गर्नु तथा घर खर्च गर्न उनीहरूको कमाइले आराम साथ पुगेको छ ।[१९] मैनालीले बैंक ब्यालेन्स भने नभएको बताउँछन् । कम्प्युटर, टेलिफोन तथा मोबाइलजस्ता वैज्ञानिक उपकरणहरू जडान भएको मैनालीको घर साजसञ्जाले युक्त देखिन्छ । यसरी मैनालीको परिवारले वर्तमान समयमा काठमाडौँ जस्तो सुविधा सम्पन्न स्थानमा रहेर परिवारको आर्थिक गुजारा सजिलोसँग चलाएको देखिन्छ ।

## २.९ कार्यक्षेत्रमा संलग्नता

### २.९.१ पेसागत संलग्नता

युवराज मैनालीको जीवन अधिकांश समय प्रशासनिक सेवामा रहेर नेपाली साहित्यको सम्बृद्धिका लागि समर्पित भएको देखिन्छ । । मैनाली २०३४ सालमा उच्च शिक्षाको लागि काठमाडौँ आउँदा शिक्षकको लागि विज्ञापन भएको र शिक्षक सेवा आयोगबाट स्थायी शिक्षकको रूपमा नियुक्त भए । उनी काठमाडौँको पशुपति माध्यमिक विद्यालयमा वि.स. २०३५ देखि २०३७ सालसम्म शिक्षक पेसामा आबद्ध भए । त्यसबेला उनको पारिश्रमिक २५० मात्र थियो ।[२०] उनको पेसागत संलग्नताको प्रारम्भ यहीँबाट भयो ।

मैनालीले २०३७ सालमा खरिदार पदबाट निजामति सेवामा प्रवेश गरे । वि.सं. २०४४ मा साझा विकास शाखा गौरको ना.सु. पदमा नियुक्ति भएका मैनाली २०६३ सालमा शाखा अधिकृत पदमा बढुवा भएका थिए । रसुवा जिल्लाको सहायक प्रमुख जिल्ला अधिकारी, काठमाडौँ जिल्लाको प्रशासकीय अधिकृत हुँदै उनी हाल कारागार व्यवस्थापन विभागको शाखा अधिकृत पदमा कार्यरत छन् ।[२१] यसरी उनले आफ्नो जीवन झन्डै चार दशक समय निजामति सेवामा समर्पित गरेको देखिन्छ ।

---

[१८]. ऐजन।
[१९]. ऐजन।
[२०]. ऐजन।
[२१]. ऐजन।

### २.९.२ राजनीतिक संलग्नता

बाल्यकालदेखि नै स्वतन्त्रताका पक्षमा बोल्ने मैनाली कुनै राजनीतिप्रति संलग्न रहेको देखिँदैन् ।[२२] उनी स्वतन्त्रताप्रेमी व्यक्ति हुन् । राजनीतिमा खुलेरै संलग्न नहुने मैनाली राष्ट्र निर्माणको लागि सत्यका पछाडि लाग्दछन् । २०३६ सालमा युवा उमेरको जोस-जाँगरमा विद्यार्थी भएर बहुदलको पक्षमा जुलुसमा गएको तथा २०६२/०६३ सालको आन्दोलनमा गृहमन्त्रालयबाट लोकतन्त्रको माग गर्दा काम थप्प पार्न संलग्न रहेको देखिन्छ ।[२३] राजनीति र साहित्यको सम्बन्ध छ भन्ने मैनालीले दुबैले समाज रूपान्तरण गर्न महत्वपूर्ण भूमिका खेल्ने बताउँछन् ।[२४] साहित्यको माध्यमबाट राजनीतिमा देखिने विकृति विसङ्गतिलाई यथार्थ रूपमा चित्रण गरी समाज सुधार गर्ने प्रवृति मैनालीको लेखनमा पाइन्छ ।[२५] उनी भन्छन् : "मानवको कर्तव्य भनेको स्वतन्त्र भई मानवसेवा गर्नु हो ।" यसरी स्वतन्त्र भएर जीवन जिउनुपर्छ भन्ने मैनाली कुनै पनि राजनीति पाटीप्रति संलग्न रहेको देखिदैन् ।

### २.९.३ संस्थागत संलग्नता

मैनाली विभिन्न साहित्यिक संस्थाहरूमा संलग्न छन् । उनी **भानु** मासिक पत्रिका, **दायित्व, वाङ्मय प्रतिष्ठान** तथा **सुरभि साहित्य प्रतिष्ठानको** आजीवन सदस्य छन् । त्यस्तै सुरभि साहित्य प्रतिष्ठानको सल्लाहकार, संस्थापक **नोवेल सपि साकोस**को संरक्षक, **सुलेख** साहित्यिक मासिकको संरक्षकका रूपमा पनि संलग्न छन् ।[२६] साहित्यको विकास तथा विस्तारमा लाग्ने मैनालीले आफ्नो जागिरे जीवनबाट फूर्सद भएको समय साहित्यमै व्यथित गर्दछन् । उनी साहित्यका अतिरिक्त समाजसेवामा पनि संलग्न देखिन्छन् । रसुवाको स. प्र. जि. अ. हुँदा त्यहाँको दैवी विपत्तिमा सक्रिय रूपमा काम गरेका छन् ।[२७] मैनालीले २०७२ सालको भुकम्प र त्यसपछिको पराकम्पनको कारण भएको क्षतिको विवरण लिने कार्यका

---

[२२]. ऐजन।
[२३]. ऐजन।
[२४]. ऐजन।
[२५]. ऐजन।
[२६]. ऐजन।
[२७]. ऐजन।

साथै भग्नावशेषका सामान हटाउने कार्यमा समेत संलग्न भएर काम गरेका छन् ।[२८] यसरी मैनाली आफूमा क्षमता, दक्षता, बौद्धिकता भएकाले साहित्य तथा गैर साहित्येतर क्षेत्रका संघसंस्थामा आवद्ध रही सामाजिक हितका निम्ति महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।[२९] मैनालीले समाजप्रति केही गर्नुपर्छ भन्ने मान्यता राख्दै सक्दो काममा सक्रिय हुने गरेका छन् ।

### २.९.४ सामाजिक संलग्नता

युवराज मैनाली अन्य क्षेत्रमा अतिरिक्त सामाजिक क्षेत्रमा पनि संलग्न रहेका छन् । । मानिस सामाजिक प्राणी भएको नाताले पनि समाजसेवा गर्नु पर्दछ भन्ने विचार मैनालीको छ । विद्यार्थी र जीवनदेखि नै सामाजिक कार्यमा संलग्न रहेका मैनाली विद्यालय तथा गाउँको कार्यमा सहभागी हुने बताउँछन् । धुलिखेल खानेपानी समितिमा संलग्न भएर मैनालीले त्यहाँको खानेपानी व्यवस्थापनमा सहयोग गरेको देखिन्छ ।

## २.१० व्यक्तिगत रुचि

हरेक ब्यक्तिको आ-आफ्नै प्रकारको रुचि एंवम स्वभाव रहेको हुन्छ । त्यस्तै रुचि र स्वभावका कारण हरेक ब्यक्ति एक अर्कामा पृथक पहिचानको हुन्छ । युवराज मैनालीको रुचिको बारेमा अध्ययन गर्दा उनको सानैदेखिको रुचि साथीहरूसँग खेल्ने, पढ्ने, विभिन्न साहित्यिक तथा खेलकुद प्रतियोगितामा भाग लिने, कथा, कविता सुन्ने र कोर्ने देखिन्छ । मैनालीका वर्तमान समयमा रुचिका मूल क्षेत्र साहित्य र प्रशासन हुन् । साहित्यिक कृतिहरूको रचना गर्नुको अतिरिक्त साहित्यकारहरूका रचनाहरूको अध्ययन र विश्लेषण गर्ने रुचि उनमा देखिन्छ ।[३०] देश विदेशका समसामयिक विषयहरूको यथार्थ चित्रण गरी पाठक सामु पुऱ्याउन रुचि राख्ने मैनाली सङ्ख्यात्मक भन्दा गुणात्मक रूपमा उत्कृष्ट साहित्य रचना गर्ने रुचि राख्दछन् ।

मैनालीले कुनै असामान्य घटना वा परिस्थिति देखेका बेला साहित्य लेख्ने गर्दछन् । सङ्ख्या बढाएर मात्र साहित्यको विकास सम्भव छैन भन्ने मैनालीले थोरैमा उत्कृष्ट साहित्य

---

[२८]. ऐजन।
[२९]. ऐजन।
[३०]. ऐजन।

लेखनतर्फ रुचि देखाउँछन् ।[३१] मैनालीका कृतिहरू गम्भीर, समसामयिक र सामाजिक विकृतिको जरो उखेल्ने प्रवृत्तिका देखिन्छन् । साहित्य लेखन अनवरत रूपमा एकै बसाइमा लेख्न सक्ने मैनालीको लेखनमा केही कसरमसर रहने गर्दछ । दोस्रो, तेस्रो पटकसम्म साफी गर्नुपर्ने उनको लेखाइ रहे पनि सानासाना एकैनासका अक्षरहरू सुरुदेखि अन्त्यसम्म नै एक रूपले रहने गर्दछन् । केही केरमेट भए पनि व्यवस्थित र गुणात्मक लेखाइ मैनालीका लेखानगत विशेषता रहेका छन् ।

मैनालीको जन्म ब्राहमण परिवारमा भएकोले पुर्खादेखि नै सबैले धर्ममा विश्वास, आस्था राख्ने गरेको पाइन्छ । मैनाली घर्मप्रति आस्था राख्दछन् । उनी विशेष अवसरमा मन्दिर जाने, भगवान सम्भने, देवीदेवताहरूको जप गर्ने तथा सुत्दा देवीदेवताको पाठ र जप गरेर मात्र सुत्ने आचरणका छन् । उनकी आमाले देवता/ईश्वरमा असाध्यै विश्वास राख्ने हुनाले पनि उनको धर्मप्रतिको रुचि बढेको पाइन्छ । जप पाठ गरेर वा मन्दिर मात्र धाएर धर्म प्राप्त नहुने र मानिसको सहयोगमा नै भगवान खुसी हुने भएकोले भगवान खुसी पार्न अरूको सेवा गर्नु पर्छ भन्ने विचार मैनालीले राख्दछन् । मैनाली विहान चार बजे नै उठ्छन् ।[३२] विहान शारिरिक स्वास्थ्यका लागि नुहाउने, मर्निङ वाक गर्ने, रामदेवको केही व्यायाम गर्ने रुचि मैनालीको देखिन्छ ।

बाल्यकालमा गुन्द्रुक, ढिँडो, दुध र भुटेको पिठो रूचाउँने मैनालीले हाल जे भए पनि मन पराउँने बताउँछन् ।[३३] खाने कुरामा विशेषगरी मिठो, ट्वाक्क जिब्रोमा लाग्ने खालको खान मन पराउँने मैनालीले खाने कुरामा आफैले भनेको जस्तो नै हुनुपर्ने जिद्दी गर्दैनन् ।[३४] मैनाली विशेष प्रकारको लुगाभन्दा प्रायः साधारण सामान्य सजिलोखाले लुगाहरू लगाउन मन पराउँछन् ।[३५] मानव भएर स्वतन्त्र भएर बाँच्नुपर्छ, मानवले मानवको कर्तव्य पालना गर्नुपर्छ, साधा जीवन उच्च विचार लिएर जीवनयापन गर्नुपर्छ भन्ने मैनाली मानिसले आफ्नो भाग्य आफै बनाउँनुपर्छ भन्दछन् ।

---

३१. ऐजन।
३२. ऐजन।
३३. ऐजन।
३४. श्रीमती अञ्जु मैनालीसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।
३५. युवराज मैनालीसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

देशविदेशका विभिन्न स्थानमा भ्रमण गर्न रुचि राख्ने मैनालीले भ्रमणका समयमा त्यहाँको सामाजिक, सांस्कृतिक, राजनितिक पक्षको अध्ययन गर्दछन् । घरका सम्पूर्ण परिवार इष्टमित्रसँग बसेर गफ गर्न, भोजन गर्न मन पराउँने मैनाली राजनीतिमा स्वतन्त्र विचारलाई मन पराउँछन् । साथीभाइसँग बसेर साहित्यिक गफ गर्ने, साहित्य तथा साहित्येत्तर पुस्तक पढ्ने रुचि मैनालीको छ ।[३६] जागिरको क्रमबाहेक लेखनपठनमा नै मैनाली ज्यादा रुचि राख्दछन् ।

## २.११ व्यक्तिगत स्वभाव र बानीव्यवहार

युवराज मैनाली बाल्यकालदेखि नै अर्काको भलाइमा लाग्ने व्यक्तित्व हुन् ।[३७] विद्यार्थी जीवनको प्रारम्भिक अवस्थादेखि नै आफ्नो अध्ययन लगनशील रहेका मैनाली आजसम्म पनि आफ्नो कार्यप्रति उतिकै लगनशील देखिन्छन् । मैनाली बाल्यकालमा चकचके स्वभावका भएपनि गम्भीर सोच राख्ने चिन्तनशील व्यक्तित्त्व देखिन्छन । मैनाली अर्काको कल्याण हुन्छ भने जस्तासुकै कुरामा नाइनास्ती नगरी सहयोग गर्ने सरल स्वभावका घनी देखिन्छन् ।[३८] घरमा आएका मानिसको सोधीखोजी गर्ने, झर्को नमानी बोल्ने, बिनाकुनै काम नभौंतारिने बानीव्यवहार मैनालीमा पाइन्छ ।[३९] उनी छिटै प्रभाव पार्ने र काम लिनदिन सारै सिपालु छन् ।

महत्त्वाकाङ्क्षा भन्दा आफूलाई धैरै टाढा राखेर साहित्यको सेवा गरी साहित्यको सम्वृद्धिका लागि लागिपर्ने मैनालीको गुण रहेको देखिन्छ । व्यक्तिगत फाइदाका लागि कसैको घरमा नधाउने तथा अरूलाई छिट्टै विश्वास गर्ने बानी मैनालीमा पाइन्छ ।[४०] लगनशील, शिष्टता जस्ता स्वभाव भएका मैनालीले एकातिर जागिरे जीवन र अर्कातिर साहित्यलाई सँगसँगै अगाडि बढाएका छन् । साहित्यप्रेमी मानिस भावुक र घरपरिवारमा ध्यान नदिने खालका हुने भएकोले घरपरिवारलाई समय कम दिने बानी मैनालीको छ ।[४१]

---

[३६]. ऐजन।

[३७]. ऐजन।

[३८]. ऐजन।

[३९]. ऐजन।

[४०]. ऐजन।

[४१]. श्रीमती अञ्जु मैनालीसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

मैनाली बोल्दाखेरी भरसक कुनै विवादमा नफसिने गरी अनौपचारिक र सन्तुलित किसिमले तटस्थतापूर्वक बोल्ने स्वभावका देखिन्छन् । बोल्दाखेरि हल्का हाँस्दै बोल्ने मैनाली फुर्सदको समयमा साहित्यका कुनै पक्षको अध्ययन-विश्लेषण तथा साहित्यको सिर्जनामा समय व्यतीत गर्ने स्वभावका छन् ।[४२] समग्रमा भन्नुपर्दा मैनाली स्पष्टवक्ता, शिष्टता, विश्वासनीय एवम् सहयोगी स्वभावका छन् ।

## २.१२ भ्रमण

युवराज मैनालीले नेपाल अधिराज्यका विभिन्न स्थानहरूका साथै विविध उद्देश्य लिई केही राष्ट्रहरूको भ्रमण गरेका छन् । मैनाली निजामति कर्मचारी भएकोले पनि भ्रमणको मौका मिलेको देखिन्छ । युवराज मैनाली नेपालभित्रका केही ठाउँहरू पोखरा, बाँके, रसुवा, मोरङमा व्यक्तिगत भन्दापनि प्रशासनिक कार्यको विविध उद्देश्य लिएर विभिन्न कार्यशाला, गोष्ठी, सेमिनारमा गएका छन् ।[४३] मैनालीले प्रशासनिक यात्राका क्रममा त्यहाँको सामाजिक, सांस्कृतिक पक्षको समेत अध्ययन गरेका छन् ।

मैनाली वि.स. २०४५ मा भारतमा सपरिवार भ्रमण गरेका थिए । त्यहाँ घुम्दा मैनालीले त्यहाँको प्राकृतिक, सामाजिक, सांस्कृतिक पक्षको राम्रोसँग अध्ययन गरेका थिए । उनी वि.स. २०६३ मा सरकारी कामको सिलसिलामा चीनको ल्हासा पुगेका थिए । कार्यालयका अन्य कर्मचारीहरूसहित सद्भावना भ्रमणको क्रममा ल्हासा पुगेका मैनाली त्यहाँ एक हप्तासम्म रहेका थिए ।[४४] मैनालीले भ्रमणको समयमा कुनै साहित्य सिर्जना गरेका थिएनन् तर भ्रमणका क्रममा त्यहाँको प्राकृतिक सौन्दर्य र आधुनिक विकासको दृश्यावलोकन गर्ने मौका प्राप्त गरेका थिए ।

## २.१३ अवीस्मरणीय क्षण

सुखसँग जीवन जिउँदै गरेका मैनालीको जीवन सुखमय नै बितिराखेको देखिन्छ । बाल्यअवस्थामा आर्थिक स्थिति मजबुत नभएका कारण मैनालीले अध्ययन गर्नका लागि केही

---

[४२]. युवराज मैनालीसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[४३]. ऐजन।

[४४]. ऐजन।

सङ्घर्ष गर्नुपरेको देखिन्छ । जीवन सङ्घर्ष हो, कुनै कार्य गर्दा अविचलित भएर गर्नुपर्छ ।[४५] मानिस आफ्नो भाग्यको निर्माता आफै हुनुपर्छ भन्ने मैनालीले जस्तोसुकै दुःखको क्षणहरू जीवनमा आइपरे तापनि ती क्षणहरूलाई आत्मसात गर्दै जीवन अगाडि बढाएको पाइन्छ ।

मैनालीलाई जग्गा जमिन प्रशस्त भए पनि भोटेहरूले कब्जामा लगेको, परिवारलाई कुटपिट गरी दुःख दिएको दुःखान्तीय घटनाहरू अवीस्मरणीय छन् । सपरिवार तराईको बारामा बसाई सर्नु परेको बाध्यता पनि उनको जीवनको अवीस्मरणीय क्षण हो । मैनालीले विद्यार्थी जीवनमा त्यही घटनाले ठूलो आर्थिक सङ्कट भोग्नु पऱ्यो ।[४६] यस घटनाले जीवन संघर्ष रहेछ भन्ने चेतना दिएको मैनाली बताउँछन् ।

## २.१४ सुख दुःखका क्षणहरू

सबै मानिसहरूको जीवन सुख र दुःखका दुई पाटाको सङ्घर्षमय बिन्दुबाट गुज्रिरहेको हुन्छ । जीवन चक्रमय हो, कहिले दुःख त कहिले सुख मानवले भोग्नु पर्छ भन्ने मैनाली अनेक प्रकारका सुख दुःखका क्षणहरूलाई पार गर्दै, दुःखका क्षणहरूसँग सङ्घर्ष गर्दै जीवन अगाडि बढेको बताउँछन् । २०५० सालमा आफूलाई जन्म दिने आमा रेवती मैनालीको लिभर क्यान्सरको मृत्युले आफूलाई निकै मर्माहत बनाएको बताउँछन् । यो संसारमा जन्मिएपछि अवश्य मर्नुपर्छ । जन्म र मृत्यु प्रकृतिको नियम हो भन्दै मैनाली भन्दछन् : "सबैका आमाबाबु रहदैनन्, संसारको नियम यस्तै छ, तर पनि आफूले आमाबाट जीवनमा न्यानो काख, माया, हौसला, बाँच्ने कला सिकेको हुनाले आमाको मृत्युले केही गुमाएको अनुभव आजसम्म पनि भइरहेको छ ।" मैनाली आमा सरी भाउजूको पनि क्यान्सर रोगबाट मृत्यु भएकोले निकै दुःखदायी भएका थिए । वि.स. २०६४ मा बाबु केदारनाथ मैनालीको पनि स्वरनलीको क्यान्सर रोग लागेर मृत्यु भयो ।[४७] जीवनमा पिताबाट पाउने आदर्श, सीप, अनेक कला सिकेकोले पिताको देहान्तले मैनालीलाई निकै मानसिक आघात पुऱ्यायो ।

---

४५. ऐजन।
४६. ऐजन।
४७. ऐजन।

मैनालीले संघर्षशील जीवनमा दुःखका क्षण मात्र नभएर केही सुखका क्षण पनि अनुभव गरेका छन् । मैनाली पहिलो पटक खरिदारको जाँचमा पास भएर जागिर भएकोमा निकै खुसी भए ।[४८] कुनै आमाबाबुलाई पहिलो सन्तान प्राप्तिमा जुन खुसी प्राप्त हुन्छ त्यस्तै खुसी मैनालीलाई वि.स. २०५० सालमा पहिलो सन्तानका रूपमा छोरी जन्मदा भएको थियो ।[४९] यसरी मैनालीले जीवनमा अधिकांश समय दुःखद क्षणमा बिताए पनि पछिल्लो समय जीवन सुखमय बितिरहेको देखिन्छ ।

## २.१५ जीवन दर्शन

आफ्नै जीवन साहित्य, समाजसेवा र प्रशासनिक सेवाजस्ता क्षेत्रमा सक्रिय बनेका युवराज मैनाली सम्बद्ध हरेक क्षेत्रका बारेमा आफ्ना मौलिक धारणा वा मान्यता राख्दछन् । उनका अनुसार मानवले स्वतन्त्रतापूर्वक बाँच्न पाउनु पर्दछ, मानवले मानवलाई सहयोग गर्नु पर्दछ, मानिस भएर सुखमा भन्दा दुःखमा सहभागी भएर विपतबाट जो कसैलाई उद्धार गर्नु पर्दछ ।[५०] मानिसले आशा नगरी कुनै क्षेत्रमा सङ्घर्ष गऱ्यो भने अवश्य आफ्नो लक्ष्यमा पुग्न ऊ सफल हुन्छ । जीवन संघर्ष भएकोले दुःख र सुखको नियमित यात्रा पूरा गर्नुपर्छ ।[५१] मानिसले सकरात्मक सोच, सत्कर्म, सत्विचार तथा नैतिकतामा रहेर अगाडि बढेको खण्डमा जीवन सफल बन्दछ भन्ने मैनालीको जीवन दर्शन रहेको छ ।

## २.१६ साहित्यिक दृष्टिकोण

मैनालीले साहित्यलाई जीवन र जगत्को दर्पण मानेका छन् । उनी यसमा कलात्मक प्रस्तुति हुन्छ, भन्दछन् । असल साहित्यले समाजको रूपान्तरणको लागि मार्ग निर्देश गरेको हुन्छ । साहित्यमा देश, काल, समाज, सजीव रूपमा चित्रण गरिनुपर्छ । साहित्य साहित्यका लागि होइन जीवनका लागि गर्नुपर्छ भन्ने धारणा मैनालीले राख्दछन् ।[५२]

---

[४८]. ऐजन।
[४९]. ऐजन।
[५०]. ऐजन।
[५१]. ऐजन।
[५२]. ऐजन।

लेखकको उद्देश्य गुणात्मक, नवीन रचना सिर्जना गर्ने हुनुपर्छ र यस्तो सिर्जना सामाजिक परिवर्तनको वाहक बन्न सक्नुपर्छ । साहित्य सिर्जनाका लागि चिन्तनशील हुनुपर्छ । यदि चिन्तनशील भएन भने साहित्यको सिर्जना, अध्ययन-विश्लेषण गर्न सकिँदैन् । साहित्य सिर्जना गर्नेले निरन्तर अध्ययन गरी आफूलाई अद्यावधिक राख्नुपर्छ भन्ने मैनालीको दृष्टिकोण रहेको छ ।[५३] साहित्यलाई उच्च स्थानमा राख्ने मैनालीले साहित्य लेखन सरलतामा गहनता बोकेको अत्यन्त सुन्दर हुनुपर्ने दृष्टिकोण राख्दछन् ।

वर्तमान नेपाली समाज आध्यात्मीकतातिर भन्दा भौतिकतातिर अघि बढिरहेको छ । देश र समाजभन्दा पनि आफ्नो स्वार्थ पूरा गर्ने प्रवृति बढेको छ । यस सन्दर्भमा समाजलाई परिवर्तन गरी सभ्य र सुन्दर समाज निर्माणका लागि साहित्यकारको महत्त्वपूर्ण भूमिका हन्छ । समाजले मागिरहेको सिर्जना प्रस्तुत गरेमा साहित्यकार पनि सफल हुन्छ । साहित्यको अन्तिम उद्देश्य भनेको पाठकलाई मनोरञ्जन प्रदान गर्दै समाज रूपान्तरणको लागि मार्गदर्शन गर्नु रहेको हुन्छ भन्ने मान्यता मैनालीको रहेको छ । साहित्यमा समाज सलबलाउँछ, समाज रोए साहित्य रून्छ, समाज हाँसे साहित्य हाँस्छ, समाजको यथार्थ स्वरूप नै मेरो साहित्यको विषय हो भन्ने उनको दृष्टिकोण रहेको छ ।[५४] साहित्यले समाजसुधार, पाठकका समस्याको समाधान र समग्र विकासको मार्ग बनाउनुपर्ने दृष्टिकोण मैनालीको साहित्यिक चिन्तनमा देखापर्छ ।

पहिलेको जस्तो गरिमा, मर्म क्रमशः समाजले गुमाउँदै गएको छ । परम्परालाई थप सुधारात्मक तरिकाले आधुनिकतातिर परिवर्तन गर्नुपर्छ । यसका लागि मैनाली आजको विश्वग्रामको वातावरणमा साहित्यद्वारा नयाँ चिन्तन, नयाँ सोच, नयाँ विचार र नयाँ पुस्तालाई सही मार्गनिर्देशन दिन सधैं क्रियाशील तथा सक्रिय रहनुपर्छ भन्दछन् ।[५५] मान्छेले साहित्य उद्देश्यपूर्ण भएर लेख्नुपर्दछ, उद्देश्यपूर्ण भएर पढ्नुपर्दछ, लेखाइ अर्थपूर्ण हुनुपर्दछ तथा सिर्जना र समालोचना दुबै कुरा उद्देश्यले निर्देशित हुनुपर्छ भन्ने दृष्टिकोण मैनालीको छ ।

---

[५३]. ऐजन।
[५४]. ऐजन।
[५५]. ऐजन।

## २.१७ लेखन/प्रकाशन

### २.१७.१ लेखनको प्रेरणा र लेखनारम्भ

साहित्यिक क्षेत्रमा बाल्यकालदेखि नै रूचि राख्दै आएका मैनाली विद्यार्थी जीवनदेखि नै कविता कोर्ने, वादविवाद प्रतियोगितामा भाग लिने गर्थे ।[५६] कक्षा आठमा कविता प्रतियोगितामा विद्यालयमा मैनाली प्रथम भएका थिए । वि.स. २०३५ मा **तन्नेरी** साहित्यिक पत्रिकामा 'एउटा लास लम्कदैछ सुनसानको रातमा' शीर्षकको कथा प्रकाशित गरी मैनालीले साहित्यिक लेखनको यात्रा प्रारम्भ गरेका थिए । पशुपति माध्यमिक विद्यालयमा पढाउँदै गर्दा त्यहीका शिक्षकहरू फणीन्द्रराज खेताला र कृष्णप्रसाद उपाध्यायसँगको सङ्गतले साहित्य लेखनमा प्रेरणा मिलेको मैनाली बताउँछन् ।[५७] यही परिवेशबाट मैनालीको साहित्यलेखन प्रारम्भ भयो ।

कुनै पनि साहित्यकारलाई दुःख तथा सुखको अनुभूति विना साहित्य प्रष्फुटित हुँदैन भन्ने मान्यता राख्ने मैनाली आफ्नो परिवारमा भोटे समुदायले दुःख दिएका र घरमा जेष्ठ सदस्यहरूको अप्रिय घटनाले मार्मिक भएका र त्यही घटना साहित्यमा रूपान्तरित भएको देखिन्छ ।[५८] मैनालीलाई लेखनको प्रेरणा दाजु तथा बुबाले पनि दिएको देखिन्छ ।

मैनालीलाई गुरु घट्टराज भट्टराईले लेखनमा प्रेरणा दिने गर्थे । पहिलो प्रकाशित कथा पढेपछि भट्टराईले अरू कथा पनि लेख्न सल्लाह दिएका थिए ।[५९] मैनालीको पहिलो पुस्तककार कृति **मुर्दा बोल्यो** कथा सङ्ग्रह हो । यो कथा संग्रह २०३७ सालमा प्रकाशित भयो ।

प्रशासनिक क्षेत्रको जिम्मेवारी पूरा गर्दै साहित्यिक सिर्जना गर्न थालेका मैनालीले वर्तमान समयमा कथा, निबन्ध, समालोचनामा आफूलाई केन्द्रित गरेका छन् । मैनालीलाई सिर्जनामा घर-परिवार, साथी-संगीको सहयोग, सल्लाह, सुझाव तथा थप ऊर्जा प्रदान

[५६]. ऐजन।
[५७]. ऐजन।
[५८]. ऐजन।
[५९]. ऐजन।

गर्नमा उनकी श्रीमती अञ्जु गजुरेलको पनि ठूलो भूमिका रहेको देखिन्छ ।[६०] यसरी मैनालीले साहित्य  लेखन आरम्भ गरे ।

## २.१७.२ प्रकाशित पुस्तकाकार कृति

युवराज मैनालीको व्यक्तित्व नेपाली साहित्यमा कथा, निबन्ध, समालोचना तथा फुटकर लेखरचनामा क्रियाशील रहेको देखिन्छ । संख्यात्मक रूपमा भन्दा गुणात्मक रूपमा उनी नेपाली साहित्य सिर्जनामा सक्रिय देखिन्छन् । कथा लेखनबाट साहित्यमा प्रवेश गरेका मैनालीले विविध विधामा कलम चलाइरहेका छन् । उनका विभिन्न विधाका पुस्तकाकार कृतिहरूको सूची कालक्रमिक रूपमा यस प्रकार रहेका छन् :

| क.स. | **शीर्षक** | **विधा** | **प्रकाशन स्रोत** | **थप जानकारी** |
|---|---|---|---|---|
| १ | **मुर्दा बोल्यो** | कथासङ्ग्रह | कमलप्रसाद ढुङ्गेल, २०३७ | अनुपलब्ध |
| २ | **केही प्रतिभा केही प्रवृत्ति** | समालोचनासङ्ग्रह | नुवाकोट साहित्य प्रतिष्ठान नेपाल, २०४२ | दोस्रो संस्करण, २०६७ |
| ३ | **भ्रष्टाचारको भाङ** | निबन्धसङ्ग्रह | भानुप्रकाशन,चावहिल, काठमाडौं,२०६५ | |
| ४ | **समको पौराणिक नाट्य कौशल** | समालोचना | बी.एन.पुस्तक संसार प्रा.लि. बागबजार, काठमाडौं, २०६९ | |
| ५ | **कर्मयोगी देवकोटा** | समालोचना | सुरभि साहित्य प्रतिष्ठान, जोरपाटी,काठमाडौं, २०६९ | |

मैनालीका साहित्यिक कृतिहरू जम्मा पाँचवटा पुस्तकाकारका रूपमा प्रकाशित भएका छन् । केही कृतिहरू प्रकाशोन्मुख अवस्थामा रहेका छन् ।[६१] यसरी मैनालीका कथा, निबन्ध, समालोचना विधाका पुस्तकहरू प्रकाशित रहेका छन् ।

[६०]. ऐजन।

[६१]. ऐजन।

### २.१७.३ प्रकाशित फुटकर रचनाहरूको सूची

२०३७ सालदेखि लेखन कार्यलाई निरन्तरता दिँदै आएका युवराज मैनालीका फुटकर लेखरचनाहरू विभिन्न पत्रिकाहरूमा छरिएर रहेका छन् । ती लेखरचनाहरूको सूची कालक्रमिक आधारमा देहाय बमोजिम प्रस्तुत गरिएको छ :

| क.स. | शीर्षक | विधा | प्रकाशन स्रोत |
|---|---|---|---|
| १ | नेपाली साहित्यमा भूपी | समालोचना | **राष्ट्रिय बहस**, (वर्ष१, अङ्क१, २०६१) । |
| २ | प्रावृत पोखरामा मुकुन्दशरण उपाध्याय | समालोचना | **मिमिरे**, (वर्ष३४, अङ्क२, पूर्णाङ्क २३७, २०६२) । |
| ३ | 'आत्माज्वाला' भित्रका कवि फुयाँल | समालोचना | **युगान्तर**, (वर्ष४,अङ्क९, २०६३) । |
| ४ | कुहिरोको कम्बलभित्र धुस्रिँदा | निबन्ध | **भानु**, (वर्ष४३,अङ्क९९, २०६३) । |
| ५ | 'परेवा र कैदी' मा कथाकार विजय मल्ल | समालोचना | **शारदा,** (वर्ष१, अङ्क४, २०६४) । |
| ६ | 'अध्यारो द्वीपमा' उज्यालिएका कथाकार ध्रुवचन्द्र गौतम | समोचलना | **मिमिरे**, (वर्ष३६, अङ्क८, २०६४) । |
| ७ | सोचका विम्बहरू | निबन्ध | **भानु**, (वर्ष४४, अङ्क१०३, २०६४) । |
| ८ | भवानी घिमिरेको स्मृतिका रेखाहरूको रेखाचित्र | समालोचना | **भानु**, (वर्ष४४, अङ्क११०, २०६४) । |
| ९ | नियात्रा काव्यका प्रयोक्ता कवि दामोदर पुडासैनी | समालोचना | **भानु**, (वर्ष४४, अङ्क१११, २०६४) । |
| १० | पौराणिक नाटक 'ध्रव' र 'प्रल्हाद' को तुलनात्मक विवेचना | समालोचना | **शारदा,** (वर्ष२, अङ्क४, २०६५) । |
| ११ | देवकुमारी थापा र उनको कथाकारिता | समालोचना | **भानु**, (वर्ष४५, अङ्क११२, २०६५) । |
| १२ | क्षेत्रप्रताप अधिकारीको तर देश हाँसिरहेछ (कवितासङ्ग्रह) भित्र चियाउँदा | समालोचना | **भानु**, (वर्ष४५, अङ्क११३, २०६५) । |
| १३ | पल्पसा क्याफेः दर्पण यो देशको | समालोचना | **भानु**, (वर्ष४५, अङ्क११५, २०६५) । |
| १४ | नेपाली हास्य-व्यङ्ग्यको राजमार्गदेखि चट्टयाङ नगरसम्म | समालोचना | **भानु**, (वर्ष४५, अङ्क११७, २०६५) । |
| १५ | गमलाको फूल | समालोचना | **भानु**, (वर्ष४५, अङ्क११८, २०६५) । |

| | | | |
|---|---|---|---|
| १६ | 'शिखर चढिरहेको मान्छे' भित्रको मान्छे अवलोकन गर्दा | समालोचना | **दायित्व**, (वर्ष२३, पूर्णाङ्क६७, २०६६) । |
| १७ | 'अनुराधा' उपन्यासभित्र विजयमल्ल | समालोचना | **शारदा,** (वर्ष३, अङ्क१, २०६६) । |
| १८ | नाटककार सममा देखिएका नाटकीय दोषको उत्खनन्, आवश्यकता र निदान | समालोचना | **मिरमिरे,** (वर्ष३८, अङ्क११, २०६६) । |
| १९ | औपन्यासिकवृत्तमा बीपीको 'सुम्निमा' | समालोचना | **नुवाकोट साहित्य प्रतिष्ठान** (२०६६) |
| २० | अमूर्तता, सामयिकता र अभिव्यक्तिगत प्रयोगमा प्रतिविम्बित शंकर लामिछाने | समालोचना | **शारदा,** (वर्ष५,अङ्क२, २०६७) । |
| २१ | 'प्रकृतिमा मान्छे' भित्रको मानवतावादी स्वर | समालोचना | **मिरमिरे,** (वर्ष३९, अङ्क२, २०६७) । |
| २२ | नेपाली उपन्यासमा नौलो प्रयोग | समालोचना | **भानु**, (वर्ष४७, अङ्क१३०, २०६७) । |
| २३ | स्वअङ्कुभित्र 'निरङ्कुशता' मा घोत्लिँदा | समालोचना | **महामण्डल**, (वर्ष४, अङ्क३, पूर्णाङ्क१५, २०६८) । |
| २४ | चरिचुच्चे च | निबन्ध | **सुलेख,** (वर्ष१, अङ्क७, २०६९) । |
| २५ | लिलाममा जगदीश घिमिरे | समालोचना | **सुलेख**, (वर्ष४, अङ्क२, २०६९) । |
| २६ | मदनरेग्मीका कविता | समालोचना | **दायित्व,** (वर्ष२६, पूर्णाङ्क८०, २०६९) । |
| २७ | कलानिधिका हृदय स्पन्दनभित्र | समालोचना | **श्रीङ्खला,** (वर्ष३५, अङ्क१०, २०६९) । |
| २८ | मान्छेँ मान्छे | कविता | **कविता,** (पूर्णाङ्क९५, २०६९) । |
| २९ | यो पनि दन्त्यकथा | लघुकथा | **सुलेख,** (वर्ष२, अङ्क५, पूर्णाङ्क१४, २०७०) । |
| ३० | क्वाथ राजनीति | निबन्ध | **सुलेख,** (वर्ष२, अङ्क६, पूर्णाङ्क१५, २०७०) । |
| ३१ | 'जसको जोत उसको पोत'का भौकाजी | समालोचना | **सुलेख,** (वर्ष२, अङ्क१२, पूर्णाङ्क२१, २०७०) । |
| ३२ | नेपाली कथ्य परम्पराभित्र कथाकार किशोर पहाडीलाई पर्गेल्दा | समालोचना | **महामण्डल**, (वर्ष६, अङ्क१, पूर्णाङ्क२१, २०७०) । |

| | | | |
|---|---|---|---|
| ३३ | सिहंदरवार | निबन्ध | **दायित्व,** (वर्ष२७, पूर्णाङ्क८१, २०७०) । |
| ३४ | सम्भाव्यता | लघुकथा | **ज्योति,** (वर्ष९, पूर्णाङ्क२१, २०७०) । |
| ३५ | कवि शिरोमणि लेखनाथ र नेपाली साहित्य | समालोचना | **दायित्व,** (वर्ष२७, पूर्णाङ्क८३, २०७०) । |
| ३६ | यो के भएको ? | कविता | **प्रहरी,** (वर्ष५५, पूर्णाङ्क३, २०७०) । |
| ३७ | युद्ध | कविता | **प्रहरी,** (वर्ष५५, पूर्णाङ्क४, २०७०) । |
| ३८ | बन्दगेट खुल्लागेट | लघुकथा | **प्रहरी,** (वर्ष५५, पूर्णाङ्क५, २०७०) । |
| ३९ | अनुभूति | लघुकथा | **प्रहरी,** (वर्ष५५, पूर्णाङ्क६, २०७०) । |
| ४० | मेरो बाटो | कविता | **कविता**, पूर्णाङ्क९७, २०७०) । |
| ४१ | समीरभित्रै पहाड समीरभित्रै अणु | समालोचना | **शारदा,** (वर्ष१, अङ्क१, २०७१) । |
| ४२ | काव्य कसीमा 'द्वारिका श्रेष्ठका कविता' | समालोचना | **शारदा,** (वर्ष१, अङ्क२, २०७१) । |
| ४३ | 'सन्तान' नाटकमा जगदीश | समालोचना | **शारदा,** (वर्ष१, अङ्क५, २०७१) । |
| ४४ | नेपाली कवितामा भूपी | समालोचना | **शारदा,** (वर्ष१, अङ्क१०, २०७१) । |
| ४५ | स्वार्थ | लघुकथा | **शारदा**, (वर्ष१, अङ्क१२, २०७१) । |
| ४६ | 'उलार'भित्रको यभार | समालोचना | **शारदा,** (वर्ष१, अङ्क१२, २०७१) । |
| ४७ | प्रेम र प्रगतिका कथाकार लव गाउँले | समालोचना | **सुलेख**, (वर्ष३, अङ्क४, २०७१) । |
| ४८ | उपन्यासकार हृदयचन्द्रसिंह प्रधान र उपन्यासकारिता | समालोचना | **सुलेख,** (वर्ष३, अङ्क१२, २०७१) । |
| ४९ | सोच | लघुकथा | **त्रिशूली त्रिवेणी,** (वर्ष९, अङ्क२, २०७१) । |
| ५० | रौद्ररूप | लघुकथा | **शब्दाङ्कुर,** (वर्ष१४, अङ्क५, पूर्णाङ्क१५२, २०७१) । |
| ५१ | पलायन | लघुकथा | **शब्दाङ्कुर,** (वर्ष१४, अङ्क५, पूर्णाङ्क१६१, २०७१) । |
| ५२ | छेस्का | लघुकथा | **भानु**, (वर्ष५१, अङ्क१८०, २०७१) । |
| ५३ | सन्तुष्टि | लघुकथा | **शारदा**, (वर्ष२, अङ्क५, पूर्णाङ्क१७, २०७२) । |

| | | | |
|---|---|---|---|
| ५४ | आजका अर्जुन | लघुकथा | **महामण्डल,** (वर्ष८, अङ्क२, पूर्णाङ्क३०, २०७२) । |
| ५५ | धरावासीका दुई उपन्यासका दुई धार | समालोचना | **सुलेख**, (वर्ष४, अङ्क५, पूर्णाङ्क३६, २०७२) । |
| ५६ | तीन धुम्तीका धुमाइहरू | समालोचना | **सुलेख**, (वर्ष४, अङ्क८, पूर्णाङ्क३९, २०७२) । |
| ५७ | म पनि कैदी नै | लघुकथा | **हिमाली गुराँस**, (वर्ष१९, पूर्णाङ्क५७, २०७२) । |
| ५८ | 'अकविता' भित्रका गीत र गीतकार क्षेत्रप्रताप | समालोचना | **शब्दाङ्कुर**, (वर्ष१५, अङ्क१, पूर्णाङ्क१६९, २०७२) । |
| ५९ | हुँदोरहेछ यस्तो पनि | लघुकथा | **हिमाली गुराँस**, (वर्ष१९, अङ्क५८, २०७२) । |
| ६० | भर्खरै झुल्केको घामप्रति | समालोचना | **दायित्व**, (वर्ष२९, पूर्णाङ्क९६, २०७२) । |
| ६१ | 'मनका छाल' माथि एक विवेचना | समालोचना | **जनमत**, (वर्ष३२, अङ्क१०, २०७२) । |

यसरी मैनालीका फुटकर रचनाहरू कथा, कविता, निबन्ध, समालोचना विधामा केन्द्रित रहेको देखिन्छ ।

## २.१८ भूमिका लेखन

नेपाली साहित्यको गहन अध्ययन विश्लेषण गर्ने मैनालीले कृतिमा भूमिका पनि लेखेका छन् । कलानिधि दाहालको कृति **गौरवमय नेपाल** (२०३८, कवितासङ्ग्रह), डा. सत्यराज थपलियाको कृति **गाउँवेसी** (२०७१, कवितासङ्ग्रह), एन्जेलिना न्यौपाने 'स्मृति' को कृति **स्मृति आरम्भ** (२०७१, कवितासङ्ग्रह) र बिक्रम श्रेष्ठ 'सागर' को **भौतिकदेखि अध्यात्मसम्म** (कवितासङ्ग्रह,२०७२) मा मैनालीले भूमिका लेखेका छन् ।

## २.१९ सम्मान तथा पुरस्कार

युवराज मैनाली सम्मान र पुरस्कारप्रति घमण्ड नराखी जसले राम्रो काम गर्छ त्यसैले इनाम पाउँछ भन्ने धारणा राख्छन् ।[६२] वर्तमान समयमा सम्मान तथा पुरस्कारको

---

६२. ऐजन।

विश्वासनीयतामा प्रश्न खडा भएको मैनाली बताउँछन् । राम्रो मान्छे भन्दा हाम्रो मान्छेलाई सम्मान र पुरस्कार दिने परम्परा बसेकोप्रति मैनाली असन्तुष्ट छन् । वर्तमान समयमा ९० प्रतिशत सम्मान र पुरस्कार धाउँनेले पाएका छन् भन्दै मैनाली अगाडि भन्छन् : "एक हातबाट लिने र अर्को हातबाट दिने प्रचलन बढेको छ । यसो भनेर मैले सबै पुरस्कारलाई दोषारोपण गरेको भने होइन् केही पुरस्कार योगदानका आधारमा पनि प्रदान गरिन्छ ।"[६३] मैनालीले प्राप्त गरेका सम्मान तथा पुरस्कारहरूको सूची तल दिइएको छ :

१. जानपद सेवा पदक (२०५१ )
२. दीर्घसेवा पदक (२०५२)
३. रसुवा नागरिक समाजबाट नागरिक सम्मान (२०६७)
४. युगान्तर वर्ष साहित्य पुरस्कार (२०७१)
५. वी.डी. त्यागी हीरकजयन्ती (२०७१)

यसरी असल कार्य गर्ने व्यक्तित्वलाई उसले प्रदान गरेको योगदानको मूल्याङ्कन र त्यस्ता कार्यतर्फ अझ अभिप्रेरित गर्नका लागि सम्मान र पुरस्कार दिने गरिन्छ ।

## २.२० निष्कर्ष

वि.सं. २०१७ चैत्र १० गते काभ्रेपलाञ्चोक जिल्लाको कानपुर गा.वि.स. मा केदारनाथ मैनाली र रेवती मैनालीका पाँचौं सन्तानका रूपमा युवराज मैनालीको जन्म भएको हो । उनले कानपुरको मनोरम वातावरणमा पाँच वर्षको उमेरमा अक्षरारम्भ गरेका थिए । मैनालीले वि.सं. २०३४ सालमा एस.एल.सी. उत्तीर्ण गरे । वि.सं. २०३५ देखि २०३७ सालसम्म पशुपति माध्यमिक विद्यालय चावहील, काठमाडौँमा शिक्षक पेसा अँगालेका मैनाली वि.सं. २०३७ मा लोकसेवा आयोगद्वारा लिइने परीक्षामा उत्तीर्ण भई खरिदार पदमा नियुक्ति भए । मैनाली वि.सं. २०४४ सालमा लोकसेवा आयोगको खुला प्रतियागिताबाट ना.सु. पदमा नियुक्त भए । हाल उनी बढुवा भएर कागागार व्यवस्थापन विभागको शाखा अधिकृत पदमा कार्यरत छन् ।

[६३]. ऐजन।

वि.सं. २०४८ सालमा शुभविवाह गरेका मैनालीका एक छोरा र एक छोरी छन् । काभ्रेको कानपुर पुर्ख्यौली थलो भए पनि मैनालीको हाल बसोबास काठमाडौं, धुम्बाराहीमा रहेको छ । बाल्यकालदेखि नै साहित्यप्रति विशेष रुचि राख्ने मैनाली विद्यार्थी जीवनदेखि नै साहित्यिक कार्यक्रममा भाग लिन्थे । गुरु, साथीहरू तथा पिता र दाजुहरूबाट उनले साहित्य लेख्ने प्रेरणा पाएका देखिन्छ ।

कुनै पनि राजनीतिमा प्रत्यक्ष संलग्न नदेखिएका मैनाली विभिन्न साहित्यक संस्थाहरूमा संलग्न रहेका छन् । मैनाली नेपालका विभिन्न ठाऊँहरूमा तथा भारत, चीन लगायतका देशहरूमा समेत भ्रमण गरेका छन् । मैनालीले निजामति कर्मचारी भएकोले प्रशासनिक कार्यको सिलसिलामा यी स्थानहरूको भ्रमण गरेका हुन् ।

मैनालीलाई साहित्य तथा अन्य समाजसेवामा गरेको कार्यको मूल्याङ्कन गर्दै विभिन्न संस्थाहरूले पुरस्कार तथा सम्मान एवम् अभिनन्दन पत्रहरू प्रदान गरेका छन् । नेपाली साहित्यको क्षेत्रमा वि.सं. २०३५ देखि निरन्तर लागि परेका मैनालीले हालसम्म पाँच वटा कृतिहरू प्रकाशित गरिसकेका छन् भने थुप्रै फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका अवस्थामा छन् ।

# तेस्रो परिच्छेद

# युवराज मैनालीको व्यक्तित्व

## ३.१. पृष्ठभूमि

मान्छेको व्यक्तित्व उसका जीवनमा आइपर्ने विभिन्न आरोह-अवरोह, पीर-वेदना, हर्ष-खुसी तथा क्रिया-प्रतिक्रियाबाट निर्धारित भएको हुन्छ । साथै व्यक्तित्व निर्माणमा पारिवारिक, सामाजिक, सांकृतिक, शैक्षिक तथा वातावरणीय प्रभावले पनि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यिनको अतिरिक्त शिक्षादीक्षा, रूचि, पेसा, साथसंगत र जीवन-जगत्प्रतिको दृष्टिकोणले पनि व्यक्तित्व निर्माणमा उल्लेखनीय भूमिका निर्वाह गरेको हुन्छ । व्यक्तित्व बाह्य र आन्तरिक गरी दुई किसिमको हुन्छ । बाह्य व्यक्तित्व रूप, रङ, बनौट अर्थात् शारीरिक व्यक्तित्वसँग सम्बन्धित हुन्छ भने आन्तरिक व्यक्तित्व उसमा अन्तरनिहित गुण, स्वभाव र समग्रमा उसको जीवनीमा गरेका महत्त्वपूर्ण कार्यहरूसँग सम्बद्ध हुन्छ ।

युवराज मैनालीको व्यक्तित्व उपर्युक्त प्रक्रियाअनुसार नै निर्माण भएको देखिन्छ । उनको व्यक्तित्व निर्माणमा विशेषतः पारिवारिक, सामाजिक, आर्थिक तथा शैक्षिक पक्षले महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

युवराज मैनालीले नेपाली साहित्यको समुन्नतिको लागि मिहिनेत गरेका छन् । मैनालीले साहित्यिक जीवन यात्रामा घरपरिवार, साथीभाइ, इष्टमित्र, गुरूहरूबाट प्रभाव र प्रेरणा ग्रहण गरेका छन् । यी प्रभाव र प्रेरणाबाट निर्मित मैनालीको व्यक्तित्वका विविध पक्षहरूलाई देहायबमोजिम चर्चा गरिएको छ :

## ३.२. शारीरिक व्यक्तित्व

युवराज मैनाली करिब पाँच फिट एक इन्च उचाइ भएका शान्त प्रकृतिका व्यक्तित्व हुन् ।[१] गहुँगोरो वर्ण हसिलो अनुहार र न मोटो न दुब्लो ठिक्कको शरीर, कालो केश, गोलाकार नाक, मझौला कद, चेप्टो हत्केला, लामा लामा औँला भएका शान्त प्रकृतिका

---

[१] . युवराज मैनालीसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

सालाखाला खाइलाग्दो चिटिक्क परेको निकै आकर्षक र प्रभावकारी व्यक्तित्वबाट युवराज मैनालीको शारीरिक बनोट निर्माण भएको देखिन्छ ।

दैनिक खानपानमा नियमित ध्यान दिने मैनालीलाई सामान्य प्रकृति विपरितका समयमा आइपर्ने ज्वरो, रूघा खोकी आदि रोग केही दिन लागे पनि कुनै गम्भीर रोग भने नलागेको पाइन्छ ।[२] सरल, विनम्र र मिलनसार स्वभावका मैनाली त्यत्तिकै गम्भीर र मनोबलयुक्त देखिन्छन् । मैनाली कुनै पनि काम गर्दा धैर्यका साथ कार्यप्रति लगनशील भएर गर्दछन् । आफ्ना सम्पर्ककमा आउने सबै व्यक्तिसँग आत्मीय व्यवहार गर्नु उनको गुण रहेको पाइन्छ । आफ्नो हैसियतभन्दा माथिको कार्य नगर्ने तथा हात हालेको कार्य फत्ते गरेरै छाड्ने प्रवृत्ति उनमा रहेको देखिन्छ ।[३]

## ३.३ व्यक्तित्वका विभिन्न पाटाहरू

विविध क्षेत्रमा गरेको भूमिका र योगदानका कारण उनको व्यक्तित्व बहुआयामिक हुन पुगेको छ । उनको व्यक्तित्व जुनजुन क्षेत्रमा संलग्न रहेको छ, ती क्षेत्रमा निर्वाह गरेका भूमिका र योगदानका आधारमा उनको व्यक्तित्व गौरवमय र अविस्मरणीय देखिन्छ । युवराज मैनालीको व्यक्तित्वलाई देहायबमोजिम विभिन्न पाटाहरूमा विभाजन गरी अध्ययन गरिएको छ :


### ३.३.१ साहित्यिक व्यक्तित्व

युवराज मैनालीले कविता कोर्ने, कथा लेख्ने, वादविवाद प्रतियोगितामा भाग लिनेजस्ता क्रियाकलाप विद्यार्थी जीवनदेखि गर्दै साहित्यमा प्रवेश गरे । साहित्य उनको सानैदेखि चाहानाको विषय थियो । मैनालीले वि.स.२०३५ देखि साहित्य लेखन प्रारम्भ गरेका हुन् । यिनको साहित्यिक व्यक्तित्व कुनै एक विधा विशेषमा केन्द्रित नरही साहित्यका विभिन्न विधाहरूमा फैलिएको देखिन्छ । यिनको बहुआयामिक व्यक्तित्वलाई देहायबमोजिम विभिन्न प्रकारमा विभाजन गरी अध्ययन गरिएको छ :

---

२. ऐजन।

३. ऐजन।




### ३.३.१.१ स्रष्टा व्यक्तित्व

युवराज मैनालीको सार्वजनिक लेखनयात्रा सर्वप्रथम कथा विधाबाट प्रारम्भ भएको हो । त्यसपछि यिनले विभिन्न कथा, निबन्ध, समालोचनाहरू लेखेका छन् । उनको स्रष्टा व्यक्तित्वलाई देहायबमोजिम तीन प्रकारमा विभाजन गरी अध्ययन गरिएको छ :

### १. कथाकार व्यक्तित्व

युवराज मैनालीले सर्वप्रथम **तन्नेरी** (२०३५) मा प्रकाशित 'एउटा लास लम्कदैछ सुनसानको रातमा' शीर्षकको कथा मार्फत कथा लेखन प्रारम्भ गरेका छन् । यिनको समग्र सार्वजनिक यात्रा पनि यही कथाबाट प्रारम्भ भएको हो । प्राप्त जानकारी अनुसार उनको एउटा मात्र कथा सङग्रह **मुर्दा बोल्यो** (२०३५) प्रकाशित छ । यो कथासङ्ग्रह मदन पुरस्कार गुठीमा मात्र प्राप्त गर्न सकिन्छ ।[४] यो कथासङ्ग्रह शोधप्रस्तावका क्रममा शोधार्थीले प्राप्त गरेको तर पछि २०७२/१/१२ को भूकम्पको कारण शोधार्थीले यो शोधपत्र तयार गर्दा सम्म प्राप्त गर्न सकिएन । यो कथा सङग्रहमा जम्मा एघार वटा कथा सङ्गृहीत छन् ।

वि.सं. २०३५ मा **मुर्दा बोल्यो** कथासङ्ग्रह प्रकाशित गरेपछि मैनालीले आफ्नो साहित्य लेखन समालोचनामा केन्द्रित गरेको देखिन्छ । २०७० सालपछि **सुलेख, ज्योति, प्रहरी**जस्ता पत्रिकामा उनका लघुकथा प्रकाशित भएका छन् । उनका कथा सङ्ग्रहमा सङ्गृहीत नभएका लघुकथाहरूको सूची यसप्रकार रहेको छ :

---

४. ऐजन।

| क्र.स. | शीर्षक | प्रकाशन स्रोत |
|---|---|---|
| १ | यो पनि दन्त्य कथा | **सुलेख**, (वर्ष२, अङ्क५, पूर्णाङ्क१४, २०६५), पृ.४७ । |
| २ | सम्भाव्यता | **ज्योति**, (वर्ष९, पूर्णाङ्क२१, २०७०), पृ.४५ । |
| ३ | बन्दगेट खुल्लागेट | **प्रहरी**, (वर्ष५५, पूर्णाङ्क५, २०७०), पृ.५२ । |
| ४ | स्वार्थ | **शारदा**, (वर्ष१, अङ्क१२, २०७१) पृ. ५० । |
| ५ | सोच | **त्रिशूली त्रिवेणी**, (वर्ष९, अङ्क२, २०७१), पृ.५ । |
| ६ | रौद्ररूप | **शब्दाङ्कुर**, (वर्ष१४, अङ्क५, पूर्णाङ्क१५२, २०७१), पृ.१९ । |
| ७ | पलायन | **शब्दाङ्कुर**, (वर्ष१४, अङ्क५, पूर्णाङ्क१६१, २०७१), पृ.२२ । |
| ८ | छेस्का | **भानु**, (वर्ष५१, अङ्क१८०, २०७१), पृ.३९ । |
| ९ | सन्तुष्टि | **शारदा**, (वर्ष२, अङ्क५, पूर्णाङ्क१७, २०७२), पृ.३९-४० । |
| १० | आजका अर्जुन | **महामण्डल**, (वर्ष८, अङ्क२, पूर्णाङ्क३०, २०७२), पृ.१९ । |
| ११ | म पनि कैदी नै | **हिमाली गुराँस**, (वर्ष१९, पूर्णाङ्क५७, २०७२), पृ.२७ । |
| १२ | हुँदोरहेछ यस्तो पनि | **हिमाली गुराँस**, (वर्ष१९, अङ्क५८, २०७२), पृ.१८ । |

माथि उल्लिखित लघुकथाहरू सामाजिक तथा राजनीतिक विषयवस्तुलाई टिपेर लेखिएका छन् । मैनालीले समाजका विकृति विसङ्गति लगायत समाजका अन्य पक्षहरूलाई पनि लघुकथाका विषय बनाएका छन् । आजभोलिका युवायुवतीको फेसनप्रति व्यङ्ग्य गर्दै मैनालीले *अनुभूति* शीर्षकको लघुकथा लेखेका छन् । समाजमा बढ्दै गइरहेको खुला यौन व्यापार जस्तो भयानक विकृतिलाई मैनालीले *छेस्का* शीर्षकको लघुकथामा उल्लेख गरेका छन् । एकातिर धन धेरै भएर सही परिचालन नै गर्न नसक्नेले समाजमा हुकुम जमाउँदै छन् त अर्कातिर खानको लागि नराम्रो काम समेत गर्न बाध्य गरिबको दयनीय अवस्थालाई पनि मैनालीले प्रस्तुत गरेका छन् । सामाजिक मात्र नभएर मैनालीले *यो पनि दन्त्यकथा* शीर्षकको लघुकथामा राजनीतिक विषयलाई पनि समावेश गरेका छन् । पहिलो संविधानसभाबाट संविधान नबनाएपछि नेताहरूको कामचोर प्रवृत्तिलाई मैनालीले उजागर गरेका छन् ।

भाषाशैलीका दृष्टिले मैनालीका लघुकथाहरू सरल तथा सम्प्रेष्य छन् । लौजा, पाजी, जेठो जस्ता कथ्य शब्दहरूको प्रयोग गर्नु मैनालीको कथा लेखनको प्रवृत्ति हो । कथामा प्रथम तथा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । *यो पनि दन्त्य कथा, छेस्का* कथाहरू

तृतीय दृष्टिविन्दुमा रचिएका छन् भने *बन्दगेट खुल्लागेट* प्रथम पुरुष दृष्टिविन्दुमा रचिएको कथा हो । जस्तै : 'हिँडदा हिड्दैको बटुवा म, दालभातको घटुवा म' । (पृ.५२)

## २. निबन्धकार व्यक्तित्व

युवराज मैनालीले वि.सं २०६५ बाट सार्वजनिक रूपमा निबन्ध लेखन सुरु गरेको पाइन्छ ।[५] अन्य विधामा भन्दा निबन्ध विधामा रुचि भएकोले मैनालीले निकै निबन्धहरूको रचना गरेका छन् । मैनालीको एउटा निबन्ध सङ्ग्रह भ्रष्टाचारको भाङ (२०६५) प्रकाशित छ । यस सङ्ग्रहमा जम्मा ३८ वटा निबन्धहरू सङगृहीत छन् । एक मात्र निबन्ध सङ्ग्रहले नै मैनालीलाई निबन्धकार व्यक्तित्वका रूपमा स्थापित गरेको छ । यस सङ्ग्रहमा भएका निबन्धहरू व्यङ्ग्यात्मक खालका छन् ।

युवराज मैनाली व्यङ्ग्यात्मक निबन्धकार व्यक्तित्वका रूपमा स्थापित छन् । उनका निबन्धात्मक प्रवृत्तिलाई  हेर्दा उनका निबन्धहरू निजात्मक खालका छन् । समाजमा जे देख्यो त्यहीँ टिपेर मैनालीले निबन्धमा आफ्नो आत्मप्रकाशन व्यङ्ग्यात्मक रूपमा गरेका छन् । वर्तमान समाजका विभिन्न पक्षहरू शिक्षा, राजनीति, कला, साहित्य, अर्थ, धर्म आदि माथि व्यङ्ग्य प्रहार गर्न उनका निबन्धहरू सफल छन् । मैनालीका निबन्ध सङ्ग्रहमा  सङ्गृहीत नभएका निबन्धहरूको  सूची यस प्रकार रहेको छ :

| क.स. | शीर्षक | प्रकाशन स्रोत |
|---|---|---|
| १ | गमलाको फूल | **भानु**, (वर्ष ४५, अङ्क११८, २०६५),पृ.२०-२५ । |
| २ | चरिचुच्चे च | **सुलेख,** (वर्ष १, अङ्क७, २०६९),पृ.१२-१५ । |
| ३ | क्वाथ राजनीति | **सुलेख,** (वर्ष २, अङ्क६, पूर्णाङ्क १५, २०७०), पृ.५-७ । |
| ४ | सिंहदरवार | **दायित्व,** (वर्ष २७, पूर्णाङ्क ८१, २०७०), पृ.५२-५३ । |

मैनालीले यी फुटकर निबन्धहरूमा सामाजिक तथा राजनैतिक पक्षका नराम्रा प्रवृत्तिलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् । पहिलो संविधान सभाबाट संविधान बनाउन नसकेका नेताहरूप्रति व्यङ्ग्य प्रहार गरेका छन् । उनले सहमति सहमतिको मन्त्र जप्ने तर सहमति गरेर अगाडि बढ्न नसक्ने नेताहरूको प्रवृत्तिलाई उल्लेख गरेका छन् । राजनीति मात्र नभएर सामाजिक विषयलाई पनि आफ्ना निबन्धमा समेटेका छन् । मैनालीले

---

[५]. ऐजन।

सामाजिक संस्कारमा आएका परिवर्तनले गर्दा नेपाली संकार नै लोप हुने अवस्थमा पुगेकोप्रति व्यङ्ग्य गरेका छन् । पहिरनदेखि खानपिन, चाडपर्व मनाउने प्रचलनजस्ता कुराहरूमा आएको विकृतिलाई मैनालीले व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् ।

**३. कवि व्यक्तित्व**

युवराज मैनालीले साहित्य लेखनको अभ्यास विद्यार्थीकालदेखि कविता विधाबाट प्रारम्भ गरेको जानकारी पाइए पनि उनका त्यस समयका कविताहरू प्रकाशित नभएकोले हाल उपलब्ध छैनन् ।[६] प्राप्त जानकारी अनुसार चारवटा मात्र प्रकाशित कविता 'मान्छे+मान्छे' (**कविता**, २०६९), 'यो के नभएको' (**प्रहरी,** २०७०), 'युद्ध' (**प्रहरी,** २०७०) र 'मेरो बाटो' (**कविता**, २०७०) रहेका छन् ।

माथि उल्लिखित कविताहरूको मूल विषय मान्छेको कुप्रवृत्तिलाई बनाइएको छ । मान्छे मारेर मानवको परिचय गर्दै हिड्ने मानवता हराएका मान्छेको प्रवृत्तिलाई 'मान्छे+मान्छे' कवितामा देखाइएको छ । नागासाकी र हिरोसिमामा भएको त्यति ठूलो हमलाले पनि मान्छेको चेत नफिरेर पुरुषार्थको अहंता देखाउने मानवीय प्रवृत्तिलाई *युद्ध* कविताद्वारा देखाइएको छ । समग्रमा मान्छेको अमानवीय प्रवृत्तिलाई आम बौद्धिक वर्गहरूले जरादेखि नै उखेलेर फाल्नुपर्ने मूल सन्देश मैनालीले कविता मार्फत दिन खोजेका छन् ।

### ३.३.१.२ द्रष्टा व्यक्तित्व

युवराज मैनालीको व्यक्तित्वको अर्को पाटो द्रष्टा व्यक्तित्व हो । द्रष्टा व्यक्तित्वका रूपमा सशक्त योगदान दिएका मैनालीले विभिन्न समालोचनात्मक कृतिहरू प्रकाशित गरेका छन् । उनी एक साहित्यिक स्रष्टा भएर अरू विभिन्न स्रष्टाहरूको कृतिहरूलाई बौद्धिक र तुलनात्मक रूपमा विश्लेषण गरी एक द्रष्टा समालोचकका रूपमा चिनिन्छन् । उनका द्रष्टा व्यक्तित्वलाई देहायबमोजिम दुई प्रकारमा विभाजन गरी अध्ययन गरिएको छ :

**१. समालोचक व्यक्तित्व**

युवराज मैनालीले समालोचना विधामा पर्याप्त कलम चलाएका छन् । मैनाली समसामयिक धाराका सशक्त समालोचकको रूपमा चिनिन्छन् । उनले समालोचनात्मक

---

[६]. ऐजन।

कृतिहरू प्रकाशित गरी सकेका छन् भने धेरैजसो समालोचनात्म लेखहरू विभिन्न पत्रिकामा छरिएर रहेका अवस्थामा देखिन्छन् । उनका प्रकाशित समालोचनात्मक कृतिहरू **केही प्रतिभा केही प्रवृत्ति** (२०४२), **समको पौराणिक नाट्य कौशल** (२०६९) र **कर्मयोगी देवकोटा** (२०६९) रहेका छन् । उनका कुनै समालोचनात्मक कृतिमा सङ्गृहीत नभएका समालोचनात्मक लेखहरूको विवरण यस प्रकार रहेको छ :

| क्र.स. | शीर्षक | प्रकाशन स्रोत |
|---|---|---|
| १ | नेपाली साहित्यमा भूपी | **राष्ट्रिय बहस,** (वर्ष१, अङ्क१, २०६१), पृ.१७-१८ । |
| २ | प्राकृत पोखरा मुकुन्दशरण उपाध्याय | **मिर्मिरे,** (वर्ष३४, अङ्क२, पूर्णाङ्क२३७, २०६२), पृ.५२-६३ । |
| ३ | 'आत्मज्वाला' भित्रका कवि फुयाँल | **युगान्तर,** (वर्ष४, अङ्क९, २०६३), पृ. ६२-६७ । |
| ४ | कुहिरोको कम्बलभित्र घुसिँदा | **भानु,** (वर्ष४३, अङ्क९९, २०६३), पृ. १८-२० । |
| ५ | 'परेवा र कैदी' मा कथाकार विजय मल्ल | **शारदा**, (वर्ष१, अङ्क४, २०६४), पृ.३७-४२ । |
| ६ | 'अध्यारो द्वीपमा' उज्यालिएका कथाकार ध्रुवचन्द्र गौतम | **मिर्मिरे,** (वर्ष३६, अङ्क८, पूर्णाङ्क२६७, २०६४), पृ. ४२-४९ । |
| ७ | भवानी घिमिरेको स्मृतिका रेखाहरूको रेखाचित्र | **भानु**, (वर्ष४४, अङ्क११०, २०६४), पृ.११-१५ । |
| ८ | नियात्रा काव्यका प्रयोक्ता कवि दामोदर पुडासैनी | **भानु**, (वर्ष४४, अङ्क१११, २०६४), पृ.१७-२३ । |
| ९ | पौराणिक नाटक 'ध्रव' र 'प्रल्हाद' को तुलनात्मक विवेचना | **शारदा**, (वर्ष२, अङ्क४, २०६५), पृ.६६-६८ । |
| १० | देवकुमारी थापा र उनको कथाकारिता | **भानु**, (वर्ष४५, अङ्क११२, २०६५), पृ.२८-३० । |
| ११ | क्षेत्रप्रताप अधिकारीको तर देश हासिरहेछ(कवितासङ्ग्रह) भित्र चियाउँदा | **भानु**, (वर्ष४५, अङ्क११३, २०६५), पृ.५-९ । |

| | | |
|---|---|---|
| १२ | पल्पसा क्याफे :दर्पण यो देशको | **भानु**, (वर्ष४५, अङ्क११५, २०६५), पृ.१६-२१ । |
| १३ | 'अनुराधा' उपन्यासभित्र विजयमल्ल | **शारदा**, (वर्ष३, अङ्क१, २०६६), पृ.३०-३८ । |
| १४ | नाटककार सममा देखिएका नाटकीय दोषको उत्खनन्, आवश्यकता र निदान | **मिरमिरे**, (वर्ष३८, अङ्क११, २०६६), पृ.१-५ । |
| १५ | 'शिखर चढिरेको मान्छे' भित्रको मान्छे अवलोकन गर्दा | **दायित्व,** (वर्ष२३, पूर्णाङ्क६७, २०६६), पृ. २६-२९ । |
| १६ | औपन्यासिकवृत्तमा बीपीको 'सुम्निमा' | **नुवाकोट साहित्य प्रतिष्ठान**, (२०६६), पृ.८७- ९८ । |
| १७ | अमूर्तता, सामयिकता र अभिव्यक्तिगत प्रयोगमा प्रतिविम्बित शंकर कोइराला | **शारदा,** (वर्ष५, अङ्क२, २०६७), पृ.६७-७९ । |
| १८ | 'प्रकृतिमा मान्छे' भित्रको मानवतावादी स्वर | **मिरमिरे,** (वर्ष३९, अङ्क२, २०६७), पृ.१५१-१५६ । |
| १९ | नेपाली उपन्यासमा नौलो प्रयोग | **भानु**, (वर्ष४७, अङ्क१३०, २०६७), पृ.५०-६३ । |
| २० | स्वअङ्कुभित्र 'निरङ्कुशता' मा घोत्लिँदा | **महामण्डल,** (वर्ष४, अङ्क३, पूर्णाङ्क१५, २०६८), पृ. १-३ । |
| २१ | लिलाममा जगदीश घिमिरे | **सुलेख,** (वर्ष४, अङ्क२, २०६९), पृ. ३८-४५ । |
| २२ | मदनरेग्मीका कविता | **दायित्व,** (वर्ष२६, पूर्णाङ्क८०, २०६९), पृ.५१-५८ । |
| २३ | कलानिधिका हृदय स्पन्दनभित्र गौरवमय नेपाल | **श्रीङ्खला**, (वर्ष३५, अङ्क१०, २०६९), पृ.१५-२१ । |
| २४ | 'जसको जोत उसको पोत'का भौकाजी | **सुलेख,** (वर्ष२, अङ्क१२, पूर्णाङ्क२१, २०७०), पृ.४९-५७ । |
| २५ | नेपाली कथ्य परम्पराभित्र कथाकार किशोर पहाडीलाई पर्गेल्दा | **महामण्डल,** (वर्ष६, अङ्क१, पूर्णाङ्क२१, २०७०), पृ. ३-७ । |
| २६ | कवि शिरोमणि लेखनाथ र नेपाली साहित्य | **दायित्व** (वर्ष२७, पूर्णाङ्क८३, २०७०),पृ.२६-२७ । |

| | | |
|---|---|---|
| २७ | समीरभित्रै पहाड समीरभित्रै अणु | **शारदा,** (वर्ष१, अङ्क१, २०७१), पृ.४१-५० । |
| २८ | काव्य कसीमा 'द्वारिका श्रेष्ठका कविता' | **शारदा,** (वर्ष१, अङ्क२, २०७१), पृ.५६-६२ । |
| २९ | 'सन्तान' नाटकमा जगदीश | **शारदा,** (वर्ष१, अङ्क५, २०७१), पृ.२५-२९। |
| ३० | नेपाली कवितामा भूपी | **शारदा,** (वर्ष१, अङ्क१०, २०७१), पृ.७७-८४ । |
| ३१ | 'उलार'भित्रको उभार | **शारदा,** (वर्ष१, अङ्क२१०, २०७१), पृ.३२-३७ । |
| ३२ | प्रेम र प्रगतिमा कथाकार लव गाउँले | **सुलेख,** (वर्ष३, अङ्क४, २०७१), पृ. ४०-४४ । |
| ३३ | उपन्यासकार हृदयचन्द्रसिंह प्रधान र उपन्यासकारिता | **शारदा,** (वर्ष३, अङ्क१२, २०७१), पृ.३९-५० । |
| ३४ | धरावासीका दुई उपन्यासका दुई धार | **सुलेख**, (वर्ष४, अङ्क५, पूर्णाङ्क३६, २०७२), पृ.१९-२८ । |
| ३५ | तीन धुम्तीका धुमाइहरू | **सुलेख**, (वर्ष४, अङ्क८, पूर्णाङ्क३९, २०७२), पृ.९-२५ । |
| ३६ | 'अकविता' भित्रका गीत र गीतकार क्षेत्रप्रताप | **शब्दाङ्कुर,** (वर्ष१५, अङ्क१, पूर्णाङ्क १६९, २०७२), पृ. २५-२६ । |
| ३७ | 'मनका छाल' माथि एक विवेचना | **जनमत,** (वर्ष३२, अङ्क१०, २०७२), पृ. २७-३० । |
| ३८ | भर्खरै झुल्केको घामप्रति | **दायित्व,** (वर्ष२९, पूर्णाङ्क ९६, २०७२), पृ. २५-२६ । |

माथि उल्लिखित फुटकर समालोचनाहरूमा युवराज मैनालीले साहित्यकार र साहित्यिक रचनाहरूको परिचय, प्रवृत्ति तथा विश्लेषण गरी समालोचना गरेका छन् । निबन्धकार शंकर लामिछाने , हास्यव्यङ्ग्यकार भौकाजी, कवि मदन रेग्मी, नियात्रा काव्यका प्रयोक्ता कवि दामोदर पुडासेनी, लगायत क्षेत्रप्रताप अधिकारीको कवितासङ्ग्रह, विजय मल्लको **परेवा र कैदी** कथासङ्ग्रह तथा ठाकुर शर्माको **प्रकृतिमा मान्छे** आदि कृतिको विश्लेषण पनि गरेका छन् । यस क्रममा मैनालीले साहित्यकारको परिचय र कृति विश्लेषणलाई सँगसँगै चर्चा गरेका छन् ।

## २. भूमिकालेखक व्यक्तित्व

युवराज मैनालीको व्यक्तित्व भूमिकालेखकका दृष्टिले पनि चिनिएको छ । भूमिका लेखनका दृष्टिले मैनाली सफल द्रष्टा व्यक्तित्वका रूपमा चिनिन्छन् । मैनालीले कलानिधि दाहालको कवितासङ्ग्रह **गौरवमय नेपाल** (२०३८), डा. सत्यराज थपलियाको कवितासङ्ग्रह **गाउँवेसी** (२०७१), एन्जेलिना न्यौपाने 'स्मृति' को कवितासङ्ग्रह **स्मृति आरम्भ** (२०७१) र बिक्रम श्रेष्ठ 'सागर' को कवितासङ्ग्रह **भौतिकदेखि अध्यात्मसम्म** (२०७२) मा भूमिका लेखेका छन् । यसरी यी भूमिका लेखनले पनि मैनालीको साहित्यिक व्यक्तित्व निर्माण भएको देखिन्छ ।

## ३.३.२ साहित्येतर व्यक्तित्व

जीवनमा अनेक क्षेत्रसँग सम्बद्ध र क्रियाशील रहेका युवराज मैनालीको लेखन क्षेत्रबाहेक अन्य विविध व्यक्तित्व, उनको रुचि, पेसा, विभिन्न क्षेत्रहरूमा सहभागिता, उनको प्रतिभाका कारणले निर्माण भएको देखिन्छ । विभिन्न कार्यक्षेत्रहरूमा संलग्न तथा सक्रिय कार्यदक्षताले उनको व्यक्तित्व कार्यप्रतिको लगनशीलता, कर्तव्यको कुशल निर्वाह, उच्च विद्वता आदिले निर्माण भएको देखिन्छ । युवराज मैनालीको साहित्येतर व्यक्तित्वलाई निम्नलिखित प्रकारमा विभाजन गरी अध्ययन गरिएको छ :

## १. शिक्षक व्यक्तित्व

काभ्रेको ग्रामीण गाउँमा जन्मे पनि अध्ययन गर्ने तीव्र इच्छालाई मध्यनजर राख्दै विभिन्न सङ्घर्ष पार गर्दै मैनालीले २०३४ सालमा एस.एल.सी.उत्तीर्ण गरी काठमाडौँको पशुपति माध्यमिक विद्यालयमा वि.स. २०३५ देखि २०३७ सम्म स्थायी नियुक्त रहेर शिक्षण पेसामा आबद्ध रहेका थिए । शिक्षण पेसाबाट आफ्नो जागिरे जीवनको सुरूवात गरेका मैनालीले वि.स. २०३७ मा निजामती सेवामा प्रवेश गरेपछि यस पेसामा संलग्न रहेनन् । यसरी मैनालीले कम समय भए तापनि शिक्षण पेशामा समर्पित रहेर काम गरेको पाइन्छ ।

## २. प्रशासनिक व्यक्तित्व

युवराज मैनालीको मुख्य कार्यक्षेत्र प्रशासनिक भएकोले यिनको जीवन निजामती सेवामा खर्च भएको देखिन्छ । उनले प्रशासनिक कार्यमा करिब तीनदशक बिताइ सकेका

छन् । प्रशासनिक जिम्मेवारी समाल्ने क्रममा २०३७ सालमा खरिदार भएका मैनालीले वि.स. २०४४ सालमा ना.सु. पास गरी रौतहटमा साझा विकास शाखा अन्तर्गत रहेर कार्य गरे । २०६३ सालमा शाखा अधिकृत पदमा बढुवा भई रसुवा जिल्लाको सहायक प्रमुख जिल्ला अधिकारी पदमा रहे । रसुवा जिल्लाबाट सरूवा भएर काठमाडौँ जिल्लाको प्रशासकीय अधिकृत पदमा कार्य गरेका मैनाली हाल कारगार व्यवस्थापन विभागको शाखा अधिकृत पदमा कार्यरत छन् ।

आफ्नो कार्यालयमा आफूले लिएको जिम्मेवारी पूरा गर्दै आएका मैनालीले इमानदारी पूर्वक काम गर्दछन् ।[७] मैनाली दक्ष निजामती कर्मचारी भएकोले देशका विभिन्न जिल्लाहरूको प्रशासनिक विकासमा महत्त्वपूर्ण योगदान दिएका छन् । यसरी मैनालीको प्रशासनिक व्यक्तित्व सफल रहेको देखिन्छ ।

## ३. सल्लाहाकार तथा संरक्षक व्यक्तित्व

युवराज मैनालीले केही पत्रपत्रिकाहरू सम्पादनमा सहयोग गरेका छन् । उनी **भानु, नेपाली मासिक, दायित्व, वाङ्मय प्रतिष्ठान, सुरभि साहित्य प्रतिष्ठान, अभिनव साहित्य समाज**जस्ता पत्रिकाको आजीवन सदस्य भएर काम गरेका छन् । त्यस्तै **सुरभि साहित्य *प्रतिष्ठान***को सल्लाहाकार, **नोबेल सपि साकोस**को सल्लाहाकार तथा **सुलेख साहित्यिक** मासिकको संरक्षकका रूपमा पनि संलग्न छन् । साहित्यका विभिन्न पत्रपत्रिकाहरू तथा संस्थामा सल्लाहाकार तथा संरक्षकका रूपमा संलग्न रहेर कार्य गर्दा मैनालीको साहित्येतर व्यक्तित्व सफल रहेको देखिन्छ ।

## ४. सामाजिक व्यक्तित्व

मानिस समाजको अभिन्न अङ्ग भएकोले ऊ समाजबाट अलग्गिएर बस्न सक्दैन र उसको व्यवहार पनि समाज अनुरूप नै हुन्छ । त्यसैले अन्धकारमा गुज्रिरहेको सामाजिक संरचनालाई चेतनशील बनाउँदै सुधार गर्नु सामाजिक व्यक्तित्वको कर्तव्य हो । मानिस समाजप्रति उत्तिकै जिम्मेवार भएर समाजमा रहेका विकृतिहरूको निराकरण गर्दै समाजलाई सुधारात्मक ढङ्गबाट अगाडि बढाउँनुपर्छ । कसैले आफ्नो सम्पूर्ण जीवन नै समाज सेवामा समर्पित गर्छन् भने कसैले जीवनको केही हिस्सा भए पनि सामाजिक कार्यमा लगाएका

---

७. ऐजन।

हुन्छन् ।[८] मैनालीले धुलिखेल खानेपानी समितिका सदस्य रहेर त्यहाँको खानेपानीको व्यवस्थापनमा ठूलो भूमिका निर्वाह गरेको देखिन्छ ।[९] उनी एक इमानदार प्रशासकीय कर्मचारी भएको नाताले पनि समाज सेवामा संलग्न छन् । यसरी मैनालीले समाजको लागि आफ्नो बौद्धिक क्षमता र कलाद्वारा सामाजिक कार्यमा संलग्न रहेर सेवा गरेका छन् ।

## ३.४ जीवनी, व्यक्तित्व र कृतित्वबीच अन्तर्सम्बन्ध

युवराज मैनालीले आफ्नो जीवनको यात्रामा अनेक क्षेत्रमा संलग्न भई महत्त्वपूर्ण कार्यहरू गर्दै आएका छन् । तिनै महत्त्वपूर्ण कार्यहरूले मैनालीको जीवनी एक सामान्य व्यक्तिभन्दा भिन्न राष्ट्रिय व्यक्तित्वका रूपमा स्थापित हुन पुग्यो । उनले गरेका कार्यहरूबाट निर्मित उनको राष्ट्रिय व्यक्तित्व र उनीद्वारा लिखित कृतिहरूका बीच परस्पर निकटता र सम्बन्ध भेटिन्छ ।

युवराज मैनालीको पारिवारिक पृष्ठभूमि निम्नमध्यम स्तरीय भएकोले उनको बाल्यकाल केही दुःखसाथ बितेको पाइन्छ । शिक्षा अध्ययन गर्दा केही सङघर्ष गर्दै अध्ययन गरेका मैनाली तत्कालीन समाजमा देखिएका नराम्रा पक्षहरूको प्रभाव यिनको साहित्यिक लेखनमा पर्न गयो । साथै यिनले गरेका स्वदेश भ्रमणका समयमा अनुभव गरेका र प्रत्यक्ष देखेका सांस्कृतिक चालचलनहरूको प्रभाव पनि यिनको साहित्यिक लेखनमा पर्न गयो । यिनले कथा तथा निबन्धहरूमा नेपाली समाजको विकृति तथा विसङ्गतिलाई विषयवस्तु बनाएका छन् ।

मूल कार्यक्षेत्रका रूपमा निजामती सेवालाई अँगालेका युवराज मैनालीले प्रारम्भमा सिर्जना क्षेत्रबाट लेखन कार्य सुरु गरेको पाइन्छ । प्रारम्भमा कथा, निबन्ध लेखेका मैनालीले पछि समालोचना क्षेत्रमा उल्लेखनीय कार्यहरू गरी विभिन्न कृतिहरू लेखिसकेका छन् । उनले नेपाली साहित्यमा गरेको अध्ययन र शैक्षिक जीवनीले उनको व्यक्तित्व निर्माण र कृतित्व लेखनमा महत्त्वपूर्ण स्थान ओगटेको देखिन्छ ।

युवराज मैनालीको शारीरिक र मानसिक व्यक्तित्वले पनि उनको कृतिलेखनमा अन्तः सम्बन्ध कायम गरेको देखिन्छ । उनी अनेक क्षेत्रसँग सम्वद्ध रहेकोले प्रायः व्यस्तै रहेका

---

८. ऐजन।
९. ऐजन।

देखिन्छन् । मैनालीको मानसिक अवस्थामा भएको भावनाको विपुलता र कल्पनात्मक शक्तिको प्रचुरताको परिणामस्वरूप उनले साहित्य सिर्जना गर्न सकेका हुन् ।

यसरी हेर्दा युवराज मैनालीको समग्र जीवनीको मूलभूत पक्षहरू, महत्त्वपूर्ण कार्यहरू र तिनबाट बनेको उनको उच्च व्यक्तित्व तथा तिनै जीवनीको विविध पक्षहरू र कृतित्वको प्रभाव उनको कृति लेखनमा परेको देखिन्छ । तिनमा पनि उनको पारिवारिक अवस्था, तत्कालीन सामाजिक परिवेश, शिक्षा र निजामती सेवाको परिणामस्वरूप उनले नेपाली साहित्यको क्षेत्रमा ठूलो योगदान दिएको देखिन्छ । यसरी हेर्दा परिश्रमी व्यस्त, गहन अध्ययन गर्ने मैनालीको जीवनी, व्यक्तित्व र कृतित्वका बीच परस्पर एक अर्काको प्रभाव र प्रेरणा प्राप्त भई अन्योन्याश्रित अन्तर्सम्बन्ध स्थापित भएको पाइन्छ ।

## ३.५ निष्कर्ष

युवराज मैनालीको जीवनीलाई सरसर्ती केलाउँदा उनका व्यक्तित्वका विभिन्न पाटाहरू फेला पर्दछन् । पेसागत रूपमा नेपाल सरकारको शाखा अधिकृत स्तरको कर्मचारीको रूपमा रहेका मैनाली नेपाली साहित्यका एक जुझारु र सक्रिय व्यक्तित्व हुन । बहुआयामिक व्यक्तित्वका धनी मैनाली निकै मिजासिला र फरासिलो स्वभावका छन् । साधारण खानपानमा रुचि राख्ने यिनी सलर र मिलनसार स्वभावका छन् । पेसाले निजामति कर्मचारी भए पनि यिनी अधिकांश फुर्सदको समय नेपाली साहित्यको रचना तथा समालोचनामा समय बिताउँन रुचाउँछन् । समाजको यथार्थ कुरालाई प्रस्तुत गरेर सामाजिक सुधार गर्नेतर्फ आफ्ना रचनालाई डोऱ्याउनु उनको व्यक्तित्वको पाटो हो ।

विभिन्न साहित्यिक संस्थाहरूमा संलग्न मैनालीले साहित्यको विकास र सम्बृद्धितर्फ उत्तिकै चाख राखेका पाइन्छ । नेपाली साहित्यमा स्थापित भइसकेका मैनाली निजामती कर्मचारीको रूपमा रहेर असल प्रशासनिक व्यक्तित्वको रूपमा समेत गनिन्छन् । नेपाली साहित्यको विशेष गरी समालोचना विधामा परिचित मैनालीको जीवनमा शिक्षक व्यक्तित्व, प्रशासनिक व्यक्तित्व, सल्लाहाकार व्यक्तित्व, सामाजिक व्यक्तित्वका सवल पक्षहरूले उनको बहुआयामिक क्षमताको मूल्याङ्कन गर्न सकिने आधार निर्माण गरेका छन् ।

# चौथो परिच्छेद

# युवराज मैनालीको साहित्ययात्रा

## ४.१ साहित्ययात्रा

युवराज मैनालीको साहित्यलेखन नेपाली साहित्यका कथा, निबन्ध र समालोचना विधामा समर्पित भएको देखिन्छ । कथा लखेनबाट सुरु भएको मैनालीको साहित्य लेखनपछि निबन्ध, समालोचनासम्म विस्तार भएको देखिन्छ । यहाँ युवराज मैनालीको साहित्ययात्राको निरूपण गर्दै साहित्ययात्रामा देखा परेका लेखनका भिन्नताका आधारमा त्यसको चरण विभाजन गरी सम्बन्धित चरणमा प्रकाशित कृतिहरूका आधारमा उनको लेखक व्यक्तित्वका प्रवृत्तिहरू केलाइएको छ ।

साहित्यको क्षेत्रमा बाल्यकालदेखि नै रुचि राख्दै आएका मैनालीले विद्यार्थी जीवनदेखि नै कविता कथा, कोर्ने गर्दथे । कथा क्षेत्रबाट सिर्जन क्षेत्रमा प्रवेश गरेका मैनालीले वि.सं २०३५ मा **तन्नेरी** साहित्यिक पत्रिकामा *एउटा लास लम्कँदै छ सुनसानको रातमा* शीर्षकको कथा प्रकाशन गरेका थिए । हालसम्म उनको **मुर्दा बोल्यो** (२०३७) कथासङ्ग्रह प्रकाशित छ ।

युवराज मैनालीलले तत्कालीन समयको सामाजिक, राजनीतिक, सांस्कृतिक, धार्मिक, आर्थिक विभिन्न क्षेत्रमा देखिएका विकृति र विसङ्गतिहरूलाई चिरफारा गर्दै लेखिएका निबन्धहरूलाई सङ्गृहीत गरी **भ्रष्टाचारको भाङ** (२०६५) निबन्धसङ्ग्रह प्रकाशित गरेका छन् । उनका निबन्धहरू भित्र वैचारिक गाम्भीर्यको सागर लहराउने र बाहिर व्यङ्ग्यको लेपले सतही जमिनजस्ता देखिन्छन् । मैनालीले सामाजिक विसङ्गतिप्रति सूक्ष्म दृष्टि दिदैं निबन्धहरूमा समाजका विविध विसङ्गतिहरूलाई औंल्याएका छन् । उनका निबन्धहरूले त्यस्ता विसङ्गतिहरूलाई उन्मूलन गर्ने अभिप्राय राख्दछन् ।

साढे तीनदशक अर्थात् नेपाली साहित्यको समसामयिक धाराको प्रारम्भतिरैदेखि साहित्य क्षेत्रमा क्रियाशील रहेर विभिन्न कृतिको सिर्जना गरिसकेका युवराज मैनालीले समालोचनाका क्षेत्रमा पनि कलम चलाएका छन् । मैनाली कसैलाई खुसी पार्न समालोचनामा नभएका गन्थन लेख्दैनन् । उनी कृति जस्तो छ त्यस्तै लेख्छन् । त्यसैले त मैनाली समालोचनाका क्षत्रेमा प्रखर, निर्भीक र निष्पक्ष समालोचकका रूपमा स्थापित

भएका छन् । उनका **केही प्रतिभा केही प्रवृत्ति** (२०४२), **समको पौराणिक नाट्य कौशल** (२०६९) र **कर्मयोगी देवकोटा महाकाव्यको विश्लेषण** (२०६९) गरी तीनवटा समालोचनात्मक कृतिहरू प्रकाशित छन् । एकातिर पेसाले निजामती कर्मचारी, रुचिले भने नेपाली साहित्यमा स्रष्टा र द्रष्टा दुवै विधामा कलम चलाउने मैनाली नेपाली समालोचनाको सम्बृद्धि र विकासमा करिब तीन दशकदेखि अविच्छिन्न प्रवृत्तिरत रहेका छन् ।

## ४.२ युवराज मैनालीको साहित्ययात्राको चरणविभाजन

२०३५ सालदेखि सार्वजनिक लेखनयात्रा प्रारम्भ गरेका युवराज मैनालीको नेपाली साहित्यिक यात्रा वर्तमानसम्म आइपुग्दा साढे तीनदशक लामो समययावधि नेपाली साहित्यको उन्नति र श्रीबृद्धिमा समर्पित भएको देखिन्छ । साहित्यसिर्जना मैनालीको प्रखर प्रतिभा, पेसा, विज्ञता र अध्ययनशील व्यक्तित्वले जेजति सहयोग पुग्यो त्यसका विपरीत अनेक क्षेत्रसँगको सम्बद्धताले उनी जीवनमा अत्यन्तै व्यस्त रहेका देखिन्छन् । व्यस्त जीवनमा पनि मैनाली साहित्यसिर्जनामा आफ्नो प्रतिभा र विज्ञतालाई प्रदर्शन गराउँन पछि परेका छैनन् । उनले साढे तीनदशक लामो आफ्नो सार्वजनिक लेखनयात्रामा पाँचवटा कृतिहरू लेख्न र प्रकाशन गर्न सफल भएका छन् । उनका फुटकर लेख रचनाहरू पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । २०३५ सालदेखि यता साढे तीनदशक लामो अवधिमा युवराज मैनालीले नेपाली साहित्यमा जे जस्ता कार्य गरे तिनलाई दुई चरणमा विभाजन गरी अध्ययन गरिएको छ :

१. पहिलो चरण (२०३५-२०६५ सम्म) ।
२. दोस्रो चरण (२०६५-यता ) ।

### १. पहिलो चरण (२०३५-२०६५ सम्म)

युवराज मैनालीको लेखनयात्राको पहिलो चरण वि.सं. २०३५ देखि २०६५ सम्मलाई मान्न सकिन्छ । पूर्वार्द्ध चरण मैनालीको खासगरी साहित्य सिर्जनाको अवधि हो । उनले २०३५ सालमा प्रथम पटक **तन्नेरी** पत्रिकामा *एउटा लास लम्कदैछ सुनसानको रातमा* शीर्षकको कथा प्रकाशित गरी साहित्य लेखन सुरु गरेको पाइन्छ । मैनालीले यस चरणमा कथा, निबन्ध क्षेत्रमा कलम चलाएका छन् । एउटा समालोचना सङ्ग्रह प्रकाशित भए पनि यो चरण उनको साहित्यसिर्जनका दृष्टिले उर्वर देखिन्छ । यस चरणमा मैनालीको

पुस्तकाकार कृतिका रूपमा **मुर्दा बोल्यो** (२०३७) कथासङ्ग्रह, **केही प्रतिभा केही प्रवृत्ति** (२०४२) समालोचनासङ्ग्रह र **भ्रष्टाचारको भाङ** (२०६५) निबन्धसङ्ग्रह प्रकाशित भएका छन् । अन्य फुटकर लेखरचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । मैनालीको पूर्वार्द्धकालीन लेखनयात्रामा प्राप्त भएका लेखरचनाहरू दोस्रो परिच्छेदमा उल्लेख गरिएको छ ।

मैनालीलाई वि.सं. २०३५ देखि २०३७ सम्म शिक्षण पेसामा संलग्न हुँदा त्यहीका शिक्षक फणीन्द्रराज खेताला र कृष्णप्रसाद उपाध्यायसँगको सङ्गतले साहित्य लेखनमा प्रेरणा र ऊर्जा थपिएको पाइन्छ । वि.सं २०३५ मा कथा प्रकाशित गरेपछि उनका गुरु घट्टराज भट्टराई तथा मित्रहरूले अरू कथा पनि लेख्न प्रेरणा दिएका कारण उनी लेखनप्रति निरन्तर जागरूक भएको देखिन्छ । उनको प्रथम प्रकाशित पुस्तकाकार कृति **मूर्दा बोल्यो** (२०३७, कथासङ्ग्रह) हो ।

मैनालीको प्रथम प्रकाशित समालोचना **केही प्रतिभा केही प्रवृत्ति** (२०४२) हो । यस समालोचनामा मैनालीले जम्मा दस जना नयाँ तथा पुराना स्रष्टाका कृतिका सम्बन्धमा आफ्ना अभिव्यक्ति समेटेका छन् । यस समालोचनामा मैनाली पूर्ण रूपमा वस्तुबादी नभई केही मात्रामा प्रभावबादी समालोचकका रूपमा प्रस्तुत भएका छन् । भाषाशैलीलगत दृष्टिले यस समालोचनाले बौद्धिक पाठकको अपेक्षा गरेको छ । भावगत जटिलता रहनु यस कृतिको प्रमुख विशेषता हो ।

पहिलो चरणको तेस्रो कृति **भ्रष्टाचारको भाङ** (२०६५, निबन्धसङ्ग्रह ) हो । यस कृतिमा वर्तमान नेपाली समाजमा देखिएका विकृति र विसङ्गति एवम् प्रवासको क्षेत्रमा नेपाली युवाजमातले भोग्नु परेका पीडा, नेपाली समाजमा देखिएको अन्धविश्वास परम्परा, नेपाली समाजको यथार्थ छवीलाई समेटिएको छ । समाजका विविध पक्षहरू सांस्कृतिक, शैक्षिक, राजनीतिक, आर्थिक, साहित्यिक आदिमा देखिएका विकृति र विसङ्गतिप्रति खरो रूपमा व्यङ्ग्य प्रहार गर्न मैनालीका निबन्धहरू सफल भएका छन् । उनका निबन्धहरूबाट उनलाई सफल निबन्धकार भन्न सकिन्छ ।

समग्रमा पहिलो चरणमा मैनालीको साहित्य लेखन उर्वर रहेको पाइन्छ । मैनालीको यो अवधि साहित्यसिर्जनाको समय भएकोले पूर्वार्द्ध चरणमा राखिएको हो । नेपाली साहित्यका नयाँ तथा पुराना साहित्यकारलाई चिनाउँनु तथा समाजका खराब पक्षलाई

औँल्याएर सुधार पक्षको मार्गनिर्देश गर्नु मैनालीको यस चरणको उल्लेखनीय कार्य हो । यस चरणका उनका रचनाहरू समसामयिक युगबोधका प्रवृत्तिले गहन र बौद्धिक बन्न पुगेका छन् । निबन्धहरूमा जति वैचारिकता छ त्यत्तिकै मात्रामा सौन्दर्यशक्ति पनि प्रचुर छ । यिनका रचनाहरूले त्यतिखेरको समाजको चित्र कोर्न समर्थ छन् । भाषाशैलीगत दृष्टिले यस चरणका रचनाहरूमा भावगत जटिलता पाइन्छ । यस चरणमा उनका रचनाहरूमा विधागत सचेतताको कमी, शिल्पशैली र साङ्गठनिक कमजोरीहरू देखिए पनि उनको साहित्यसिर्जनालाई आजसम्म यस अवस्थामा ल्याई पुऱ्याउने चरण यही पूर्वार्द्ध काल भएकोले यो चरणमा प्रकाशित भएका कृति तथा रचनाहरू जे जस्ता छन् ती आफैमा महत्त्वपूर्ण रहेका छन् ।

## २. **दोस्रो चरण (२०६५-यता )**

युवराज मैनालीको दोस्रो चरण २०६५ देखि यता मानिएको छ । मैनालीको यो चरण खासगरी समालोचना लेखनको चरण हो । मैनालीको उत्तरार्द्ध चरण छुट्याउने आधार पनि यही हो । उनले यस चरणमा साहित्यको सिर्जना पनि गरेका छन् , तर ती सिर्जना फुटकर रूपमा मात्र प्रकाशित छन् । यस चरणमा प्रकाशित भएका उनका समालोचनात्मक कृतिहरू **समको पौराणिक नाट्य कौशल** (२०६९) र **कर्मयोगी देवकोटा महाकाव्यको विश्लेषण** (२०६९) हुन् । यी कृतिहरूबाहेक उनका विभिन्न पत्रपत्रिकामा फुटकर लेखरचनाहरू प्रकाशित भएका छन् ती लेख रचनाहरू दोस्रो परिच्छेदमा उल्लेख गरिएको छ ।

यस चरणमा मैनालीले स्रष्टा परिचय केन्द्री समालोचना लेखेका छन् । उनले नेपाली साहित्यका नाटककार बालकृष्ण सम र उनका नाटकहरूको समग्र रूपमा विश्लेषण गरेका छन् । त्यस्तै गरी श्रीहरि फुयाँलद्वारा रचित **कर्मयोगी देवकोटा** महाकाव्यको विश्लेषण पनि गरेका छन् । यसमा मैनालीले फुयाँलको लेखनकारिता लगायत महाकाव्यले देवकोटालाई कसरी चिनाएको छ भन्ने कुराको उद्घाटन गरेका छन् । बालकृष्ण सम र देवकोटाको बारेमा जानकारी नपाएका पाठकहरूका लागि यी समालोचनाहरू अत्यन्त उपयोगी हुने कुरामा दुई मत छैन । यस चरणमा मैनालीको समालोचना लेखनको प्रमुख विशेषता वस्तुवादी भएर समालोचना गर्नु र भाषागत दृष्टिले भावगत सरलता रहनु मुख्य देखिन्छन् । यिनै विशेषताका आधारमा मैनालीको साहित्ययात्रालाई विभाजन गरिएको छ । यस चरणमा

उनको प्रतिभा ज्ञान, अनुभव, भ्रमण, पेसा आदिले समालोचना लेखनमा परिष्कृत र पौढता पाइएको छ ।

## ४.३ निष्कर्ष

समग्रमा भन्नुपर्दा उनको साढे तीनदशक लामो साहित्ययात्रामा नेपाली साहित्यमा कथाकार, निबन्धकार, समालोचकका रूपमा मैनाली स्थापित भइसकेका छन् । उनी नेपाली साहित्यलाई सङ्ख्यात्मक रूपमा मात्र होइन, गुणात्मक दृष्टिले पनि उत्कर्षता प्रदान गर्न वर्तमानमा पनि तल्लीन भएर लागिरहेका छन् । उनका निबन्धहरूले तत्कालीन समयका आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक, सांस्कृतिक, प्रशासनिक, साहित्यिक आदि क्षेत्रमा देखिएका विकृति तथा विसङ्गतिहरूलाई खोतल्दै तिनको परिष्कार गर्ने सन्देश बोकेका छन् भने समालोचनात्मक कृतिहरूले नेपाली साहित्यका विभिन्न नयाँ तथा पुराना साहित्यकारको परिचय र तिनको रचनाको समीक्षा गरेका छन् । मैनाली पहिलो चरणमा स्रष्टाका रूपमा बढी चिनिन्छन् भने दोस्रो चरणमा द्रष्टाका रूपमा चिनिन्छन् । उनको पहिलो चरणको समालोचनाको अध्ययन गर्दा उनी प्रभाववादी समालोचकका रूपमा देखिए पनि पछिल्लो चरणमा वस्तुवादी समालोचकका रूपमा देखिन्छन् । उनको पहिलो चरणका कृतिहरूको भाषामा परिपक्वता नदेखिए पनि उत्तरार्द्ध चरणका कृतिहरूको भाषा सरल छ ।

# पाँचौं परिच्छेद

## युवराज मैनालीका समालोचनात्मक कृतिको विश्लेषण

## ५.१ पृष्ठभूमि

नेपाली साहित्यका विभिन्न विधामा कलम चलाइसकेका मैनालीले समालोचनात्मक विधामा पनि कलम चलाएका छन् । मैनालीलाई वर्तमानकालीन समालोचक स्रष्टाको रूपमा चिह्न सकिन्छ । २०४० सालदेखि समालोचना लेख्न थालेका मैनालीका समालोचनात्मक लेखहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् भने केही समालोचनालाई सङ्ग्रहीत गरी उनले तीनवटा समालोचनात्मक कृतिहरू प्रकाशित गरेका छन् । उनका **केही प्रतिभा केही प्रवृत्ति** (२०४२), **समको पौराणिक नाट्य कौशल** (२०६९) र **कर्मयोगी देवकोटा** (२०६९) समालोचानात्मक कृतिहरू प्रकाशित भएका छन् । यी कृतिमा सङ्गृहीत भएका कुनै समालोचनाहरू पूर्व पत्रिकामा प्रकाशित भइसकेका छन् भने कुनै भएका छैनन् । यहाँ यिनै समालोचनात्मक कृतिहरूको परिचय, विषयवस्तु र भाषाशैलीय विन्यासका आधारमा क्रमबद्ध अध्ययन गरिएको छ :

## ५.२ केही प्रतिभा केही प्रवृत्ति कृतिको विश्लेषण

### १. परिचय

**केही प्रतिभा केही प्रवृत्ति** नामक कृति सर्वप्रथम २०४२ सालमा भानु प्रकाशनबाट प्रकाशित भएको देखिन्छ । यसको दोस्रो संस्करण भने २०६७ सालमा नुवाकोट साहित्य प्रतिष्ठान, नेपालबाट प्रकाशित भएको देखिन्छ । आकारप्रकारका दृष्टिले डिमाइ साइजको रहेको प्रस्तुत कृति ६४ पृष्ठमा संरचित छ । यस कृतिको आवरण सज्जा वसन्तराज अज्ञातद्वारा गरिएको छ । प्रस्तुत कृतिको अगाडिको आवरण पृष्ठ रङ्गीन छ । सिरानमा सेतो अक्षरमा **केही प्रतिभा केही प्रवृत्ति**द्वारा प्रस्तुत कृतिको नाम दिइएको छ भने अन्त्यमा कृति लेखकको नाम लेखिएको छ । त्यसैगरी कृतिको पछाडिको आवरण पृष्ठको सिरानमा लेखकको नाम र परिचय, प्रकाशित कृति, प्रकाशोन्मुख कृति, संलग्नता र पदकको बारेमा जानकारी दिइएको छ भने कृतिको पुछारमा लेखकको फोटो छ । यस कृतिमा प्रथम संस्करणको भूमिका भवानी घिमीरेले लेखेका छन् भने दोस्रो संस्करणको भूमिका लेखिएको

छैन । 'आफ्नै स्वर आफ्नै लहर' शीर्षकमा समालोचक आफैले मन्तव्य लेखेका छन् । हजुरबुबा र हजुरआमाप्रति समर्पण गरी मैनालीले यस कृति लेखेको कुरा पनि समर्पण पृष्ठमा उल्लेख गरिएको छ ।

प्रस्तुत समालोचनात्मक कृतिमा रहेका दसवटा समालोचनाहरू 'प्रयोग तथा मूल्यः समेली नाट्यकारिता', 'कलावादी मान्तयाभित्र देवकोटा', 'जीवनलाई हेर्ने दुई आयाममा कवि सिद्धिचरण', 'गौरी' भित्रको विरहव्यधा र कवि माधव घिमिरे', 'मुलुकबाहिर एक शाश्वत अनुभूति', 'आश्वादन- प्रत्यास्वादन भित्तेघडी र विजयमल्ल', 'वस्तु यथार्थताः अविरल बग्दछ इन्द्रावती', 'शिरीषको फूलः उपन्यासको वास्तविकता', 'कवि धीरेन्द्र मल्लः शिल्प परिवेश औं साहित्यकता', 'आत्मस्वस्थापना तथा तरलित विश्वासको नैबन्धित प्रयोग अवसाद अभिनयीमा' रहेका छन् । नाटककार, कवि तथा उपन्यास , कथा, निबन्धजस्ता स्रष्टा र विधामा केन्द्रित रहेको छ । यहाँ दोस्रो संस्करण अनुसार यी दसवटा समालोचनाको विश्लेषण गरिएको छ :

### ५.२.१ प्रयोग तथा मूल्य : समेली नाट्यकारिता

नेपाली साहित्यका वर्तमानकालीन समालोचक युवराज मैनालीले *प्रयोग तथा मूल्यः समेली नाट्यकारिता* शीर्षकमा समलाई मूल्याङ्कन गरेका छन् । बालकृष्ण समले नाट्य क्षेत्रमा प्रयोग गरेका नवीन विषय, शैली, पात्र, परिवेश, सन्देशजस्ता विषयलाई यसमा समावेश गरिएको छ । मैनालीले यिनै विषयलाई समेली नाट्यकारिता मानेका छन् । यही समेली नाट्यकारितालाई मैनालीले यस समालोचनात्मक कृतिमा मूल्याङ्कन गरेका छन् । समेली नाट्यकारिताको बारेमा मूल्याङ्कन गर्नु अघि समालोचकले बालकृष्ण समको नाट्यक्षेत्रमा उपस्थिति र योगदानको चर्चा गरेका छन् । मैनालीले नेपाली नाट्य साहित्यमा आधुनिक कालको प्रवेश गराउँने श्रेय बालकृष्ण समलाई जाने विषय यस समालोचनामा उल्लेख गरेका छन् । उनले नेपाली नाट्य क्षेत्रमा आधुनिकता प्रदान गर्ने श्रेय समलाई नै जान्छ भन्दै नेपाली नाटकमा बालकृष्ण समको उपस्थितिलाई आधुनिकताको प्रवेश बिन्दु मानेका छन् । मैनालीले यस समालोचनामा समले विषयवस्तुको सुन्दर शैलीको सुसेली, अलङ्कारको माला, रसको भावानुभूति, चिन्तनको गूढता र प्रवाहशीलताको वयेली प्रदान गरेका छन्, भनेका छन् । समालोचक मैनालीले समको प्रयोग चातुर्यताले नेपाली साहित्य निहारिकामा नै अमर  र अजर बयान सुरक्षित राख्ने कुरा उल्लेख गरेका छन् ।

मैनालीले समको आगमन हुनभन्दा अगाडि नेपाली नाटक तिलस्मीको सिकार थियो भनेका छन् । उनले लौकिकता र अस्वाभाविकताको पृष्ठभूमिमा लेखिएका नाटकहरूमा स्पष्टतः पूर्वाग्रह छिप्नाले मानवीयत्व वास्तवमा न्यून र अप्रासङ्गिक पनि थियो भन्दछन् । **शकुन्तला, प्रियदर्शिका**, जस्ता नाटकमा नेपालीत्व थिएन भन्ने मैनालीको विचार छ । मैनालीको विचारमा समभन्दा पहिलेका नाटकहरूमा पनि पूर्वाग्रह तथा अनुकरणको रोगले छाड्न सकेको थिएन । यस परिवेशमा नेपाली नाट्य विधामा समेको उपस्थिति महत्त्वपूर्ण रहेको विषयलाई मैनालीले उल्लेख गरेका छन् ।

नेपाली नाट्य विधामा वियोगान्त नाटक (**मुटुको व्यथा**) भित्र्याएर समले पाठक र दर्शकलाई दुःख र सुखको अनुभूति दिएका छन् भन्ने कुरालाई समालोचकले यस समालोचनामा उल्लेख गरेका छन् । मैनालीका अनुसार **मुटुको व्यथा** प्रथम वियोगान्त नाटक हो । त्यस्तै अन्य वियोगान्त नाटकहरूमा **अन्धवेग, भिमसेनको अन्त्य, प्रेमपिण्ड**लाई पनि उनले उल्लेख गरेका छन् । समको नाट्य लेखनमा वियोगान्त नाटकमा युनानी वा पश्चात्य परम्पराको प्रवाह रहेको छ र संयोगान्त नाटकमा पूर्वीय दृष्टिकोणले प्रबलता पाएको छ भन्ने मूल्याङ्कन मैनालीको छ । मैनालीले **मुकुन्द इन्दिरा** तथा **म** संयोगान्त नाटक भए पनि सुखानुभूति र दुःखानुभूति प्रष्टतः नाङ्गिएको हुन्छ भन्ने विचार व्यक्त गरेका छन् । संयोगान्त र वियोगान्त केबल फल प्राप्तिका पृथकमा मात्र ध्रुवीकरण हुन पुग्दछन् । **मुकुन्द इन्दिरा** को इन्दिरामा दुःखानुभूति, सुखानुभूतिको तुलनामा अधिक छ तापनि यसको परिणाम संयोगान्त हो । यसो हुनु सिधा प्रकृतिको अनुकरण र कलावादी जीवनवादी प्रक्षेपणको सन्तुलन गर्न खोज्नु हो भन्ने समालोचक मैनालीको निष्कर्ष छ ।

बालकृष्ण समको नाट्य लेखनको विषय मौलिक भएकोले उनले जुन विषय छोए त्यसमा जैवनिकत्वको पनि साथै सञ्चार भएको प्रतीत मैनालीलाई भएको छ । समले नाटकहरूमा वर्तमान समाजको यथार्थ पक्षलाई विषय बनाएका छन् भन्दै मैनाली अगाडि भन्छन् : “ऐतिहासिक तथा पौराणिक नाटक पनि लेखे तर विषयवस्तुमात्र त्यतिखेरका र अरू सबै आजकै झैँ लाग्नु पनि उनको प्रयोगको विशिष्ट सफलता मान्नुपर्छ । नाटकीय प्रवाह र प्रभावका खातिर सम पौराणिक वा ऐतिहासिक नाटकको मूल विषयवस्तुमा आजको जलप हिजोको कथामा साम्यबिन्दु पहिल्याई चरित्रमा सजिवता, विषयवस्तुमा गतिशीलता ल्याउन अति नै चतुर र कालिगढीपूर्ण पनि देखिन्छन् ।” (पृ.१२)

मैनालीले समको पात्र प्रयोगमा पनि नवीनता पाइने विषयको उठान यस समालोचनामा गरेका छन् । मैनालीका अनुसार समको पात्रीय प्रयोगको विशेष प्रवाहशीलताको आर्जन प्रभावोत्पादक अनुभूतिको निसृति र जीवनजगतको वास्तविक संयोजनका साथै समको जीवनवादी दृष्टिकोणले सजीवता पाएको छ । **प्रेमपिण्ड**मा सविता र नकुलले र **मुटुको व्यथा**मा माधव र कपिलले वियोगान्त चरित्रको मनोदशालाई स्वभाविक रूपमा कार्यान्वयन गरेको उल्लेख मैनालीले गरेका छन् । समको पात्र प्रयोगमा रहेको कमजोरीलाई पनि मैनालीले विषयको रूपमा उठान गरेका छन् । उनले पात्रमार्फत मानवतावादलाई आफ्ना नाटकमा देखाउनु समका नाटकको उद्देश्य हो तर अयोग्य चरित्रलाई पनि आदर्श सन्देशको झोली बोकाउनु उनको कमजोरी हो भनेका छन् । **मुकुन्द इन्दिरा**को ज्यापू पात्रलाई यसको उदाहरणको रूपमा मैनालीले उल्लेख गरेका छन् ।

समको अर्को नाटकीय विशेषता पाठकहरूलाई नैतिक शिक्षा र अध्यात्मवादको शिक्षा दिनु हो भन्ने विचार मैनालीले यहाँ प्रस्तुत गरेका छन् । समले विद्यमान कुण्ठा र विसङ्गतिबाट आक्रान्त पथिकहरूलाई आदर्शको पाठ, नैतिक शिक्षा र अध्यात्मवादको सञ्चार दिनु नाटकहरूको मूख्य उद्देश्य राख्दछन् भन्ने विचार मैनालीको छ । संयोगान्त वा वियोगान्त दुवै नाटकमा आदर्शोन्मुख समाजको निर्माण गर्ने उद्देश्य समको छ भन्ने मूल्याङ्कन मैनालीले गरेका छन् । उनले आदर्शोन्मुख समाजको निर्माण गर्ने उद्देश्यले लेखिएका नाटकहरू **मुकुन्द इन्दिरा, प्रेमपिण्ड** आदिलाई मानेका छन् । मैनालीका अनुसार नाटकका चरित्रहरूले पतिप्रेम, पत्नीप्रेम, देशप्रेम, भ्रातृत्वजस्ता मानवतावादी दिग्दर्शन प्रदान गरेका छन् । उनले समलाई मानवताका पुजारी समेत मानेका छन् । उनले आजको जटिलताग्रस्त मान्छेको यान्त्रिक राक्षसीपनाबाट स्वभाविकतातिर अभिमुख गराउने काम **प्रह्लाद** नाटकले गरेको मानेका छन् । मैनालीले **प्रह्लाद**को वातावरण नरसिंह अवतारको समय मात्र नभइ, आजको भौतिकवादी समयलाई पनि मानेका छन् । अतः समले प्रह्लादको बानीबाट अध्यात्मवाद तथा भौतिकवाद दुवैको संयोजन गराउने अभिप्राय व्यक्त गर्दै मानवताको जर्गेर्ना गर्नुपर्ने अपरिहार्य सत्यलाई अभिव्यक्त गर्दछन् भन्ने मूल्याङ्कन मैनालीको छ ।

### ५.२.२ कलावादी मान्यताभित्र देवकोटा

**केही प्रतिभा केही प्रवृत्ति** समालोचना सङ्ग्रहको दोस्रो समालोचना 'कलावादी मान्यताभित्र देवकोटा' हो । यस समालोचनामा समालोचक मैनालीले कला भनेको के हो ? र सिर्जनामा देवकोटाको कलाकारिताजस्ता विषयमा चर्चा गरेका छन् । नेपाली साहित्यको फाँटमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको कलावादी दृष्टिकोण जति प्रष्ट छ त्यति अन्य साहित्यकारहरूमा नरहेको मैनालीको मूल्याङ्कन छ ।

समालोचक मैनालीले कलालाई सुन्दरता मानेका छन् । उनका अनुसार कलाले मानवको सम्पूर्ण आत्मा अभिव्यक्त गर्दछ, यो अन्तरप्रेरणा स्वरूप सिर्जिने विषय हो, कलाले अनुभूतिका सम्पूर्ण आयाम छाम्ने प्रयत्न गर्दछ । कलाका हर बिन्दुबाट आत्मसङ्गतिको स्थापना, लयात्मक, अभिवृद्धि र आत्मस्पर्शता कायम गर्ने प्रयत्न हुन्छ भन्ने धारणा मैनालीको छ । उनका अनुसार सर्वकालीन स्पर्शता कलाको सबैभन्दा ठूलो गुण हो, जसले समयमा आफ्नो सुसांस्कृत्य कायम गर्न सक्छ । यिनै कलाका गुणहरू औँल्याउँदै समालोचकले महाकवि देवकोटामा पनि सच्चा कलाकारिता रहेको उल्लेख गरेका छन् ।

मैनालीका अनुसार कलाले बौद्धिक पाण्डित्याइँ होइन सजीवता प्रकाशन गर्दछ । देवकोटाका सिर्जनामा यही सजीवताको प्रकाशन हुने भएकाले सच्चा कलावादी भएको चर्चा मैनालीले यस समालोचनामा गरेका छन् । देवकोटाको सच्चा कलासिर्जनामा समय र परिवेशको तात्कालिकभन्दा पृथक् मानवीय स्व र आभ्यान्तरसँग सत्यता रहने हुनाले युगीन प्रवाहको सजीव गतिमयता सन्निहित रहन्छ भन्ने कुरा यस समालोचनामा उल्लेख गरिएको छ । देवकोटामा यथार्थ सत्य भन्दा कल्पसत्यको स्वाभावीकृत मनोत्कर्षता रहेको कारण उनको वर्तमान र भविष्यलाई उछिन्ने कलात्मक सिर्जना गर्ने क्षमता उच्च रहेको मूल्याङ्कन यहाँ गरिएको छ ।

अमूर्त मनोभावलाई मूर्तता प्रदान गर्ने क्षमता सूक्ष्मताको प्रयोगले राख्दछ भन्दै समालोचक मैनालीले देवकोटामा यो प्रयोग राम्रोसँग भएको चर्चा गरेका छन् । सहज भाव प्रकाशनमा सूक्ष्मताको प्रयोग भएको हुन्छ । त्यसैले देवकोटाका कला आभ्यान्तरका सहज भाव प्रकाशक हुन भन्ने विचार मैनालीको छ । स्वतस्फूर्त रूपमा आत्म प्रकाशन सहज रूपमा गर्ने भएकोले देवकोटाका सिर्जनामा नियम र शास्त्रीयताको प्रयोग पाइँदैन भन्दै

समालोचकले कलामा नियम र शास्त्रीयता आवश्यक नपर्ने कुराको चर्चा यस समालोचनामा गरेका छन् । देवकोटाका सिर्जनामा स्वच्छन्दताको पहेंली, प्रकृतिको सुसेली र भावनाको आवेग रहन्छ भन्दै समालोचक भन्दछन् : "बनावटी कलाभन्दा प्राकृतिक कला रोचक हुन्छ ।" (पृ.१६) । परिष्कृत कला पूर्वाग्रह हुन्छ र प्राकृतिक कला निश्वार्थ हुन्छ भन्दै समालोचकले कला अन्तरप्रेरणा स्वरूप सिर्जिने विषय भएकोले यो निस्वार्थ हुन्छ र देवकोटाका साहित्यमा निश्वार्थताको  राम्रो प्रयोग भएको उल्लेख गरेका छन् ।

कला र जीवनको सम्बन्ध अति समीपको हुन्छ तर यी दुई एकै भने होइनन् भन्ने विचार देवकोटाको रहेको कुरा यहाँ उल्लेख गरिएको छ । जीवन सत्य हो, कला सुन्दरता, सत्य र सुन्दरता एकसाथ रहनु सङ्गति र प्रवाहशीलताको निर्वाह हो । कला चिरस्थायी हुन्छ, जीवनमा मरणमय सुन्दरतामा सर्वकालीनता हुन्छ भन्ने विचार कलावादी देवकोटामा रहेको यस समालोचनामा उल्लेख गरिएको छ । सत्य र सुन्दरताको सीमाभित्रका रचनालाई हामी कला भन्दछौं भन्दै समालोचक मैनाली अगाडि भन्दछन् : "जीवनपृष्ठमा सुन्दरता भुवाभैंं उड्नु, फर्कनुजस्ता मनोसत्य आत्मप्रवाहको आरोह-अवरोह कलाकर्मको हुन्छ तर त्यसले माथि स्वको उद्बोधन र आत्मसङ्गतिको सजीव सुस्केरा देओस्, अन्यथा कला होइन" (पृ. १९) ।

### ५.२.३ जीवनलाई हेर्ने दुई आयाम कवि सिद्धिचरण

समालोचक मैनालीले यस समालोचनामा सिद्धिचरण श्रेष्ठका कविताले जीवनलाई दुई आयामबाट हेर्न विषय उल्लेख गरेका छन् । श्रेष्ठको काव्य लेखनमा जीवनलाई हेर्ने शिष्ट आयामको बारेमा समालोचकले चर्चा गरेका छन् । पहिलो आयाम आचरणगत प्रश्नमा समीप रहेको र दोस्रो स्वच्छन्दतावादी आयाम हो भन्ने मूल्याङ्कन मैनालीको छ ।

मैनालीले यस समालोचनामा सिद्धिचरणले हेरेको जीवनको पहिलो आयाम नवजागरणको ज्योतिको अपरिहार्यताका खातिर देखा पर्छ भन्ने कुरालाई उल्लेख गरेका छन् । मानिस भौतिकवादी हुनु हुँदैन, मानवीयता नै जीवनको पहिलो अपरिहार्यता हो, भन्ने जीवनवादी दृष्टिकोण श्रेष्ठका रचनामा भएको चर्चा यस समालोचनामा गरिएको छ । श्रेष्ठका कवितामा बृहत्तर जीवनवादी दृष्टिकोण पाइने भन्दै मैनाली भन्छन्- "उनका कविताको मनोच्छालमा बहुधा जीवनदृष्टिको अंश हुन्छ । उनको सोचाइमा बृहत्तर

जीवनमूल्यको वकालत हुन्छ अनि उनका कवितामा सिङ्गो मानवसत्वले जीवन्त स्वरूप धारण गरेको हुन्छ । त्यसैले ती गतिशील अनि अद्यनूतन पनि लाग्दछन्" । (पृ.२१)

श्रेष्ठले जीवनलाई हेर्ने दोस्रो आयाम स्वच्छन्दतावादी जीवनदृटि हो भन्ने विचार मैनालीको छ । उनले दोस्रो आयाम पूर्ण मनोगत भएको चर्चा गरेका छन् । त्यसैले यस आयामका काव्यहरू कल्पना, प्रकल्पना, ऐषणा, अनुक्रियाहरू जस्ता विशेषता बोकका हुन्छन् भन्ने चर्चा यस समालोचनामा गरिएको छ । देवकोटाको स्वच्छन्दतावादी धारणा श्रेष्ठमा पनि पाइने भन्दै श्रेष्ठ पनि देवकोटा भन्दा कम नभएको उल्लेख यहाँ गरिएको छ । मनोप्रवाह, मनोविशिष्ठता, मनोविरेचन **उवर्शी** र **विश्वव्याथा** काव्यमा पाइने उल्लेख समालोचकले यस समालोचनामा गरेका छन् । उवर्शीको मनोदशाको प्रवाहशीलता, वासन्ती-उन्मादत्वको परिचायक मात्र नभई सर्वमान्य मनोसत्यको पनि प्रतीक हो भन्ने विचार समालोचकले राखेका छन् । व्यक्ति आफैमा मनोअन्तर्द्वन्द्व र विरोधाभाषको शरणमा पुगेको हुन्छ भन्दै आफ्नो विचारलाई उनले **उवर्शी** काव्यमा परोक्ष रूपमा कविले देखाएका छन् भन्दछन् । मान्छेले आफ्ना अन्तर्द्वन्द्वलाई स्वच्छन्द रूपमा अङ्गीकार गरेको हुन्छ, स्वच्छन्दतावादको मूल मर्म मनोगत रूपमा प्रवाह हुनु हो भन्दै मैनालीले यही प्रवृत्ति सिद्धचरणका काव्यमा पनि रहेको चर्चा यस समालोचनामा गरेका छन् ।

### ५.२.४ गौरी भित्रको विरहव्यथा र कवि माधव घिमिरे

**केही प्रतिभा केही प्रवृत्ति** समालोचना सङ्ग्रहमा सङ्गृहीत चौँथो समालोचना 'गौरी भित्रको विरहव्यथा र कवि माधव घिमिरे' हो । यस समालोचनामा विशेष गरी कवि माधव घिमिरेले आफ्नो विरहव्यथालाई **गौरी** काव्यमा व्यक्त गरेको विषयलाई उल्लेख गरिएको छ । घिमिरेकी पत्नी गौरीको मृत्युपछि उनी शोकाकुल भएका र त्यही विषयवस्तुलाई समेटेर काव्य रचना गरेको कुरा मैनालीले यहाँ चर्चा गरेका छन् । साथै यहाँ मैनालीले यो शोककाव्यले पाठकको हृदयलाई समेत प्रभाव पार्ने विषय उल्लेख गरेका छन् ।

**गौरी** एउटा विरह र प्रेमको अनुपम रचना हो । यो काव्य कविको हृदय केही हल्का पार्ने आँशु हो भने हामी पाठकको सम्पत्ति हो भन्ने विचार मैनालीले राखेका छन् । कसैको दुःख अरूका लागि उपदेयताको आधारशीला बन्न सक्छ , कसैको बलिदान अरूका लागि स्वर्णिम मञ्जिलको कारण बन्न सक्छ भन्दै मैनालीले **गौरी** काव्य पनि पाठकका लागि

स्वर्णिम अवसरको रूपमा रहेको कुराको चर्चा गरेका छन् । घिमिरेको अन्तरङ्गबाट उम्लिएको विरह- व्यथा हाम्रा लागि अति प्यारो, स्नेहस्निग्ध काव्य बनेको छ भन्दै मैनाली अगाडि भन्छन्- "अन्तरङ्गबाटै उम्लेको कलामा जीवनीले शाश्वतता र कथानकले सजिवता आर्जन गर्न पुग्दछ । गतिमयता र वास्तविकता समाउन पुग्दछ । त्यसैले ती हाम्रै जस्ता प्रतीत भइदिन्छन्" (पृ.२४) । यसरी मैनालीले **गौरी** काव्यलाई अन्तरङ्गतालाई शाश्वतता दिने माध्यमका रूपमा चित्रण गरेका छन् ।

**गौरी** नेपाली साहित्यकै विशिष्ट रचना भएको कारण हामी विकल्परहित यसलाई आँसु र प्रशंसा दिन्छौँ, सहानुभूति र महत्ता दिन्छौँ भन्ने कुरा यहाँ मैनालीले उल्लेख गरेका छन् । यसै प्रसङ्गमा मैनाली भन्दछन्- "यसले त मलाई रूवायो, कति सफल रचना रहेछ" ( पृ.२६) । आफ्नै परमप्रियसीको असामयिक निधनमा एक विक्षिप्त आत्माको कुन हविगत हुन्छ, एक अर्कामा लिप्तिएका निःश्वासहरू, एक अर्काका बनिसकेका विश्वासहरू असमयमै क्रूर सृष्टिले चुँड्दा बाँकी आत्मामा कति आंशिकता बोध हुन्छ भन्ने कुरालाई यस **गौरी** शोककाव्यले कलात्मक रूपमा चित्रण गरेको विषयलाई यहाँ मैनालीले उल्लेख गरेका छन् । वात्सल्य ममता चुँडिएका निरीह शान्ति र कान्ति त्यही वात्सल्य ममताको पर्खाइमा रहेका छन् भन्दै मैनालीले **गौरी** काव्यको श्लोक राखेका छन् जस्तै -

*त्यो शृङ्गार र त्यो सुसार अनि त्यो आधार सारा गए*
*आमा भन्नु गइन् गयो हृदयको शोभा अँध्यारा भए*
*धुलामाथि बसेर काख उनकै ढुक्दछन् यहाँ केवल*
*कुर्छन् त्यै ममता र प्यार कहिले मेटिन्न है तल्तल । (पृ.२७)*

काव्यगत मूल्यका दृष्टिले **गौरी** काव्यलाई विशिष्ट काव्यका रूपमा मैनालीले नियालेका छन् । कविको अन्तरमनको उदात्तीकरण तथा भावात्मकता केन्द्रीयतामा रहेको प्रस्तुत काव्यले अन्तरङ्गको व्यथा, विरह भावुकता र निराशाको प्रस्फुटन गरेको छ भन्ने विचार मैनालीले राखेका छन् । गेयात्मक रूपमा चरम आत्मप्रकाशन भएको प्रस्तुत काव्यमा मैनालीले युनानी कोरस सिद्धान्तको प्रयोग सहजै भेट्न सकिन्छ भन्दछन् ।

नेपाली वाङ्मयको शोककाव्य परम्पराकै एउटा प्रवृत्ति प्रवाहलाई **गौरी**ले स्थापना गरेको मैनालीले उल्लेख गरेका छन् । **गौरी** काव्य नेपाली साहित्यमा मानवता, प्रेम र

जीवनका तीन कोणलाई एकै आधारबाट चित्र खिच्न सफल भएको मैनालीले उल्लेख गरेका छन् । अन्तमा समालोचक मैनालीले **गौरी**को विशिष्टताका लागि बधाई समेत दिएका छन् ।

### ५.२.५ मुलुक बाहिर एक शाश्वत अनुभूति

यस समालोचनामा मैनालीले लैनसिंह बाङ्देलको उपन्यास **मलुक बाहिर**को विवेचना गरेका छन् । यस उपन्यासको विषयवस्तु सरल, शाश्वत, उत्कृष्ट भएको चर्चा मैनालीले गरेका छन् । यस उपन्यासले यथार्थ जीवनको घटनालाई शाश्वत रूपमा उतारेको विषयलाई मैनालीले उल्लेख गरेका छन् । मैनालीले यस उपन्यासमा धेरै उपकथाहरूको पजुल्याइँ हुनु यसको आफ्नो विशेषता मानेका छन् । धेरै उपकथाहरूले वेगलभैँ कथा बोक्न खोजे पनि एउटै समस्याको साँचोमा ढालिएका ती उपकथाहरू साम्यविन्दुमा पुग्दछन् भन्ने विश्लेषण मैनालीको छ । स्थानीय रङ्ग र प्रभाव पक्ष पनि यथार्थ रहेको यस उपन्यासमा यथार्थको चित्र, यथार्थको चेष्टा र यथार्थको उद्घोषण भएको विश्लेषण मैनालीले गरेका छन् ।

मैनालीले यस समालोचनामा पात्रहरूमा कुनै लपनछपन, छक्कापञ्जा नभएको केवल परिश्रमको सिञ्चनले रसिएको मीठो जीवन पक्ष चरित्रहरूमा देखिएको विश्लेषण गरेका छन् । चरित्रहरूको जीवनले पनि शाश्वत चित्र कोरेको चर्चा मैनालीले गरेका छन् । माहिला भुजेल, कान्छा राई, म्याउची, रने, सेवा बूढा, दलबहादुर तथा मसिनीजस्ता पात्रहरू निश्चलता तथा परिश्रमका प्रतीकका रूपमा मैनालीले चर्चा गरेका छन् । प्रत्येक वर्ष बालीनालीको कामपछि मुगलानतिर पस्नु, त्यहाँ मानवीय कथाका अरू आवृत्ति गुथ्दै जानु, उपन्यास र वस्तुतः जीवन नियात्राको पनि शाश्वत चित्र उतारिएको भन्ने विश्लेषण मैनालीले गरेका छन् । कामको खोजीमा एउटी महिला विदेशिनु तथा अर्को पुरुष त्यस्तै परिश्रमको खोजिमा भौँतारिनु अनि दुवैको संयोगले भेट हुनु र माया पिरती लगाएर त्यसैमा रमाउँनुले शाश्वत मानवीय पक्षको उद्घोषण भएको विश्लेषण मैनालीले गरेका छन् ।

मानवतावादी दृष्टिकोण मुलुक बाहिर उपन्यासको एक पक्ष भएको चर्चा मैनालीले गरेका छन् । मैनालीले कथा, उपकथा, कथासङ्गठन अनुरूप उपन्यासभूमि र तदनुकूल पात्रको निर्वाह गर्नुले मानवीय सन्देश दिन खोजेको विश्लेषण गरेका छन् । **माइतघर**मा जस्तो प्रभावपरक नभए पनि यस उपन्यासमा मानवीय पक्ष पनि उजागर भएको उल्लेख

मैनालीले गरेका छन् । मानवीय पक्ष भन्दा बढी यस उपन्यासमा शाश्वत जीवनगाथाको यथार्थ चित्र कोरिएको चर्चा मैनालीले गरेका छन् । म्याउची र रनेको कथा अधिकांश नेपालीको कथासँग नजिक रहेको भन्दै मैनालीले सामाजिक जीवनको यथार्थ पक्षलाई शाश्वत रूपमा प्रस्तुत गर्न यो उपन्यास सफल भएको चर्चा गरेका छन् ।

### ५.२.६ आस्वादन-प्रत्यास्वादन भित्तेघडी र विजय मल्ल

समालोचक युवराज मैनालीले यस समालोचनामा विजय मल्लको **भित्तेघडी** नाटकको विश्लेषण गरेका छन् । मैनालीले **भित्तेघडी** भित्र आस्वादन-प्रत्यास्वदनको चर्चा गरेका छन् । मानिस विसङ्गति नै विसङ्तिको संसारमा पनि अस्तित्वको स्वर लिएर बाँचेको हुन्छ भन्ने विषयलाई यस नाटक मार्फत मल्लले देखाउन खोजेका छन् भन्ने विश्लेषण मैनालीले गरेका छन् । मैनालीले विजय मल्लका नाटकहरू मध्ये **भित्तेघडी** नाटक नै पहिलो अस्तित्ववादी नाटक हो भनका छन् ।

यस नाटकमा विजय मल्लले सिङ्गो समयलाई स्वाभावीकृत सापेक्षमा परिमार्जन गर्न पुगेका छन् भन्ने विचार मैनालीको छ । वस्तुतः मल्लको प्रस्तुत कृति नाटकभन्दा समय सन्दर्भको समाजिक सर्वाङ्गीण अन्त 'स्व' हो, यस सन्दर्भमा मल्ल वेकेट समीप छन् र ओनिलजस्ता नवीन प्रतीत छन् भन्ने विश्लेषण मैनालीले गरेका छन् ।

**जिउँदो लाश, बहुलाकाजिको सपना, स्मृतिको पर्खालभित्र** आदि नाटक एकाङ्कीबाट मानवीय अन्तरको उदात्तीकरण गर्ने नाटककार मल्ल सूक्ष्मतातिर गहिरिदै गएका छन् । प्राकृतिक वस्तु सम्बर्द्धनमा मानव स्व र संदिग्धताको स्थानान्तरित स्थापना गर्न कुशल मल्लले **भित्ते घडी** मा मनको अन्तरकुन्तरका अवयवलाई सहज सङ्ग्रहण गरेका छन् भन्ने मूल्याङ्कन मैनालीको छ । नेपाली नाटक परम्पराको छुट्टै स्थापना र मानवीय प्रकृतिको एकाग्र रूप पाइनु नेपाली नाट्य परम्परामा यस नाटकको देन हो भन्ने चर्चा मैनालीले गरेका छन् ।

कलाका सम्पूर्ण विधाहरू एकै रूपमा निर्वाहित हुनु समय, जीवन र कलाको त्रिकोणीय सह-सम्बन्धको कारण हो भन्दै समालोचकले नेपाली नाटक परम्परामा विजय मल्लले यी तीनै बिन्दुहरूलाई सहज समाउन पुग्दछन् भन्ने मूल्याङ्कन यहाँ गरेका छन् । उनका अनुसार यसका प्रतिनिधि नाटकहरू **भित्ते घडी** र **नाम नभएको मानिस** हुन् । **नाम**

**नभएको मानिस**मा भावगत शून्यता छ । नाटकको पात्र मानिस सम्पूर्ण मानिसकै प्रतिनिधित्व गर्न खोज्दछ । ऊ आफ्नो नाम र नामगत सत्कर्मता भुल्दै गएको दिग्भ्रान्त पथिक हो । उसको सोचाइ वृतिमा यति निरूक्तता छाइसकेको छ कि ऊ सबै मानिस र वस्तुमा सापेक्ष दृष्टि निर्वाह गर्न थालिसकेको छ । त्यसैले ऊ आफूलाई नामहीन भएर बाँचेको पाउँछ । नामेट मान्छे, प्रतिनिधि मानिस, भित्ता मानिस, विश्वास तथा प्रेमबाट निरूक्त र निरपेक्ष पनि छँदैछ भन्दै समालोचक मैनालीले उसले नाटकमा भनेका कुराहरूलाई समेत उल्लेख गरी पुष्टि गरिदिएका छन् : “मानिस : (केहीबेर आँखा चिम्लिन्छ र अकस्मात चिच्याउँछ) लौ हेर्नुहोस् भित्ताहरू सर्दै आइरहेछन् , सर्दै आइरहेछन् । लौ मलाई छुन लागिसके, लौ माथिबाट दलिनहरू पनि झर्दै आइरहेछन्, लौ मलाई किच्न लाग्यो, किच्न लागे भित्ताहरूले, किचे किचे मलाई, म किचिएँ, किचिएँ (भुइँमा पछारिन्छ) ।” (पृ.३५)

### ५.२.७ वस्तु यथार्थता : अविरल बग्दछ इन्द्रावती

‘वस्तु यथार्थता : अविरल बग्दछ इन्द्रावती’ शीर्षकको समालोचनामा मैनालीले रमेश विकलको उपन्यास **अविरल बग्दछ इन्द्रावती** उपन्यासभित्रको वस्तु यथार्थतालाई खोजेका छन् । मैनालीका अनुसार साहित्यका अन्य विधाभन्दा उपन्यासमा इतिहासको बोली सत्य र सहज रहन्छ, अन्यका पात्रले भन्दा यहाँका चरित्रले सत्य शाश्वतताको भूमिका निर्वाह गर्दछन् । मैनालीले उपन्यासमा नै इतिहासको यथार्थता झल्कने र त्यस्तै इतिहासको यथार्थता विकलको ‘अविरल बग्दछ इन्द्रावती’ उपन्यासले बोकेको छ भन्ने मूल्याङ्कन गरेका छन् ।

मैनालीले **अविरल बग्दछ इन्द्रावती** रमेश विकलको दोस्रो तर निकै सफल उपन्यासको रूपमा चर्चा गरेका छन् । विकलको आञ्चलिकताको प्रयोग गरिएको पहिलो उपन्यास **खैरेनी घाट** हो र त्यसपछिको **अविरल बग्दछ इन्द्रावती** हो तर **खैरेनी घाट** भन्दा यो उपन्यास निकै सफल छ भन्ने ठम्याई मैनालीको छ । उनले **अविरल बग्दछ इन्द्रावती** उपन्यासमा कथानक, पात्र, परिवेश सबै पक्षमा यथार्थताको सफल रूपमा प्रयोग गरिएको कारण यसलाई उत्कृष्ट उपन्यास मानेका छन् ।

यस उपन्यासको कथानकमा रहेको वस्तु यथार्थतालाई मैनालीले उल्लेख गरेका छन् । कथानक माझीहरूको जीवनधारासँग सम्बद्ध छ । पाखुरा र बाँचेका उनीहरूमा साँचो

अर्थमा जीवनबोध पनि छैन । घाट कुर्नु, केही मेलापात गर्नु, मुख्यतः सांस्कारिक काममा रहनु, थोरै सपनामा सादा जीवनवृत्ति चलाउने उनीहरूको संस्कार रहेको देखिन्छ । इन्द्रावती बगिरहन्छ, यसले आफ्नो प्राकृतिकता वरण गरेकै छ, माझी सम्प्रदाय पनि जीवन प्रणालीमा नवीन अनुभूति विनै सादा भएर पहिलेदेखि बाँचिरहेका छन्, परिश्रममा हासेका थिए, धर्म र संस्कारलाई पनि मानेकै छन् भन्दै मैनालीले कथानकमा रहेको वस्तु यथार्थताको चर्चा गरेका छन् ।

**अविरल बग्दछ इन्द्रावती** उपन्यासको परिवेशको बारेमा पनि चर्चा गरिएको छ । यसको परिवेश द्वन्द्वात्मक भएको चर्चा मैनालीले गरेका छन् । द्वन्द्व चरमता त्यति शिथिल वा ढिलो देखिन्न भन्ने धारणा मैनालीले राखेका छन् । पात्र प्रयोगमा पनि आञ्चलिकताको प्रयोग पाइन्छ भन्ने मूल्याङ्कन मैनालीको छ । माझीको एउटा अन्तरविरोको प्रश्न सानोकाजीमा क्रूरता अंकुराउनुको कारण हो । मैनालीका अनुसार यसै अन्तर्विरोध र प्रश्नहरूको साथ उपन्यासले जैवनिक परिष्कृत तथा प्रागतिक जीवन उपभोगको प्रबल उद्वेगन निर्वाह गर्न पुग्छ । उनले गिरी मास्टर अप्रत्यक्ष सहायक मात्र हो, ऊ **पर्खालभित्र र बाहिर**को मास्टर जतिको समीपता जाहेर गर्दैन भनेका छन् । मैनालीले माझी सम्प्रदायले उनीहरूको मानवीय मूल्यलाई अनुभूत गर्ने प्रयत्न गर्दै छन् तर केही बुझेको मास्टर गिरीमा कमजोर आत्मनिर्णय र जीवनपदका प्रकाशहरू पनि मधुरा प्रतित देखिन्छन् भनेका छन् । उनले **अविरल बग्दछ इन्द्रावती** अविरल बग्ने माझी जीवनधाराको इतिहास हो, मानवीय प्रकृतिको चित्रणमा सजीवता ल्याउन तथा यथार्थ उद्बोधनलाई सहायक बनाउन प्रकृति र मानवको अन्तर तादात्म्यता कायम गरिएको मूल्याङ्कन गरेका छन् ।

### ५.२.८ शिरीषको फूलः उपन्यासको वास्तविकता

यस समालोचनामा मैनालीले पारिजातको उपन्यास **शिरीषको फूल** भित्रको वास्तविकताको खोजी गरेका छन् । यस उपन्यासको देश, काल र परिवेशमा रहेको वास्तविकताका कारण प्रकाशक, भूमिका लेखक, पाठक सबैले प्रशंसा गरेका छन् भन्ने उल्लेख मैनालीले गरेका छन् ।

प्रकाशकले **शिरीषको फूल** उपन्यासको वास्तविकताको मुक्तकण्ठले प्रशंसा गरेका छन् भन्ने चर्चा मैनालीले गरेका छन् । मैनालीले यस उपन्यासमा जीवनवादी प्रक्षेपणहरू

सरल किसिमबाट प्रयोग भएकोले भूमिका लेखकले उपन्यासको महत्व बढाइदिएका हुन् भन्दछन् । उनले पाठकहरूले समेत जीवनकै एक सरल रेखालाई उठाउँदा नराम्रो भन्न सकेनन् भनेका छन् । छात्र शिक्षकको जीवनको एक पल जसलाई सत्य र सङ्लो कलाकारितामा उतारिएको छ, त्यस्तो कलालाई ती शिक्षकले मुक्तकण्ठले प्रशंसा नगरी सकेनन् । त्यसैगरी अध्यापक, विद्यार्थीहरू, समिक्षक पनि यस उपन्यासको वास्तविकताका नै महिमा गाएका छन् भन्ने व्याख्या मैनालीले गरेका छन् । स्वयम लेखिकाले भने यस उपन्यासलाई अहिलेको समाजले यसलाई जलाइदिए पनि हुन्छ भनेकी छन् भन्दै मैनालीले लेखिकाको यो भनाइप्रति असहमति जनाएका छन् । यस सन्दर्भमा लेखिकालाई इङ्गीत गर्दै मैनाली भन्छन् : "तिमीले आफूलाई मात्र हेरेर आजको समाजले यसलाई च्याते, जलाए, नपढे हुन्छ भन्न पाउन्नौं बरू यस विषयमा मौन रहु न तर म भन्छु शिरीषमा आजको मनोविकलाङ्ग मान्छेको सजीवीकरण कलात्मक किसिमले भएको छ र उन्मुत्तिको परोक्ष कल्पना पनि गरेको छ । त्यसैले यो शङ्कर लामिछानेले भनेझैं प्रेमको अर्गाम्स पनि होइन, कल्पनाको द्वन्द्व पनि होइन, कलाको क्लाइमेक्स पनि होइन् तर क्षत-विक्षत जमानाको एउटासग्दिग्ध प्रयोग, जसले कतै कसैप्रति प्रतिक्रिया जनाउनुको सट्टा भवोन्मुक्ति खोज्छ तर असफल भए अवसान चड्छ ।" (पृ.४९)

यस उपन्यासका चरित्रहरू हाम्रो जीवन पृष्ठभूमिबाट सजिलै टिपिएका छन् भन्ने चर्चा मैनालीले गरेका छन् । नायक सुयोगवीर वैंश ढल्किसकेको उपभोगवादी पुरुष हो । उसले जीवनको सम्पूर्ण महत्ता नै वरी प्राप्तिको कल्पनामा सँगालेको छ । वरी भरखरै यौवनमा पुगेकी प्रतिक्रियाहीन नारी हो, नारीत्व उसमा जिउँदो हुँदो हो त प्रेम, जीवन र समाजलाई ऊ सनातन मूल्यमा लिने गर्थी होली, सुयोगको क्रियाप्रति प्रतिक्रिया देखाउँथी होली वा समर्पण जनाउँथी होली भन्दै मैनालीले उपन्यासमा वरीलाई शून्यवादी चरित्रका रूपमा चित्रण गरेका छन् । सुयोगलाई दाजुको साथीको नाताले दाजुकै अर्थमा हेर्ने गर्छे, तर सुयोगले वरीलाई औपचारिकतामा मात्र बहिनी मान्ने गर्छ भन्ने मूल्याङ्न मैनालीले गरेका छन् । शिवराज वरीको एक मात्र दाजु, सुयोगको आत्मीय साथी हो भन्दै यस पात्रलाई मैनालीले सुयोगवीर वा सकम्वरी दुबैभन्दा अलग प्रकृतिको मान्दछन् ।

### ५.२.९ कवि धीरेन्द्र मल्लः शिल्प परिवेश औ साहित्यिकता

यस समालोचनामा मैनालीले कवि धीरेन्द्र मल्लको विशेषतालाई तुलनात्मक विश्लेषण गरेका छन् । प्रत्येक कविको छुट्टै धरातल हुन्छ, प्रत्येक भावनाको छुट्टै आयाम हुन्छ, वस्तुपिच्छे स्वरूप विभेद भएझैं कवि मल्लमा पनि छुट्टै धरातल छ, भन्दै मैनालीले मल्लले आजको विसङ्गत जीवनदशाको यथार्थ चित्र उतार्न पुग्दछन् भन्ने मूल्याङ्कन गरेका छन् ।

मैनालीले वि.सं. २०३५ तिर प्रयोगवादी पथ अँगाल्दै कविता लेख्न सुरु गरेका मल्ललाई शसक्त प्रयोगवादी कविका रूपमा चिनाइएका छन् । कवि मल्लभन्दा अगाडि नै प्रयोगवादी कविता लेखिइसकेको अवस्थामा उनलाई सहज रूपमा स्वीकारिएको चर्चा मैनालीले गरेका छन् । प्रयोगवादी कविताको धारमा मल्ल एक सफल कविका रूपमा स्थापित भएका छन् भन्दै मैनालीले वर्तमानमा मल्लको प्रतीकमयी प्रयोग बहुतै विशिष्ट छ भनेका छन् । मैनालीले उनका कविताको सङ्गठन उपेन्द्र श्रेष्ठ तथा हरीभत्त कटुवालका गीत झैं सरल छन् भन्ने चर्चा गरेका छन् ।

कवि मल्लले कवितामार्फत जीवनको विक्षिप्तता र भत्कोस वृत्तिलाई उजागर गरेको विषय मैनालीले उल्लेख गरेका छन् । कवि मल्लले आफ्नो पृष्टभूमिमा रहेको यस्तो जीवनपद्धतिप्रति निराशा एवम् क्षोभ प्रकट गरेको कुरालाई पुष्ट्याई गर्न मैनालीले मल्लका विभिन्न कविताका अशं समेत दिएर प्रष्ट पारेका छन् । निराशा-कुण्ठा, विक्षेभको उद्बोधन मल्लका कवितामा प्रमुख धार बनेर बहन्छन् भन्दै मैनालीले  यसै सन्दर्भको 'रूख' कविताको अशं उल्लेख गरेका छन् :

*पर्खेर बस्छ वसन्तलाई*
*बसन्त आउँछ कोकिल कण्ठले सुसेल्दै*
*हरियालीका मुनाहरू बोकेर*
*सङ्गीत भङ्कृत हुन्छ हरेक नृत्य मुन्द्रासँग*
*अनि एक्कासि अभिसायले आई छोप्छ*
*पातहरू क्रमशः झर्छन् (पृ.५४)*

प्रस्तुत कविताको अशंलाई मैनालीले विश्लेषण गर्दै अगाडि भन्छन् : "हावाको थपेडि र बेहेरिएका झोक्काहरूबाट झर्ने पातहरू-जवानीका अवयवहरूलाई लाक्षणिकतामा हाम्रा हुन । हामी क्रमशः यसैगरी विवसताको रङ्गेलीमा अलमलिएर जीवन वास्तविकता पृथक हुन् पुगेका छौँ । वास्तविकता हाम्रो रूख हो र प्रत्येक वसन्तको जवानीमा हामी ऊ जस्तै हराभरा भएर उभिन्छौँ ।" (पृ.५४)

पछिल्लो समयमा अर्थात क्रान्तिकालपछिका मल्लका कविताहरूमा रिमालीय प्रवृतिको विकास हुदै गएको छ भन्ने मूल्याङ्कन मैनालीले गरेका छन् । क्रान्तिकारी कविहरू जीवनलाई भौतिकवादी वा अर्द्धभौतिकवादी द्वन्द्वात्मक परिवेशबाट हेर्ने गर्दछन् । सिद्धिचरणको क्रान्तिको स्वरमा अर्द्धभौतिकवादी द्वन्द्ववाद हुर्किएको छ, रिमाल यसमा पर्दात्मक पनि रहन्छन् तर दुबै धर्म बोधिसत्व हो र सम्पूर्ण प्रयोगले मानव सत्तालाई उजिल्याउने जमर्को मात्र गर्छ । मल्ल यसै फाँटका सशक्त युवा हस्ताक्षर हुन् तर गिर्दो मानव मूल्यप्रति सचेत दृष्टिकोण उनमा हुर्किसकेको छ भन्ने चर्चा मैनालीले गरेका छन् । मल्लका कवितामा निराशा-कुण्ठा, विक्षेभको उद्‌बोधन धाराप्रवाह रूपमा बहन्छ भन्ने निष्कर्ष मैनालीको छ ।

### ५.२.१० आत्मस्वस्थापनता तथा तरलित विश्वासको नैवन्धिक प्रयोग 'अवसाद अभिनयी' मा

**केही प्रतिभा केही प्रवृत्ति** समालोचना सङ्ग्रहमा सङ्गृहीत समालोचना मध्यको अन्तिम समालोचना हो । गोपी मैनालीद्वारा लिखित **अवसाद अभिनयी** निबन्धको विश्लेषण मैनालीले गरेका छन् । मैनालीले **अवसाद अभिनयी** निबन्धको विषय, भाषाशैलीका साथै गोपी मैनालीको निबन्धगत विशेषता र योगदानको समेत चर्चा गरेका छन् । भावोद्वेगका तरलित संलापन, परावतर्न, परिवृत्ति गोपीनाथका स्वकीय विशेषता हुन भन्ने कुरा मैनालीले उल्लेख गरेका छन् । गोपीनाथको निबन्ध लेखनशैली परिष्कृत र पौढता प्रमुख रूपमा उजागर भएको उल्लेख मैनालीले गरेका छन् । यस समालोचनामा गीति प्रवाहको कलात्मक तरलताले गोपीनाथका निबन्धमा मीठासता थपेको चर्चा गरिएको छ । गोपीनाथको निबन्ध लेखनको शैली संयोजन शिल्पकारितामा परिष्कृत तथा निख्खरता जस्ता विशेषताहरू मोन्तेन तथा मर्रेका निबन्धात्मक शैलीसँग मिल्दोजुल्दो छन् भन्ने विश्लेषण मैनालीले गरेका छन् । सोह्रौँ शताब्दीका मोन्तेन र बेकनलाई नेपाली निबन्ध साहित्यका हस्ती लक्ष्मीप्रसाद देवकोटाले अनुशरण गरेका र त्यहीँ अनुशरण गोपीनाथले पनि गरेको मैनालीले उल्लेख

गरेका छन् । देवकोटा र शङ्कर लामिछानेले नेपाली निबन्धमा जुन योगदान दिए त्यही योगदान गोपीनाथले पनि दिएको चर्चा मैनालीले गरेका छन् ।

वस्तुगत निबन्ध लेखन गोपीनाथको निबन्धगत विशेषता भएको र **अवसाद अभिनयी** निबन्ध पनि यसै कोटिको भएको उल्लेख मैनालीले गरेका छन् । निबन्धको भावभूमि जीवन सम्बद्ध भएर जीवनकै समस्या र बिध्नतालाई देखाउँनु भएको चर्चा मैनालीले गरेका छन् । समस्याद्वारा घिच्चिएको समाजद्वारा थिचिएको मान्छेको अस्थायी जीवन कर्कलामा अडिएको पानी जस्तो भएको तर पनि क्षणिक जीवनको माया लाग्ने मान्छेको मनोवृत्तिलाई निबन्धमा उजागर गरिएको छ भन्ने  विषयको मैनालीले उल्लेख गरेका छन् ।

## २. भाषाशैलीय विन्यास

भाषाशैलीय विन्यासका दृष्टिकोणले हेर्दा प्रस्तुत कृतिमा प्रयुक्त भाषा भावगत रूपमा जटिल रहेको छ । *जीवनलाई हेर्ने दुई आयाममा कवि सिद्धिचरण, आत्मस्वस्थापनता तथा तरलित विश्वासको नैवन्धिक प्रयोग अवसाद अभिनयीमा* जस्ता समालोचनाहरू सामान्य पाठकले बुझ्न नसक्ने खालका छन् । यसको उदाहरणको रूपमा *आत्मस्वस्थापनता तथा तरलित  विश्वासको नैबन्धिक प्रयोग अवसाद अभिनयी*मा  समालोचनाको एक अंश प्रस्तुत गर्न सकिन्छ : 'जमाना रमानाको गणा गर्दछु, यहाँ आउने तुफानले, तनाव र प्रहारको स्याहार गर्दछ, त्यसैको  विपरीत  अन्तर्क्रिया प्रक्रियामा  विध्वंसताको पद पवन उसै गरी बोक्दछ । नाकले हावाको दुर्गन्ध र सुगन्ध दुवैको स्वाद लिन्छ, एकको अनुपस्थितिमा अर्को अस्तित्व नै रहन्न । जीवन अस्तित्वमा जैवनिक मूल्यको परिमापन गर्न खोजिएको छ । आणविक प्रथति मानस पक्षभन्दा शरीरपक्षमा क्षयिकताको कारूणिक  पनि छ तर पूर्वाधार मानव (मथिङ्गल) को परिद्वेलनता विसङ्गतिमा  उसको भूमिका रहने गर्छ । अर्को  आर्थिक विसङ्गतिको पनि स्वरूपता  नाङ्गिएको छ अतः विसङ्गति (सबै प्रकारको) विश्लेषित  निबन्ध मथिङ्गलीय प्रक्षेपले मानसतामा बेगलताको किरणिक 'र' हरूले 'स्व' हरूको भावनात्मक  गवेषण गर्न खोजिएको छ । '(पृ.६२,६३)

प्रस्तुत  समालोचना सङ्ग्रहमा औँ, याने जस्ता थेगोहरू  अत्यधिक  प्रयोग भएका छन् । अङ्ग्रेजी शब्दहरूको प्रयोग मैनालीका सबैजसो कृतिमा पाइन्छ । यस समाललोचना पनि यस्ता शब्दहरू प्रयोग भएका छन्, जस्तै : इमोशन (पृ.४६), एन्टिक्लाइमेक्स (पृ.३५)

उनको समालोचनाको भाषा कतै आत्मपरक निबन्धात्मक शैलीमा देखिएको छ । मैनाली निबन्धकार समेत भएकोले उनको निबन्धात्मक भाषा समालोचनामा पनि पर्न गएको हो । समालोचनाहरू पूरै निबन्धात्मक शैलीमा नभए पनि बीचबीचका अनुच्छेदमा यसको प्रयोग गरेको देखिन्छ, जस्तै : मानवीय आभिजात्य गुण स्वभावतः मानिसमा रहन्छ जुन प्राकृतिक पनि हो तर वैशम्यतापूर्ण नियतिले यो अभिजात्यतालाई बर्ज्यभैँ लुप्त गरिदिन्छ । (पृ.२१) निष्कर्षमा भन्नुपर्दा केही वस्तुवादी, केही प्रभाववादी र केही आत्मपरक अनुभूतिको शैलीमा उनका यी समालोचनात्मक लेखहरू रचना भएका छन् ।

### ३. निष्कर्ष

मैनालीको पहिलो **समालोचना कृति केही प्रतिभा केही प्रवृत्ति** (२०४२) हो । यस कृतिमा समालोचक मैनालीले नयाँ, पुराना कृति र कृतिकारका सम्बन्धमा आफ्ना अभिव्यक्ति समेटेका छन् । उनले यसमा देवकोटा, सम, सिद्धिचरण, माधव घिमिरे, पारिजात, रमेश विकल, विजय मल्ल, धीरेन्द्र मल्ल, गोपी मैनालीका कृतिहरूका सम्बन्धमा मल्याङ्कन गरेका छन् । कृतिकार तथा कृतिको समालोचनाको क्रममा मैनालीले सैद्धान्तिक पक्षलाई पनि खोतलेर देखाएका छन् । प्रस्तुत समालोचनाहरको भाषा बौद्धिक खालको छ ।

## ५.३ समको पौराणिक नाट्य कौशल कृतिको विश्लेषण

### १. परिचय

**समको पौराणिक नाट्य कौशल** नामक कृति वि.सं. २०६९ मा बी.एन. पुस्तक संसार प्रा.लि. बागबजार, काठमाडौँ, नेपालबाट प्रकाशित भएको देखिन्छ । डिमाइ साइजको आकारमा रहेको यो कृति जम्मा ६९ पृष्ठमा संरचित छ । प्रस्तुत कृतिको अगाडि आवरण पृष्ठ रङ्गीन छ । यसको आवरण सज्जा फाइन आर्ट सेन्टर अद्वैतमार्ग बागबजारद्वारा गरिएको छ । कृतिको अगाडिको आवरण पृष्ठको सिरानमा निलो अक्षरमा समालोचकको नाम लेखिएको छ । त्यसको तलहरियो रूखमा सेतो अक्षरमा **ध्रुव** लेखिएको र रातो भुइँमाथि सेतो अक्षरमा **प्रह्लाद** लेखिएको छ । त्यसैको दायाँ साइडमा बालकृष्ण समको फोटो राखिएको छ । पुच्छारमा हरियो कलरमाथि सेतो र पहिलो अक्षरमा कृतिको नाम दिइएको छ । कृतिको पछाडिको आवरण पृष्ठ सेतो आकारमा छ । पृष्ठको सिरानमा समालोचक मैनालीको रङ्गीन फोटो राखिएको छ, भने त्यसको तलपट्टि मैनालीको परिचय दिइएको छ ।

पहिलो पृष्ठमा प्रस्तुत कृतिको नाम दिइएको छ र त्यसको तल समालोचकको नाम लेखिएको छ । कृतिको दोस्रो पृष्ठमा नेपाली नाटकका पाठकहरूमा यस कृतिलाई समर्पण गरिएको जानकारी दिइएको छ । दोस्रो पृष्ठकै पछाडि बी.एन. पुस्तक संसार प्रा.लि.का कार्यकारी अध्यक्ष बिष्णुकुमार पैडेलद्वारा प्रकाशकीय लेख लेखिएको छ । यस कृतिको भूमिका 'युवराज मैनालीको व्यक्तिकेन्द्री समालोचना कौशल' शीर्षकमा डा. खगेन्द्रप्रसाद लुइटेलद्वारा लेखिएको छ । त्यस्तै 'नभनी कहाँ रहन सकिन्छ र !' शीर्षकमा समालोचक मैनालीले लेखकीय लेख लेखेका छन् ।

प्रस्तुत कृतिमा नाटककार बालकृष्ण समको नाटकीय विकासक्रम, नाट्य प्रवृत्तिका बारेमा विश्लेषण गरिएको छ । विशेषगरी **प्रह्लाद** नाटकमा केन्द्रीत रहेको प्रस्तुत कृतिमा समका नाटकीय दोष समेत केलाइएको छ । यिनै विषयवस्तुमा रहेर जम्मा नौवटा समालोचनाहरूको विषयसूची समेत दिइएको छ । आयामगत दृष्टिले शीर्षकहरू समान आकारका नभई केही लामा केही छोटा छन् । 'प्रह्लादमा परिलक्षित मानव र उसको अन्तर्तत्व' सबैभन्दा छोटो आयामको छ । कतिपयलाई उपशीर्षकमा विभाजन पनि गरिएको छ । यहाँ **समको पौराणिक नाट्य कौशल** समालोचनासङ्ग्रहमा सङ्गृहीत नौवटा समालोचनाहरूको क्रमशः विश्लेषण गरिएको छ :

### ५.३.१ नेपाली नाटकको विकासक्रममा बालकृष्ण सम

**समको पौराणिक नाट्य कौशल** कृतिको पहिलो समालोचना 'नेपाली नाटकको विकासक्रममा बालकृष्ण सम' शीर्षकको छ । समालोचक युवराज मैनालीले यस समालोचनामा नेपाली नाटकको इतिहासमा बालकृष्ण समलाई चिनाएका छन् । मैनालीले समलाई नेपाली नाटक वाङ्मयका सम्राट भनेका छन् । नेपाली नाटक विधालाई आधुनिककालमा प्रवेश गराउने श्रेय नै सममा भएको विश्लेषण मैनालीले गरेका छन् । यस समालोचनामा नेपाली साहित्यमा नाटक विधाको प्रवेश कसरी, कहिलेबाट भयो र नाटकको क्षेत्रमा बालकृष्ण समको उपस्थितिले कस्तो प्रभाव पाऱ्यो भन्ने विषयलाई पनि चर्चा गरिएको छ ।

मल्लकालमा राजाहरूले दरबारभित्रै नाटक लेखाएर अभिनय गराउँथे, भन्दै मैनालीले यही समयदेखि नेपाली साहित्यमा नाटक विधाको सुरुवात भएको उल्लेख गरेका छन् ।

मैनालीले मल्लकालमा दरबारमा देखाइने नाटकमा नाटकीय तत्व र जीवनको प्रत्यक्ष सम्बन्ध नभएको चर्चा गरेका छन् । लिच्छवी, मल्ल वा पृथ्वीनारायण शाहकालमा समेत नाटक लेखिन्थे, खेलिन्थे तर जीवनपरक लोक सञ्चेतना तिनमा पनि थिएन भन्ने चर्चा मैनालीले गरेका छन् । शक्तिबल्लभ अर्ज्यालको **हास्यकदम्ब** नाटक राजसी परिवारको मनोरञ्जनको एक साधन हो जुन नाटकले जीवनजगत्, समय र प्रकृतिलाई प्रतिबिम्बिन गर्न सकेको छैन भन्ने व्याख्या मैनालीले गरेका छन् ।

नेपालको एकीकरणपश्चात् नेपाली भाषा र साहित्यको पनि विकास भएको र त्यसबेला लेखिएका नाटकहरू परलौकिकताले पूर्ण भएका, जीवनवादी नभएका, तिलस्मिकता, अलौकिकता वा कल्पनापरक आदर्शताको चरम उद्घाटन भएका हुन्थे भन्ने चर्चा मैनालीले गरेका छन् । साथै उनले यस समालोचनामा त्यस समयका नाटकहरू मोतीराम भट्ट, पहलमानसिंह स्वाँर र शम्भुप्रसाद ढुङ्गेल प्रमुख भएको उल्लेख गरिएका छन् । मोतीराम भट्ट र शम्भुप्रसादले नेपाली नाटकलाई विकसित मोड दिने प्रयत्न गरे पनि त्यो पूर्णतः सफल हुन नसकेको र पहलमानसिंह स्वाँरले त्यो सफलता प्राप्त गरेको चर्चा मैनालीले गरेका छन् । मैनालीले नेपाली नाटकको इतिहासमा स्वाँरले प्रथम वियोगान्त नाटकलाई प्रवेश गराउन सफल भए भन्दै यस कुराको उद्घाटन बालकृष्ण समको उदयपश्चात मात्र भएको भन्ने कुरा उल्लेख गरेका छन् । परम्परागत शैलीमै चलिरहेको नाट्य परम्परामा समको उदयले नयाँ मोड प्रदान गरेको ठहर गर्दै मैनाली अगाडि भन्छन् : "हुन त उच्च खानदानमा जन्मेका समले खानदानकै प्रभावस्वरूप नाटक विधामा हात हाले । उनको त्यो हातहालाईले परिपूर्णता आरोहण गर्न सक्यो र नेपाली वाङ्मयमा कविताझैँ नाटक विधाको आफ्नै अस्तित्व र गरिमा कायम हुन सक्यो ।" (पृ.१८) ।

नाटकमा वियोगान्त परम्परा तीन हजार वर्षअगावै युनानी साम्राज्यबाट सुरु भएको तर नेपाली साहित्यमा यसको विशद प्रयोग समद्वारा भएको उल्लेख मैनालीले गरेका छन् । उनले समले नेपाली मौलिक वियोगान्त नाटक **मुटुको व्यथा** (१९८६) जस्तो प्रभावशाली रचना उपहार स्वरूप नेपाली साहित्यमा प्रदान गरेका छन् भन्ने चर्चा गरेका छन् । मैनालीले समलाई पहिलो आधुनिक नाटक **मुटुको व्यथा** प्रकाशित गरेको कारण उनलाई नेपाली नाटकका अद्वितीय नक्षत्रको रूपमा गणना गरेका छन् । **मुटुको व्यथा** पछि समले **तानशेनको झरी**, **म**, **प्रेमपिण्ड**, **मुकुन्द इन्दिरा** जस्ता नाटकहरू निरन्तर लेखिरहे र नेपाली

नाटकको इतिहासमा अमिट छाप बसाल्न सफल भए भन्ने मूल्याङ्कन मैनालीले यस समालोचनामा गरेका छन् । समष्टिमा मैनालीले यस समालोचनामा नाटककार समलाई नेपाली नाटकका एकछत्र मार्गनिर्देशक तथा महान नाटककारका रूपमा चिनाएका छन् ।

### ५.३.२ नाटककार समको प्रमुख प्रवृत्ति

मैनालीले यस समालोचनामा नाटककार समका प्रमुख नाट्य प्रवृतिलाई उल्लेख गरेका छन् । समले छुट्टै शैलीविधान अँगालेका कारण उनलाई नाटकका प्रयोगकर्ता मानिएको छ । समले मनोरञ्जनभन्दा मनोवैज्ञानिक प्रवृत्तिका नाटक रचना गर्ने र त्यस्ता नाटकहरू रङ्गमञ्चका दृष्टिले त्यति प्रभावशाली नहुने भन्दै मैनालीले समका नाटकका प्रवृत्तिलाई केलाएका छन् । मैनालीले समका नाटकको प्रमुख उद्देश्य नै वैचारिक सम्प्रेषण रहेको उल्लेख गर्दै त्यसको विशिष्ट प्रयोग **प्रह्लाद** नाटक भएको चर्चा गरेका छन् ।

नाटक लेखनको अभिप्राय दर्शकहरूलाई मनोरञ्जन प्रदान गर्नु भए पनि आजको सन्दर्भमा अनुभूतिजन्य सत्य र हार्दिक कोमलताको साथसाथै वैचारिक कोमलताले पाठक वा दर्शकको मानसिकता मापन गर्न खोजिएको नाटक नै उत्कृष्ट हुन्छ भन्ने विचार मैनालीको छ । उनले यस प्रकृतिका नाटकहरू समले रचना गरेको उल्लेख गरेका छन् । यस दृष्टिमा मैनालीले सम मनोवैज्ञानिक नाटक लेखनमा सफल भएको उल्लेख गरेका छन् । मैनालीले बालकृष्ण समको उल्लेखित प्रवृत्ति **नियमति आकस्मिकता, मुकुन्द इन्दिरा** नाटकमा पाइने उल्लेख गरेका छन् ।

मैनालीले बालकृष्ण समको उदयपश्चात नाटक विधाले वैचारिक पक्षलाई महत्व दिएको उल्लेख गरेका छन् । मैनालीले वैचारिक पक्षलाई प्रमुख उद्देश्य बनाइएका समका नाटकहरूमा **नियमित आकस्मिकता, आगो र पानी, प्रह्लाद, मुकुन्द इन्दिरा** प्रमुख रहेको कुरा उल्लेख गरेका छन् । पढ्नका लागि र पढेर केही लिनका लागि समका विचाराभिव्यक्तिहरू यी नाटकमा अभिव्यक्त भएको यस समालोचनामा चर्चा गरिएको छ । मैनालीले **प्रह्लादमा** समले भौतिकता र आध्यात्मिकताको वैचारिक लडाई लडाएर आध्यात्मिकताको जित गराउँदै आफ्नो विचारलाई प्रस्तुत गर्न सफल भएको चर्चा गरेका छन् । मैनालीले यहाँ समलाई केवल भावका प्रयोगकर्ता भनिदिए हुन्छ भन्ने उल्लेख गरेका छन् । यस सन्दर्भमा **प्रह्लाद** नाटक यसको विशिष्ट प्रयोग हो भन्ने विचार मैनालीको छ ।

बालकृष्ण समले सबैजसो नाटकको फलप्राप्तिको विषयलाई आदर्शोन्मुख बनाएका छन् र आदर्शोन्मुख नै उनका नाटकको प्रमुख उद्देश्य हो भन्ने विश्लेषण मैनालीले गरेका छन् । **मुकुन्द इन्दिरा** नाटकमा सबल मनस्थिति र पतिव्रताले सामाजिक आदर्श स्थापित गरेको छ भने **तानसेनको झरी प्रेमपिण्ड**मा पनि सामाजिक आदर्शको उत्कर्ष पाइन्छ भन्ने मैनालीलको मूल्याङ्कन छ । इन्दिराझैँ पम्फा पनि सामाजिक उत्तरदायित्व सजिलैसँग ग्रहण गर्छे । त्यस्तै मुकुन्द र एडविल दुवै आदर्श पात्र पनि पथभ्रान्त भएर अन्ततः मानसिक रूपमा हार खान पुग्छन् र आदर्शकै स्थापनाका लागि साम्य भइदिन्छन् भन्दै मैनालीले **मुकुन्द इन्दिरा र प्रह्लाद** नाटकका पात्रद्वारा कसरी आदर्शलाई देखाइएको छ भन्ने विषयलाई व्याख्या गरेका छन् । मैनालीका अनुसार प्रह्लादले आदर्शको स्थापनामा कपोलकल्पित संवेदनालाई मात्र अघि सार्दैन, उसले त मानवताको सन्देश दिँदै नवीन मूल्यको स्थापनाका लागि उल्लेखनीय काम गर्छ ।

बालकृष्ण समका नाटक रङ्गमञ्चीय दृष्टिमा पनि वैशिष्ट्य आर्जन गर्न पुग्छन् भन्ने चर्चा मैनालीले गरेका छन् । समले भाव व्यक्त्याउने शैलीमा मञ्चन सापेक्ष नभएका ठाउँमा पनि मस्तिष्क सापेक्ष बनाएर उतारेका छन् भन्दै मैनालीले यहाँ **प्रह्लाद** नाटकलाई अघि सारेका छन् । **प्रह्लाद**मा हिरण्यकशिपु तथा रोधका अभिव्यक्तिहरू कथनका माध्यमद्वारा व्यक्त हुन पुगेका छन् । शैलीविधानका दृष्टिले पनि सम अरू भन्दा भिन्नै प्रवृत्तिका छन भन्दै मैनालीले समले अँगालेको शैली मिश्रित (गद्य र पद्य) छ भनेका छन् । उनले समको यो शैली प्रायः अनुष्टुप शास्त्रीय छन्दमा देखापर्छ भन्ने चर्चा गरेका छन् ।

### ५.३.३ प्रह्लादको कथा सार : समीक्षात्मक रूपमा

यस समालोचनामा मैनालीले **प्रह्लाद** नाटकको कथा सारलाई पात्रको परिचय तथा प्रवृत्ति औँल्याउँदै चर्चा गरेका छन् । यस नाटकका चरित्रहरू प्रष्ट रूपमा अध्यात्मवाद र भौतिकवाद गरी दुई विचारमा विभक्त छन् भन्दै मैनालीले यिनै चरित्रको चित्रण गरेका छन् । उनले **प्रह्लाद** नाटकको मुख्य चरित्र हिरण्यकशिपुलाई मानेका छन् । हिरण्यकशिपु प्रह्लादको बाबु एवम् दानवहरूको राजा हो भन्दै मैनालीले त्यस समयमा ऊ सर्वशक्तिमान सम्राटको रूपमा भएको उल्लेख गरेका छन् । ऊ विज्ञानको चरम विकासद्वारा तिनै लोकको सर्वोच्च शक्तिमान भएर बाँच्न चाहन्छ । उसलाई ब्रह्माको आशीर्वाद पनि प्राप्त छ । त्यसैले ब्रह्माबाहेक कुनै पनि देवतामा आस्था पनि राख्दैन भन्दै मैनालीले उसलाई भौतिकवादको

पछाडि नझुक्ने चरित्रका रूपमा चित्रण गरेका छन् । ऊ वैज्ञानिक शास्त्रको चरम विकासले मृत्युलाई समेत जित्ने दावा गर्दछ । विज्ञानले गर्दा जुनसुकै कुरा पनि फत्ते गर्न सकिन्छ भन्ने विचार दानवपुरका मान्छेमा भएकोले यहाँका मानवहरूले विज्ञानबाहेक अरू नसोच्ने चर्चा गरिएको छ । चक्रमूर्ति, हला पनि यसै प्रवृत्तिका पात्र हुन् भन्ने मूल्याङ्कन मैनालीले गरेका छन् ।

**प्रह्लाद** नाटकको अर्को पात्र दैत्यराज कशिपु आफ्नो बल प्रदर्शनले नै सम्पूर्ण लोक परास्त गर्न खोज्दछ भन्दै मैनालीले उसमा नास्तिकता एवम् भौतिकवादको चरमबोध छ भन्ने उल्लेख गरेका छन् । ऊ त्यसै पनि कसैलाई जाइलाग्छ, किनकी मृत्युसमेतलाई उसले परास्त गर्नुछ भन्दै मैनालीले यहाँ दैत्यराजको कथनलाई उल्लेख गरेका छन् : “मृत्युको सामना गर्छौं जब त्यो आइलाग्छ त्यसलाई नडाकौँ कि आफै अघिसरा भई” । (पृ.३७)

मैनालीले यहाँ दैत्यराजको चौँथो पुत्र तथा नाटकीयद्वन्द्वलाई प्रवाहशील बनाउने पात्रको रूपमा प्रह्लादलाई चिनाएका छन् । प्रह्लाद भौतिकवादको विरोधी तथा अध्यात्मवादको समर्थक पात्र हो । ऊ सानैदेखि विष्णुभक्तिमा तल्लीन रहन्थ्यो । ऊ विश्वका सबै कुरा विष्णुका एकांश मात्र सम्झन्छ । विष्णुविना कुनै पनि कार्यको सिद्धि छैन भन्ने ठान्दछ । ऊ आफ्नी प्रेमिका सागरीलाई समेत प्राप्तिको बाटो विष्णुध्यानबाट सम्भव छ भन्ने विचार व्यक्त गर्दछ, जुन कुरा दैत्य परम्परा र धारणाविपरीत ठहर्छ भन्ने विश्लेषण मैनालीले गरेका छन् । जब प्रह्लाद दैत्यगुरु शण्डको शिक्षामा रोध, तमुल, फेनजस्ता साथीहरूसँग पढ्न जान्छ तब उसले आफ्नो ईश्वरीय भावनालाई अरूसम्म  पुऱ्याउने मौका पाउँछ भन्ने अभिव्यक्ति मैनालीले राखेका छन् । अध्यात्मवादको विश्वास गर्ने अर्को पात्र नारदलाई मैनालीले नाटककारको मुखपात्रका रूपमा चित्रण गरेका छन् । उसले प्रसङ्ग-प्रसङ्गमा “ज्ञान विज्ञानको हात जोडनुपर्दछ कर्ममा” भन्ने जुन वाणी भन्यो **प्रह्लाद**को निष्कर्ष नै त्यही हुन पुग्छ भन्ने व्याख्या मैनालीले गरेका छन् ।

प्रह्लादलाई दैत्यानुकूल शिक्षा-दीक्षा दिन नसक्ने शण्ड प्रह्लादप्रति आजीत हुन्छ भन्दै मैनालीले यहाँ वैचारिक द्वन्द्व चरम अवस्थामा पुगेको उल्लेख गरेका छन् । प्रह्लाद स्वयम् पितालाई समेत आत्मनित्यता र दैहिक असत्यको पाठ सिकाउँछ भन्दै मैनालीले प्रह्लादलाई भौतिकवादको दर्शनमा परिवर्तन गर्न सबै प्रयत्न असफल भए भन्ने व्याख्या गरेका छन् । शण्डजस्ता गुरुमात्र नभई स्वयम् कशिपुले पनि यसको सफलता प्राप्त गर्न

नसकेको उल्लेख मैनालीले गरेका छन् । यस क्रममा प्रह्लादले कशिपुलाई भनेको कुरा यहाँ उल्लेख गरिएको छ : “जुन घरभित्र विष्णुको पूजा गरिन्छ त्यो घर घर होइन मन्दिर हो, जुन आत्माभित्र विष्णुको ध्यान हुन्छ त्यो आत्मा आत्मा होइन परमात्मा हो” (पृ.४१) । प्रह्लादलाई परिवर्तन गराउन सफल हुन नसक्नुको कारण उसको हात विष्णुले थामेका थिए भन्ने समको विचारलाई नाटकमा अमूर्त रूपमा देखाउन खोजिएको छ भन्ने विश्लेषण मैनालीले गरेका छन् । अन्त्यमा प्रह्लादलाई खम्बाले च्यापेर मार्न खोज्दा हिरण्यकशिपु नै त्यही खम्बाले च्यापिएर मरणासन्न अवस्थामा पुग्छ र त्यति नै बेला उसले विष्णुको नाम लिन बाध्य हुन्छ भन्ने कथासार उल्लेख गर्दै मैनालीले अन्ततः हिरण्यकशिपु पनि आस्तिक देखापर्छ भन्ने विश्लेषण गरेका छन् ।

### ५.३.४ प्रह्लादमा प्रतिबिम्बित सम

**समको पौराणिक नाट्य कौशल** समालोचना सङ्ग्रहमा सङ्गृहीत दशवटा समालोचना मध्ये यो चौँथो समालोचना हो । मैनालीले यस समालोचनामा **प्रह्लाद** नाटकमा समको उपस्थिति कस्तो छ भन्ने विषयमा चर्चा गरेका छन् । उनका अनुसार **प्रह्लाद** नाटकको विषय तथा यसमा रहेको ईश्वरीय आस्थाद्वारा नै समको धारणालाई उजागर गर्ने प्रयास यहाँ गरिएको छ । यस नाटकको विषय पौराणिक कथा हो भन्दै मैनालीले यसका कथा, उपकथा, कथोपकथन र वातावरण सबै पौराणिक भएको चर्चा गरेका छन् ।

सम समसामयिक नाटककारभन्दा ऐतिहासिक नाटककारका रूपमा सफल छन् भन्ने व्याख्या मैनालीले गरेका छन् । **प्रह्लाद** र **ध्रुव** नाटकमा पौराणिक कथाले जीवन्तता पाएका छन् भन्दै मैनालीले यसको प्रयोगमा बढी सफल नाटक **प्रह्लाद**लाई मानेका छन् । यो नाटक पौराणिक प्रयोग भएकोले ईश्वरीय प्रेरणा र ईश्वरत्वको अन्धसमर्थन गरी आदर्श प्राप्तिमा समेत सफल भयो भन्ने विश्लेषण मैनालीले गरेका छन् ।

बालकृष्ण समको मानवीय विचारदृष्टिलाई **प्रह्लाद** नाटकले अभिव्यक्त गरेको चर्चा यस समालोचनामा मैनालीले गरेका छन् । यसका प्रमुख दुई चरित्रहरू प्रह्लाद र हिरण्यकशिपु भिन्न विचार धाराका चरित्र हुन् । प्रह्लाद धार्मिक निष्ठामा आस्थावान छ र कशिपु यसको विपरीत छ । अन्ततः नाटकको एक चरित्रलाई अन्त गरी मानवताको सन्देशलाई कार्यान्वयन गर्ने प्रयत्नमा सम सफल भएका छन् भन्दै मैनालीले समले

प्रह्लादलाई निडर बनाएर आफ्नो वैचारिक पक्षलाई प्रष्ट रूपमा उल्लेख गर्न सफल छन्, भन्दछन् । अतः मानवीय नैतिकतालाई प्रदर्शन गर्ने क्रममा बालकृष्ण समलाई उछिन्ने नाटककार नै नभएको मूल्याङ्कन मैनालीले गरेका छन् ।

### ५.३.५ प्रह्लादमा परिलक्षित मानव र उसको अन्तर्तत्त्व

मैनालीले यस समालोचनामा नाटकको उद्देश्य जीवन र त्यसको सात्विक पक्षको उद्घाटन गर्नु भएकोले नाटकले जीवनजगत्को यथार्थ पक्षको उद्घाटन गर्नुपर्छ भन्दै **प्रह्लाद** नाटकमा यसको प्रयोगबारे विश्लेषण गरेका छन् । नाटकले समाजको उद्घाटन गर्नुपर्छ तर **प्रह्लाद**को विषयवस्तु पौराणिक भएकोले यस दृष्टिमा कमजोर भएको व्याख्या मैनालीले गरेका छन् । उनले सामाजिक सत्यतालाई ओकालत गर्न केही हदसम्म सफल भएको **प्रह्लाद** नाटक मानवीय मूल्य र मान्यताको वितरणमा उच्च रहेको बताएका छन् ।

प्रह्लादको ईश्वरीय चिन्तन तथा अहिंसाको अठोटले मानवीयताको रक्षा भएको छ भन्ने मैनालीको विचार देखिन्छ । नारदको अर्ति तथा प्रेरणाले पनि प्रह्लादमा यस्तो विचारको विकास भएको हो । यस नाटकमा प्रह्लादले समको मानवीय मूल्य सम्बन्धी विचारलाई प्रस्तुत गरेको चर्चा मैनालीले गरेका छन् । आध्यात्मिक ज्ञानले स्वच्छ पारेर भौतिकवादी विज्ञानका उच्चतम उपलब्धीहरूको उपयोग गरी जीवनलाई सफल पार्नुपर्छ भन्ने समको विचारलाई नारद पात्रले व्यक्त गरेको विषय मैनालीले उल्लेख गरेका छन् ।

### ५.३.६ रङ्गमञ्चीय दृष्टिकोणमा प्रह्लाद

यस समालोचना सङ्ग्रहको छैटौं समालोचना ‘रङ्गमञ्चीय दृष्टिकोणमा प्रह्लाद’ शीर्षकको छ । यस समालोचनामा मैनालीले **प्रह्लाद** नाटकलाई रङ्गमञ्चीय दृष्टिकोणले पाँच वटा उपशीर्षक दिएर विश्लेषण गरेका छन् । नाटकको अस्तित्व अभिनयमा निर्भर गर्दछ भन्दै मैनालीले नाटकको अभिनयस्थल रङ्गमञ्च भएकोले त्यो प्रदर्शनीय वा मञ्चनीय हुनु अपरिहार्य छ भन्दछन् । वस्तुतः नाटक पूर्ण स्वतन्त्र अभिनय कला भएकोले नाटकमा यो प्रभावकारी हुनुपर्ने धारणा मैनालीले राखेका छन् । कस्तो नाटक प्रदर्शनीय हुन्छ, यसका लागि आवश्यक आधारहरू के के हुन र ती आधारमा **प्रह्लाद** नाटक कुन रूपमा रहेको छ, भन्ने जस्ता विषयहरूको विवेचना यहाँ गरिएको छ । यहाँ पाँच वटा उपशीर्षकको क्रमशः चर्चा गरिएको छ ।

## १. युग सापेक्षता

मञ्चनीय हुनका लागि पहिलो सर्त नाटकको कथानकमा त्यस युगको प्रतिविम्बन हुनुपर्दछ भन्ने चर्चा मैनालीले गरेका छन् । मानिस परिवर्तनशील जीव भएकोले उसका यावत् प्रकृति, रूचि र धारणामा स्वतः परिवर्तन आएको हुन्छ । मल्ल कालमा चोक, सहर र डबलीमा देखाइने नाटक आज सापेक्षित देखिन्नन् र आजको डबलीमा ओराल्न सकिन्न भन्ने विश्लेषण मैनालीले गरेका छन् । नाटक मञ्चनीय दृष्टिले युग सापेक्ष हुनु पर्दछ भन्ने निष्कर्ष मैनालीको छ ।

**प्रह्लाद** नाटकलाई मैनालीले अभिनय सफलतामा दुर्बल नै मानेका छन् । समको विचार दर्शनलाई प्रमुख उद्देश्य बनाएकोले यस नाटक अभिनयको दृष्टिले कमजोर भएको व्याख्या मैनालीले गरेका छन् । यो विचारप्रधान नाटक भएकोले नाटकको शाश्वत अभिनयमा प्रतिकूल प्रभाव परेको चर्चा मैनालीले गरेका छन् ।

## २. सरलता

यस उपशीर्षकमा मैनालीले समले वैचारिक पक्षलाई नाटकमा बढी जोड दिने भएकाले नाटकमा सरलता, सुबोध्य र सम्प्रेष्यताको अभाव रहने विश्लेषण गरेका छन् । **प्रह्लाद** नाटकमा वैचारिक प्रगाढता भएकोले सरल र छरितो नभएको उल्लेख गर्दै मैनालीले यहीँ वैचारिक प्रगाढताका कारण रङ्गमञ्चीय पक्षमा पनि **प्रह्लाद** नाटक कमजोर रहेको उल्लेख गरेका छन् । बालकृष्ण समले अभिनय भन्दा विचारकालागि, मनोरञ्जनभन्दा मनोविज्ञानकालागि नाटक लेख्ने भएको हुँदा नाटकमा अभिनय र मनोरञ्जन पक्ष कमजोर हुने र नाटक सरल नहुने विश्लेषण मैनालीले गरेका छन् । समका पात्रहरूले एक डेढ पृष्ठसम्म लगातार संवाद गर्ने भएकोले रङ्गमञ्चमा यसले धेरै अस्वाभाविकता ल्याउने व्याख्या गर्दै मैनालीले समको विचार प्रसारणको माध्यममा सरल, सुबोध र सम्प्रेष्य कलात्मकताको अभाव रहेको उल्लेख गरेका छन् ।

## ३. अभिनय प्रभाव पृष्ठभूमि

यहाँ मैनालीले दुःखान्त नाटक लेखनमा समको सफलताको मूल्याङ्कन गरेका छन् । नाटकको प्रमुख पक्ष अभिनयका दृष्टिले प्रभावकारी हुनु हो भन्ने मैनालीले दुःखान्त नाटक

अभिनयका दृष्टिले कतिको सफल हुन्छ भन्ने चर्चा गरेका छन् । मैनालीका अनुसार मान्छेको जीवन दुःखदायी नै भएकोले र दुःखप्रति हृदयको सहानुभूति स्वतःस्फूर्त हुने मानवीय प्रवृत्ति भएकोले दुःखान्त नाटकहरू नै वास्तविक र प्रभाविकारी हुन्छन् । नाटकले मानव सभ्यताको उचित उद्घाटन गर्नका लागि अभिनयको पक्ष सफल हुनुपर्छ तर समको **प्रह्लाद** नाटक यसमा कमजोर भएको चर्चा मैनालीले गरेका छन् ।

## ४. गीतात्मक मुक्ति

यहाँ मैनालीले नाटकमा गीतात्मक शैलीको भूमिका र बालकृष्ण समको प्रयोग सम्बन्धमा चर्चा गरेका छन् । उनले पहिलेका नाटकमा गीतको माध्यमले सिर्जित भयावह दुःख, विह्वलतालाई कोमल गराउने वा प्रभाव निष्पतिमा स्थायित्व ल्याउने प्रयत्न गीतद्वारा गरिन्थ्यो भन्दछन् । मैनालीले यस प्रयत्नलाई गीतात्मक मुक्तिको रूपमा परिभाषा गरेका छन् । बालकृष्ण समले सुखान्त वा दुःखान्त कुनै पनि किसिमका नाटकमा गीतात्मक प्रभाव पार्ने प्रयत्न गरेका छैनन् भन्ने चर्चा मैनालीले गरेका छन् । मनोरञ्जन तथा संवेदनशीलताभन्दा विचार र मनोविज्ञान अघि सार्ने समले गीतात्मक मुक्तिलाई आफ्ना प्रयोगमा खास महत्त्व नदिएको विश्लेषण मैनालीले गरेका छन् । नाटकहरू गीतात्मक मुक्तिलाई खास ध्यान नदिएको कारण अभिनय कुशलतामा पनि कमजोर रहेको व्याख्या मैनालीले गरेका छन् । **प्रह्लाद** नाटकमा पनि गीतात्मक मुक्तिलाई प्रयोग नगरिएकै कारण अभिनय पक्षमा फितलो रहेको मूल्याङ्कन मैनालीको छ ।

## ५. नाटकका आकार

मञ्चीय दृष्टिले नाटकको आकार सानो हुनुपर्ने धारणा मैनालीको छ । उनका अनुसार नाटक मञ्चनीय हुन संवादमा सङ्क्षिप्तता हुनुपर्छ । लामो एवम् अनावश्यक घटनाविधानको नाटक आधुनिक जमानामा अभिनय कुशलताको दृष्टिले अनुकूल हुन सक्देन । थोरै अङ्क र एउटा दृश्य भएमा रङ्गमञ्च व्यवस्थापनमा सहजता र स्वाभाविकता ल्याउन सकन्छि भन्ने मैनालीको धारणा छ । थोरै दृश्य भएको नाटक नाटकीय उत्कर्ष र संवादको द्वन्द्वात्मक भूमिका निर्वाहका लागि पनि सर्वथा सफल सिद्ध हुन्छ भन्ने कुरामा मैनालीले जोड दिएका छन् । समको **प्रह्लाद** नाटक धेरै दृश्य एवम् अङ्कमा विभाजन गरिएकोले अभिनयका दृष्टिले प्रभावकारी हुन नसकेको विचार राखेका छन् ।

### ५.३.७ नाटकीय तत्त्वका आधारमा प्रह्लाद

मैनालीले यस समालोचनामा नाटकका तत्त्वका आधारमा प्रह्लाद नाटकलाई विश्लेषण गरेका छन् । यस समालोचनाको प्रारम्भमा नाटकको पृष्ठभूमिको बारेमा चर्चा गरिएको र त्यसपछि नाटकका आवश्यक तत्वका आधारमा बालकृष्ण समलाई पर्गेलिएको छ । कलाका अन्य माध्यमभन्दा नाटक प्राचीन कला हो भन्दै मैनालीले प्राचीन नाटकमा जीवनको यथार्थता, आङ्गिक हाउ भाउ तथा इशाराद्वारा नै अभिव्यक्त हुने उल्लेख गरेका छन् । प्राचीन नाटकको पृष्ठभूमिपछि मैनालीले यहाँ नाटकीय तत्त्वहरूलाई शीर्षक नै दिएर विश्लेषण गरेका छन् । यहाँ सोही शीर्षकअनुरूप नै उल्लेख गरिएको छ ।

#### १. विषयवस्तु वा कथानक

मैनालीका अनुसार नायक वा नायिकाको कार्य-व्यापार र सोको वातावरण, समय आदिको वर्णन नै कथानक हो । कथानकले कथाको विकासलाई विभिन्न अवस्था र स्थितिमा रोचक ढङ्गले प्रस्तुत गर्ने कलात्मक योजनाको काम गर्दछ । उनका अनुसार कथानकभन्दा विषयवस्तु बृहत हुन्छ । नाटककारले पुराण, लोककथा, कपोलकल्पना वा सामाजिक विषयलाई कथानक बनाएर नाटकको रचना गर्न सक्छ । अन्य भन्दा सामाजिक कथानकको प्रभाव सार्वजनीन हुन्छ भन्ने धारणा मैनालीले राखेका छन् ।

बालकृष्ण समले नाटकको मुख्य विषयको रूपमा पुराणलाई आधार मानेका छन् भन्दै मैनालीले सामाजिक विषयवस्तुको चयनभन्दा पौराणिक तथा ऐतिहासिक विषयवस्तुको चयनमा  नाटककारलाई नाटकीय स्वतन्त्रता रहँदैन, यसको कारण नाटकलाई शाश्वतता र जीवन्तता प्रदान गर्न निकै विचार, सावधानी र शिल्पमा परिबन्धित रहनुपर्ने हुन्छ भन्ने विश्लेषण गरेका छन् । **प्रह्लाद, मुकुन्द इन्दिरा** झैँ गतिशील पुनरावृत्तिमा नरहनु उल्लेखित कथानककै समस्या हो भन्ने धारणा मैनालीले राखेका छन् ।

#### २. चरित्र चित्रण

नाटकमा कथानकपछि चरित्रको भूमिका महत्त्वपूर्ण हुन्छ भन्दै मैनालीले वास्तविक जीवनका विविध पक्षको उद्घाटन गर्ने तत्त्व नै चरित्र हो भनेका छन् । मैनालीले चरित्रविनाको कथानक निष्क्रिय र निर्जीव हुन्छ भनेका छन् । कथानक विनाकै चरित्रले

आफ्ना हाउ भाउ आङ्गिक अभिनय र मौनताबाट पनि भाव र विचारको सम्प्रेषण गर्न पुग्छन् भन्दै मैनालीले नाटकमा चरित्रको महत्त्वबारे चर्चा गरेका छन् । नाटकमा चरित्रले कथासूत्रलाई गतिशील बनाई जीवन्तताको निर्वाह गर्दछ भन्दै मैनालीले चरित्र विनाको नाटकको कल्पना नै गर्न नसकिने उल्लेख गरेका छन् ।

मैनालीले **प्रह्लाद** नाटकमा प्रह्लाद मुख्य तथा मुख पात्रको रूपमा रहेको चित्रण गरेका छन् । प्रह्लादकै भूमिकाले नाटकको प्रवाहशीलता, द्वन्द्वात्मकता र जीवन्तताको जगेर्ना गर्न सकेको र नाटक उद्देश्यप्राप्तिमा सफल भएको चित्रण गरेका छन् । प्रह्लाद शान्ति तथा विष्णुभक्ति रहेको र भौतिकवादलाई नमान्ने चरित्र हो भन्ने व्याख्या मैनालीले गरेका छन् । यस नाटकका नारद र ब्रह्मालाई मैनालीले सहनायकका रूपमा व्याख्या गरेका छन् । गौणपात्र र गौण भूमिकामा समले त्यति ध्यान नदिएको बताउँदै मैनालीले प्रतिनायक हिरण्यकशिपुमा निहित दृढता, स्थिरता र एकाग्रताले नाटकीय गतिशीलताको प्रवाह अति प्रभावकारी भएको उल्लेख गरेका छन् ।

### ३. कथोपकथन

मैनालीले कथोपकथन नाटकको अभिनय र कार्यव्यापारको माध्यम हो भनेका छन् । नाटक अभिनयमूलक रचना भएकोले अन्य विधामा भन्दा यसमा कथोपकथनको भूमिका प्रष्ट एवम् अधिक हुन्छ भन्ने धारणा मैनालीले राखेका छन् । नाटकका पात्रहरूमा कार्यव्यापार, उद्देश्य उन्मुखता तथा दर्शकका लागि विचार सम्प्रेषण गर्न कथोपकथनलाई प्रयोग गरिन्छ भन्दै मैनालीले यहाँ **प्रह्लाद** नाटकमा प्रयोग भएको कथोपकथन (संवाद) को चर्चा गरेका छन् ।

**प्रह्लाद** नाटकमा पात्रगत मनस्थिति सापेक्ष संवादशैलीको सफल प्रयोग भएको चर्चा मैनालीले गरेका छन् । **प्रह्लाद** पौराणिक नाटक भएकोले अन्य सामाजिक नाटकमा झैँ नाटककारले घटना विश्लेषण तथा कथानक प्रगतिको सुस्पष्ट सरल बाटो अपनाउन सकेका छैनन् भन्ने समालोचक मैनालीको विश्लेषण छ । प्रह्लादमा ईश्वरीय सत्तावादीको स्वरूप माथिल्लो बौद्धिकस्तरमा देखाइएको, कशिपु, शण्ड, विप्रचित, हलाजस्ता पात्रहरू दानव विद्वान् र वैज्ञानिक नै भएकोले उनीहरूको विचार प्रसारण माध्यममा स्तरीयता रहेको तथा

सागरी, रोध, तमुल, फेन, कथाधुका बोलाइमा पनि स्तरियताको यथासक्य प्रयोग भएको चर्चा मैनालीले गरेका छन् ।

**प्रह्लाद** नाटकमा कथोपकथनलाई प्रभाव पार्ने भाषा, शैलीको प्रयोग पनि सरल रूपमा प्रयोग नभएको उल्लेख गर्दै मैनालीले यसको कारण वैचारिक पक्षलाई प्रमुख तत्त्व बनाइनु हो भनेका छन् । संवादको भाषा जटिल भएकोले अभिनयका दृष्टिले नाटक सफल हुन नसकेको निष्कर्ष मैनालीको छ । कथोपकथन जटिल हुनुको अर्को कारण समले प्रयोग गरेको गद्यपद्य मिश्रित अनुष्टुप शैली पनि हो भन्दै मैनालीले समग्रमा **प्रह्लाद**मा प्रयोग भएको कथोपकथन सरल छैन् भन्ने व्याख्या गरेका छन् ।

## ४. अभिनय

प्रदर्शनविना नाटकीय मर्म र अर्थ प्रकाशमा ल्याउन नसिकने हुँदा नाटक र अभिनय एक अर्कामा पर्यायी हुन भन्ने मैनालीको विचार छ । अभियका दृष्टिले **प्रह्लाद** नाटक सफल छैन् भन्दै मैनालीले यसको कारण वैचारिक पक्षलाई नाटकको मुख्य उद्देश्य बनाइनु, नाटक लामो हुनु तथा कथोपकथन जटिल हुनु हो भन्ने उल्लेख गरेका छन् । साथै बारबार दृश्य परिवर्तन गर्दा नाटकीय कुतूहलता पनि छिन्नभिन्न हुन्छ भने दर्शकहरूमा दिक्दारीपन बढ्न जान्छ अनि दर्शकहरूमा वास्तविकताको बोध पनि हुन पाउँदैन भन्ने समालोचक मैनालीको धारणा छ । अतः **प्रह्लाद** नाटक अन्य सामाजिक नाटकभन्दा अभिनयका दृष्टिले कमजोर छ भन्ने मैनालीको निष्कर्ष छ ।

## ५. कलागत सापेक्षता र नाटकीय मूल्य

मानवीय अस्तित्वबोधमा केन्द्रित कलासाहित्य नै सफल हुने भएकोले मैनालीले जीवनबाट पृथक नाटकको नाटकीय मूल्य नै नहुने चर्चा गरेका छन् । मैनालीका अनुसार बालकृष्ण सम सफल कथाकार पनि भएकाले चित्रात्मक मूल्यलाई सूक्ष्म तर सहज र शिल्पपूर्ण रूपमा आफ्ना अन्य कलामा प्रयोग गरेका छन् । **प्रह्लाद**मा यसको यथासम्भव स्थापना गरे पनि यो पौराणिक नाटक भएकाले कलात्मक पूर्णता पाउन सकेको छैन । अन्य सामाजिक विषयका नाटक यस दृष्टिले सफल भए पनि **प्रह्लाद** नाटकमा कलात्मक अभिव्यक्ति सफल हुन् नसकेको विश्लेषण मैनालीले गरेका छन् ।

## ५.३.८ पौराणिक नाटक ध्रुव र प्रह्लादको तुलनात्मक विवेचना

यस समालोचनामा मैनालीले **ध्रुव** र **प्रह्लाद** नाटकबीचको भिन्नता र समानता पक्षको विश्लेषण गरेका छन् । यी दुबै नाटकको विषयवस्तु पौराणिक छ र दुबैमा ईश्वरीय तपस्या र त्यसको परिणति नाटकको फलप्राप्ति भएको छ भन्दै मैनालीले यी दुई नाटकको समान पक्षलाई औँल्याएका छन् । मैनालीले ध्रुव र प्रह्लाद दुवै पात्र ईश्वरीय भक्तिमा तपस्या गर्दछन् र आफ्नो ईश्वरीय भक्तिलाई परित्याग गर्न भन्दा आफ्नो प्राण नै त्याग गर्न समर्थन हुन्छन् भन्दै दुबै नाटकमा नायक पात्रका समान पक्षलाई केलाएका छन् । दुबै नाटकमा नारदको निर्देशन हुन्छ, भन्दै मैनालीले नाटककारको वैचारिक पक्षलाई अभिव्यक्त गर्ने मुखपात्र नै नारद भएको विश्लेषण गरेका छन् । जङ्गलको एकान्तमा तपस्यारत बालक ध्रुवलाई नारदले नारायणसत्ताको बोध गराउँदै भक्तिमार्गमा जीवन समर्पण गर्न प्रेरित गराउँछन् भने प्रह्लादलाई आर्यसंस्कृति, आध्यात्म र आदर्शको पाठ पढाउँछन् भन्ने विश्लेषण मैनालीले गरेका छन् । दुबै नाटकको महत्त्वपूर्ण समान पक्ष दुबैको अन्त्य दुःखात्मक प्रवृत्तिको हुनु हो भन्ने निष्कर्ष मैनालीको छ ।

**प्रह्लाद** नाटकको कथानक पूर्णतः पौराणिक हो भने **ध्रुव** नाटकको कथानक पौराणिक भएपनि सामाजिक मनोभावको सानो कथालाई पनि लिएर अघि बढेको भन्दै मैनालीले सूक्ष्म रूपमा कथानकको तुलना गरेका छन् । ध्रुव र उत्तानपादको स्थिति तथा कशिपु र प्रह्लादको स्थिति बिल्कुल फरक छ भन्दै मैनालीले ध्रुव केवल बात्सल्यता, पितृप्रेम तथा राज्यसम्बन्धी समस्यामा मात्र विचलित छ र यसैबाट उसलाई ईश्वरीय सत्ता पत्ता लगाउन तपस्या गर्ने प्रेरणा मिल्छ, तर प्रह्लादमा वैचारिक आन्दोलन प्रमुख रूपमा रहेको छ । प्रह्लाद मानवतावादी तथा संस्कृति समर्थक हो तर ध्रुवले ईश्वरप्राप्तिलाई मुख्य लक्ष्य बनाएको कुरा मैनालीले उल्लेख गरेका छन् । ध्रुव सहानुभूतिको पात्र हो ऊ वन जाने घटनादेखि फर्कदासम्म नन्दन, दमन, नारदको सहानुभूति र कोमल वात्सल्यता प्राप्त गर्छ तर प्रह्लादलाई आमाबाबुको वात्सल्यता पनि छैन र अन्य कसैको सहानुभूति पनि छैन । उसमा उमेरभन्दा परिपक्व ज्ञान छ, भन्दै मैनालीले ध्रुव र प्रह्लादको चारित्रिक भिन्नता औल्याएका छन् । ध्रुव वन जादा केहीँ हार्दिकताको उद्‌बोधन हुन आँटेको र दृश्यको परिवर्तनले त्यो हार्दिकताले विकास हुन पाएको छैन् तर प्रह्लादमा कतै पनि हार्दिकताको

उद्‌बोधन नै भएको अवस्था छैन । प्रह्लादलाई पिट्ने, बाध्ने, खसाउने जस्ता कार्यले पनि उसमा हार्दिकता नदेखिएको हो भन्ने मैनालीको विचार छ ।

वैचारिक दृष्टिले **ध्रुव** नाटकभन्दा **प्रह्लाद** नाटक विचारमा अडिग रहेको विश्लेषण मैनालीले गरेका छन् । प्रह्लादमा विचार पौढता भएकोले पनि **प्रह्लाद** नाटकमा वैचारिक पक्ष प्रमुख रूपमा रहेको धारणा मैनालीले राखेका छन् । प्रह्लादले दैत्य कुलमा रहेर दैत्यकै भर्त्सना र आर्य संस्कृति र ईश्वरीय सत्ताको प्रचार जस्तो कठिन काम गर्ने, प्रेमिकाको प्रेमलाई पनि ईश्वर प्रेममा रूपान्तरण गर्ने जस्ता कार्यले उसमा पौढता रहेको प्रष्ट हुन्छ भन्दै मैनालीले ध्रुवमा यस्तो कठोरपन नपाइने चर्चा गरेका  छन् ।

### ५.३.९ नाटककार सममा देखिएका नाटकीय दोष

मैनालीले यस समालोचनामा नाटककार सममा रहेका कमिकमजोरीहरूलाई औँल्याएका छन् । यसमा मैनालीले विशेषगरी **प्रह्लाद** नाटकमा देखिएका कमजोरीमाथि प्रकाश पारेका छन् ।समका नाटकहरू प्राकृतिकता भन्दा कृत्रिमता जस्ता लाग्छन् भन्दै मैनालीले यसको कारण नाटकमा वैचारिक पूर्वाग्रह रहेकोले हो, भन्ने चर्चा गरेका छन् । इन्दिरा हिन्दु आदर्शवादी नारी भएकोले ऊ सतीसावित्रीको रूपमा रहन्छे । वासना र शृङ्गारको भोको पुरुषले समेत उसलाई विचलित पार्न सक्दैन, यतिबेलासम्म नाटकको पूर्वाग्रह नदेखिने तर जब मुकुन्द घर फर्कन्छ अनि नाटकीय भूमिकामा कृत्रिमता प्रष्टिन्छ भन्ने व्याख्या मैनालीको छ । **प्रह्लाद**मा विचार पूर्वाग्रह प्रत्यक्ष देखिन्छ भन्दै मैनालीले प्रह्लाद निरीह भूमिकाको कलिलो व्यक्तित्व हो, जसको सम्बन्ध पुराणमा छ, तर उसलाई गान्धीको प्रतीक स्वरूपमा उतार्नु नै समको नाटकीय दोष रहेको चर्चा मैनालीले गरेका छन् । नाटककारले प्रह्लादलाई विस्तृति र आत्मदर्शनको उन्मुक्त परिवेश सुम्पेका छन्, त्यसैले नाटक  कृत्रिम बन्न पुगेको हो भन्ने विश्लेषण मैनालीले गरेका छन् ।

मैनालीले असल साहित्यमा जीवन जगतको कल्पना कोरिएको हुन्छ भनेका छन् । नाटकमा यथार्थ जीवन जगत्‌लाई प्रत्यक्ष रूपमा दर्शकहरूका माझ देखाइन्छ भन्दै मैनालीले दर्शकमाझ एकाग्रता सिर्जना गर्न नसक्नु समको नाटकीय दोष हो भनेका छन् । प्रह्लाद नाटकको विषयवस्तु पौराणिक भएकोले पनि जीवनको यथार्थताको चित्रणलाई उतार्न नसकिएको र नाटकीय प्रभाव निष्पति हुन नसकेको दोष मैनालीले लगाएका छन् ।

ईश्वरसाधना मात्र गर्दैमा मानवसत्ताको रक्षा हुन नसक्ने भन्दै मैनालीले यसलाई नाटकीय दोषका रूपमा औँल्याएका छन् । जुन नाटकमा वास्तविक जीवनको प्रष्ट छायाँ मञ्चन हुन्छ, त्यो नाटक नाटकीय प्रभाव पार्नमा सफल हुन्छ भन्दै मैनालीले सममा यो प्रवृत्ति नपाइने उल्लेख गरेका छन् ।

अभिनयका दृष्टिले पनि सममा नाटकीय कमजोरी रहेको मूल्याङ्कन मैनालीले गरेका छन् । उनले समले अँगाल्ने विषयवस्तु पनि पुराणमा आधारित हुने भएकोले मञ्चनमा समस्या परेको उल्लेख गरेका छन् । धेरै दृश्य र दृश्यहरू दोहोरिनाले पनि नाटक मञ्चनमा कृत्रिमता देखिने तथा आवश्यकभन्दा बढी पात्रहरू, झन्झटिलो र लामो संवाद जस्ता कुराहरूले समको नाटकीय दोष प्रष्ट हुन्छ भन्ने मैनालीको मूल्याङ्कन छ । यही दोष समको **प्रह्लाद** नाटकमा पनि देखिने चर्चा मैनालीले गरेका छन् । प्रह्लादलाई नाटकीय दोषबाट मुक्त पार्नका लागि आनावश्यकझैं देखिने पात्रहरूको भूमिकाको निर्वाहमा कटौति, संवादमा सङ्क्षिप्तता र अभिनयमा केही ध्यान दिइनुपर्ने थियो भन्दै मैनालीले निष्कर्ष सहितको सुझाउ दिएका छन् ।

## २. भाषाशैलीाय विन्यास

भाषाशैलीय विन्यासका दृष्टिले **समको पौराणिक नाट्य कौशल** समालोचकनात्मक कृति सरल तथा सम्प्रेष्य भाषामा संरचित छ । सरल शब्द प्रयोगमा पनि भाव अभिव्यक्तिका दृष्टिले जटिलता थपिनु मैनालीको विशेषता नै हो । त्यसैले यसको भावगत पक्ष भने बौद्धिक खालको छ । बालकृष्ण समको बारेमा अपरिचित र उनका नाटकहरूको कथासार नै थाहा नभएका पाठकका लागि यसको भाव बुझ्न कठिन पर्छ । भाषा सरल भए पनि तार्किक शैलीमा कथ्यको विश्लेषण गरिएकोले जटिल बन्न पुगेको छ ।

यस कृतिमा मैनालीले नेपाली भाषामा प्रचलित तत्सम र तद्भव शब्दहरू प्रयोग गरेका छन् । विभिन्न कोणबाट समको नाट्य प्रवृत्ति केलाउँदा मैनालीले नाटककै उद्धरणको प्रशस्त प्रयोग गरेका छन् । प्रस्तुत कृति वस्तुकेन्द्री भन्दा बढी व्यक्तिकेन्द्री समालोचना भएकोले कृतिको भाषामा निबन्धात्मक आत्मपरक शैलीको प्रभाव परेको देखिन्छ । यस समालोचनामा अङ्ग्रेजी शब्द र वाक्य प्रशस्त प्रयोग गरिएको छ । अङ्ग्रेजी वाक्यहरू जस्तै

:  "that man in short that man in brief …………weste  and pines, pines waste …………?" (पृ.३३), "nothing happens nobody comes nobody goes, its aways" (पृ.७२) ।

समग्रमा भन्नुपर्दा यस कृतिमा नेपाली नाटकको इतिहासमा बालकृष्ण समलाई चिनाउने प्रयासका साथै उनका नाट्य प्रवृत्ति, नाटकीय दोष तथा विभिन्न नाटकहरूका सन्दर्भको चर्चा गरिएको छ । यो कृति विशेषगरी प्रह्लाद नाटकमा केन्द्रित देखिन्छ । यसमा समका नाटकहरूलाई मैनालीले सिद्धान्तमा केन्द्रित रहेर विश्लेषण गरेका छन् । जस्तै : *नाटकीय तत्त्वका आधारमा प्रह्लाद* शीर्षकको लेखमा मैनालीले प्लेटो, ब्राउबोजस्ता विद्वान्का सैद्धान्तिक परिभाषा प्रस्तुत गर्दै विश्लेषण गरेका छन् । यिनले पृष्ठको अन्त्यमा पादटिप्पणीसमेत प्रस्तुत गरेर लेखलाई प्रमाणिक बनाउने कार्य पनि गरेका छन्

## ५.४ कर्मयोगी देवकोटा महाकाव्यको विश्लेषण कृतिको विश्लेषण

### १. परिचय

**कर्मयोगी देवकोटा महाकाव्यको विश्लेषण** नामक कृति वि.सं २०६९ मा सुरभि साहित्य प्रतिष्ठान जोरपाटी, काठमाडौँबाट प्रकाशित भएको देखिन्छ । आकार प्रकारका दृष्टिले डिमाइ साइजको रहेको प्रस्तुत कृति जम्मा १०६ पृष्ठमा संरचित रहेको छ । यस कृतिको आवरण सज्जा रमेश क्षितिजद्वारा गरिएको छ । प्रस्तुत कृतिको अगाडिको आवरण पृष्ठ रङ्गीन छ । सिरानमा हरियो अक्षरमा **कर्मयोगी देवकोटा महाकाव्यको विश्लेषण**द्वारा प्रस्तुत कृतिको नाम दिइएको छ । हातमा कलम समाएर लेख्न थालेका महाकवि देवकोटाको फोटो पनि अगाडिको आवरण पृष्ठमा राखिएको छ । कृतिको पछाडिको आवरण पृष्ठमा दायाँ साइजको माथि समालोचक मैनालीको फोटो राखिएको छ । त्यसको बायाँ साइडमा मैनालीको परिचय खण्ड राखिएको छ । आवरणको पुच्छरमा रातो अक्षरमा सुरभि साहित्य प्रतिष्ठान लेखिएको छ ।

यसमा सुरभि साहित्य प्रतिष्ठानका सचिव अच्युत घिमिरेले प्रकाशकीय लेख लेखेका छन् । 'कर्मयोगी देवकोटा महाकाव्यको विश्लेषणमाथि एक दृष्टि' शीर्षकमा प्रा.डा. खगेन्द्रप्रसाद लुइटेलले भूमिका लेखका छन् । समालोचक मैनाली स्वयमद्वारा 'आफ्नै कुरा' शीर्षकमा लेख लेखिएको छ । भाइ चन्द्रमैनालीलाई जसले अल्पआयुमै यस संसारलाई

छाडेका थिए उनीप्रति समर्पण गरी मैनालीले यस कृति लेखेको कुरा पनि समर्पण पृष्ठमा उल्लेख गरिएको छ ।

मैनालीले महाकवि लक्ष्मीप्रसाद देवकाटालाई नायक बनाई श्रीहरि फुयाँलद्वारा लेखिएको **कर्मयोगी देवकोटा** शीर्षक कृतिको गहन अध्ययन गरी विश्लेषणात्मक समीक्षा गरेका छन् । फुयाँलद्वारा लिखित **कर्मयोगी देवकोटा** शीर्षकको कृतिको विश्लेषण गर्नुअघि पृष्ठभूमि लेखएिको छ । पृष्ठभूमिमा फुयाँलको परिचय तथा लेखनका विशेषताबारे चर्चा गरिएको छ । यहाँ फुयाँलको महाकाव्य **कर्मयोगी देवकोटा** माथि मैनालीले गरेको समीक्षा माथिको मूल्याङ्कन गरिएको छ । उनले फुयाँलको यो कृति जम्मा पन्ध्र सर्गमा विभाजित भएको बताएका छन् । मैनालीले यस कृतिको विश्लेषणात्मक समालोचना गर्दा सर्गसर्गमा समालोचना गर्न उपयुक्त हुने भएकोले यसै गरिएको उल्लेख गरेका छन् । यसमा पनि यसै अनुरूप विश्लेषण गरिएको छ ।

**सर्ग एक**

यस सर्गमा मैनालीले देवकोटाको राजनीतिक जीवन र महाकाव्यको मङ्गलाचरणको विषयमा चर्चा गरेका छन् । देवकोटाको जीवनमा प्रत्यक्ष रूपमा राजनीतिले प्रभाव पारेको विषयलाई मैनालीले यहाँ चर्चा गरेका छन् । साहित्यकारको व्यक्तित्वको एउटा आयाम राजनीति पनि हो भन्दै मैनालीले देवकोटाको जीवनमा राजनीतिले अस्थिरता ल्याएको उल्लेख गरेका छन् । जनचेतना फैलाउने भोकमा देवकोटालाई राजनीतिले बनारसको गल्लीको चिसो छिँडीमा पुऱ्यायो, चुरोटका अम्मली देवकोटालाई जीर्णतातर्फ डोऱ्यायो भन्दै मैनालीले देवकोटाको राजनीतिक जीवनलाई उल्लेख गरेका छन् । बदलिँदो सन्दर्भमा राजनीतिक सन्दर्भ पनि बदलिँदै जाने भएकोले आजको राजनीतिले हामीमा टासिएर हाम्रो परिवेशलाई मैलो थोत्रो तुल्याउँदै लगिरहेको छ जसरी देवकोटालाई बनारसको गल्लीको चिसो छिँडीमा पुऱ्यायो भनेका छन् ।

वि.सं. १९९७ देखि २०६९ सम्मको राजनीतिको सन्दर्भलाई मैनालीले यहाँ चर्चा गरेका छन् । जागरणको चेतनालाई प्रकाश पारेको **मकैको खेती** नामक कृतिमाथि प्रतिबन्ध लगाएको राजनीतिक समयदेखि आजसम्म आइपुग्दा परिवर्तन नामधारी धेरै खुट्किलो चढिएको छ, तर पनि स्वर्गको दरबार भेटिएको छैन् भन्दै मैनालीले प्रजातन्त्रदेखि

गणतन्त्रसम्मको समय सबै निरर्थक भएको उल्लेख गरेका छन् । उनले राजनीतिले नै देवकोटालाई २०१४ सालमा शिक्षामन्त्री बनाएको उल्लेख गरेका छन् । देवकोटाजस्तो असल व्यक्ति मन्त्री बन्नु राम्रो राजनीतिक खेल थियो भन्ने मूल्याङ्कन मैनालीले गरेका छन् ।

**कर्मयोगी देवकोटा** नामक महाकाव्यको पहिलो सर्गमा मङ्गलाचरण रहेको उल्लेख गरिएको छ । मङ्गलाचरणमै महाकवि फुयाँलको महामानवीय गुणमा महाकाव्यको सार्थकता रहेको भन्दै मैनालीले काव्यकार फुयाँलको प्रशंसा समेत गरेका छन् । काव्यकार फुयाँल ती कर्मयोगी (देवकोटा) का कर्मप्रति नतमस्तक छन्, उनको चारित्रिक विशेषताप्रति मुग्ध छन् भन्दै मैनाली महाकाव्यकार देवकोटाप्रति निकै वस्तुवादी भएर देखा परेका छन् । यस सर्गमा देवकोटाका वंश कहाँबाट आए भन्नेदेखि लिएर कुन बेलादेखि काठमाडौँमा प्रवेश गरे सविस्तार उल्लेख गरिएको छ भन्दै मैनालीले । वंशवृक्ष नै खडा गरी पहिलो सर्ग छुट्यायएको छ भन्ने चर्चा गरेका छन् ।

### सर्ग दुई

यस सर्गलाई महाकाव्यकार फुयाँलले दुई खण्डमा विभाजन गरेको उल्लेख मैनालीले गरेका छन् । शारदीय महोत्सव र देवकोटाको जन्म गरी दुई खण्डमा विभाजन गरिएको छ । शारदीय महोत्सवमा ऋतुपरिचय दिइएको छ । ऋतुहरूले दिने उपहाररूपी फलफूलसमेत समेट्दै बढी सविस्तार ऋतुरागमा कवि डुबेका छन् भन्ने चर्चा मैनालीले गरेका छन् । शारदीय सौरभको बखानमा झुम्मिदैँ कविले भाका हालेका छन् भन्दै समालोचकले महाकाव्यको श्लोक प्रस्तुत गरेका छन् :

*हटे फाटे आफै पर-पर गए बाल घना*
*हटी कालो मैलो गगनभर भो निर्मलपना*
*नदीनाला सङ्ले बगरसँग खेल्दै तलचले*
*खुले डाँडाकाँडा हरित वनले रोगन दले । (पृ. ९)*

यही शारदीय सौरभको वर्णन गर्दागर्दै दसैँको वातावरणमा रम्दारम्दै तिहारको रमझमकाबीच १९६६ कार्तिक २७ गतेको पावन दिन आइपुग्छ, लक्ष्मीपूजाको त्यो दिन एउटा चम्किलो नक्षत्रको जन्म हुन पुग्छ भन्ने विषयलाई महाकाव्यले बखान गरेको छ भन्ने

कुरालाई मैनालीले उल्लेख गरेका छन् । देवकोटाको न्वारनको नामदेखि लिएर यावत् पक्ष समेट्ने जुन मिहेनत कवि फुयाँलले गरेका छन्, त्यो स्तुत्य छ भन्ने मूल्याङ्कन मैनालीको छ ।

**सर्ग तीन**

मैनालीले यस सर्गमा देवकोटाको बाल्यकालको चित्रण गरिएको छ भनेका छन् । आफ्नो लेखनीको क्षमतालाई महाकवि फुयाँलले यहाँ रबर छन्दमा उजागर गरेका छन् भन्ने चर्चा मैनालीले गरेका छन् । उनले देवकोटाको बाल्यकालको सूक्ष्म अवलोकन गरी महाकविले आफ्नो प्रतिभा उजागर गरेका छन् भन्दै महाकविको प्रशंसा गरेका छन् । महाकविले वर्णविन्यास र संयोजनकलामा लालित्य देखाउन भरपूर प्रयास गरेका र तेस्रो सर्गदेखि सफल पनि भएका छन् भन्ने मूल्याङ्कन् मैनालीले गरेका छन् ।

महाकविले देवकोटाको बाल्यकालको वर्णन गरेका छन् भन्ने चर्चा मैनालीले गरेका छन् । पन्छिले नीलगगनमा सयर गरेजस्तै कल्पनाकाशमा सयर गर्ने देवकोटाभित्रको प्रवृत्ति विचित्र प्रकृतिको छ, सानो घटनाको पनि उनलाई गहिरो असर पार्दछ भन्नेजस्ता बाल्यकालका प्रवृतिलाई महाकाव्यमा वर्णन गरिएको उनले उल्लेख गरेका छन् । देवकोटाको विलक्षणताको वर्णन गर्दै महाकाव्यमा भनिएको कुरालाई मैनालीले यसरी उल्लेख गरेका छन् : "९ वर्षको पढाइ ५ वर्षमै पूरा गर्ने लक्ष्मीप्रसाद दवेवकोटाको बिहान ५ वजे नै पढाइ आरम्भ हुन्छ र यो क्रम रातको १२ बजे मात्र विश्राममा पुग्छ ।"(पृ.१२)

देवकोटाले बाल्यपनामै गहकिलो कविता लेखेर देखाए, उनलाई रिस गर्न्नेहरू उनीमाथि अरिङ्गाल बन्दै जान्छन्, त्यसलाई हाँक ठानेर अझ उनी लेख्दछन् तर घरको दरिद्रताले बाटो छेक्छ भन्दै बाल्यकालको यथार्थ जीवनको व्यथालाई महाकाव्यमा प्रस्तुत गरिएको छ भन्ने चर्चा मैनालीले गरेका छन् । कवितायात्रामा देवकाटाको अन्तर्मनलाई गरिबीले रोक्न सक्दैन । भाउजुको विरहले सोसिएर उनी पग्लन्छन् र 'म त अभागिनी पो भएँ' भन्ने भाव उनमा प्रवाह हुन्छ । यही पोखाइलाई फुयाँलले बाल्यकालको वर्णनको क्रममा उल्लेख गरेका छन् भन्ने विश्लेषण मैनालीले गरेका छन् । गरिबीले जीर्ण बनेको घरलाई माथि उठाउन शिक्षक बनेर पैसा कमाउने अन्तरमनको जाँगरलाई पनि महाकाव्यमा यथार्थ रूपमा वर्णन गरिएको छ भन्दै मैनालीले देवकोटाको त्यो जाँगरप्रति नतमस्तक हुँदै फुयाँलले काव्यको आकार दिन पुग्छन् भन्ने धारणा राखेका छन् ।

**सर्ग चार**

मैनालीले यस सर्गलाई पनि काव्यकारले महाकाव्यलाई दुई खण्डमा खण्डिकरण गरेको उल्लेख गरेका छन् । उनले १ देखि १८ श्लोकसम्म हेमन्त ऋृतु र १९ देखि ७९ सम्म शिशिर ऋृतुको वर्णन गरिएको बताउँछन् । यी दुई ऋृतुहरूलाई वर्णनमा उभ्याएर यहाँ कविले देवकोटाको कर्मयोगको वर्णन गर्न खोजेका छन् भन्ने विषय मैनालीले उल्लेख गरेका छन् । कविले लोकछन्दमा बाँधिएको ठोस आधारभूमि देवकोटाकै निम्ति खोज्दै हेमन्त ऋृतुलाई पहिचान गराउन लेखेको हरफलाई मैनालीले उल्लेख गरेका छन्, जस्तै :

*मलीन मुख लिएर आयो हेमन्त विस्तारै*
*दुःख र दर्द खपेको मान्छे आएझैँ विस्तारै । (पृ.१३)*

मैनालीले यस समालोचनामा हेमन्त ऋृतुमा जाडो बढ्दै जाँदा मङ्सिरको आधासम्म फूलका थुँगा फक्रिन्छन्, त्यसबेला अन्य कक्रिएर रहेका हुन्छन्, ती फूलहरू पुसको तुसारोसँग सङ्घर्ष गरिरहेका हुन्छन् अरू समाप्त हुन पुग्छन्, चराचुरूङ्गी समेत उन्मुक्त उडान भर्न सक्दैनन्, ती फूलका थुँगाले समग्र अवरोधक माध्यम अपनाएर फासफुसे पुसलाई छल्दछन् त्यही फूलको थुँगाझैं कर्मयोगी तथा श्रममा जोतिएका देवकोटाको सङ्घर्षलाई फूलको थुँगाले प्रतीकात्मक रूपमा चिनाइएको चर्चा गरेका छन् । यसरी देवकोटाको श्रमशीलता र कर्मयोगको कर्तव्यपथमा अग्रसरता देखाउन कविले यहाँ हेमन्त काल नै उभ्याएका छन् भन्ने पुष्टि मैनालीकले गरेका छन् ।

दोस्रो खण्डमा अनुष्टुप छन्दमा शिशिर ऋृतुको वर्णन गर्दै कविले आफ्नो दृष्टि प्रकट गरेका छन् भन्ने चर्चा मैनालीले गरेका छन् । कविका अनुसार शिशिर हेमन्तका मीत हुन् । यिनको नाम फरक भए पनि स्वभाव र काम उही हो, दुवैले निरीह कम्पन गर्दछन् भन्दै मैनालीले महाकाव्यमा वर्णन गरेको विषय उल्लेख गरेका छन् । उनका अनुसार यसबेला छोपिने हुस्सुबारे पनि कविले मज्जाको उडान भरेका छन् । हुस्सुबारेको यस्तै सोच राखी हिँडेका देवकोटाले बाटामा एउटा बूढो माग्ने भेटेका र जीर्णताको सजीव आकृति देखेर द्रवित बन्दै आफ्नो कोट फुकालेर माग्नेलाई दिदै आफ्नो बाटो लागेको कुरा महाकाव्यमा उल्लेख गरिएको छ भन्ने चर्चा मैनालीले गरेका छन् । देवकोटाको प्रवृत्तिलाई कविले शिशिर ऋृतुको वर्णन गरी प्रतीकात्मक रूपमा उल्लेख गरेका छन् भन्ने मूल्याङ्कन मैनालीले गरेका

छन् । देवकोटाले सौतेनी आमाको प्रताडना र यातनापीडित बालिकाको क्रन्दन सुनेर द्रवित भई उनलाई सम्झाई बुझाइ घरमा फर्काउन सफल भएको घटनालाई कविले यहाँ वर्णन गरेको चर्चा मैनालीले गरेका छन् । यसरी देवकोटाको जीवनका घटनाहरूलाई कविले ऋतुको माध्यमबाट प्रतीकात्मक रूपमा उल्लेख गरेका छन् भन्ने मूल्याङ्कन मैनालीले यस सर्गमा गरेका छन् ।

**सर्ग पाँच**

*वसन्त वर्णन* शीर्षक दिएर फुयाँलले यस सर्ग वसन्ततिलका छन्दमा रचना गरेको चर्चा मैनालीले गरेका छन् । यस सर्गको प्रारम्भमा वसन्त ऋतुको वर्णन गरिएको र पछिल्लो भागमा देवकोटाको विवाहको वर्णन गरिएको मैनालीले उल्लेख गरेका छन् । हेमन्त र शिशिर ऋतु निस्तेज भएपछि वसन्तको आगमनले प्रकृतिलाई चिनाएको छ र फुयाँलले यस सर्गको आरम्भ वसन्त वर्णनमा केन्द्रित गरेको चर्चा यहाँ मैनालीले गरेका छन् । लक्ष्मीप्रसाद देवकोटा भर्खरै बैंस अवस्थामा प्रवेश गरेको विषयलाई कविले वसन्त ऋतुसँग तुलना गरेर उनको यौवनको चर्चा गरेको कुरालाई मैनालीले उल्लेख गरेका छन् । १६ वर्षे जोवनको चहचह आरम्भ हुँदा उनका गाला गुलाफसरि फक्रिँदा वसन्त ऋतुको राज देवकोटा नै हुन जस्तो कविलाई लागेको उल्लेख मैनालीले गरेका छन् ।

वसन्तको प्रथम प्रहरमा देवकोटाको विवाह ब्राह्मण संस्कार रीतिअनुसार भएको चर्चा २९ हरफदेखि ३५ हरफसम्म गरिएको उल्लेख मैनालीले गरेका छन् । ३६ हरफदेखि गोत्र आदिको वर्णन गरिएको, ७२ हरफदेखि विहेको तयारीको परम्परागत सांस्कृतिक झझल्कोसमेत प्रस्तुत रमाइलो ढङ्गबाट हुन पुगेको छ, जुन ८६ सम्म पुऱ्याइएको छ । ८७ देखि ११९ सम्म अनुष्टुप, १२० देखि १३९ सम्म रतेली गीत घन्काएर श्रीहरिले सांस्कृतिक आँखीझ्याल जगमगाएका छन् । यस्तै १४० देखि १४४ सम्ममा बिहेविधि टुङ्ग्याएका छन् । अन्तमा मैनालीले यस सर्गका कतिपय ठाउँमा श्लोकहरू दोहोऱ्याइएको कमजोरीलाई पनि उल्लेख गरेका छन् ।

**सर्ग छ**

यस सर्गमा देवकोटाको जीवनका घटनाक्रमहरूलाई महाकवि फुयाँलले महाकाव्यमा कसरी प्रस्तुत गरेका छन् भन्ने कुरालाई उल्लेख गर्दै देवकोटाको जीवनका अन्य

घटनाक्रमहरूलाई पनि मैनालीले प्रस्तुत गरेका छन् । यो सर्गको संरचना रबर छन्दमा संरचित छ भन्दै मैनालीले २३ औँ श्लोकसम्म *सङ्क्रमण* र यसपछि *प्रलय* र *प्राप्ति* शीर्षक दिएर यस सर्गको रचना गरेका छन् भन्ने चर्चा गरेका छन् ।

गरीब जीवनसँग सङ्घर्ष गर्दै अघि बढेका देवकोटाको जीवन कविले भनेझैँ सङ्क्रमण थियो भन्दै मैनालीले सङ्घर्षबाट कालान्तर मान्छे बिट मार्न कुलतमा फस्न पुग्दछ, त्यही कुलतमा देवकोटा पनि फसेँ भन्ने चर्चा गरेका छन् । चुरोटको अम्मली बन्न पुगेका कारण उनी अल्पआयुमै मृत्युको अँगालोमा कसिन पुगे भन्दै मैनालीले यसै कुरालाई इङ्गित गर्दै महाकाव्यकार चिन्तित बन्न पुगेका देखिन्छन् भन्ने विश्लेषण गरेका छन् । यसरी फुयाँलले देवकोटाको दुःखादायी जीवन देखाएर उनको परिचय समेत कलात्मक शैलीमा प्रस्तुत गरेका छन् भन्दै मैनाली अगाडि भन्छन् : “सिर्जनाका बान्कीले बीभत्सताको स्वरूपले मुट छुन्छ, मुटु काम्छ ।” (पृ.१८)

देवकोटाको विद्यार्थी जीवनको व्यथालाई सारङ्गीझैँ रेट्न कवि सफल छन् भन्दै मैनालीले फुयाँलको लेखनको प्रशंसा गरेका छन् । मैनालीले देवकोटाले प्रमाणपत्र पढाइको साथसाथै दालभात डुकुको जोह गर्नु पर्ने बाध्यता भएकाले १७/१८ घण्टा ट्युसन पढाउने गर्थे भनेका छन् । यसैबीच देवकोटा सेली, थमसहुड, वड्स्वर्थ, शेक्सपियर, दाँते र किट्सका कवितालाई आफ्नो पिपाशु हृदय तृप्तिका माध्यम बनाउने र आफ्नो हृदयभाव कविताको माध्यमद्वारा पोखेर पनि भोक, तिर्खा मार्छन् भन्दै मैनालीले देवकोटाको विवशतालाई पनि उल्लेख गरेका छन् । यसैबीच देवकोटाले *हाइ ! हाइ ! अङ्ग्रेजी* कविता लेखेपछि केही सन्तुष्टि लिन पुग्छन् र यही सफलताबाट उनमा स्नातक पढ्ने उत्साह पलाउँछ भन्दै मैनालीले यसका लागि देवकोटा पटना विश्वविद्यालयमा पुगेको कुरा पनि उल्लेख गरेका छन् ।

१९८६ सालपछि देवकोटाले आम जनतालाई शिक्षा दिने हेतुले पुस्तकालयको स्थापना गर्न अघि बढेको सन्दर्भलाई कविले देवकोटाकै भावपुञ्जलाई समेट्न खोजेका छन भन्ने विश्लेषण मैनालीको छ । मैनालीले देवकोटाले पुस्तकालय खोल्न लागेको देखेर राणाहरूले त्यसलाई आफ्नो विनाशको कारण ठानेको उल्लेख गरेका छन् । देवकोटा सहित उनको मण्डली पक्रिन्छन् । त्यस कुराले परिवारजनमा ठूलो भुँइचालो जान्छ र विनय गरी शर्तसहित १०० रूपैयाँ जरिमाना गरेर उनलाई जेलमुक्त गरिन्छ भन्दै मैनालीले यहाँ

देवकोटाको जीवनको घटनाक्रम जोडेका छन् । यही घटनाबाट देवकोटाको राजनीतिक जीवन सुरु भएको र यसपछि उनी विद्रोहका कविताबाट अझ मुखारित हुन पुग्छन् भन्ने विश्लेषण मैनालीले गरेका छन् । यसपछि **शाकुन्तल र सुलोचना** महाकाव्यमा देवकोटाले " अब अर्को बुद्ध जन्माउन बुद्धहरूको शासन तोड्नुपर्छ" भनेको कारणले शासकले सामदामको पासो फ्याँक्दछन्, जागिरको जालो थाप्दछन् र उनलाई पटना पठाइन्छ भन्दै मैनालीले देवकोटाको यथार्थ जीवनलाई समेत प्रस्तुत गरेका छन् । मैनालीका अनुसार देवकोटा पटनाबाट स्नातक उपाधि लिएर फर्कन्छन् । देवकोटाको अन्तर्मन साहित्यमा स्नातकोत्तर गर्ने भए पनि दाल, भात र डुकुको कारण पठनपाठन र ट्युसनमै अल्झिन्छन् । त्यसैबीच देवकोटाले वर्डस्वर्थ तथा लुसीको भावमा चारू जन्माउन पुग्दछन् ।

देवकोटाको घरमा दाजुभाइबीच अंशवण्डा भएपछि अभावको जीवनमा सङ्घर्ष थप भएको, १९८९ सालमा छोरो प्रकाशको जन्म भएको, १९९० सालमा भुकम्पको कम्पले विनासको छालै ल्याई दिएको, १९९१/९२ मा बाबुआमाको अवसानपछि टुहुरो बन्नु परेको जस्ता देवकोटाका जीवनका सुखदुःखका घटनानक्रमलाई कवि फुयाँलले *प्रलप* र *प्राप्ति* शीर्षकभित्र मार्मिक पाराले देवकोटाको भावनासँग आत्मसाथ गर्न खोजेका छन्, भन्ने धारणा मैनालीको छ ।

**सर्ग सात**

सर्ग सातभित्र *मन बुझाउने काम* शीर्षकमा देवकोटाका पितामाताको देहावसानप्रति समवेदना र सान्त्वनाका कुराहरू राखिएको र *गोसाइँकुण्ड यात्रा* शीर्षकमा देवकोटाको यात्रा वर्णन गरिएको चर्चा मैनालीले गरेका छन् ।

देवकोटाले घर व्यवहारमा आफ्ना पीडा र व्यथालाई समाल्दै होमिएका, गृहस्थ जीवन चलाउन त्रिचन्द्र कलेजमा अध्यापन गर्न थालेका र उनी विस्तारै आफ्नो काव्ययात्रामा पनि अघि बढ्दै गएको प्रसङ्गलाई फुयाँलले महाकाव्यमा वर्णन गरेको उल्लेख मैनालीले गरेका छन् । साथै अभावको पीडैपिडाबीच वि.सं. १९९२ को अन्त्यतिर छोरी अम्बिकाको जन्म भएको प्रसङ्ग, र १९९४ मा छोरा कृष्णको जन्मको प्रसङ्गसँगसँगै *मन बुझाउने काम* को समापन भएको उल्लेख गरिएको छ । छोराछोरीको जन्ममा पनि देवकोटाको अन्तरमनमा मुस्कानले छुन नसकेको इङ्गित गर्दै काव्यकारले देवकोटाको कोमलतम स्वभाव अनि

कल्पनाशीलताको झाँकी उजिल्याउने प्रयत्न गरेका छन् भन्दै मैनालीले फुयाँलको यो क्षमताको प्रशंसा गरेका छन् ।

फुयाँलले सुनेको कुराको मनोयोगपूर्वक काव्यगत भावना उराल्दछन् भन्दै मैनालीले महाकाव्यकार फुयाँललाई आफैले देखेझैँ गरी काव्यमा प्रस्तुत गर्न सक्नु उनको क्षमताको प्रस्फुटन हो भनेका छन् । देवकोटाले गोसाइकुण्डको यात्रा १९९५ सालमा गरेका थिए त्यहीँ कुरालाई फुयाँलले महाकाव्यमा प्रस्तुत गरेका छन् भन्ने उल्लेख मैनालीले गरेका छन् । काव्यमा नियात्राको स्वाद पस्कने गरी फुयाँलले भाव प्रवाह गरेका छन् भन्दै मैनालीले महाकाव्यमा गरिएको यात्रा वर्णनलाई प्रस्तुत गरेका छन् । महाकाव्यमा देवकोटा सहित तिर्थालु समूहहरू बिहानै नुहाइओरी जिउ हलुङ्गो पारेर हिड्छन्, लामबगर, जीतपुर हुँदै यात्रु समूह पाँचमाने भञ्ज्याङ हुँदै चौघेरो डाँडामुनी समथर तीन सहर फर्केर सुन्दर मुस्कान छाइरहेको हेर्छन्, भन्दै फुयाँलले यात्राविवरण सुन्दर रूपमा पस्केको उल्लेख मैनालीले गरेका छन् । यसरी महाकाव्यमा यात्राको क्रममा सुन्दर प्रकृतिको वर्णन गरिएको चर्चा मैनालीले गरेका छन् । प्रकृतिको यही सुन्दर वर्णनलाई समालोचकले यहाँ काव्यकै एक श्लोक प्रस्तुत गरेका छन्, जस्तै :

*लेकमा हेर्दा तामाङ बस्ती बेंसीमा खेत छ*
*बीचमा पर्छ जल्किनी गाउँ, कागती गाउँ छ*
*नन्दन बाग सजाउनेजस्ता छन् हाम्रा किसान*
*खोजेर पनि भेटिन्न त्यहाँ नराम्रो निसान । (पृ.२३)*

देवकोटाको यात्रा वर्णनमा सुन्दर काल्पनिकता प्रस्तुत गरेका भन्दै मैनालीले फुयाँलको मुक्तकण्ठले प्रशंसा गरेका छन् । देवकोटाका तीर्थालु समूहलाई आफ्नै तर्क भिकेर त्यहीँ क्यै बेर थकाइ मार्न समेत लगाएर फेरि हिडाउने उनको कल्पना र बठ्याइँलाई मैनालीले तारिफ गरेका छन् । यसै सन्दर्भमा मैनाली भन्छन : "उनका यस्तै बठ्याइँ र कल्पनाशीलता अनि निम्न जीवनका रेखाचित्रहरू आँसुको सङ्ग्राम महाकाव्यदेखि लिएर अन्य काव्यहरूमा पनि पाइन्छ नै"। (पृ.२३)

देवकोटा र अन्य तीर्थालुहरूको समूह नुवाकोटको साततले दरबार, त्रिशूली माझ बजार धाराको शैलश्रेणी, वेत्रावती हुँदै राम्चे, धुन्चे हुँदै गोसाइँकुण्डको यात्रा मनमोहक

प्राकृतिक दृश्यहरूका माझमा गरेको वर्णन महाकाव्यमा भएको उल्लेख मैनालीले गरेका छन् । यात्राका क्रममा यात्रुहरू कहिले नुवाकोटको साततले दरबार अवलोकन गरेर तत्कालीन पृथ्वीनाराण शाहका देनप्रति श्रद्धा पोख्छन् त कहिले रातो गाला भएकी भोटेनीका हातबाट ढुङ्गाको चूलामा पकाएको भात खाइ आनन्दित हुन्छन् भन्ने कुरालाई माकाव्यकार फुयाँलले साँचै आफै यात्रामा समावेश भएको झैँ गरी आफ्नो कलाकारिता प्रस्तुत गरेका छन् भन्ने विश्लेषण मैनालीले गरेका छन् ।

**सर्ग आठ**

मैनालीले यस सर्ग ग्रीष्म ऋतुको वर्णनमा केन्द्रित गरिएको छ भनेका छन् । यस अन्तर्गत *शासन, संहार र भोगविलास* शीर्षकमा अनुष्टुप छन्द, 'आँखामा छारो हाल्ने काम' शीर्षकमा उपजाति छन्दको प्रयोग गरी रचना गरिएको चर्चा गरिएको छ भन्ने उल्लेख मैनालीले गरेका छन् । त्यस्तै गरी अन्य शीर्षकहरू 'महायुद्ध', 'नारी रोदन', शीर्षक पनि उल्लेख गरिएको चर्चा मैनालीले गरेका छन् । ग्रीष्म ऋतुमा जीवन कष्टपूर्ण हुन्छ, त्यस्तै कष्ट र सङ्घर्षको जीवन देवकोटाले भोल्दै आएका छन् र महाकाव्यकार फुयाँलले ग्रीष्म ऋतुसँग देवकोटाको जीवनलाई तुलना गरेका छन् भन्ने विश्लेषण मैनालीको छ ।

वि.सं. १९०३ भाद्र ३१ मा काजी गगनसिंहको रहस्यमय मृत्युको कारण कोतपर्व घट्न गएको, त्यही घटनापछि जङ्गबहादुरले चातुर्य चालरचि राज्यशक्ति आफ्नो हातमा लिएको जस्ता ऐतिहासिक घटनालाई महाकाव्यकारले वर्णन गरेका छन् भन्ने चर्चा मैनालीले गरेका छन् । साथै मकै खेतीको पर्वलाई उठान गरेर महाकाव्यकारले राणा शासनको क्रूरतालाई समेत देखाउन खोजेका छन् भन्ने चर्चा मैनालीले गरेका छन् । उनले मकै खेतीको पर्वका कारण कृष्णलाल, तुलसीमेहर, रङ्गनाथ, मैनबहादुर, खड्गमान जस्ता हस्तीहरू शिकार भएकाप्रति काव्यकारले आक्रोश व्यक्त गरेको विश्लेषण गरेका छन् । बिहानीलाई कसले छेक्न सक्छ र आकाश छुने पर्खाल लगाउन कसले सक्छ र ? भन्दै मैनालीले यही भावलाई काव्यकारले यसरी अभिव्यक्त गरेका छन् भनी काव्यका हरफहरू प्रस्तुत गर्दछन् :

*देशका जनता जागे*

*जाग्यो राष्ट्रिय भावना*

*जुटे दृढ भइ लागे*

*तानाशाही विरोधमा । (पृ. २७)*

यसैबीचमा प्रजापरिषद् नामक संस्था खोलेर हाम्रा सहीद सपूतहरूले जनता जागृतिको शङ्ख फुकेको र उनीहरूले यसकै कारण बलिदान समेत दिएको दृश्यले देवकोटामा परेको असरलाई काव्यकारले संवेदनशील भएर प्रस्तुत गरेका छन् भन्ने चर्चा मैनालीले गरेका छन् । एउटा मानवतावादी कविलाई यस्तो घटनाले कति आघात तुल्याउँछ भन्ने विश्लेषण पनि मैनालीले गरेका छन् ।

**सर्ग नौ**

मैनालीका अनुसार यो सर्गको संरचना जम्मा ५५ पक्तिपुञ्जमा संरचित छ । १ देखि ८४ पक्तिसम्म पूरै रबर छन्दमा रचना गरिएको छ । मैनालीले देवकोटाले भोग्नुपरेका सङ्घर्षहरूको विस्तारमा यथार्थपरक बुनौट यस सर्गमा पाइन्छ भन्छन् । यही यथार्थपरक बुनौट प्रस्तुत गर्न काव्यकारको अध्ययनको जाँगरिलोपना तथा चिन्तनको प्रशंसा यहाँ मैनालीले गरेका छन् ।

देवकोटाको जीवन अभावमयय र सङ्घर्षमय नै थियो भन्दै मैनालीले यस कुरालाई काव्यकारले ओजनदार रूपमा प्रस्फुटन गरेका छन् भनेका छन् । विभिन्न आरोप प्रत्यारोप समेत खेप्न पुगेका देवकोटा जब सभा समारोहहरूमा पुग्छन्, त्यहाँ प्रशंसित हुन्छन् । त्यसबाट उनी आनन्दित हुन्छन् तर त्यही आनन्दित क्षण लिएर जब घर पुग्दछन् छोराछोरीहरूको भोकले पिलपिलाउँदा मुख देख्छन् । त्यसैबखत उनको प्रतिभा काव्य बनेर प्रस्फुटित हुन्छ भन्ने कुरालाई काव्यद्वारा प्रस्तुत गर्नु काव्यकारको उच्च क्षमता भएको विश्लेषण मैनालीको छ ।

'मानवतावादी दर्शन' शीर्षकमा काव्यकारले देवकोटाको मानवतावादी पाटो खोतल्न थाल्छन्, भन्दै मैनालीले यस सर्गमा काव्यकारले देवकोटाको मानवतावादी भावनाको समेत गाथा गाउँन पुगेका छन् भन्दछन् । काव्यकारले भिखारीको प्रसङ्गलाई लिएर मानवीय पक्षको वर्णन गरेको कुरा मैनालीले प्रस्तुत गरेका छन् । देवकोटाले तलब बुझेको दिन एउटा

माग्नले उनीसँग दयाको भीख मागेको प्रसङ्गलाई काव्यकारले त्यस भिखारीको आवृत्ति आफैले देखेजस्तो गरी काव्यमा प्रस्तुत गरेका छन् भन्दै मैनालीले महाकाव्यको त्यस प्रसङ्गलाई समेत प्रस्तुत गरेका छन् :

*इनार-इनार*

*दृगकुप*

*झीनो- झीनो*

*हातखुट्टा*

*खौला-खौला*

*दुई गाला*

*तीखा-तीखा हाड*

*छिन्नै लागेको घाँटी*

*ओढारजस्तो पेट*

*अस्थिपञ्जर मानवाकृति*

*झुण्डिएको सास । (पृ.३१)*

यस प्रसङ्गले देवकोटाको हृदय चिरिन्छ र सम्पूर्ण तलब उसैलाई सुम्पिन्छन् भन्दै मैनालीले देवकोटाको भावनासँग काव्यकार समाहित हुँदै भावोद्गार छचल्काउन थाल्छन् भनी चर्चा गरेका छन् ।

देवकोटा सरल, निष्कपट थिए, दर्शानिक अनि भावुक थिए तर अरूले आरोप लाएजस्तो पटमूर्ख चाहीँ छँदै थिएनन् भन्दै मैनालीले देवकोटाका चारित्रिक विशेषतालाई केलाएका छन् । आफन्तलाई खोजी खोजी खुवाउँन पाए तृप्त हुने कर्मयोगी देवकोटाले ऋण काडेर  मासु र मिठाइ घरमा ल्याउँथे र तलब बुझेको दिन पसलेलाई र साहुलाई तिर्दै घर पुग्दा खाली भएर पुग्ने यथार्थलाई काव्यकारले यथार्थपरक रूपमा प्रस्तुत गरेका छन्, भन्ने चर्चा मैनालीले गरेका छन् । देवकोटाको सबैभन्दा ठूलो कमजोरी चुरोट पिउनु थियो । उनी चुरोटका अम्मली थिए । चुरोटको एक खिल्लीका वापत उनी पढ्न आउनेलाई माफ गरिदिन्थे भन्ने प्रसङ्गलाई मैनालीले यही सर्गको बाह्रौ लहरमा वर्णन गरिएको छ भनेका छन् । उनी पढ्न आउनेसँग मात्र नभई कविता माग्न आउने समेतसँग चुरोटसँग कविता साट्ने गर्थे । कतिले त चुरोटको बट्टामा लेखिएको उनको कविता च्यापेर आफ्नै कविता समेत

बनाए भन्दै मैनालीले यसै प्रसङ्गलाई तेह्रौ, चौधौँ लहरमा व्यक्त गरिएको छ भन्ने चर्चा गरेका छन् ।

'पागलको संज्ञा' शीर्षकमा काव्यकारले दवेवकोटालाई होहल्लाको भरमा राँची पुऱ्याइएको र युरोपियन डाक्टर बर्कले हिलले सूक्ष्मतापूर्वक जाँच गरी देवकोटा पागल नभएको र जसले देवकोटालाई पागल भनेका छन् तिनीहरू नै पागल हुन भन्ने घोषणा समेत गरिदिए भन्दै काव्यमा उनको परिचयलाई विस्तार गरिएको छन् भन्ने विश्लेषण मैनालीको छ । यसकै परिणामस्वरूप देवकोटामा 'जरूर साथी म पागल' काव्य स्फुरण हुन पुग्यो भन्ने धारणा मैनालीले राखेका छन् ।

**सर्ग दस**

मैनालीले दुई खण्डमा विभाजित रहेको यो सर्ग छ वटा शीर्षक, चार वटा छन्द, र एक सय पन्चानब्बे लहरमा संरचित रहेको छ भनेका छन् । पहिलो खण्डमा देवकोटाका दयनीय अवस्थाको चिन्तनगरी सर्ग प्रारम्भ भएको चर्चा गरेका छन् । मैनालीले घरबार मिलाएर केही शान्ति मिल्ला अनि त्यसपछि छोराछोरीहरूको बन्दोबस्त गरिएला भन्ने सोच देवकोटामा रहेको तर उनले सोचेजस्तो नभई उनलाई भोक, रोग र शोकले पिरलेको अवस्थालाई यस खण्डमा वर्णन गरिएको उल्लेख गरेका छन् ।

मैनालीले यस सर्गको द्वितीय खण्ड करूण रसले ओतप्रोत रहेको चर्चा गरेका छन् । घर नै बेचेर भए पनि ऋृण तिरिदिने कुरामा धर्मपत्नी समेत सहमत भएको अवस्थामा दाजुभाइसँग तारतम्य नमिलेको घटनाले पनि उनलाई वेचैन थपेको प्रसङ्गलाई काव्यकारले वर्णन गरेको विषयलाई मैनालीले उल्लेख गर्दछन् । *स्थानपरिवर्तन* र *मनिस्थिति* शीर्षकमा देवकोटा मैतीदेवी सरेपछि नयाँ ठाउँको असजिलो अनि आफन्तसँग अलिक टाढा भएको अवस्थालाई चित्रण गरिएको मैनालीले उल्लेख गरेका छन् । यसैबेलामा ठूला-ठूला महलमा मानिस बसेको देखेर देवकोटाको मनमा विलासितामा बाँच्ने अभिलासा मनमा कहिलै उठ्दैन भन्ने चर्चा गरिएको छ । स्वाभिमानपूर्वक बाच्न र स्वच्छन्द भएर उभिन पाइयोस भन्ने देवकोटाको भावनालाई काव्यकारले वर्णन गरेको चर्चा मैनालीले गरेका छन् ।

राष्ट्रप्रतिको चिन्तन, माटोको माया, सदाचारको आकाङ्क्षा देवकोटामा रहेको र त्यही प्रसङ्गलाई काव्यकारले व्यङ्ग्यात्मक रूपमा वर्णन गरेका छन् भन्दै मैनालीले काव्यका यी दुई लहरहरू उल्लेख गरेका छन् :

*कुनै मान्छे गर्छन् हरबखत नै राष्ट्रिय कुरा*
*तिनै मान्छे रोप्छन् निमुख जनमा शोषण छुरा*

यी लहरहरू राष्ट्रवाद र राष्ट्रप्रेमका भाषण गर्नेहरूले नै राष्ट्रघात गरेकोप्रति व्यङ्ग्यात्मक रूपमा उल्लेख गरिएको छ भन्ने विश्लेषण मैनालीले गरेका छन् । यहाँ मैनालीले काव्यकारलाई वर्तमान समसामयिक विषयलाई पनि छोएर प्रतिभा प्रस्फुटन गरेका छन् भन्दै प्रशंसा गरेका छन् ।

### सर्ग एघार

मैनालीले यस सर्गमा जम्मा चारवटा शीर्षक दिएर देवकोटा र समाजको वर्णन् गरिएको उल्लेख छन् । 'सामाजिक विषमता' शीर्षकबाट सुरु भएको यो सर्ग विशेषगरी सामाजिक परिवेशमा केन्द्रित रहेको विश्लेषण मैनालीले गरेका छन् । तत्कालीन समयमा विद्यमान कुरीति र मानवीय मनोवृत्तिलाई यहाँ उल्लेख गरिएको चर्चा मैनालीले गरेका छन् । समाजमा विकृति र विसङ्गति मौलाएको, चोरी, ठगी गर्नेहरू, अपराधीहरूको जमात बढेको जसले गर्दा सोझा साझाको मूल्य नै नभएको विषयलाई काव्यकारले खोतल्न पुगेका छन् भन्ने मैनालीको विश्लेषण छ । विधाताले कहिल्यै पनि मानिसमा भेद नराखी पठाएका हुन् तर मानिस मै जान्ने, मै सुन्ने बनेर निर्धालाई पेल्ने गर्दछन र त्यस्तै मान्छे दिनदिनै शक्तिशालि बन्दै गएका छन् भन्ने कुरालाई यस परिच्छेदमा महाकाव्यकारले सचेतनाको बीउ छरेका छन् भन्ने विश्लेषण मैनालीले गरेका छन् ।

मान्छेको स्वार्थ प्रवृत्तिले विश्व नै सङ्क्रमणको अवस्थामा गुज्रिएकोप्रति काव्यकार चिन्तित भएको चर्चा मैनालीले गरेका छन् । उपियाँले जस्तै आफ्नो काम बनेपछि छोडिदिने बानीको जगजगी छ, यस्तो स्वार्थी संसार देखे पछि मनमा त्यसैत्यसै छि : छिः पना पलाएको आभास हुने र त्यसबेलामा दुःख साथी बन्ने भावलाई काव्यकारले बहाउँदा बहाउँदै मान्छेभित्र नीलकाँडै नीलकाँडा उम्रेको देखाउन पुग्छन् भन्ने विश्लेषण मैनालीले गरेका छन् ।

**सर्ग बाह्र**

*देवकोटाको बनारस प्रस्थान* शीर्षकबाट प्रारम्भ भएको यस सर्गमा स्वदेश फर्किने बेलासम्मको विषय वर्णित छ भन्ने विश्लेषण मैनालीले गरेका छन् । मैनालीले देशको बिग्रदो चाला देखेर देवकोटाको चित्त कुँडिएको र अन्यायमा बस्नुभन्दा देशै छोडी हिँड्ने जमर्को गर्दा छोरा कृष्णले जुत्ता लुकाएको प्रसङ्गबाट यो सर्ग आरम्भ हुन्छ भनेका छन् । मैनालीका अनुसार यो समय १९९३ देखि २००४ सम्मको थियो । यही अवधिका बीच असारमा देवकोटा बनारसतिर लागेको प्रसङ्गलाई काव्यकारले सरस ढङ्गले व्यक्त गरेका छन् भन्ने मूल्याङ्कन मैनालीले गरेका छन् ।

बनारस पुगेपनि दवेवकोटाको मन आफ्नै माटोतर्फ थियो । त्यसैक्रममा बनारसमा देवकोटाको भेट कृष्णप्रसाद भट्टराई मातृकाप्रसाद कोइराला, विश्वेश्वरप्रसाद कोइराला, बालचन्द्र शर्मा आदिसँग भयो र डेरा नपाउन्जेल देवकोटा उनीहरूसँगै बसे । पछि डेरा मिलेपछि उनी आफ्नो लक्ष्यपथमा दत्तचित्त हुनपुगेको विषयलाई गहन रूपमा वर्णन गरिएको विश्लेषण मैनालीले गरेक छन् । यसपछिको समयमा देवकोटाको लेखनले क्रान्तिका लागि जनतालाई जुरूक्क उचाल्दछ भन्दै काव्यकारले काव्यमा अभिव्यक्त गरेको कुरालाई मैनालीले चर्चा गरेका छन् । **युगवाणी** मार्फत देवकोटाले जनचेतनाको राप फैलाउँदै गए, राणाका कान ठाडाठाडा हुँदै गए भन्दै मैनालीले फुयाँलले यही विषयलाई उजिल्याएर प्रस्तुत गर्दछन्, भनेका छन् ।

देवकोटाको हृदय भावलाई मनोवैज्ञानिक स्वरूपमा उराल्दै काव्यकारले प्रवास बस्दाको नियास्रो वातावरणलाई यथार्थ रूपमा पोख्दछन् भन्ने चर्चा मैनालीले गरेका छन् । जताततै मोटरगाडीको खैलाबैला, चारैतिर उज्यालो झिलिमिली भए पनि देवकोटालाई चारैतिर मरूभूमिसरिको पट्यारलाग्दो वातावरण झैँ लागेको र आफ्नो भुवनघरझैँ अन्त कही हुँदो रहेनछ भन्ने लागेको कुरालाई काव्यकारले देवकोटाकै मनोवैज्ञानिक स्वरूपमा उरालेका छन् भन्ने चर्चा मैनालीको छ ।

मनदेवीले बाबुलाई घर फर्काउन छोरा प्रकाशलाई काशी पठाएकी तर पिता र पुत्र दुवै नफर्केपछि मनदेवी आफै बनारस पुगेर देवकोटालाई भेटेर आँसुका धारा बगाएको प्रसङ्गलाई फुयाँलले बयान गर्न पुगेका छन् भन्ने विश्लेषण मैनालीले गरेका छन् । देवकोटा

बिरामीले ग्रस्त भएका कारण तत्काल घर फर्कने अवस्थामा नभएकाले मनदेवीले नेपाली बन्धु बान्धवका मद्दतले अस्पताल पुऱ्याउन सफल भएकी र देवकोटा तङग्रिएपछि पतिलाई घर फर्कन अनुरोध गर्छिन तर देवकोटालाई नेपाल फर्कदा थुनिने डर थियो । यसको उपायमा मनदेवीले बबर शमशेरलाई पत्र लेखिन बबर समशेरले २ हजार रूपैया साथ मधुसूदनलाई काशी पठाए । २००६ साल असोजमा स्वदेश फर्किएका देवकोटा कलमको युद्ध लडिरहन्छन् भन्दै यस सर्ग टुङ्ग्याइएको विश्लेषण मैनालीले गरेका छन् ।

### सर्ग तेह्र

यस सर्गमा मैनालीले देवकोटाको स्वास्थ्य अनुकूल हुँदै गएको अवस्थामा मानसिक उर्वरता पनि लहलहाउँदै गएको भाव पाइने विश्लेषण गरेका छन् । देवकोटामा रहेको राष्ट्रिय भावनालाई यहाँ मनोरम खाकामा कोरिएको छ भन्ने मूल्याङन मैनालीको छ । हिमाल, पहाड र तराईको महिमाको गाथा गाउँदै काव्यकारले देवकोटाको राष्ट्रप्रतिको भाव, आदर्श र समर्पणलाई अभिव्यक्त गरेको कुरालाई मैनालीले चर्चा गरेका छन् ।

नेपालको भौगोलिक वातावरण, जनजीवनको रहनसहन मात्र होइन प्राकृतिक प्राणीसम्मको चित्रणले एउटा राम्रो पृष्ठभूमि महाकाव्यमा तयार पारेका छन् भन्दै मैनालीले काव्यकारको कौशलताको प्रशंसा गरेका छन् । सांस्कृतिक, पौराणिक छिर्काछिर्की छरेर त्यस पृष्ठभूमिलाई रङ्गमय तुल्याएका छन् भन्दै मैनालीले थप विश्लेषण गर्दै अगाडि भन्छन् " प्रत्येक भेग प्रत्येक प्रदेशको विशेषता आफ्नैपन, रहनसहन अनि एकअर्काको परिपूरकका क्रममा प्रतीक सम्पूर्तिका समष्टिस्वरूप उजिल्याएका छन् ।" (पृ.६३) फुयाँलको काव्यगत धार गम्य र सुरम्य देखिन्छ तर जबजब इतिहासको पाना अनि जीवनका उतारचढाव अर्थात् सामन्जस्यताको अभावका कुरा आउँछ, तिनमा उग्रता छाउँछ, अरू पक्षमा देखिने सालिनता र सुन्दरता विलीन भएर विद्वताको उँधोमुखको छवी विदीर्ण स्वरूपमा देखा पर्दछ भन्दै मैनालीले फुयाँलका काव्यगत विशेषतालाई औंलाइदिएका छन् ।

### सर्ग चौध

यस सर्गमा जम्मा दुईवटा शीर्षकमा कर्मयोगी देवकोटाको प्रतिभा र मनदेवीको पीडा पोखिएको कुरा मैनालीले उल्लेख गरेका छन् । पहिलो शीर्षक 'नेपालभित्रका देवकोटा' रबर छन्दबाट प्रारम्भ भएको भन्दै मैनालीले देवकोटाले देखेको नेपालको कल्पनासार प्रवाह

यहाँ बगेको छ भनेका छन् । यसै शीर्षकमा देवकोटाले पुत्र पद्मप्रसादको जन्म र पद्मप्रसादकै मृत्युको आँधीबेहेरी खप्नु परेको चर्चा गरिएको भन्ने विश्लेषण मैनालीले गरेका छन् । पद्मप्रसादको जन्मले देवकोटा कल्पनामा उडेका र बालकको अनुहारभरि युगको चाहना, युगको आवश्यकता, युगको मागको आपूर्तिको आकाङ्क्षा गरेको प्रसङ्गलाई महाकाव्यकारले प्रवाह गरेका छन् भन्ने विश्लेषण मैनालीले गरेका छन् । छोराको अवसानले यो नासवान संसार देखेर देवकोटा अझ प्रस्फुटित हुन्छन् भन्ने विषयलाई काव्यकार फुयाँलले कतै रहरलाग्दो त कतै उदेकलाग्दो प्राकृतिक उपमा, प्रतीक बनाएर पोख्दछन भन्ने विश्लेषण मैनालीले गरेका छन् ।

यसै शीर्षकमा देवकोटाको दार्जिलिङ यात्रालाई काव्यकार फुयाँलले कतै राष्ट्रभाव त कतै यात्रा वर्णन गरी प्रस्तुत गरेका छन् भन्ने चर्चा मैनालीले गरेका छन् । दार्जिलिङ्ग पुगेर देवकोटा इलेक्ट्रिक कविका रूपमा परिचित हुँदै रोमानिया तथा समुद्रपारका मुलुक घुम्दै रूस, चीन पुगेर नेपाल फर्केको विषयलाई वर्णन गरिएको चर्चा मैनालीले गरेका छन् । काव्यकार फुयाँलले दार्जिलिङमा देवकोटालाई नेपाल आमाको मुटु फुटेर उछिट्टिएको एक टुक्राका रूपमा चित्रण गरेका छन् भन्ने मूल्याङ्कन मैनालीको छ । काव्यमा देवकोटालाई दार्जिलिङ्गमा मान्छेहरूको वरिपरि घेरेको र कोहीले कविता मागेका त कोहीले आफ्नैबारे कविता उराल्न अनुरोध गर्छन, भने कोहीले अटो अघि सारेको र महाकविले भ्याएसम्म लेखिदिएको उल्लेख गरिएको छ भन्ने कुरा मैनालीले यस समालोचनामा उल्लेख गरेका छन् । काव्यकार फुयाँलले देवकोटाका भावनालाई देवकाटाकै प्रवाहमा बगाएका छन् भन्दै मैनालीले काव्यकारको भावप्रवाहको प्रशंसा समेत गरेका छन् ।

यात्राकै क्रममा रात्रीभोजमा सहभागी भएका देवकोटासहित सम, लेखनाथले पनि देवकोटाको क्षमताको प्रशंसा गरेको विषयलाई काव्यमा वर्णन गरिएको मैनालीले चर्चा गरेका छन् । यात्राको अन्तमा देवकोटा चीन पुगेर नेपाल फर्केका र नेपालका युवाहरूले उनको यात्राको सफलताको सोपानमा स्वागत समारोह आयोजना गरेका, त्यही समारोहमा देवकोटाले अढाइ घण्टा भाषण गरेका भन्ने कुरा पनि **कर्मयोगी देवकोटा** महाकाव्यले वर्णन गरेको चर्चा मैनालीले गरेका छन् ।

**सर्ग पन्ध्र**

यो महाकाव्यको अन्तिम सर्ग र सबभन्दा लामो पनि भएको मैनालीले उल्लेख गरेका छन् । यस सर्गको पहिलो शीर्षक *प्रकृति* रबर छन्दबाट प्रारम्भ भएको बताउँदै मैनालीले यस सर्गमा जम्मा नौँ वटा शीर्षकहरू रहेको उल्लेख गरेका छन् । काव्यकार फुयाँलले यस सर्गमा देवकोटा मन्त्री भएदेखि उनको अवसानसम्मको घटनाक्रमलाई वर्णन गरेको चर्चा मैनालीले गरेका छन् । यस सर्गमा रबर, शार्दूलविक्रीडित, अनुष्टुप, शिखरिणी गरी चारवटा छन्दको प्रयोग गरिएको उल्लेख मैनालीले गरेका छन् । सर्गको बीचबीचमा मैनालीले देवकोटाको जीवनीलाई अँगालेर एउटा साहित्यकारले यति सुन्दर महाकाव्य रचना गर्न सक्छ भन्दै काव्यकारको प्रशंसा समेत गरेका छन् ।

२०१४ सालको पूर्णिमाको रात दीपकको जन्म भएको वातावरणलाई काव्यकारले कतै हाँसू-हाँसू जस्तो गाऊँ-गाऊँ जस्तो अनि पुतली भएर नाचौँनाचौँ जस्तो रङ्गमा प्रस्तुत गरेका छन् भन्ने मैनालीको विश्लेषण छ । यतिबेला कवि हृदय नवीनताले छोइएको छ, सानन्दताले फोइएको छ भन्दै मैनालीले काव्यकारले मान्छेका मनको स्वरूप कुँदिदिएका छन् भन्ने चर्चा गरेका छन् । यसपछि देवकोटाको जीवनीसँग छुट्याउनै नहुने प्रसङ्गलाई प्रकाश पार्ने भाव व्यक्त गर्दछन् भन्ने चर्चा मैनालीले गरेका छन् । काव्यमा देवकोटा धनका गरिब भएपनि प्रतिभाले सम्पन्न छन्, मायाका प्रतीक उनी औँसीका रातहरूमा पूर्णिमाको जून बोकेर हिँडिरहेका कर्मयोगी हुन् भन्ने भाव रहेको उल्लेख मैनालीले गरेका छन् । यहाँनिर उनको अनौठोअनौठो व्यवहार र आनिबानीको उल्लेख्य पक्ष उजागर भएको छ भन्दै मैनालीले बिमारीबाट भर्खर तङ्ग्रिएका देवकोटा मध्यरातमा जुनसँग बात मार्दै घरदेखि टाढा पुगेका र रमनले थानामा लगेको अनि त्यहीँ थानामा प्रहरीहरूलाई कविता सुनाएर छक्क पारेको प्रसङ्ग उल्लेख गरेका छन् । यसरी एउटा महामानवको जीन्दगीलाई आफ्नै ताल र सुरमा बताइरहेका फुयाँलले जीन्दगीबारे आफ्नो धारणाहरू पनि कोरेका छन् भन्दै मैनालीले महाकाव्यका यी हरफहरू प्रस्तुत गर्दछन् :

*कहिले उँधो लाग्छ जिन्दगी*

*कहिले उँभो लाग्छ जिन्दगी*

*कहिले आँसुमा डुब्छ जिन्दगी*

*कहिले हाँसै हाँसोमा रम्छ जिन्दगी । (पृ. ७७)*

मैनालीले देवकोटाको भावनालाई यस अध्यायमा यति नजिकिएर पोखिन पुगेका छन् कि लाग्छ यहाँ फुयाँल होइन देवकोटा नै बोलिरहेका छन् भन्ने चर्चा गरेका छन् । मैनालीलाई लागेको छ कि देवकोटालाई सूक्ष्म चिनाउने व्यक्ति फुयाँलभन्दा अरू कोही जन्मेका छैनन् । काव्यमा बिम्ब प्रतीकको प्रयोग अनि सरल र सम्प्रेष्य भाषामा देवकोटालाई परिचय गराउने फुयाँलको यस कामप्रति मैनालीले मुक्तकण्डले प्रशंसा गरेका छन् । 'क्यान्सरपीडित देवकोटा' शीर्षकमा फुयाँलले मर्माहित भई एकोहोरो बनेर भाव व्यक्त गरिरहेका छन्, जुन भावले हामी पाठकलाई पनि ममार्हित तुल्याउँछ भन्ने विश्लेषण मैनालीको छ । २५ वर्षसम्म अम्मलको लत अति नै भएर देवकोटालाई क्यान्सरले समात्यो । त्यही रोगी जीवनको सङ्घर्षमय भोगाइलाई काव्यकारले मर्माहित भएर अभिव्यक्त गरेका छन् भन्ने चर्चा मैनालीले यस समालोचनामा गरेका छन् ।

डाक्टरले धुम्रपान निषेधित गर्दा पनि नछोडेकोले देवकोटामा मृत्युको पूर्वाभास भइसकेको र अरू मान्छेको रगत पनि नलिने इच्छा व्यक्त गरेपछि देवकोटालाई आर्यघाट पुऱ्याइएको प्रसङ्गलाई काव्यकारले भावुक भएर बगाएका छन् भन्ने कुरा मैनालीले व्यक्त गरेका छन् । मृत्युको अत्यन्त सन्निकटमा ऋणको आगोले पोलेर बोल्न थालेपछि त्यस कुरा सम्बन्धित ठाउँमा पुगेर राज्यले तिर्ने निर्णय सुनाएपछि, उनको आत्माले शान्ति पाएको भन्ने प्रसङ्ग काव्यमा वर्णित भएको मैनालीले उल्लेख गरेका छन् । वि.सं. २०१६ भाद्र २९ गते उनले स्वर्ग छोए । उनको अवसानको  दुःखमा टुँडिखेलको खरीको बोटमा श्रद्धाञ्जलीसभा गरिएको जसमा अपार जनता सम्मिलित भएका भन्ने कुरालाई काव्यकारले सजीवतापूर्वक वर्णन गरेका छन् भन्ने विश्लेषण मैनालीको छ । यसपछि एउटा अध्यायमा 'मनदेवीको विलाप' शीर्षकमा फुयाँलले मनदेवीप्रति शोक भाव व्यक्त गरेका र उनको आत्मा शान्त पार्ने भाव अभिव्यक्त गरेको उल्लेख मैनालीले गरेका छन् । अन्तमा देवकोटाको नाशवान देह माटोमा मिल्यो तर उनको सुकाम रचना यो सय वर्षमा झन पवित्रताका साथ स्मरण

भइरहन्छ भन्दै फुयाँलले देवकोटाका कृतिको महिमा गाएको भाव काव्यमा कुशलतापूर्वक अभिव्यक्त भएको विश्लेषण मैनालीले गरेका छन् ।

## ५.५ फुटकर समालोचनाहरूको विश्लेषण

### १. नेपाली साहित्यमा भूपी

यो समालोचना **राष्ट्रिय बहस** (वर्ष १, अङ्क१, २०६१) मासिक पत्रिकामा प्रकाशित छ । यस समालोचनामा मैनालीले नेपाली साहित्यमा भूपी शेरचनले दिएको योगदानको चर्चा गरेका छन् । भूपीले स्वतन्त्रात्मक अभिव्यक्तिको स्फुरणलाई अँगालेको र यथार्थ अभिव्यक्तिलाई ज्वलन्त रूपमा प्रस्फुटन गरेको चर्चा यहाँ गरिएको छ । मैनालीले भूपीले पहाडका कन्दरादेखि सहर-बजारमा स्वतन्त्रताको बिगुल फुकिरहेका छन् भनेका छन् । स्वच्छन्दतालाई प्राकृतिक लयमा उनेर भूपीले सरल तथा सुन्दर रूपमा काव्य रचना गरेको चर्चा मैनालीले गरेका छन् । 'घुम्ने मेचमाथि अन्धो मान्छे', 'हामी' जस्ता कविताले नेपाली साहित्यमा ठूलो योगदान दिएको चर्चा गर्दै मैनालीले भूपीलाई शिखरमा पुऱ्याउने कविता 'घुम्ने मेचमाथि अन्धो मान्छे' भएको उल्लेख गरेका छन् ।

### २. प्राकृत पोखरामा मुकुन्दशणर उपाध्याय

यो समालोचना **मिर्मिरे** (३४/२, २०६२) पत्रिकामा प्रकाशित छ । यस समालोचनामा मैनालीले मुकुन्दशरण उपाध्यायको कवितासङ्ग्रह **प्राकृत पोखरा**को विश्लेषण गरेका छन् । उनले कविताहरू सौन्दर्यको आदर्श पुजारी हुने भएकोले उपाध्याय पनि त्यही क्रममा अगाडि बढेको उल्लेख गरेका छन् । **प्राकृत पोखरा**मा पनि कवि उपाध्यायले आदर्शताको फूलबुट्टा गाँस्ने मीठो प्रयत्न गरेका छन् भन्ने चर्चा मैनालीले गरेका छन् । कविले यस कवितासङ्ग्रहमा मान्छे प्रकृतिअनुसार अघि बढ्ने र प्रकृतिकै बाटोमा हिड्ने भन्दै मैनालीले मानवीय स्वभाव नै प्रकृतिप्रेमी हुने चर्चा यस कवितामा भएको विश्लेषण गरेका छन् । यसमा प्राकृतिक लहरा, छहराका धुनहरूलाई काल्पनिक बनोटले रङ्ग्याइएको चर्चा गरेका छन् । कविले साच्चीकै पोखराकै सुन्दर प्राकृतिक सौन्दर्यलाई कवितामा उतारेका छन् भन्ने चर्चा मैनालीले गरेका छन् । यहाँ प्राकृतिक वर्णनमा कविको सहजपना र सफलतालाई मैनालीले प्रशंसा समेत गरेका छन् । अनुप्रास, अलङ्कार तथा बिम्बको प्रयोगले कविता अझ

श्रीङ्गारिएको छ भन्दै मैनालीले कविले सुन्दर प्रकृतिलाई अझ श्रीङ्गार्न भ्याएका छन् भनेका छन् ।

## ३. 'आत्माज्वाला' भित्रका कवि फुँयाल

यो समालोचना **युगान्तर** (४/९, २०६३) पत्रिकामा प्रकाशित छ । समालोचक मैनालीले  यसमा कवि श्रीहरि फुँयालद्वारा लेखिएको लुघकाव्य **आत्मज्वाला**को समीक्षा गरेका छन् । उनले कवि फुयाँलको परिचय पनि यस समालोचनामा प्रस्तुत गरेका छन् । मैनालीले श्रीहरि फुयाँल नुवाकोटको सुरम्य प्राकृतिक वातावरणमा हुर्केका र किशोरावस्थादेखि साहित्य रचना गर्न थालेका हुन् भन्ने चर्चा गरेका छन् । फुयाँलको **आत्मज्वाला** लघुकाव्य २०३२ सालमा प्रकाशित भएको उल्लेख गर्दै मैनालीले यो फुयाँलको दोस्रो कृतिको रूपमा प्रकाशित भएको उल्लेख गरेका छन् । यो काव्य जम्मा छ्यहत्तर श्लोकमा संरचित रहेको चर्चा मैनालीले गरेका छन् । समालोचक मैनालीले यो काव्य फुयाँलको अन्तरमनबाट सिर्जिएको र उनको अतृप्त मन प्रेमका र मायाका श्लोकहरू कोरेर तृप्त हुन खोजिरहेको छ भनेका छन् । मैनालीले यो काव्य माधव घिमिरेको **गौरी**जस्तो कविको आत्मप्रकाशन भएको विश्लेषण गरेका छन् ।

फुयाँलको प्रस्तुत काव्यले सामाजिक अन्धविश्वास, रूढीवादीजस्ता विकृत पक्षलाई समेत व्यक्त गरेको चर्चा मैनालीले गरेका छन् । फुयाँलको माझिएको शैली र प्रवाहको प्रगाढताले काव्य उत्कृष्ट भएको विश्लेषण मैनालीले गरेका छन् । सार्दूलविक्रिडित छन्दमा कविले विम्बका फिलङ्गोलाई पाठकसामु पस्केर उल्लेखनिय कार्य गरेको चर्चा मैनालीले गरेका छन् ।

## ४. कुहिरोको कम्बलभित्र घुसिँदा

यो समालोचना **भानु** (४३/९९, २०६३) मा प्रकाशित छ । यस समालोचनामा मैनालीले कवि प्रह्लाद पोखरेलको कविता 'कुहिरोको कम्बल' को विश्लेषण गरेका छन् । यस कवितामा वर्तमानको अवस्था, दशा, परिस्थितिको चिरफार गरिएको अनुभूतिको वगाइ पाइन्छ भन्ने विश्लेषण मैनालीले गरेका छन् । कविले सत्य, न्याय, यथार्थको कशीमा आफूलाई ओरालेर पाठकलाई जुरुक्क उठाउने जमर्को गरेको उल्लेख गरिएको छ । देश चिन्नुभन्दा विदेश चिनेर नीति, योजना बनाउनेहरूका गालामा यस कविताले एक थप्पड

हानको छ भन्ने चर्चा यस समालोचनामा गरिएको छ । कवि पोखेलले आफ्ना भावनाहरूलाई यथार्थताको प्रवाहमा नदी वगेझैँ बगाएका छन् भन्ने समीक्षा यस समालोचना गरिएको छ ।

## ५. ‘परेवा र कैदी’ मा कथाकार विजय मल्ल

मैनालीको यो समालोचना **शारदा** (१/४, २०६४) मासिक पत्रिकामा प्रकाशित भएको छ । यसमा मैनालीले विजय मल्लको कथासङ्ग्रह **परेवा र कैदी**को विश्लेषण गरेका छन् । मल्लको यस कथासङ्ग्रहमा जम्मा १३ वटा कथाहरू सङ्गृहीत भएको उल्लेख गरेका छन् । यस कथासङ्ग्रहका कथाहरूमा मल्लले जहाँनीया निरङ्कुश शासनको कालखण्डमा आम नेपालीले भोगेको अवस्थाको चित्रण, समाजको सूक्ष्म अवलोकन गर्दै समाजमा विद्येमान अज्ञानता वा संस्कारगत कुप्रभावका परिणतिलाई मनोविश्लेषणात्मक रूपमा प्रस्तुत गरेका छन् भन्ने मूल्याङ्कन मैनालीले गरेका छन् । जारी पात्रहरूको मनोगत विश्लेषणका साथै नारीका कोमलतम भावना संवेदना अनि समाजले प्रजान गरेका यावत् परिणामको तानावाना सम्पुष्ट ढङ्गले उतार्न मल्ल सफल भएका छन् भन्ने चर्चा मैनालीले गरेका छन् । चाखलाग्दा समसामयिक युगबोधलाई यस सङ्ग्रहका कथाहरूले सूक्ष्म रूपमा प्रस्तुत गरेका छन् भन्दै मैनालीले सूक्ष्म युग विश्लेषणको क्रममा विजय मल्ल अग्रपक्तिमा रहेका छन् भनेका छन् ।

## ६. ‘अध्यारो द्वीपमा’ उज्यालिएका कथाकार ध्रवचन्द्र गौतम

यो समालोचना **मिमिरे,** (३५/८, २०६४) मा प्रकाशित छ । यस समालोचनामा समालोचक मैनालीले नेपाली साहित्यको कथा विधामा आधुनिकताको प्रवेश विन्दु तथा ध्रुवचन्द्र गौतमको उपस्थिति र उनको कथा **अध्यारो द्वीप**को चर्चा गरेका छन् । मैनालीले नेपाली साहित्यमा वि.सं. १९९१ देखि **शारदा** पत्रिकाबाट आधुनिक कालको सुरुवात भएको र यसका प्रवर्तकहरू गुरूप्रसाद मैनाली, पुष्कर शमशेर, विश्वेश्वरप्रसाद कोइराला, बालकृष्ण समआदि कथाकारहरू हुन भन्ने चर्चा गरेका छन् । नवीन शिल्प र सम्प्रेसणीयताजस्ता विषयले नेपाली साहित्यको कथा विधामा आधुनिककाल भित्रिन सफल भएको र यसको विकास र विस्तारमा रमेश विकल, पारिजात, मायाठकुरी तथा पछिल्लो समयमा ध्रुवचन्द्र गौतमको उपस्थिति मह□वपूर्ण भएको विश्लेषण मैनालीले गरेका छन् । गौतमले मान्छेको अर्थहीन जीवनलाई जसरी उपन्यासमा उतार्न सफल भए त्यस्तै गरी कथा विधामा पनि

सफल भएका छन् भन्ने चर्चा मैनालीले गरेका छन् । जीवनको निराशावादी स्वरलाई **अध्यारो द्वीपमा** कथाले राम्ररी देखाएको छ भन्ने मैनालीले समीक्षा गरेका छन् ।

## ७. 'सोच' का विम्बहरू

यो समालोचना **भानु** (४४/१३, २०६४) पत्रिकामा प्रकाशित छ । यस समालोचनामा समालोचक मैनालीले निबन्धकार कर्ण शाक्यको निबन्ध 'सोच' को विश्लेषण गरेका छन । साथै यस समालोचनमा मैनालीले निबन्धकार र निबन्धको परिचय समेत दिएका छन् । मैनालीका अनुसार "निबन्ध त्यो आगो हो जो घाँसपाट, काठमूढा आदि सबै मिलेर एकीकृत र प्रज्वलित शक्तिको रूपमा परिणत भएको हुन्छ ।" (पृ. ५) उनले निबन्धमा जुनसुकै विषयमा पनि रचना गर्न सकिने भन्दै यसको निश्चित रूप छैन भनेका छन् । मैनालीले निबन्धकारलाई जीवनको तटस्थ द्रष्टाका रूपमा परिचय दिएका छन् । निबन्धकारले जुनसुकै वषयलाई पनि गफ गराइएको शैलीमा प्रस्तुत गर्न सक्छ भन्ने चर्चा मैनालीले गरेका छन् ।

कर्ण शाक्यको पुस्तक **सोच** जम्मा १८ परिच्छेदमा संरचित रहेको र पहिलो परिच्छेद 'सकारात्मक सोचको शक्ति' शीर्षकबाट सुरु भएको उल्लेख यस समालोचनामा मैनालीले गरेका छन् । यहाँ कर्ण शाक्यको सरल व्यक्तित्व स्पष्ट प्राकृतिक मनोविज्ञान असर र पहिचान घोलिएको व्यक्तित्व झल्किन्छ भन्ने समीक्षा मैनालीको छ । 'सोच' मा परिवेशका भोगाइहरू, योगान्त प्रतिक्रियाका पोखाइ अनि जीवन उठ्ने सूत्रहरूको लेपनलाई निचोडको रूपमा प्रस्तुत गरिएको समीक्षा मैनालीको छ ।

## ८. भवानी घिमिरेका स्मृतिका रेखाहरूको रेखाचित्र

यो समालोचना **भानु** (४४/११०, २०६४) मासिकि पत्रिकामा प्रकाशित छ । भवानी घिमिरेको कवितासङ्ग्रह **स्मृतिका रेखा**हरूको विश्लेषण यस समालोचनामा गरिएको छ । वि.सं. २०६४ सालमा प्रकाशित भएको यो कवितासङ्ग्रह २०४५ सालमा दोस्रो र २०५६ सालमा तेस्रो संस्करण प्रकाशित भएको उल्लेख मैनालीले गरेका छन् । यस सङ्ग्रहका कविताहरूले घिमिरेको पथको पहिचान गराउँनुका साथै माक्सवादसम्मका विषयलाई बिम्ब र प्रतीकको प्रयोग  गरी अभिव्यक्त गरेको चर्चा मैनालीले गरेका छन् । स्मृतिका रेखाहरू

कवितासङ्ग्रह सुन्दर र कविव्यक्तित्व प्रगतिशील आवश्यकतामा कवि सौन्दर्यको रचनात्मक भूमिकालाई सर्वोच्चतामा राखिएको कविता सङ्ग्रह हो भन्ने विश्लेषण मैनालीको छ ।

## ९. नियात्रा काव्यका प्रयोक्ता कवि दामोदर पुडासैनी 'किशोर' र उनको काव्ययात्रा

यस समालोचना **भानु** (४४/१११, २०६४) मा प्रकाशित छ । नियात्राकार दामोदर पुडासैनीको 'किशोर' को प्रवृत्ति र काव्ययात्राको बारेमा यस समालोचना केन्द्रित छ । वि.सं. २०३४ मा 'शहिद' कविताबाट काव्यात्रा प्रारम्भ भएको र उनका काव्यहरूले उनको स्वभाव, रुचि तथा उद्देश्यहरू पनि छर्लङ्ग पारेका छन् भन्ने समीक्षा मैनालीले गरेका छन् । किशोरको **आलोकित आयाम** कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरू समुन्द्रपारी प्रवासका कालखण्डमा रचिएका र ती कविताहरूमा जीवनलाई केलाउनुको साथै नियात्राका भोगाइ संस्कृति र आफ्नो माटोको ममताजस्ता भावहरू समेटिएको समीक्षा मैनालीले गरेका छन् । आमालाई नै केन्द्रविन्दुमा राखेर रचिएको *मरुभूमिको चिट्ठी* कवितामा किशोर आमाको ममता, वात्सल्य तथा पवित्र मायाप्रति नतमस्तक भएको चर्चा यस समालोचनामा गरिएको छ । किशोर प्रवासममा रहँदा बस्दा त्यहाँको झिलिमिलि तथा सुविधाले टुनामुना लगाए पनि आफ्नै देशको मायाले तानेको कुरालाई काव्यमा नवीनतम रूपमा प्रयोग गरी पाठकलाई आकृष्ट गर्न सफल छन् भन्ने समीक्षा मैनालीले गरेका छन् ।

## १०. देवकुमारी थापा र उनको कथाकारिता

यो समालोचना **भानु** (४५/११२, २०६५) मासिक पत्रिकामा प्रकाशित छ । यसमा देवकुमारी थापाको काव्य प्रवृत्तिलाई केलाइएको छ । वि.सं. २००३ देखि साहित्यिक संसारमा अवतरण गरेकी नारी श्रष्टा देवकुमारी थापा २००६ सालसम्म आइपुग्दा कथाकारका रूपमा राम्रोसँग परिचित भएको र उनले थुप्रै बालकथा तथा अन्य कथासङ्ग्रह पनि प्रकाशित गरेको चर्चा यस समालोचनामा गरिएको छ । कथाकार थापाको कथालेखनको मूल प्रवृत्ति मनोवैज्ञानिक भएको मूल्याङ्कन मैनालीले गरेका छन् । बालकको मनस्थिति र मनोदेशको चित्रणमा उनलाई विशेष दक्षता प्राप्त भएको छ भन्ने ठहर मैनालीले गरेका छन् । मैनालीले 'भविष्य निर्माण' कथामा बालकको भविष्य निर्माण कसरी, कुन प्रकारले हुनुपर्छ भन्ने कुराको मनोवैज्ञानिक चिन्तन कालिगढीका साथ उतारिएको चर्चा गरेका छन् । नारीको अर्न्तमन

खोतलेर तिनका मनोदशा छर्लङ्ग पार्न कथाकार सफल भएकोले नेपाली साहित्यमा मनोवैज्ञानिक कथाको विकास र सम्बृद्धिमा उनको ठूलो योगदान रहेको विश्लेषण यस समालोचनामा मैनालीले गरेका छन् ।

## ११ . क्षेत्रप्रताप अधिकारीको 'तर देश हारिरहेछ' (कविता सङ्ग्रह) भित्र चियाउँदा

यो समालोचना **भानु** (४५/११३, २०६५) मा प्रकाशित छ । यहाँ मैनालीले तर देश हारिरहेछ कविता सङ्ग्रहको विश्लेषण गरेका छन् । २०५७ सालमा अक्षर प्रकाशनबाट प्रकाशित यो सङ्ग्रह कविता र गीत खण्ड गरी दुई खण्डमा विभाजित भएको र कवितासङ्ग्रहमा ४६ वटा कविताहरू र गीतखण्डमा ३३ वटा गीतहरू समावेश भएको भन्दै मैनालीले यस कवितासङ्ग्रहको संरचनाबारेमा व्याख्या गरेका छन् । अधिकारीको यस कवितासङ्ग्रहमा विशेषतः जनजीवनकै कुराहरूको अभिव्यक्ति पाइने विश्लेषण मैनालीले गरेका छन् । यसमा राजनीतिक विकृति, सामाजिक दुराचरणहरू व्यङ्ग्यात्मक पाराले प्रस्तुत गरिएको चर्चा मैनालीले गरेका छन् । मैनालीले यस सङ्ग्रहमा अन्तर्निहित कविताहरूमा गामवँसी, लहरा-पहराको चित्र उतार्दै ग्रामीण प्रवृत्ति र स्वभावलाई आत्मसाथ गरेर मायाप्रीति, देशप्रेमको भावनामा कमल चलाउने प्रवृत्ति क्षेत्रप्रताप अधिकारीमा भएको विश्लेषण गरेका छन् ।

## १२. पल्पसा क्याफे : दर्पण यो देशको

यो समालोचना **भानु** (४५/११५, २०६५) पत्रिकामा मा प्रकाशित छ । यसमा मैनालीले मदन पुरस्कार पाउन सफल भएको कृति **पल्पसा क्याफे**को विश्लेषण गरेका छन् । २८ खण्डमा बाँडिएको यो उपन्यासमा प्राक्कथन र अन्त्यमा उपसंहारमा रहेको उल्लेख गरिएको छ । नयाँ विषयवस्तु र उपयुक्त परिवेश दिएर नारायण वाग्लेले नेपाली उपन्यासमा नौलो प्रयोग गरेको मूल्याङ्कन मैनालीले गरेका छन् । यस उपन्यासमा समसामयिक चेतनालाई सूक्ष्म रूपमा उतारेर वाग्लेले आफ्नो खुबी देखाएको समीक्षा मैनालीले गरेका छन् । यस उपन्यासमा विश्वप्रेम, देशप्रेमलाई मूल रूपमा उतारिएको उल्लेख मैनालीले गरेका छन् । लेखकको पत्रकारिता पेसा, सम्पर्क र अध्ययनको वातावरणले यस उपन्यासले नवीन आयामको प्रस्तुति गर्न सफल भएको निष्कर्ष मैनालीको छ ।

## १३.  गमलाको फूल : फूलजस्तै विवशता

यस समालोचना **भानु** (४५/११८, २०६५) पत्रिकामा प्रकाशित छ। यसमा मैनालीले माया ठकुरीका परिचय र **गमलाको फूल** (२०३३) कथासङ्ग्रहको समीक्षा गरेका छन् । आधुनिक कालका नारी श्रष्टामध्ये माया ठकुरी यथार्थवादी कथाकारका रूपमा स्थापित छन् भन्ने चर्चा मैनालीले गरेका छन् । ठकुरीले कथाहरूमा स्वदेश र प्रवासका सहरिया जीवनका अभाव, पीडा, यान्त्रिकता, पारिवारिक तनावजस्ता समस्याहरलाई विषय बनाउने चर्चा मैनालीले गरेका छन् । माया ठकुरीको दोस्रो कथासङ्ग्रह **गमलाको फूल**मा नेपाली कलिला युवतिहरू विवशताका साथ बेचिनु परिरहेको पथार्थलाई उद्घाटन गरिएको चर्चा मैनालीले गरेका छन् । नेपाली युवतिका कारुणिक पक्षलाई कलात्मक रूपमा प्रस्तुत गरेर ठकुरीले सामाजिक विसङ्गतिको पर्दाफास गरेको चर्चा मैनालीले गरेका छन् । यस समालोचनामा मैनालीले कथाकार माया ठकुरीलाई सामाजिक कथाकार रूपमा चिनाएका छन् ।

## १४.  अनुराधा उपन्यासभित्र विजय मल्ल

यो समालोचना **शारदा** (३/१, २०६६) मासिक पत्रिकामा प्रकाशित छ । यस समालोचनामा मैनालीले विजय मल्लको औपन्यासिकताले चर्चा गरेका छन् । मनोविज्ञानको परिधिमा टेकर मल्लले **अनुराधा** उपन्यासको रचना गरेका छन् भन्ने मूल्याङ्कन मैनालीले गरेका छन् । महत्त्वाकांक्षी तथा अन्तर्मुखी अनुराधा काठमाडौँको सम्पन्न परिवारमा हुर्किएकी गुण सम्पन्न नारी हो, उसको विपत्मा अन्तर्गत फोएर बिसाउने कुनै ठाउँ हुँदैन भन्दै मैनालीले त्यसपछिको अनुराधामा उत्पन्न हुने अर्न्तमनले नै यस उपन्यासलाई मनोवैज्ञानिक उपन्यासको दर्जामा राख्न सकिने आधार उत्पन्न भएको चर्चा गरेका छन् । अनुराधाको अचेतन अहम्को तुष्टि रतिरागात्मक उन्मादमा मुखर नभई आत्मरतिमा हुन पुगेको विश्लेषण मैनालीले गरेका छन् ।

## १५  'शिखर चढिरहेको मान्छे' भित्रको मान्छे अवलोकन गर्दा

यो समालोचना **दायित्व** (२३/६७, २०६६) मासिक पत्रिकामा प्रकाशित छ । यो समालोचना कथाकार अच्युत घिमिरेको लघुकथासङ्ग्रह **शिखर चढिरहेको मान्छे**को विश्लेषणमा केन्द्रित छ । मैनालीले नवयुवा कथाकार घिमिरेको नयाँ जागरण, उत्साहका

साथ यो कथासङ्ग्रह प्रकाशित भएको उल्लेख गरेका छन् । उनले यस कथासङ्ग्रहमा घिमिरेले समाजका विभिन्न पक्षहरू यथार्थ चित्र उतारेका छन् भन्ने चर्चा गरेका छन् । यस कथासङ्ग्रहभित्र जीवनका प्रयुक्त राजनीतिक, धार्मिक, सामाजिक यावत् कुरामा देखिएका विकृति र विसङ्गतिको उद्घाटन व्यङ्ग्यात्मक रूपमा गरिएको भन्ने विश्लेषण मैनालीले गरेका छन् । शब्दको चमत्कार र लयात्मक प्रयोगको चुम्बकीय क्षमता प्रदर्शनले लघुकथाहरू लालित्यलेमुक्त भएको चर्चा मैनालीले गरेका छन् ।

## १६. औपन्यासिकवृत्तमा बीपीको 'सुम्निमा'

यो समालोचना **नुवाकोट साहित्य प्रतिष्ठान** (२०६६) मा प्रकाशित छ । यस समालोचनमा युवराज मैनालीले विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक प्रवृत्तिका साथै **सुम्निमा** उपन्यासको पनि समीक्षा गरेका छन् । मैनालीले विश्वेश्वरका उपन्यासमा मनोविश्लेषण, अस्तित्वको यथार्थ उजिल्याउने र मानवीय चरित्रहरूका खाका कोरिएका छन्, तिनले विकृतिजन्य विकारहरूलाई समुचित औषधिजन्य उपचारको पनि व्यवस्थापन गरिएको भन्ने विश्लेषण गरेका छन् । विश्वेश्वरका उपन्यासमा राजनीतिक चरित्रको मानसिक स्वरूपलाई देखाइएको छ भन्ने चर्चा मैनालीले गरेका छन् । मैनालीले नारीवादी चेतना विश्वेश्वरको औपन्यासिक प्रवृत्ति भएको चर्चा गरेका छन् । फ्रायडको मनोविश्लेषणवादलाई उपन्यासमा प्रयोग गरिनु विश्वेश्वरको प्रमुख औपन्यासिक प्रवृत्ति भएको चर्चा मैनालीले गरेका छन् ।

समालोचक मैनालीले विश्वेश्वरको **सुम्निमा** उपन्यास नेपाली साहित्यका थोरै चर्चित कृतिमध्य एउटा हो भन्ने चर्चा गरेका छन् । जेलजीवनकै क्रममा रचिएको **सुम्निमा** उपन्यासमा आर्य संस्कृतिको भौतिकतत्त्व र अनार्यहरूका सभ्यता एवम् सांस्कृतिक स्वरूपलाई तुलनात्मक पारामा आँकलन गरिएको छ भन्ने चर्चा मैनालीले गरेका छन् । मैनालीले यो उपन्यास विशुद्ध मानवीय चरित्रको उद्वोधन हो भन्ने चर्चा गरेका छन् । उनले मानवीय संस्कार र मानसिक विभेदको इगोहरू प्रतीकात्मक एवम् व्यङ्ग्यात्मक स्वरूपमा छिन्न-भिन्न पारिएको इच्छित स्वरूपलाई गहिराइका साथ मनोविश्लेषणात्मक स्वरूपमा ढालिएको छ भन्ने विश्लेषण गरेका छन् ।

## १७. अमूर्तता, सामयिकता र अभिव्यक्तिगत प्रयोगमा प्रतिबिम्बित शंकर लामिछाने

यो समालोचना **शारदा** (५/२, २०६७) मासिक पत्रिकामा प्रकाशित छ । शंकर लामिछानेको निबन्धमा अमूर्तता, सामयिकता र अभिव्यक्तिगत प्रयोगको केन्द्रमा रहेर मैनालीले समालोचना गरेका छन् । 'अव्स्ट्रयावट चिन्तनप्याज' निबन्धमा लामिछानेले सम्पूर्ण जीवनलाई प्याजकै रूपमा तुलना गरेका छन् भन्दै मैनालीले अमूर्त प्रयोगमा यो निबन्ध सफल भएको चर्चा गरेका छन् । त्यस्तै सामयिकतालाई व्यापकता प्रदान गर्ने शंकर लामिछानेको प्रयोगवादी धारणा रहेको मैनालीले चर्चा गरेका छन् । प्रयोगवादी शंकर लामिछानेले साहित्यमा कला र जीवनको सामयिक मूल्यको खोजी गरी नवीन प्रयोग पस्कन्छन् भन्ने निष्कर्ष मैनालीको छ ।

## १८. 'प्रकृतिका मान्छे' भित्रको मानवतावादी स्वर

यो समालोचना **मिर्मिरे** (३९/२, २०६७) मासिक पत्रिकामा प्रकाशित छ । यस समालोचनामा मैनालीले ठाकुर शर्माको **प्रकृतिमा मान्छे** कृतिभित्र मानवतावादी स्वरलाई खोज्दै शर्माको परिचय समेत प्रस्तुत गरेका छन् । गुल्मी जिल्लाको मनोरम वातावरणमा जन्मिएका ठाकुर शर्मा प्राकृतिक सौन्दर्यलाई नै आफ्नो रचनामा विषय बनाउने चर्चा मैनालीले गरेका छन् । **प्रकतिमा मान्छे** कवितासङ्ग्रह शर्माको सातौं पुस्तकाकार कृति भएको उल्लेख मैनालीले गरेका छन् । यस कवितासङ्ग्रहमा शर्माले प्रकृतिको विपरित गर्ने व्यक्तिलाई प्रकृतिले नै ध्वस्त पार्ने कुरालाई देखाएका छन् भन्ने विश्लेषण मैनालीले गरेका छन् । प्रकृति संवेदनशील छ यो आफ्नो ठाउँमा सन्तुलनको सौहार्दताको सन्देश छरिरहन्छ र यही प्रकृतांशका मान्छे एकअर्कामा परपीडनमा आफ्नो पुरुषार्थ देख्छ भन्दै कविताले प्रत्येक मान्छेले मानवीयतालाई गुमाउन नहुने सन्देश दिएको छ भन्ने मैनालीको निष्कर्ष छ ।

## १९. नेपाली उपन्यासमा नौलो प्रयोग शिरीषको फूल

यो समालोचना **भानु** (४७/१३०, २०६७) मासिक पत्रिकामा प्रकाशित छ । यस समालोचनामा मैनालीले पारिजातको उपन्यास **शिरीषको फूल**मा भएको नवीनतम प्रयोगबारे समीक्षा गरेका छन् । पुराना मान्यता विधि, प्रयोग र प्रकिया परम्परालाई सख्त विद्रोह गर्दै

नवीनतालाई अनुशरण गरेमा, साहित्य लेखनले नौलो प्रयोग ल्याउने गर्दछ भन्ने मैनालीले धारणा व्यक्त गरेका छन् । यसैक्रममा यस्तै नौलो प्रयोग पारिजातिको **शिरीषको फूल** उपन्यासले पनि उपन्यासको क्षेत्रमा भित्र्याएको ठहर मैनालीको छ । निस्सार र शून्य जीवनको चित्रण गरेर पारिजातले **शिरीषको फूल** उपन्यासमा नौलो विषयको प्रवेश गराएकी छन् भन्ने समीक्षा मैनालले गरेका छन् । काव्यात्मकताको प्रयोग गर्नु पनि यस उपन्यासको नौलो प्रयोग हो भन्दै मैनालीले नौलो प्रयोगका दृष्टिले **शिरीषको फूल** उपन्यास उत्कृष्ट छ भन्ने निष्कर्ष निकालेका छन् ।

## २०. स्वअङ्कुभित्र 'निरङ्कुशलता' मा घोत्लिँदा

यो समालोचमा **महामण्डल** (४/३, २०६८) मा प्रकाशित छ । मैनालीले यस समालोचमा कवि राधेश्याम लेकालीको नेपाली कवितामा उपस्थिति र उनको कवितासङ्ग्रह **निरङ्कुशता**को विश्लेषण गरेका छन् । पछिल्लो समयमा बौद्धिकता र दार्शनिकताले भरिएको नेपाली कविताले आफ्नो लालित्य स्वरूप अनि भावलाई विश्वसामु नै उजिल्याउन पुगेको चर्चा यहाँ गरिएको छ । देवकोटा, रिमाल तथा भूपीले नेपाली काव्यरसको स्वाद चखाए, फैलाए र त्यसलाई विस्तार गर्ने क्रममा पछिल्लो समयमा झुल्किएका कवि राधेश्याम लेकालीले पनि यो विधामा मह□वपूर्ण योगदान दिएका छन् भन्ने चर्चा मैनालीले गरेका छन् । लेकालीको **निरङ्कुशता** कवितासङ्ग्रहमा विकृति विसङ्गतिको अनि पलायन र शक्ति संरचनाको आवाज बुलन्द पारिएको छ भन्ने चर्चा मैनालीले गरेका छन् । यसमा श्रमजिवीदेखि साहित्यसम्मको विभेदको दर्पण देखाइएको चर्चा मैनालीले गरेका छन् ।

## २१. विकासको निरन्तरता र क्रमिकतामा 'मदन रेग्मीका कविता'

यो समालोचना **दायित्व** (२६/८०, २०६९) मासिक पत्रिकामा प्रकाशित छ । यसमा मैनालीले मदन रेग्मीका कविताद्वारा उनका प्रवृतिलाई केलाएका छन् । युगकविहरू मध्येका एक मदन रेग्मी कविता लेखनमा पृथक व्यक्तित्व भएको चर्चा मैनालीले गरेका छन् । आजको युगमा देखिएको मानवीय विडम्बना र विसङ्गतिको चित्रण उनका कविताहरूले गर्ने भएकोले रेग्मी समसामायिक धाराका कवि हुन् भन्ने उल्लेख मैनालीले गरेका छन । समाजको यथार्थतालाई विद्रोहका आफ्नै स्वरमा प्रस्तुत गर्ने रेग्मी अमूर्त प्रयोगमा समेत दख्खल राख्दछन् भन्ने चर्चा मैनालीले गरेका छन् । यस दृष्टिले रेग्मीलाई मैनालीले

प्रयोगवादी कविका रूपमा चिनाएका छन् । रेग्मीका कविताहरू जीवन मूल्यबोध, दार्शनिकता र प्रयोगवादी यदार्थमा सहजिकरण भएर प्रस्तुत भएका छन् भन्ने चर्चा मैनालीले गरेका छन् ।

## २२. कलानिधिका हृदय स्पदनभित्र गौरखमय नेपाल

यो समालोचना **श्रृङ्खला** (३५/१०, २०६५) मासिक पत्रिकामा प्रकाशित छ । यस समालोचनामा मैनालीले कलानिधि दाहालको कवितासङ्ग्रह **गौरवमय नेपाल**को विश्लेषण गरेका छन् । यस सङ्ग्रहभित्र सङ्ग्रहीत कविताहरूले राष्ट्रप्रेमलाई मुख्य विषय बनाएका छन् भन्ने चर्चा मैनालीले गरेका छन् । मानवतावादले शुद्ध दर्पण समेत दिन सफल कलानिधिका कविताहरूले कविलाई मानवतावादी कविको रूपमा समेत पहिचान दिएको चर्चा मैनालीले गरेका छन् । कविताहरूले विश्वका जल्दाबल्दा समस्याहरूलाई देखाउँदै मानव नै खतरामा परेको तर्फ सचेत हुन आव्हान गरेको चर्चा मैनालीले गरेका छन् । कलानिधिले **गौरवमय नेपाल**का सबै कविताहरू छन्दोबद्ध रूपमा प्रस्तुत गरी यौवनलाई श्रृङ्गारले जस्तो रूपमा चहकिलो पार्दछन् त्यस्तै पारेका छन् भन्ने विश्लेषण मैनालीले गरेका छन् ।

## २३. लिलाममा जगदशी घिमिरे

**लिलाममा जगदीश घिमिरे** शीर्षकको समालोचना **सुलेख** (४/२, २०६९) मासिक पत्रिकामा प्रकाशित छ । यस समालोचनामा युवराज मैनालीले जगदीश घिमिरेको उपन्यास **लिलाम**को समीक्षा गरेका छन् । यस उपन्यासमा मानव जीवनका विवशता, निराशाजस्ता पक्षहरूलाई समेटिएको छ भन्ने चर्चा मैनालीले गरेका छन् । मैनालीले यस उपन्यासमा उपन्यासकार घिमिरेले जिन्दगीलाई नवीकरण गर्न प्रवृत्त रहेको चर्चा गरेका छन् । बिग्रिएका जिन्दगीका पानाहरूलाई च्यातेर फेरी सुकिलो पानावाला जिन्दगी बिताउन लगाएकोले यो उपन्यासले जिन्दगीको नवीकरण गर्ने प्रवृत्तिलाई मौलिक स्वरूपमा देखाएको छ । जीवनका विकृति, विकार पक्षलाई रहस्यको पर्दाभित्र प्रतीकात्मक रूपमा प्रस्तुत गरेको समीक्षा मैनालीले गरेका छन् ।

## २४. 'जसको जोत उसको पोत' का भौकाजी

यो समालोचना **सुलेख** (२/१२, २०७०) मासिक पत्रिकामा प्रकाशित छ । यसमा मैनालीले विमल भौकाजीको **जसको जोत उसको पोत** हास्यव्यङ्ग्य कृतिको विश्लेषण गरेका छन् । नेपालका धेरै साहित्यकार मध्ये भौकाजीको मूल्यदृष्टि पनि उच्च रहेको मूल्याङ्कन मैनालीले गरेका छन । हास्यव्यङ्ग्यको क्षेत्रमा खडेरी परिरहेको नेपाली साहित्यमा भौकाजीले २०६४ सालमा यसको प्रकाशन गरेको चर्चा मैनालीले गरेका छन् । केशवराज पिँडाली, रामकुमार पाँण्डे, चट्याङ मास्टर आदिले हराभरा तुल्याएको व्यङ्ग्य फाटमा नवप्रयोगवादीको रूपमा विमल भौकाजीको उपस्थिति उल्लेखनीय रहेको विश्लेषण मैनालीले गरेका छन् । **जसको जोत उसको पोत**मा जम्मा चौवालिस वटा हास्यव्यङ्ग्य निबन्ध रहेको र यी निबन्धहरूले नेपाली समाजमा देखिएका विकृति विसङ्गतिको घुमाउरो रूपमा प्रहार गरेको चर्चा मैनालीले गरेका छन् ।

## २५. नेपाली कथ्य परम्पराभित्र कथाकार किशोर पहाडीलाई पर्गेल्दा

यो समालोचना **महामण्डल** (६/१, २०७०) पत्रिकामा प्रकाशित छ । मैनालीले यस समालोचनामा कथाकार किशोर पहाडीका कथाहरूले के कस्ता विषयलाई अँगालेका छन् भन्ने विषयमा विश्लेषण गरेका छन् । आधुनिक पिँढीका कथाकार किशोर पहाडीले नेपाली कथा साहित्यमा उल्लेख्य योगदान दिएका छन् भन्ने चर्चा मैनालीले गरेका छन् । पहाडीका कथाहरूले समाजको चित्रण व्यङ्ग्यात्मक रूपमा गरेका छन् भन्दै मैनालीले उनका कथाहरूले समाजको परिष्कार समेत गर्ने लक्ष्य बोकेका छन् भनेका छन् । समाजको सिधा चित्रणले पनि समाज सुधारको विगुल फुक्न सफल पहाडीका कथाहरू नेपाली कथा विधामा महत्त्वपूर्ण योगदान दिन सफल छन् भन्ने चर्चा गरेका छन् । गरीबको जिन्दगीको भोगाइ होस वा यौन पीडा सहेर बाँच्न विवस नारी होस सबैको यथार्थ चित्रलाई सफल रूपमा उतारेर पहाडीले समाज परिस्कारको सन्देश दिएका छन् भन्ने चर्चा मैनीले गरेका छन् । विशेषगरी सङ्क्षेपमा विषयवस्तुको टुङ्गो लगाउने पहाडीको कथा अभिनय जस्तो देखा पर्ने चर्चा मैनालीले गरेका छन् ।

## २६. कवि शिरोमणि लेखनाथ र नेपाली साहित्य

यो समालोचना **दायित्व** (२७/८३, २०७०) मासिक पत्रिकामा प्रकाशित छ । यस समालोचनामा मैनालीले कवि शिरोमणि लेखनाथ पौडेलको नेपाली साहित्यमा रहेको स्थान र उनले नेपाली साहित्यलाई दिएको योगदानको चर्चा गरेका छन् । प्रणयकालीन साहित्यिक युगमा कुनै प्रयोग र धारा निर्धारण नभएको, जस जसले जुन जुन बाटो लिएपनि हुने, जुन ढाँचामा शैलीलाई ढालेपनि हुने यस्तो संक्रमणकालीन स्थितिमा लेखनाथको आगमनले नेपाली काव्य विधालाई आधुनिक कालमा प्रवेश गराएको चर्चा मैनालीको गरेका छन् । कुनै पनि विषयलाई स्वच्छ भावधाराद्वारा विलक्षण तवरले पद्यात्मक रूपमा व्यक्त गर्नु शिरोमणिको खुबी हो भन्दै मैनालीले लेखनाथको काव्य लेखनको विशेषता उल्लेख गरेका छन् । अति सरल, ताछतुछ पारेका शब्दहरूको प्रयोगले उनको काव्य साहित्यमा लालित्य छाएको उल्लेख गर्दै मैनालीले उनको छन्द प्रयोगको परिणाम माधुर्य श्लोक गायनको झझल्को प्रत्येक साधारण नेपालीहरूमा पर्न गएको उल्लेख गरेका छन् । प्राचीन संस्कृत साहित्यबाट प्रभावित लेखनाथले प्राचीन परम्पराबाटै आधुनिक प्राण भर्न सक्नुको उनको उच्च प्रतिभा भएको उल्लेख गरेका छन् ।

## २७. समीरभित्रै पहाड समीरभित्रै अणु

यो समालोचना **शारदा** (१/१, २०७१) मासिक पत्रिकामा प्रकाशित छ । यो समालोचना रवीन्द्र समीरको लघुकथासङ्ग्रह **अणु र पहाड** (२०६९) को विश्लेषणमा केन्द्रित रहेको छ । साथै यस समालोचनामा लघुकथा के हो ? र लघुकथाकार समीरको परिचय पनि समेटिएको छ । युवराज मैनालीले आजको बेफुर्सदिलो समयमा लामा-लामा आख्यान पढ्ने समय नभएको अवस्थामा लघुकथमा समर्पित हुनेको जमात बढ्दो भएको चर्चा गरेका छन् । पाठकलाई तुरुन्त ध्यान आकर्षण गर्न सक्ने, छोटो, विम्ब र प्रतीकको प्रयोग हुन सक्ने र अन्तिम वाक्यले कथाको सम्पूर्ण तत्त्व खोलिदिनु जस्ता लघुकथाका विशेषताहरू हुन भन्ने चर्चा मैनालीले गरेका छन् ।

वि.सं. २०५३ मा **तेस्रो आँखा र विकिरण** लघुकथाबाट चिनिएका रवीन्द्र समीरले हालसम्म पाँचवटा लघुकथा सङ्ग्रहहरू प्रकाशित गरेको उल्लेख मैनालीले गरेका छन् । **अणु र पहाड** कथासङ्ग्रहमा जम्मा ६५ वटा लघुकथाहरू सङ्गृहीत भएका र यी कथाहरूले

मानवीय प्रवृतिको पर्दाफास गरेको व्याख्या मैनाली गरेका छन् । मान्छेका मनभित्रका कुण्ठाहरूका अनेक रूपहरूलाई यी लघुकथाहरूले समेटेको चर्चा मैनालीले गरेका छन् । आजको बालिमस्तिष्कमा परेको असरलाई कथामा मनोविश्लेषणात्मक रूपमा प्रस्तुत गरिएको तथा नारीका कुष्ठा तथा निराशालाई कलात्मक रूपमा प्रस्तुत गरिएको विश्लेषण मैनालीले यस समालोचनामा गरेका छन् ।

अन्तमा काल्पनिक कथालाई कम ठाउँ दिएर आफ्नो शिल्प र सम्प्रेषनीयतामा निखिएझैँ रवीन्द्र समीर निखिँदै गएका छन् भन्दै मैनालीले अझ निखारता आओस भन्ने अभिलाषा समेत राखेका छन् ।

## २८. काव्य कसीमा 'द्वारिका श्रेष्ठका कविता'

यो समालोचना **शारदा** (१/२, २०७१) मा प्रकाशित छ । यसमा मैनालीले कवि द्वारिका श्रेष्ठको काव्यकारिताको चर्चा गरेका छन् । आयामेली आन्दोलन पूर्वका गद्य कविहरू गोपालप्रसाद रिमाल, मोहन कोइराला तथा आन्दोलकहरू वैरागी काइँला, ईश्वरवल्लभ, हरिभक्त कटुवालहरू सफल गद्यकारका रूपमा गनिएका र पछिल्लो पुस्तामा आएर विमल भौकाजी, रमेश क्षितिज, द्वारिका श्रेष्ठजस्ता गद्यकारहरू प्रखर रूपमा देखिएको उल्लेख मैनालीले गरेका छन् ।

**द्वारिका श्रेष्ठका कविताहरू** नामक कविता सङ्ग्रहका कविताहरूले मानवीय विवशताको प्रवाह गर्नुका साथै मानव मूल्य तथा मानबोधलाई उद्बोधन गर्न सफल छन्, भन्ने समीक्षा मैनालीले गरेका छन् । मानिसका मानसिक प्रवृत्तिहरूलाई दार्शनिक प्रवृत्तिको छनकका साथ प्रस्तुत गर्नु श्रेष्ठको प्रवृत्ति भएको चर्चा यहाँ गरिएको छ । मैनालीले अत्याधुनिक लेखन, प्रक्रियागत विशेषताका आधारमा घोट्दा द्वारिका श्रेष्ठको काव्यप्रवृत्ति नेपाली साहित्यकोशको लागि उपलब्धि नै हो भन्ने चर्चा गरेका छन् ।

## २९. 'सन्तान' नाटकमा जगदीश

यस समालोचना **शारदा** (१/५, २०७१) मा प्रकाशित छ । यसमा समालोचक मैनालीले नेपाली नाट्यसाहित्यको इतिहासमा जगदीश घिमिरेको उपस्थिति र सन्तान नाटकका आधारमा घिमिरेको नाटय प्रवृत्तिलाई केलाएका छन् । अन्य विधाको तुलनामा

नाटयविधा सङ्ख्यात्मक रूपमा धेरै नभएको र बालकृष्ण समको उपस्थिति पश्चात् मात्र यसले विस्तार हुने अवसर प्राप्त गरेको चर्चा मैनालीले गरेका छन् । बालकृष्ण समपछि गोविन्द गोठाले, विजय मल्ल, फणीन्द्रराज खेताला, बासु शशी, मोहनराज शर्माले नेपाली नाटय साहित्यलाई सम्बृद्ध बनाइसकेका र यसै क्रममा जगदीश घिमिरेले **सन्तान** लिएर नेपाली नाटय संसारमा उभिन पुगेका भन्ने चर्चा मैनालीले गरेका छन् ।

नेपाली आख्यान साहित्यमा राम्रो उपस्थिति जमाइसकेका घिमिरेले समाजप्रतिको दृष्टिकोणलाई उनका नाटकहरूमा प्रस्तुत गरेको चर्चा मैनालीले गरेका छन् । उनका उपन्यासले दिएको व्यङ्ग्य, निराशा तथा विद्रोहलाई नाटकले पनि बढी सरलता र संवादका माध्यमले प्रस्तुत गरेको समीक्षा समालोचकले गरेका छन् । जीवनलाई यथेष्ट रूपमा चियाउने उनको **सन्तान** नाटक क्रान्तिकारी भएको चर्चा मैनालीले गरेका छन् । उनले चेलिबेटीको वेचविखन, मान्छेको पाशविक प्रवृत्ति, जस्ता विषयहरूलाई यस नाटकले व्यङ्गनात्मक रूपमा प्रस्तुत गरेको चर्चा गरेका छन् । समग्रमा युवराज मैनालीले **सन्तान** नाटक समग्र युगप्रतिको व्यङ्ग्य भएको चर्चा गरेका छन् ।

## ३०. नेपाली कवितामा भूपी

'नेपाली कवितामा भूपी' समालोचना **शारदा** (१/६, २०७१) मा प्रकाशित छ । यस समालोचना नेपाली कविताको इतिहासमा भूपी शेरचनको कस्तो स्थान रहेको छ भन्ने विषयमा केन्द्रित रहेको छ । भूपी शेरचनले विकास गरेको गद्य कविता आज मौलाएर गएको चर्चा यस समालोचनामा गरिएको छ । हाल पाठकहरू पद्यभन्दा बढी गद्यमा रुचि राख्ने गरेको चर्चा मैनालीले गरेका छन् ।

विचारका फाँटमा प्रगतिवादलाई अँगालेर व्यङ्ग्यात्मकताको बाटो भूपी शेरचनका कविताहरूले लिएको समीक्षा मैनालीले गरेका छन् । **झ्याउरे** शीर्षक पुस्तकबाट नेपाली कविता फाँटमा झुल्किएका भूपी 'घुम्ने मेचमाथि अन्धो मान्छे' (२०६६) कविताबाट लोकप्रिय हुन पुगेका हुन् भन्ने मैनालीको विश्लेषण छ । भूपीका कविताहरूमा विद्रोह, मानव चेतनाका साथै मानवतावाद, विश्वबन्धुत्वजस्ता विशेषताहरू पाइने उल्लेख मैनालीले गरेका छन् । उनले भूपीका कविता तीन चरणमा रहेका चर्चा गरेका छन् । आरम्भमा साम्यवादी विचारधाराबाट प्रेरित भएका, त्यसपछि स्वच्छन्दतावादी धारातर्फ आफ्नो अग्रसरता देखाएका

र तेस्रो धारमा व्यङ्ग्यवादी स्वरूपमा आफूलाई उभ्याएका छन् भन्ने विश्लेषण मैनालीको छ। भूपीका कविताहरू सारै सरल, कलिलो भाषिकविन्यास गरिएको अनुप्रासमय, चरमत्कारिक विम्ब, सहज संवेद्यले उत्कृष्टता रहेका छन् भन्ने चर्चा मैनालीले गरेका छन्।

## ३१. 'उलार' भित्रको उभार

यो समालोचना **शारदा** (१/१०, २०७१) मा प्रकाशित छ । यसमा समालोचक मैनालीले शङ्कर कोइरालाको लघुउपन्यास **उलार**को विवेचना गरेका छन् । यस उपन्यासको कथानक, पात्रजस्ता विषयमा केन्द्रित रहेर मैनालीले यो समालोचना लेखेका छन् । उपन्यासको प्रारम्भ निर्वाचन र परिणामबाट आरम्भ भएको भन्ने उल्लेख गर्दै मैनालीले यस उपन्यासको कथानकको समीक्षा गरेका छन् । उनले आञ्चलिकताको प्रयोग गरिएको प्रस्तुत लघुउपन्यासले वास्तविक यथार्थवादको सेरोफेरालाई आफ्नो बाटो पक्रेको छ भन्ने विश्लेषण गरेका छन् । यस उपन्यासका पूरै पात्रहरू प्रतीकात्मक छन् भन्ने चर्चा मैनालीले गरेका छन् । उपन्यासकारले भाषाको स्वरूपलाई जस्ताको तस्तै प्रस्तुत गर्नु पनि लेखकको जीवन्तताका साथसाथै क्षेत्रगत पहिचानलाई जीवन्त स्वरूप दिएको देखिन्छ भन्दै मैनालीले यो उपन्यासमा आञ्चलिकताको प्रयोग भएको चर्चा गरेका छन् ।

## ३२. प्रेम र प्रगतिका कथाकार लव गाउँले

यो समालोचना **सुलेख** (३/७, २०७१) मा प्रकाशित छ । मैनालीले कथाकार लव गाउँले जति कविता विधामा सफल छन् त्यत्तिकै कथामा पनि सफल भएको चर्चा गरेका छन् । मैनालीले कवि लव गाउँले कथाकार लव गाउँलेमा कवितागत मान्यता र मूल्यलाई उही रूपमा ग्रहण गर्दछन् जुन रूपमा उनले कवितामा ग्रहण गरेका छन् भन्ने समीक्षा गरेका छन् । गाउँलेका कविताको उन्मुक्त स्वच्छन्द परिपाटी जुन विवश जीवन शैलीलको विद्रोहमा बुलन्द हुन्छ, कथाले बढी प्रगतिशील गन्तव्यको स्थुल परिवेश खोज्दछ भन्ने विश्लेषण समालोचक मैनालीले गरेका छन् । मैनालीले गाउँलेका कथाको बाह्य स्वरूप यौवानुभूति हो, प्रत्येक पात्र त्यसैको कारणले उत्पीडित एवम् तृषित देखिन्छन् भन्ने चर्चा गरेका छन् । प्रेम तथा प्रगति जहाँ पनि चाहिन्छ, यी दुईको संयोगबाट पूर्ण जीवनको अस्तित्व देख्ने गाउँलेले आफ्ना कथामा पनि प्रेम तथा प्रगतिलाई संयोग गराउने गर्दछन् भन्ने मैनालीले चर्चा गरेका छन् ।

## ३३. उपन्यासकार हृदयचन्द्रसिंह प्रधान र उपन्यासकारिता

यो समालोचना **शारदा** (३/१२, २०७१) मा प्रकाशित छ। मैनालीको यो समालोचना हृदयचन्द्रसिंह प्रधानको औपन्यासिक प्रवृत्तिमा केन्द्रित रहेको छ । मार्क्सवादी समाजवादी यथार्थको धरातलमा रहेर उपन्यास लेख्ने हृदयचन्द्रसिंह प्रधानमा **स्वास्नीमान्छे** र **एक चिहान**को समाज यथास्थितिबाट परिवर्तनशीलतातिर अग्रसर भएको संघारलाई इङ्गित गर्दछ भन्ने विश्लेषण मैनालीले गरेका छन् । वर्गीय विसङ्गीतका शोषण, दमन र उत्पीडन जस्ता विकृत स्थितिलाई व्यङ्ग्यात्मक पाएमा अभिव्यक्त गर्नु पनि प्रधानको औपन्यासिक प्रवृत्ति रहेको चर्चा मैनालीले गरेका छन् । प्रधानका उपन्यासहरूमा आफ्नो माटोप्रति रागात्मक मोह रहनु, नारी पात्रको व्यथा विरह तथा नारीले गर्नुपर्ने सङ्घर्षलाई प्रस्तुत गरिएको हुन्छ भन्ने विश्लेषण मैनालीले गरेका छन् । समग्रमा मैनालीले यस उपन्यासमा प्रधान प्रगतिशील उपन्यासकार हुन् भन्ने चर्चा गरेका छन् ।

## ३४. धरावासीका दुई उपन्यासका दुई धार

यो समालोचना **सुलेख** (४/५, २०७२) मा प्रकाशित छ । मैनालीले यसमा धरावासीको पहिलो उपन्यास **शरणार्थी** (२०५६) को तुलनामा **राधा** (२०६२) उपन्यास उत्कृष्ट भएको चर्चा गरेका छन् । उत्कृष्टताकै कारण **राधा** उपन्याले मदन पुरस्कार नै प्राप्त गर्न सफल भयो भन्ने मूल्याङ्कलन मैनालीले गरेका छन् । **राधा** उपन्यासले विनिर्माणद्वारा नारीवादी स्वरलाई मुखरति गर्ने प्रयास गरेको चर्चा मैनालीले गरे गरेका छन् । महाभारतकालदेखि नै नारी अपहेलित र पुरुषको हैकम र शोषणको शिकार हुँदै आएका छन् भन्दै मैनालीले **राधा** उपन्यासमा पनि कुन्ती र द्रौपदीहरूले यसको चित्रण गरेका छन् भन्ने विश्लेषण मैनालीले गरेका छन् । उपन्यासकार धरावासीले भाषिक एवम् औपन्यासिक धर्म पूरा गरेका छन् भन्दै यो बाहेक उनका उपन्यासमा लीलावादको छाप पनि परेको छ भन्ने चर्चा गरेका छन् ।

## ३५. तीन घुम्तीका घुमाइहरू

यो उपन्यास **सुलेख** (४/८, २०७२) मा प्रकाशित छ । यस उपन्यासमा समालोचक मैनालीले विश्वेश्वरप्रसाद कोइराला र उनको उपन्यास **तीन घुम्तीको** बारेमा चर्चा गरेका

छन् । विश्वेश्वरप्रसाद कोइराला सर्वप्रथम १९७८ मा 'उहा' शीर्षकको कथा प्रकाशन गरी साहित्यमा प्रवेश गरेका हुन् भन्दै यस समालोचनामा मैनालीले कोइरालाको लेखनारम्भ तथा तत्कालीन वातावरणको पनि चर्चा गरेका छन् । बाल्यकालदेखि नै कोइराला प्रतिभावान भएका र भारतमा हुँदा साहित्यिक वातावरणमा रहने अनुकूलता मिलेको कारण उनी साहित्यमा प्रवेश गरेका भन्ने उल्लेख मैनालीले गरेका छन् । आफ्ना पिता कृष्णप्रसाद कोइरालाले राजनीतिको खेती गर्ने भएकोले उनी जति साहित्यमा प्रख्यात छन् त्यति नै मात्रामा राजनीतिमा पनि छन् भन्ने चर्चा मैनालीले गरेका छन् । मैनालीले साहित्य र राजनीतिमा पृथक पृथक पहिचानका विश्वेश्वरप्रसाद दुवैमा सफल छन् भन्ने विश्लेषण गरेका छन् ।

विश्वेश्वरप्रसाद कोइरालाका अधिकांश कथाहरू यौनाकर्षण र त्यसबाट उत्पन्न हुने कुण्ठाको जीवन्त प्रस्तुति पाइन्छ भन्ने चर्चा मैनालीले गरेका छन् । **तीन घुम्ती** उपन्यासको मूल लक्ष्य समाजवादको प्राप्ती हो भन्ने चर्चा यहाँ गरिएको छ यसका पात्रहरू मध्य प्रमुख पात्र इन्द्रमाया हो र अन्य पात्रहरू यसकै आसपासमा रहन्छन् भन्दै मैनालीले प्रतीकात्मक स्वरूपमा **तीन घम्ती**भित्र इन्द्रमाया त्रिकोणका मूलविन्दुमा उभिएकी छ भन्ने चर्चा गरेका छन् । यो उपन्यास चरित्रप्रधान स्वरूपको छ भन्दै मैनालीले यसले अस्तित्वभित्रको विसङ्गतिमा जोड दिएको छ भन्ने विश्लेषण गरेका छन् ।

## ३६. 'अकविता' भित्रका गीत र गीतकार क्षेत्रप्रताप

यो समालोचना **शब्दाङ्कुरण** (१५/१, २०७२) पत्रिकामा प्रकाशित छ । यस समालोचनामा मैनालीले क्षेत्रप्रताप अधिकारीको **अकविता** नामक गीतसङ्ग्रहका गीतहरूको समीक्षा गर्नुका साथै गीतकार क्षेत्रप्रताप अधिकारको परिचय समेत प्रस्तुत गरेका छन् । मैनालीले क्षेत्रप्रताप अधिकारी जति कविका रूपमा प्रतिष्ठत छन् त्यतिकै गीतकारका रूपमा पनि भएको उल्लेख गरेका छन् । समालोचक मैनालीले अधिकारीका गीतहरूमा अप्रत्यक्ष रूपमा कविताकै प्रभाव परेको चर्चा गरेका छन् । जम्मा २५ वटा गीतहरू सङ्गृहीत भएको **अकविता** कृतिका चारवटा गीत त प्रत्यक्ष रूपमा कविताकै प्रभावमा अल्भिएका छन् भन्ने विश्लेषण मैनालीले गरेका छन् । अधिकारीका गीतहरूले देश, काल र परिस्थितिका दर्पण बिम्ब प्रतिबिम्बित गर्नुका साथै देशले भोगेको यथार्थ रूपलाई प्रस्तुत गरेका छन् भन्ने समीक्षा समालोचक मैनालीले गरेका छन् । मैनालीले देशको यथार्थ अवस्थादेखि

मायाप्रितिसम्मका विषयलाई गीतहरूले अभिव्यक्त गरेको कुरा यहाँ उल्लेख गरेका छन् । समग्रमा मैनालीले अधिकारीलाई प्रतीकात्मक गीतकारका रूपमा चिनाएका छन् ।

## ३७. 'मनका छाल' माथि एक विवेचना

यो समालोचना **जनमत** (३२/१०, २०७२) पत्रिकामा प्रकाशित छ । यस समालोचनामा समालोचक मैनालीले हाइकु विधाको परिचय र श्रीहरि फुयाँलको हाइकुसङ्ग्रह **मनका छाल**माथि विवेचना गरेका छन् । विश्व साहित्यमा हाइकु विधा जापानबाट प्रारम्भ भएको र यसका प्रणेता माचुओवासो हुन भन्ने चर्चा मैनालीले गरेका छन् । उनले हाइकुको स्वरूप सत्र अक्षर जुन तीन हरफमा पाँच, सात र पाँच अक्षरयुक्त रचनाबाट गरिन्छ भनेका छन् । हाइकु सानो भएपनि यसले सगरमाथा चुमेको छ भन्दै मैनालीले यसले जीवनका पाटाहरूलाई उजिल्याउँछ र मनलाई चस्स छुन्छ भन्ने चर्चा गरेका छन् । मैनालीले यो सूक्ष्य भए पनि आफैमा पूर्ण काव्य रूप हो भनेका छन् । मैनालीले यो विधालाई गहिरो दर्शनले गर्दा उच्च कलाको रूपमा  चर्चा गरेका छन् । मैनालीले फुयाँलको **मनका छाल** हाइकुसङ्ग्रह वि.सं. २०७० सालमा प्रकाशित भएको एकाग्रता चिन्तनको गहिरो स्पन्दन हो भनेका छन् । मैनालीले विभिन्न विधामा कलम चलाइसकेका फुयाँलको पछिल्लो कृति यही हाइकुसङ्ग्रह भएको चर्चा गरेका छन् । उनले जीवनदर्शन, जीवनका अन्तर-कुन्तरको पहिचान यस कृतिमा पाइने चर्चा गरेका छन् ।

## ३८. भर्खरै झुल्केको घामप्रति

यो समालोचना **दायित्व** (२९/९६, २०७२) पत्रिकामा प्रकाशित छ । यस समालोचनामा मैनालीले नेपाली साहित्यको क्षेत्रमा बालसाहित्यको स्थान र यसको योगदानमा अच्युत घिमिरेको चर्चा गरेका छन् । मैनालीले नेपाली साहित्यमा कलिलो विधाका रूपमा रहेको बालसाहित्यको विकासमा लक्ष्मीप्रसाद देवकोटा, माधव घिमिरे, कृष्णप्रसाद पराजुलीले उल्लेखनीय कार्य गरेको चर्चा गरेका छन् । कलिलो विधा भएपनि यसको विकास र विस्तार भइरहेको चर्चा गर्दै मैनालीले यसको विस्तारमा अच्युत घिमिरेको मह□वपूर्ण योगदान रहेको उल्लेख गरेका छन् । उनले घिमिरेका 'नानीका गीतहरू', 'भालेको देश भ्रमण', 'दिन भयो घमाइलो' जस्ता बालकवितासङ्ग्रह प्रकाशित भएको

उल्लेख गरेका छन् । मैनालीले यी कविताहरूमा बालव्यवहारको सफल अवलोकन सरल एवम् लयात्मक रूपमा गरिएको छ भन्ने चर्चा गरेका छन् ।

## २. भाषाशैलीय विन्यास

युवराज मैनालीद्वारा लिखित **कर्मयोगी देवकोटा महाकाव्यको विश्लेषण** शीर्षकको समालोचनात्मक कृति श्रीहरि फुयाँलद्वारा सिर्जित **कर्मयोगी देवकोटा** महाकाव्यको विश्लेषणमा केन्द्रित रहेको छ । महाकवि लक्ष्मीप्रसाद देवकोटाको परिचयमा केन्द्रित रहेको **कर्मयोगी देवकोटा** नामक कृतिको विश्लेषणात्मक चर्चा मैनालीले गरेका छन् । देवकोटाको जीवनभोगाइका विभिन्न प्रसङ्गहरू समावेश भएको यस कृतिले देवकोटाको राम्रोसँग परिचय दिएको छ । विवेच्य कृतिमा कतिपय ठाउँमा पाइने कमीकमजोरीलाई पनि समालोचक मैनालीले औँल्याएका छन् । कवि फुँयालले कतिपय महत्त्वपूर्ण सन्दर्भहरू उल्लेख नगरेको कुरा पनि समालोचक मैनालीले देखाइदिएका छन् । भाषाशैली विन्यासका दृष्टिकोणले हेर्दा प्रस्तुत कृतिमा प्रयुक्त भाषा सरल र प्रष्ट रहेको छ । मैनालीलका अन्य समालोचनाको तुलनामा यस समालोचनाको भाषा सरल एवम् सुस्पष्ट भाषामा संरचित भएकोले विषयलाई बुझ्न पाठकलाई गाह्रो पर्दैन । यसमा विश्लेषणात्मक शैलीको प्रयोग गरिएको भए पनि सरल र छोटा वाक्य विन्यासका कारण पाठकका लागि अनावश्यक बौद्धिक कसरतको आवश्यकता पर्दैन ।

मोही माग्नु ढुङ्गो लुकाउनु (पृ.४७), जति जोगी आए पनि कानै चिरिएका(पृ.२९) जस्ता उखानहरू समालोचनमा कतै कतै मैनालीले प्रयोग गरेका छन् । थोरै मात्रामा टुक्काहरूको प्रयोगले भाषालाई रोचक नै बनाएको छ । कुनै ठाउँमा महाकाव्यको विश्लेषणभन्दा बाहिर गएर प्रसङ्गहरू जोडिएकोले विषय अप्रासङ्गिक जस्तो लाग्छ । महाकाव्यको विश्लेषणका क्रममा अधिकांशतः महाकाव्यकै श्लोकहरू प्रस्तुत गरेर मैनालीले लेखलाई प्रमाणित बनाउने कार्य गरेका छन् । कतिपय आफूले प्रस्तुत गरेका प्रसङ्गमा देवकोटाका काव्यकै हरफलाई उल्लेख गरेका छन् । यस दृष्टिकोणले हेर्दा मैनालीले देवकोटालाई नै चिनाउन खोजेका हुन जस्तो लाग्छ जस्तै :

*मासु नखाउँ क्यै छैन*
*तिमी भेडो भयो भने*

*निकै मीस्ठो गरी तिम्रो*

*मासु खान्छ समाजले । (पृ. २७)*

## ५.६ निष्कर्ष

नेपाली समालोचना सिद्धान्तको अध्ययन र ज्ञानले नेपाली समालोचनालाई सैद्धान्तिक र वस्तुगत बनाउने कार्यमा समर्पित भएर लाग्ने मैनाली नेपाली समालोचनाका क्षेत्रमा सैद्धान्तिक र वस्तुवादी समालोचकका रूपमा स्थापित हुन प्रयास गरेका देखिन्छ । हालसम्म उनका **केही प्रतिभा केही प्रवृत्ति** (२०४२), **समको पौराणिक नाट्य कौशल** (२०६९) र **कर्मयोगी देवकोटा महाकाव्यको विश्लेषण** (२०६९) गरी तीनवटा समालोचनात्मक कृति प्रकाशित भएका छन् । यी समालोचनात्मक कृतिहरूले युवराज मैनालीलाई वस्तुवादी समालोचकका रूपमा चिनाएका छन् । कतिपय समालोचनात्मक लेखहरूमा उनको निबन्धात्मक भाषाको रन्को पनि परेको देखिन्छ । समालोचना गर्दा सिद्धान्त र प्रयोगलाई एकै ठाउँमा राखेर विश्लेषण गरिएको छ । समग्रमा भन्नुपर्दा नेपाली समालोचनाको विकासमा युवराज मैनालीको ठूलो योगदान छ ।

# छैटौँ परिच्छेद

# युवराज मैनालीको निबन्धात्मक कृतिको विश्लेषण

## ६.१ परिचय

युवराज मैनालीले नेपाली साहित्यका कथा, निबन्ध, समालोचना, क्षेत्रमा कलम चलाएका छन् । वि.सं. २०३६ बाट निबन्ध विधामा कलम चलाउन थालेका मैनालीले आफ्नो प्रथम प्रकाशित निबन्धको शीर्षक थाहा नभएको बताउँछन् । उनका निबन्धहरू विभिन्न पत्रपत्रिकामा फुटकर रूपमा प्रकाशित भएका र ती निबन्धहरूलाई २०६५ सालमा **भ्रष्टाचारको भाङ** निबन्ध सङ्ग्रहमा सङ्गृहीत गरी पुस्तकाकारको रूपमा प्रकाशित गरिएको छ । हालसम्म उनको **भ्रष्टाचारको भाङ्** निबन्धसङ्ग्रह प्रकाशित छ । वर्तमान समयमा उनका निबन्धहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनका सङ्गृहीत तथा फुटकर निबन्धहरूको यहाँ क्रमशः विश्लेषण गरिएको छ ।

## ६.२ भ्रष्टाचारको भाङ् निबन्धसङ्ग्रहको विश्लेषण

### १. परिचय

मैनालीलको **भ्रष्टाचारको भाङ** निबन्धसङग्रह वि.सं. २०६५ मा **भानु** प्रकाशनबाट प्रकाशित कृति हो । जम्मा १३६ पृष्ठमा आबद्ध यो कृतिको आकार डिमाइ साइजको छ । यसमा जम्मा ३८ वटा निबन्धहरू सङ्गृहीत छन् । कृतिको आवरण पृष्ठमा एउटा हातमा माछा र अर्को हातमा किताब लिएको अमूर्त मान्छेको चित्र छ । आवरणको सिरानमा हरियो अक्षरमा कृतिको नाम लेखिएको छ । पछाडीको आवरण पृष्ठको दाँया साइडमा निबन्धकार मैनालीको रङ्गीन फोटो र उनको परिचय दिइएको छ भने बाँया साइडमा नरेन्द्रराज पौडेल, डा.गोविन्द, विष्णु प्रभातले मैनालीको निबन्धको छोटो परिचय तथा शुभकामना व्यक्त गरेका छन् । 'व्यङ्ग्यलेखन सजिलो काम होइन' शीर्षकमा विष्णु प्रभातद्वारा उक्त कृतिमा भूमिका लेखिएको छ । 'भन्नै पर्दा' शीर्षकमा लेखक स्वयम्ले निबन्धको तात्पर्य स्पष्ट रूपमा अभिव्यक्त गरेका छन् ।

प्रस्तुत **भ्रष्टाचारको भाङ** निबन्धसङ्ग्रहमा सङ्गृहीत निबन्धहरू *मान्छे, ताप्के, सत्य, बन्दको प्रबन्ध, भ्रष्टाचारको भाङ टोपी, टोपी, टोपी ! महान साहित्यकार, पत्रकार जय जयकार , पुच्छरको चमत्कार-१, पुच्छरको चमत्कार-२, जय सत्ता जय नेता ! चिन्तन* ममभित्रको, लङ्का ट्राभल व्हेन हनुमान, अक्षरको खेती, प्र को प्रपञ्च, कलि त कलि नै हो बा !, *अचम्मको पोको, राम्रो 'म', साधक सम्मानमण्डली प्रजातन्त्र दिवस, बन्ने हो कि राष्ट्रपति ? आत्मकथा रक्सीको, अचम्मको उल्लू, प्रचारको अचार, छिर्काछिर्की, कृष्ण धनम सर्व धनम्* प्रधानम सम्भवामी युगेयुगे, नाम, घुस्रिएको चाउचाउ, कुरैकुराको पुच्छर, हैन, के कस्तो छ ? *साहित्इकार बन्ने धोको, आत्मतत्त्वाम स्वाहा :, मान्छेमात्र मान्छे, यमराज सन्मुखे नेता उवाच, संसथा कथा- पुरस्कार व्यथा, जनताको नाममा स्वाहा :, सत्य र ज्ञानको शत्रुता* रहेका छन् । यस सङ्ग्रहमा सङ्गृहीत भएका निबन्धहरूमध्ये नौ पृष्ठमा विस्तारित *भ्रष्टाचारको भाङ* सबैभन्दा लामो आकारको निबन्ध हो भने जम्मा दुई पृष्ठमा विस्तारित *लङ्का ट्राभल व्हेन हनुनमान* सबैभन्दा छोटो आयाममा विस्तारित निबन्ध हो । अन्य निबन्धहरू ३-४ पृष्ठमा विस्तारित रहेका देखिन्छन् ।

प्रत्येक निबन्धको शीर्षक अनुसार व्यङ्ग्यचित्रहरू राखिएको छ । पङ्क्तिपुञ्ज विन्यासका दृष्टिले मध्यम किसिमका देखिने निबन्धहरूमा सन्दर्भ र प्रसङ्गहरूको परिवर्तन सँगसँगै पङ्क्तिपुञ्जमा परिवर्तन गरिएको पाइन्छ । यसभित्र अधिकांश निबन्धका शीर्षक प्रतीकात्मक छन् । निबन्धहरूले सामाजिक विषयलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् । समाजमा दैनन्दिन घटिरहेने, भोगिरहने र अनुभूति गरिरहने विषयलाई कतै सरल रूपमा त कतै ठट्यौली शैलीमा अभिव्यक्त गरिएको छ । यहाँ यस निबन्धसङ्ग्रहमा सङ्गृहीत निबन्धहरूलाई परिचय, विषयवस्तु र भाषाशैलीय विन्यासका आधारमा क्रमशः विश्लेषण गरिएको छ ।

### १. *मान्छे* निबन्धको विश्लेषण

यस निबन्धमा नेपाली युवा पुस्ताहरूले विदेशीनु पर्ने र त्यहाँ गएर मारिनु पर्ने यथार्थतालाई विषय बनाइएको छ । साथै देशको अर्थतन्त्रप्रति व्यङ्ग्य गर्दै निबन्धमा प्रेसको सुविधाले नक्कली नोट छापेर देशको अर्थव्यवस्थालाई खोट पुऱ्याउने खालका नक्कली मान्छेको सक्कली व्यवहारलाई उदाङ्ग पारिएको छ । आजको मान्छेले आफूलाई बुद्धको रूपमा स्थापित गराउन खोजे पनि हिटलरको रूपमा गनिएको विश्व परिवेशलाई प्रस्तुत

गरिएको छ । आजको मान्छेको व्यवहार चौंपायाको जस्तो भए पनि मान्छे मान्नु नै पर्ने बाध्यतालाई यस निबन्धले व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेको छ ।

मानवजाति स्वभावैले स्वार्थी हुन्छ । उसले कुनै पनि काम गर्दा आफ्नो स्वार्थ पूरा हुनेगरी गर्छ । निःस्वार्थी मानिसहरू अपवादका रूपमा मात्र पाइन्छन् भन्दै निबन्धमा महात्मा गान्धी, नेल्सन मन्डेला, गौतमबुद्ध, मार्क्स, लेलिनजस्ता थोरै व्यक्तिहरू मात्र देखिएका छन् भन्ने विषयलाई प्रस्तुत गरिएको छ ।

आजको मान्छे यति क्रूर भइसक्यो कि त्यसको वर्णन गरेर साध्य छैन् भन्ने कुरामा निबन्धकारले मान्छे जातिप्रति नै प्रश्न चिन्ह खडा गर्दै यस निबन्धमा 'इदिअमिन'को उदाहरण दिँदै मान्छे हिंस्रक बाघभन्दा खतरनाक प्राणी हो भनेर यसरी व्यङ्ग्य गरेका छन् : 'मान्छे आज हवाईजहाज पचाउन सक्छ, जङ्गल हसुर्न सक्छ, जमिन च्यात्न सक्छ, युग निल्न सक्छ, देशका देशै हसुर्न सक्छ । कुरा सोझो रूपमा हातले नाक छुने र हात बङ्गोटिङ्गो पारेर माडेर गर्दन नापेर पछिल्तिरबाट नाक छुनु जस्तै हो । दादा इदिअमिनले विरोधीको मुटु चपाए सोझो हातले नाक समाए ।'(पृ.२)

यसको तात्पर्य इदिअमिन मूर्ख थिए र वक्रतामा चल्न उनले जानेनन् । त्यसकारण मानिसहरूले उनलाई स्वजातिको रगत मासु खाने मानवरूपी राक्षसको रूपमा हेरे । अप्रत्यक्ष रूपमा मान्छेको मासु खाने राक्षसहरू भने सबैका प्रिय बनेर हिँडिरहेका छन् भन्ने कुरालाई निबन्धकारले यसरी प्रमाणित गरेका छन् : 'भियतनामदेखि रूस र इराकसम्म दाँतकै काम पनि नगराएर ठूलो बुस र कान्छो बुसले हुँडले बाङ्गो  हातले नाक समाए'। (पृ.२) हुन पनि हो अमेरिकाजस्ता विस्तारवादी देशले अन्य देशमाथि हस्तक्षेप गरी लाखौंलाख मानिसमाथि अन्याय गरेको इतिहासलाई 'मान्छे' निबन्धले उल्लेख गरेको छ ।

## २. *ताप्के* निबन्धको विश्लेषण

यस निबन्धमा नेपालीहरूले आफ्नो स्वार्थका लागि आफ्नो स्वाभिमान समेत बेच्न तयार रहने यथार्थलाई प्रस्तुत गरिएको छ । आफ्नो संस्कार र स्थानीय संरक्षणमा नलागी पश्चिमी संस्कृतिको पछि लाग्ने नेपालीहरूप्रति यस निबन्धले झाको झारेको छ । ताप्के तताउने धन्दामा मान्छे गोल बनिरहेका छन् । कोही त्यही गोलमा आँगो झोसेर झोल

पकाउने ताकमा छन् भने कोही जीवनको खोल सिँर्गान सत्यको संहार गर्दै छन् भन्ने विषयलाई व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गरिएको छ ।

पश्चिमी हावाले छोएको नेपाली धनी, गरिब जे भए पनि सुटेडबुटेड भएर हिड्नु पर्ने कुरालाई व्यङ्ग्य गर्दै घरमा इस्त्री नभए एउटा थोत्रो ताप्केमा गोलको आगो राखेर भए पनि कपडामा इस्त्री लगाउनै पर्ने विषयलाई देखाउन यस निबन्धमा भनिएको छ- 'हामी कहाँ बिजुली पुगेको छैन । त्यसैले पनि मेरो बानी सानैदेखि इस्त्री नलगाई लुगै नलगाउने छ । पढ्न ............ ताप्केमा गोल तताएर इस्त्री लाग्यो क्या चिटिक्क ।' । ( पृ.५)

युरोपेली देशबाट आयात गरिएको उत्ताउलो र भड्किलो फेसनको मोहमा डुबेर आफ्नो भेषभूषा, संस्कार तथा संस्कृति भुल्ने आजको युवा जमातप्रति यस निबन्धले व्यङ्ग्य गरेको छ । पश्चिमी देखासिकीले देशको साहित्य, संस्कृति र संस्कारको लोप भइरहेको वर्तमान परिप्रेक्ष्यमा युवा पीढिँलाई यसको संरक्षण तर्फ ध्यान आर्कषण गर्नु आवश्यक छ ।

### ३. *सत्य* निबन्धको विश्लेषण

यस निबन्धले हामी सत्यताको पछि लागे पनि आफै सत्य हौं कि होइनौं भन्ने द्विविधा उत्पन्न हुन थालेको कुरालाई विषय बनाइएको छ । हामी जतिसुकै सत्यको पछि लागेर सत्यको नारा लगाए पनि नाराहरू नारामै सीमित भएको यथार्थ प्रस्तुत गरिएको छ । मान्छे असत्यदेखि जतिसुकै पर हटेपछि सत्य के हो छुट्याउन नसकेर रूमलिइरहेको यथार्थलाई यस निबन्धले उठान गरेको छ ।

आजका धेरैजसो मान्छे अपराधिक मनोवृत्तिले ग्रसित भएका छन् । आजको मान्छे आफू पनि सत्य बोल्दैन र अरूले बोलेको कुरा पनि सत्य ठान्दैन । उहिलेको नैतिक शिक्षाले सत्यंवद् धम चर अर्थात् साचो बोल धर्म गर भन्दथ्यो, अहिलेको समय उल्टो भइसकेको छ । हिजोआज साँचो बाल्यो भने आपत आइहाल्छ । धर्म गऱ्यो भने पुरातनवादी र ढोगी होइन्छ भन्ने कुरालाई निबन्धकारले यहाँ पुष्टि गरेका छन् : "अन्धालाई सुरदास भन्यो भने रिसाउँछ बुढो मान्छेलाई बुढाबा भन्यो भने फन्किन्छ । तरुनोलाई बालक भन्यो भने आँखा तर्छ । .... यसैले सत्य बोल्दा मार पनि आइहाल्छ । सत्य सत्य नै हो सत्यको बखान तीते करेलाको झोलपान" (पृ.७) ।

## ४. *बन्दको प्रबन्ध* निबन्धको विश्लेषण

यस निबन्धले वर्तमान समयमा हुने र भइरहेको बन्द गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य प्रहार गर्न भ्याएको छ । यसमा नेपालमा आफ्ना माग पूरा गर्न बन्द गर्ने प्रचलन रहेको र यस्ता बन्दले सोझा साझालाई बढी असर पर्ने यथार्थलाई प्रस्तुत गरिएको छ । जनताको नाममा जनतालाई नै दुःख दिने तथा दिइरहेका बन्दकारीहरूप्रति यस निबन्धले चोटिलो व्यङ्ग्य प्रहार गरेको छ । साना-ठूला जसले पनि बन्दको धन्दा गर्नाले मुलुक ओरालोतिर झरेको र मुलुलकलाई ओरालोतिर लगाउन तँछाड मछाड चलिरहेको भन्दै निबन्धकारले साना कुरालाई लिएर बन्द गर्ने परिपाटीको अन्त्य हुनुपर्ने चाहना व्यक्त गरेका छन् ।

राजनैतिक अस्थिरताले गर्दा देश बन्द हडतालको पोखरीमा चुर्लुम्म डुबेको छ । मानिसहरूलाई दैनिक कामकाज गर्न अस्तव्यस्त भएको छ । गरिब, असहाय र असक्तले ज्यानैसम्म गुमाउनु परेको छ । यस्तै कष्कटर बन्दै भएको जनजीवन देखेर व्यङ्ग्यकार युवराज मैनाली यसो भन्छन्- 'अरू बेला खेल्ने ठाऊँ नपाएका फुच्चाफुच्चीले पनि बन्दको धून फुक्दिए मात्र पुग्छ, धमाधम दमाह बज्न थाल्छ ... त्यसैले हातै बन्द, मुखै बन्द, दिमागै बन्द, बन्द , बन्द, बन्द मतादा अन्धाहरूको हतियार हो बन्द, कसले गरोस यसको चाहिँदो प्रबन्ध ।' (पृ.१२)

बन्द गर्ने यस प्रवृत्तिलाई निराकरण गर्न प्रथमतः नीति निर्माण कर्ता एवम् राजनीतिज्ञ नै जिम्मेवार हुनुपर्छ । उनीहरू आफ्नो कामप्रति जवाफदेखि हुनुका साथै देशको हितपूर्ण कार्य गर्ने सोच राख्नु पर्छ । बन्दकारीहरू पनि आफ्ना सानातिना माग लिएर बन्दहडतालमा नउत्रिन त्यसको समाधान आफूहरू नै मिलेर गर्नुपर्दछ । यदि शासन गर्नेबाट ठूलै गल्ती भएको र आफूमा अन्याय भएको अवस्थामा बन्द हड्ताल होइन यसको विकल्प खोज्नु पर्दछ ।

## ५. *भ्रष्टाचारको भाङ* निबन्धको विश्लेषण

यस निबन्धले नेपाली समाजमा व्याप्त रहेको भ्रष्टाचारको चर्चा गरेको छ । सरकारी होस या गैरसरकारी सबै क्षेत्रमा भ्रष्टाचार मौलाएको कुरा यहाँ प्रस्तुत गरिएको छ । भ्रष्टाचारले सिङ्गो देश अधोगतितिर गएको छ भन्ने कुरा देखाउनु नै यस निबन्धको मूल भाव हो ।

व्यङ्ग्य विषयका लागि सबैभन्दा उर्वर विषय राजनीति हो । राजनीतिमा देखिएको विकृति र नेताहरूले देखाएको कमजोरी नै सबै समस्याको जड हो भन्दा फरक पर्दैन । यहाँ व्यङ्ग्यकारले राजनीति र नेताहरूको बारेमा एक से एक कमजोरी र तिनका विसङ्गतिहरूको धज्जी उडाएका छन् । नेताहरू आफ्नो स्वार्थका लागि मुलुकलाई भड्खालामा जाक्न समेत तयार भएको यथार्थलाई यहाँ निबन्धकाले मज्जासँग धज्जी उडाएका छन् । भ्रष्टाचारको मोहनी लागेपछि मान्छे भाङ जस्तै लठ्ठीन्छ, उसलाई त्यो नसाले बारम्बार लठ्याउँछ भन्दै निबन्धकारले भ्रष्टाचारलाई भाङको रूपमा तुलना गरेका छन् ।

यस निबन्धले राजनीति मात्र नभएर शिक्षा, समाज, धर्म, व्यापार तथा देशका अन्य क्षत्रेमा पनि भ्रष्टाचारको भाङले गाँजेको छ भन्ने कुरालाई समग्रमा बोध गराएको छ । जस्तै : “बिना कुनै स्याहार-सुसार भाङ्भाडी बनेर झाङ्गिएको छ, मौलाएको छ । ... सबैतिरबाट स्वाधीनता खोज्दै स्वतन्त्रताका पक्षपाती मान्छे भ्रष्टाचारको अगाडि लाचार छन्, विवश छन् । ... त्यसैले भ्रष्टाचार र भाङ उस्तै उस्तै हो । नानीको तानाखाना ठ्याम्मै मिल्छ । ... भाङ शिवजीको बुटी हो । भ्रष्टाचार घरदेखि सत्तासम्म पेट्रोलविना गुड्ने मोटर हो ।”(पृ.२, २१) ।

## ६. *टोपी, टोपी, टोपी* निबन्धको विश्लेषण

यस निबन्धमा टोपीको महिमा गाइएको छ । विदेशी ह्याट लगाउने हामीले संस्कार बिर्सिरहेको कुराको यहाँ चर्चा छ । टोपीको राष्ट्रिय पहिचान र यसको महत्त्व धेरै रहेको कुरा बताउनु यस निबन्धको मूलय विषय हो । टोपी नेपालीहरूको राष्ट्रियताको प्रतीक हो तर नेपालीपनलाई बिर्सिएर पश्चिमी संस्कृतिलाई अँगाल्ने प्रवृत्तिलाई यस निबन्धले उदाङ्ग पारेको छ ।

व्यङ्ग्यकार मैनालीले टोपीको गुणगानको महिमा गाएका छन् । आफ्नो शिरको दुरूपयोग भएको देखेर मैनाली आहत भएका छन् । उल्टो अवस्थामा पनि टोपीको प्रयोग गरिँदो रहेछ भन्ने कुरामा उनी यसरी व्यङ्ग्यको वाण वर्षाउँछन् - “ ... जाडो छोप्न, शीत छोप्न मात्र होइन खुइलिदो थाप्लो छोप्न पनि टोपीकै खास काम हुन्छ । ... कार्यालयमा आफू छैन तर आफ्नो टोपी टेबुलमा भयो भने मान्छे भएकै सूचनाको प्रतीक पनि बन्न सक्छ टोपी” (पृ.२२, २३) ।

राष्ट्रिय पहिचानको रूपमा रहेको टोपीको सही सदुपयोग गरेमा नेपालीको विश्वमा पहिचान हुने भएकोले यसप्रति सबै नेपालीहरूले ध्यान दिनुपर्छ भन्ने सन्देश यस निबन्धमा दिन खोजिएको छ ।

### ७. *महान साहित्यकार* निबन्धको विश्लेषण

आजका साहित्यकाहरू प्रचारबाजीमा आएर आफूलाई महान् भन्न रूचाउँछन् भन्ने विषयलाई यस व्यङ्ग्य निबन्धले देखाएको छ । अरूको चाकरी, चाप्लुसी गरेर महान् बनेका साहित्यकारका रचना चाहीँ महान् नभएको चर्चा यहाँ छ । स्वघोषित रूपमा आफूलाई महान् भनाउने साहित्यकारको भ्रष्टरूप देखाउनु नै यस निबन्धको मुख्य विषय बनेको छ ।

निबन्धकार मैनाली स्वयम् साहित्यकार भएकोले साहित्यभित्रको व्यथितिलाई आफ्नो निबन्धको विषय बनाएका छन् । साहित्य सेवा शुद्ध भावनाले गरिने भए पनि अचेल साहित्यलाई कमाइखाने भाँडो बनाइएको विकृतिप्रति निबन्धकार व्यङ्ग्य गर्दछन् । साहित्यले त रोएकालाई मुस्काउँन, मुस्कुराएकालाई रोदन, रोगीलाई औषधी, भोकालाई भोजन दिनुपर्छ तर आजका साहित्यमा न मिठास छ न दर्शन छ, न गाम्भिर्यता छ, खाली प्रचारबाजीमा होडबाजी छ । आजको समयमा स्वयम् घोषित साहित्यकारहरूको जमात बढ्दो छ भन्ने विषयलाई यस निबन्धले व्यङ्ग्यात्मक रूपमा उल्लेख गरेको छ ।

थोरै मेहनतले तथा एउटा दुईवटा पुस्तक प्रकाशित गरी विमोचन गर्दै ढ्वाङ पुकाएर आफूलाई महान् ठान्ने र घमण्डले फुल्ने तर प्रतिभाशून्य भएका बकम्फुसे साहित्यकारहरूप्रति चोटिलो व्यङ्ग्य गर्दै निबन्धकार यसो भन्छन्- "...विमोचनको समाचार टेलिभिजनमा फरर आउँदा आफ्नै सुट-टाइको पूर्ण व्यक्तित्व , नेताको भ्कै भाषण आहा ! क्या मज्जाको साहितियक व्यक्तित्वको पहिचान । ... स्थायी साहित्यकार दर्ताको धुमधामले मनको अन्तरमा देवकोटा ट्वाल्ल परे, वर्डस्वर्थ छक्क परे, शेक्सपियर पक्क परे । एक्काइसौं शताब्दीको प्रवाहवान् कवि म ... मेरो अगाडि अन्य सारा स-साना देखिन्छन्" (पृ.२६) ।

### ८. *पत्रकार जय पत्रकार* निबन्धको विश्लेषण

यस निबन्धमा पत्रकारहरूको यथार्थ रूपलाई देखाइएको छ । भएको कुरालाई नभएको र नभएको कुरालाई भएको बताउने पत्रकार, नेताको पछि लागेर फाइदा लुट्ने

रूपलाई यस निबन्धले विषयवस्तु बनाएको छ । बेकम्मा, बद्मास पत्रकारका कारण समाजमा व्यक्ति भित्रिएको कुरा व्यङ्ग्यात्मक रूपमा देखाउनु नै यस निबन्धको मुख्य विषय हो ।

पत्रकारले भ्रष्टाचारीलाई सदाचारी, अभिनेतालाई जन्मजात नेताका रूपमा, अन्धकारलाई प्रकाशका रूपमा रूपै बदलेर विरूप देखाइदिन सक्छन् । अझ राम्रा भन्दा नराम्रा विषयमा पात्रकारको आँखा छिटो जाने यथार्थलाई यस निबन्धले देखाइदिएको छ । पत्रकार बन्न कुनै योग्यता, सीप, शैली नचाहिने भएकोले पनि आजको जमानामा अरूभन्दा पत्रकार बन्न वेश भन्दै निबन्धकारले आजका पात्रकारको खिल्ली उडाएका छन् ।

पीत पत्रकारिता गर्ने र आफूलाई सबैभन्दा ठूलो पत्रकार मान्ने परम्पराको अन्त्य हुनुपर्छ भन्ने भावनालाई उजागर गर्दै असली पत्रकार बन्नका लागि व्यङ्ग्य शैलीको माध्यम अपनाएर अप्रत्यक्ष ढङ्गले आफ्नो सुझाव दिँदै व्यङ्ग्यकार मैनाली यस निबन्धमा भन्छन्- "... हरे कति मात्र बयान गरौँ ! पत्रकारिताभित्रको पत्रकारिभित्र के मात्र छैन र ! यसैले यहाँ सर्वव्यापी सर्वलक्षणले युक्त पत्रकारलाई तत्‌तत् बन्दना गर्नैपर्छ" (पृ.२९) ।

लोकतन्त्रको नाममा आजभोलिका पत्रकारहरूले पत्रकारिताको धर्म नै छाडेको अवस्थामा सत्य र तथ्ययुक्त समाचार मात्र सङ्कलन र प्रसारण गरेर आफ्नो कर्तव्य पूरा गर्नुपर्ने बेला आएको छ । अन्यथा राज्यको महत्त्वपूर्ण अङ्गको रूपमा चिनिने पत्रकारिता पेसा र समग्र मुलुकमा नै खतरा उत्पन्न हुन सक्छ भन्न सकिन्छ ।

## ९. *पुच्छरको चमत्कार- १* निबन्धको विश्लेषण

यस व्यङ्ग्य निबन्धमा हनुमाने प्रवृत्तिले मान्छेलाई गाँजिसकेको कुराको चर्चा गरिएको छ । समाजमा हनुमाने प्रवृत्तिका मान्छेको चलखेल भएको र यसले सिङ्गो देशलाई बिगारेको कुरालाई देखाइएको छ । पुच्छरको पनि शक्ति हुने, कमजोर पुच्छरले बलियो पुच्छरको पछि लागेर शक्ति जमाउने पुच्छरे प्रवृत्तिलाई निबन्धले देखाएको छ ।

कुनै अवसर पाउन होस वा जागिर खान होस् मान्छेले आफ्नो क्षमता प्रयोग नगरी पुच्छरको अर्थात् आफूभन्दा ठूलो शक्तिको भर पर्नुपर्ने यथार्थलाई निबन्धकारले व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् ।

## १०. *पुच्छरको चमत्कार- २* निबन्धको विश्लेषण

यस निबन्धमा पुच्छरको प्रतिष्ठा र पुच्छरका कारण मान्छेमा अभिमान बढेको विषयको चर्चा गरिएको छ । बलिया बाङ्गाका अगाडि पुच्छर लत्रिने र कमजोरका अगाडि ठडिने कुराको सूक्ष्म विश्लेषण यस निबन्धमा गरिएको छ । डाक्टर, प्राध्यापकका पुच्छरले अनेक क्षेत्रमा हैकम जमाएको छ भन्दै निबन्धले ठूलाबडाको हैकमवादी प्रवृत्तिप्रति व्यङ्ग्य प्रहार गरेको छ । राजनीति, शिक्षा स्वास्थ्य सबै विषयलाई बलिया पुच्छरले बोकेर हिँडेको कुरा निबन्धमा छ । जसको शक्ति छ उसैसँग सबैथोक छ, कमजोर वर्गको केही पनि भाउ नभएको यथार्थलाई निबन्धले प्रतिकात्मक रूपमा प्रस्तुत गरेको छ ।

हिजोआज आफ्नो नामको पछाडि उपनाम राख्ने चलन व्यापक रूपले चल्दै आएको छ । यस्तो छद्म नामले गर्दा मानिसहरूले हरेक किसिमको फाइदा लिने गरेका छन् । चोरदेखि साधुसम्म, सन्तदेखि महत्सम्मले उपनाम राखेर फाइदा लिएको देख्दा र त्यस्तो नामले समाजमा ल्याएको विकृतिप्रति चिन्तित हुँदै व्यङ्ग्यको माध्यमबाट जनचेतना जगाउन व्यङ्ग्यकार मैनाली त्यस्ता व्यक्तिउपर ढाड खुस्किने गरी पानी र सिस्नु लगाउँदै व्यङ्ग्यको झटारो हान्दछन् । जस्तै "जय त पुच्छरैको छ वा स्वर्णपुच्छर नभए पनि ताम्र पनि ताम्र , रजत, कास्य आदि कुनै न कुनै पुच्छर लाउनै पर्ला । ... कोही कोही पुच्छर हल्लाउनेमा बढी आफूलाई गर्व गर्दछन् । आफूभन्दा बलियो बाठोको अगाडि पुच्छर लुकाउने र सीधा वा आडभरोसामा ठड्याउने कला त भन्नै परेन" (पृ.३४) ।

## ११. *जयसत्ता जय नेता !* निबन्धको विश्लेषण

यस निबन्धमा सत्ताभोगी नेताहरूमप्रति कटाक्ष गरिएको छ । सत्ता प्राप्त गर्न अनेकौं तिकडम र नेताका वरिवरी घुम्ने चाटुकारहरूको प्रवृतिको यहाँ चर्चा गरिएको छ । सत्ता कब्जा गरेर देश डुवाउने नेताहरूको प्रवृतिलाई यस निबन्धले विषय बनाएको छ । वर्गीय, जातीय हितका लागि सत्तामा पुगेका नेतालाई आफ्नो सत्तामा नटिक्ने डर हुन्छ । सत्ता टिकाइराख्न अनेक कु-कर्म समेत गर्न पछि नपर्ने नेताहरूको प्रवृतिलाई यस निबन्धले देखाएको छ । नातावादको हाबि हुने क्षेत्रमध्य राजनीति पहिलो नम्बरमा आउने यथार्थलाई निबन्धले व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेको छ ।

'जति जोगी आए पनि कानै चिरेका' भनेजस्तै कुनै पनि सरकाले देश र जनताका लागि केहीं गर्न नसकेका र जुनसुकै पार्टीको नेता पनि सत्ता प्राप्ति र त्यसको टिकाउ गर्ने उद्देश्यले सरकारमा आएका रहेछन् भन्दै प्रस्तुत निबन्धले वर्तमान सरकारप्रति व्यङ्ग्य गरेको छ । अरू पार्टीको पत्तासाफ गराएर आफ्नै मात्र प्रभुत्व जमाउने नेताले जे गरे पनि हुने, आफूले जे पायो त्यो बोल्यो अनि त्यसको नराम्रो असर जनताहरूलाई पर्छ तर पछि मैले त्यस्तो भनेको छैन्, सञ्चार माध्यमले बङ्ग्याएर प्रसारण गरेको हो भनेर मिडियालाई दोष दिने प्रवृति मौलाएको छ । आज बोलेको कुरा भोली नै फेरे पनि हुने भन्ने कुराको प्रमाणित यस निबन्धले गरिदिएको छ । उदाहरणका लागि-'सत्ता बदनाम पत्तासाफ, विशेष गरी यहाँको चलन हो । आफ्नो बनाउन र आफू बन्न अरूको पत्तासाफ नगरी भत्ता नपाग्ने मात्र होइन, कि आफ्नै हत्ता पनि खुस्कने ऐतिहासिक संस्कारप्रति एउटा बाहुनको दुईटी स्वास्नी तानातानाको सूत्र नबुझ्ने न त उहिले थिए, न त अहिले नै छन् ।' (पृ.३८)

## १२. *चिन्तन ममभित्रको* निबन्धको विश्लेषण

यस ब्यङ्ग्य निबन्धका माध्यमबाट हाम्रो देशमा भएका राजनैतिक शैक्षिक र सांस्कृतिक क्षेत्रमा देखिएका विकृति-विसङ्गतिका बारेमा चर्चा गरिएको छ । मम खाईसकेपछि हामी नेपालीमा अनेक किसिमका चिन्तन आउँछन् जसले कुनै किसिमका अर्थ राख्दैनन् भन्ने कुरा देखाउनु यस निबन्धको मूल भाव हो ।

नेपालको संस्कृति, रहनसहन नै लोप हुने अवस्थामा पुगेको भन्दै पश्चिमी संस्कृतिको बहिष्कार गर्नुपर्छ भन्ने मूल सन्देश यस निबन्धले दिएको छ । चाडपर्व, रितिरिवाजजस्ता हरेक सामाजिक प्रचलनमा नजानिदो तरिकाले यस्तो संस्कार विस्तार भएको तर नेपालीहरू अझ मक्ख पर्ने यथार्थलाइ यस निबन्धले देखाएको छ ।

यसमा आधुनिक ब्राहमणलाई व्यङ्ग्यको वाण प्रहार गरिएको छ, जस्तै -"मम भन्दा नम : सुन्दछन् र नम : भन्दा मम सुन्दछन्" सोही कुरालाइ अर्को तरिकाले वा प्यारोडीका रूपमा यसरी भनिएको छ- "हामीले शिव उठायौं दुई ढुङ्गाको माझमा सभ्यता नाङ्गै बसेथ्यों खाएर मम साँझमा" (पृ.४०,४१)

## १३. *लङ्का ट्राभल ह्वेन हनुमान* निबन्धको विश्लेषण

यस निबन्धले हनुमाने प्रवृतिप्रति व्यङ्ग्य गरेको छ । चम्चेहरूका कारण मुलुक बिग्रिएको कुरा देखाउनु नै यस निबन्धले समेटेको विषयस्तु हो । विवेकहीन मान्छेसगँ देश चलाउने अपार शक्ति भएकोले देशमा प्रगति हुन नसकेको परिस्थितिलाई निबन्धले औंल्याएको छ ।

आफूभन्दा ठूलो-ठूलो पोको बोकेर हिँड्न नसकेपछि लङ्का ट्राभलमा चढ्न खोज्छन् यात्रीहरू तर पोको देखेपछि हनुमाने झम्टिहाल्छ । चाहे त्यो धनी होस्, चाहे त्यो गरीब होस् हनुमानलाई पोको खोस्न पाए पुग्यो । यस कुरालाई चरितार्थ पार्न पोको खोस्नेले मनमनै भन्नछन् “आफैले पारेको पोको सकिनसकी बोक्यो” (पृ.४३) ।

यसरी यस निबन्धले भनेजस्तै गरी आफूमात्र खान खोज्ने, अरूलाई बिगार्ने प्रवृतिले आजको मुलुकमात्र होइन् विश्वलाई नै भुमरिमा पारेको छ । म होइन हामीको भावना लिएर अघि बढेको सन्दर्भमा व्यक्ति, समुदायमा, राष्ट्र र विश्व नै सभ्य एवम् उन्नत हुने द्विविधा छैन् ।

## १४. *अक्षरको खेती* निबन्धको विश्लेषण

यस निबन्धले पत्रपत्रिकामा देखिएको विकृतिलाई चर्चा गरेको छ । ठूला-ठूला अक्षर पत्रिकामा भर्न सक्यो भने कुनैपनि क्षेत्र प्रख्यात कहलिन्छ भन्ने कुरा यहाँ देखाइएको छ । यसरी पत्रपत्रिकामा छपाएर कुनै पनि कुराको प्रचार-प्रसार गरी व्यथिति निम्त्याउने खराव परम्परा देखाउनु नै यस निबन्धको मुल भाव हो । अक्षरको खेती गरेर करडौंपति बनेकाप्रति निबन्धले व्यङ्ग्य गरेको छ ।

आजको संसार अक्षरको संसार हो । अक्षरबिना आजको मान्छे चल्न सक्तैन । गुरु, विधार्थी, किसान, हरौटे-भरौटे देखि लिएर कवि साहित्यकार तथा लेखनदाससम्मले अक्षरको खेती गर्छन् । अक्षरकै माध्यमबाट झन्डा हल्लाउनेदेखि लिए डण्डा हलाउनेसम्म, साघुदेखी चोर, ,डाँका, फटाहा र ठगसम्म चल्ने गर्दछन् । यस विषयलाई ब्यङ्ग्यकार मैनाली भन्छन्- “यो पनि पुन्य नै लाग्ने कुरो हो । बन्चरो उठाउनुपर्ने होइन, हलो जोत्नु पर्ने होइन, कुटो, कोदालो चलाउनु होइन । उचाल्ने त त्यही आठ/दश औँले नापका कलम र १६+४० औँले

नापोको कागज न हो । यो दुई नचाएपछि मनसुनको ट्वारट्वारे होस् आफ्नो खेती चलिहाल्छ , बाली फलिहाल्छ'' (पृ.४७) ।

## १५. *'प्र' को प्रयञ्च* निबन्धको विश्लेषण

यस व्यङ्ग्य निबन्धले मान्छे प्रशंसा र प्रचारको पछि लागेको कुरालाई देखाएको छ । रेडियो, टिभी आदिको प्रयोग गरी प्रशंसा प्रचारको पछि लाग्ने मान्छेभित्रको नाममोहलाई देखाउनु यस निबन्धको मूल भाव हो । लेखक, कलाकार, पत्रकार, नेताहरू आफ्नो नामको प्रचार-प्रसार गर्ने व्यक्तिहरू मध्ये पहिलो नम्बरमा आउने गर्दछन् ।

जमाना प्रचारको छ, प्रशंसाको सूत्र जान्ने मान्छे मात्र सफलताको लिफ्ट चढ्न सक्दछ भन्दै निबन्धले प्रचारबाजीमा लाग्नेप्रति व्यङ्ग्य गरेको छ । वास्तवमा नाम चलाउन गाह्रो भए पनि आफैले आफैलाई वाइवाई गरी सञ्चार माध्यमद्वारा प्रचार गर्नेहरूको जमात बढ्दो रहेकोप्रति निबन्धले व्यङ्ग्यात्मक रूपमा उठान गरेको छ ।

हाम्रो देशमा जे जति भएको छ त्यो कुरा 'प्र' को प्रपञ्चबाट भएको छ, सेनापति होस् तथा विभिन्न मन्त्रालय र विभागका प्रमुखहरू हुन् अनि प्रधान सम्पादक एवम् प्रधानाध्यापक र अन्य थुप्रै क्षेत्रमा 'प्र' को प्रपञ्चले नै हलचल मच्चाएका छन् भन्ने कुराको राम्रो जानकारी यस निबन्धमा दिइएको छ । उदाहरणको रूपमा निबन्धको सानो अंश यहाँ प्रस्तुत गर्न सकिन्छ : "नाम चलाउन कहलाउन प्रसिद्धि हुनुको अगाडि रत्नाकरको स्टन्ट पुरानो भएरै अर्कै स्टन्ट अपनाउँदा बाल्मिकि कहलाउन पुगेको कथा बिर्साएर आजकालका नेता प्रजातन्त्रको 'प्र' मा कागले पिचिक्क गरेको दृष्टिभ्रममा लोकतन्त्र र गणतन्त्रको रङको ओढ्नी ओडेर जानथालेका छन्" (पृ.५१) ।

## १६. *कलि त कलि नै हो बा !* निबन्धको विश्लेषण

यस निबन्धले पुँजीवादी पश्चिमी संस्कृतिले हाम्रो देशलाई आक्रान्त पारेको चर्चा गरेको छ । पश्चिमी मुलुकको अन्धानुकरण शिक्षा, स्वास्थ्यजस्ता अनेक क्षेत्रमा व्यापार भएको र अश्लिलताले प्रवेश पाएको कुरा देखाउनु नै यस निबन्धले बोकेको मूल भाव हो ।

चाडपर्व मनाउनेदेखि खानपान समेतमा पश्चिमी संस्कृति बढेको यथार्थतालाई निबन्धले चर्चा गरेको छ । पतिलाई छली छली पत्नी डिस्कोमा जाने, नयाँ वर्ष थाहा

नपाउने तर न्यू एयर मनाउने, टि.भि. सिरियल पाएपछि गृहिणी अरू सबै काम भुल्ने जस्ता विकृतिहरू भित्रिएकोले कलि धपक्कै बलेको भन्दै निबन्धकार यसप्रति असन्तोष छन् । आफ्नो संस्कार नै लोप हुने अवस्था आएकोले अब कलिको कालो दलेर काले बन्ने होइन बरू कलिलाई बलि दिनुपर्ने विचार निबन्धकारको छ ।

कलिमा के कुरा हुँदैन र ? क्याबिन रेष्टुराँहरूमा धायो । बूढो भए पनि तरूनी नचायो । तरुनीको फिलामा चिमोट्यो । बाहुनले मःम चपायो, जाँड-रक्सी घोक्यो, गर्न नहुने पनि गरेकोले कलि धपक्कै बलेकोप्रति निबन्धले व्यग्य गरेको छ । सुल्टो गर्दा उल्टो आईलाग्ने, उल्टो गर्दा सुल्टो भएर बधाई पाउनुमा आश्चर्य लाग्नु स्वाभाविकै हो । यसै कुरालाई इङ्गित गर्दै व्यङ्ग्यकार भन्छन् - "पतिलाई छलेर मित्रका साथ क्याबिनमा डिनर, पत्नीलाई ढाँटेर डान्स रेष्टुरेन्ट आदिमा अँगालो बेराई, मीठो चोलीका झलकहरूले कलि कति सम्मको धपक्कै बलेको भन्ने देखाइएको छैन त ?" (पृ.५४)

## १७. *अचम्मको पोको* निबन्धको विश्लेषण

नेपालमा कसैलाई पनि देशको चिन्ता नभएको कारणले देश बिग्रिएकोप्रति यस निबन्धले व्यङ्ग्य गरेको छ । व्यक्तिका स्वार्थका कारण दिनानुदिन बन्द, हडताल गर्ने प्रवृत्ति बढेको, सरकारी कोषको दुरूपयोग भएको, भ्रष्टाचार बढेको जस्ता विद्यमान यथार्थतालाई निबन्धले विषयवस्तु बनाएको छ । बुद्धको देश भनेर चिनिने बेला नभएको अब अशान्त, भ्रष्टको देश भनेर चिनिने बेला आएको, देशमा राम, सीता, साबित्री कोही नजन्मिएको, शक्ति हुनेले आफ्नो पोको टन्न भर्ने तर निर्धाहरू थिच्चिएको यथार्थ अवस्थालाई निबन्धमा विषय बनाइएको छ ।

यो संसार अचम्मको पोको जस्तो बन्दै गएको छ, चाहे वैज्ञानिक चमत्कार होस्, चाहे आजका मानिसको काला कर्तुतमा होस्, चाहे सीधा-साधालाई घाँटी निमोठ्ने कुरा होस्, यो संसार अचम्मको पोको हो । पोकै पोकोको संसारमा मान्छेको टाउको पनि एउटा पोको हो । त्यो त झन मनचिन्ते पोको हो, जे गर्न चाह्यो त्यहीँ हुने । पोकोलाई ठीक तरिकाले चलाए मालामाल हुने, बेठीक तरिकाले चलाए हलाहल पनि हुने । यस कुरालाई निबन्धमा यसरी प्रमाणित गरिएको छ - "यो दुनियाँ अचम्मको पोको हो । जति पाएर पनि नमेटिने तृष्णाको धोको हो ।" (पृ.५६)

## १८. *राम्रो म* निबन्धको विश्लेषण

यस निबन्धमा मान्छेभित्र रहेको मपाइँत्वका बारेमा सूक्ष्म रूपमा चित्रण गरिएको छ । मान्छेले आफूलाई सबैभन्दा सर्वश्रेष्ठ ठान्छ भन्ने कुरालाई यस निबन्धले मुख्य विषय बनाएको छ । आफ्नो क्षमता केही नभए पनि मान्छे अरूभन्दा बढी क्षमतावान भएको भन्दै घमण्ड गर्छ । सेक्सपियर, ग्यालिलियो जस्ता महान व्यक्तित्वको रूपमा आफूलाई तुलना गर्न समेत कोही पछि पर्दैनन् । रूपमा कुरूप छ तर विश्वकै हिरो सम्झन्छ, अरूभन्दा बौद्धिक क्रान्तिकारी, सङ्घर्षशील, भुक्तभोगी, दार्शनिक सबै आफू नै भएको घमण्ड मान्छेमा पाइन्छ ।

चोर, डाँका, फटाहा, बेइमान जे भए पनि आफूले आफैँलाई राम्रो छु, सोझो छु, सद्गुणी छु भन्ने मान्छेको मनोवृत्ति रहेको हुन्छ । अरूले तपाईं भनुन् नभनुन् आफैं मपाईं भन्नु राम्रो होइन भन्दै त्यस्ता घमण्डीहरूलाई व्यङ्ग्य-बिनोदी मैनालीले यसरी व्यङ्ग्यको झटारो हानेका छन् - “वर्णमाला पढ्दादेखि नै राम्रो ‘म’ भनेर पढ्ने मान्छेहरू व्यङ्ग्य वाण हान्दैमा ठीक ठाउँमा आउँलान् कि नआउलान् हेर्न बाँकी नै छ” (पृ.६१) ।

आफूले आफ्नो मूल्याङ्कन गर्ने र अघि बढ्ने प्रवृत्ति नरहेको प्रति यस निबन्धमा व्यङ्ग्य गरिएको छ । यदि हरेक मान्छेले आत्म मूल्याङ्कन गरेर मात्र जुनसुकै काम गऱ्यो भने कोही पनि ढाँट, फटाहा नहुने विचार निबन्धमा छ ।

## १९. *साधक सम्मानमण्डली* निबन्धको विश्लेषण

यस निबन्धले नक्कली साहित्यकार, समाजसेवी, गायक आदि जो सुकैसँग विशिष्ट क्षमता हुँदैन तर विशिष्टताको रूपमा सम्मानित हुन्छन् भन्ने कुरालाई देखाएको छ । पञ्चायत, प्रजातन्त्र वा गणतन्त्र जुनसुकै काल भएपनि नक्कली साधकहरूले मात्र सम्मान र पुरस्कार पाउने विषय यस निबन्धमा पाइन्छ । वास्तविक व्यक्तिको कदर नभएर नातावाद, कृपावादमा सम्मान फसेकोप्रति निबन्धले व्यङ्ग्य गरेको छ । जसले इमान्दार रूपमा राष्ट्र सेवा गर्छ जसले समाज परिवर्तनको लागि साहित्य लेख्छ उसको कुनै कदर नै छैन । सम्मान मण्डलीभित्र जो व्यक्ति छन् तिनले नै सम्मान पुरस्कार प्राप्त गर्ने प्रवृत्ति रहेकोप्रति निबन्धकार असन्तोष छन् । फोस्रा, नक्कली साधकहरूप्रति तिखो व्यङ्ग्य प्रहार गर्न यो निबन्ध सफल छ ।

कतै साहित्यकार मण्डली, कतै राजनीतिक मण्डली, कतै धार्मिक मण्डली तथा साधकदेखि वादक मण्डलीसम्मका मान्छेहरू यहाँ छन् । मण्डली मात्र नभईकन कुनै बेला मण्डलेहरूको बोलवाला थियो । नेपालमा सीधा-सादा विद्यार्थीदेखि कर्तव्यनिष्ठ व्यक्तिहरू सम्मलाई मण्डलेहरूले कुट्थे, पिट्थे र खुब सताउँथे । कतिलाई त मारी पनि दिन्थे । पञ्चायतकालमा मण्डले भनेपछि सातो जान्थ्यो । त्यस्ता मण्डलेहरूलाई २०३६ सालमा विद्यार्थी आन्दोलनले जरै उखलेर फालीदियो । तिनलाई फालेर के गर्नु, फेरि गाउँ, सहर तथा टोलटोलमा नव मण्डलेहरूको हैकम चलिरहेको छ । नेल्सन मण्डेलाजस्ता असल मान्छेहरू कहाँ कुन मण्डलमा छन् थाहा छैन । यहाँ त्यही कुरालाई पुष्टि गर्न निबन्धकारले भनेका छन् - “मण्डलेको कुरा गर्दा मण्डलको भरमार छ ऐलै, पैले त एउटा कर्मवीर महामण्डल सुनिन्थ्यो । अहिले त मण्डलहरू यति विध्न च्याउ उम्रिएझैँ ओइरिएका छन् ।” (पृ.६४)

## २०. *प्रजातन्त्र दिवस* निबन्धको विश्लेषण

यस निबन्धमा प्रजातन्त्रप्रति व्यङ्ग्य गर्दै यसभित्रको बेथिति देखाइएको छ । मुलुक प्रजातन्त्रमा गए पनि अझ निरङ्कुशता मौलाएको र प्रजातन्त्रले नेपाली जनतालाई केही पनि नदिएको धारणा निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् । नेपालमा प्रजातन्त्र देखाउने दाँत मात्र भएको छ । जनताहरू झनझन गरिब बनेका छन् तर नेताहरूको हिजोको रूप फेरिएर धनी व्यक्तित्वको रूपमा गनिएका छन् । गुण्डागर्दी मौलाएको छ । भष्टाचार बढेको छ, सत्तामा जाने होडबाजी चलेको कारण देशमा अशान्ति भएको छ । यहीँ मौका पारेर छिमेकीले स्वार्थ लुटिरहेका छन् । प्रजातन्त्रको नाममा भाँडतन्त्र मौलाएको छ भन्ने यथार्थ विषयलाई निबन्धकारले व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् ।

संसारभरमा प्रजातन्त्र आए पनि नेपालमा प्रजातन्त्र आएको थिएन । वि.सं. २०४६ मा नेपालमा प्रजातन्त्र आयो भनिए तापनि प्रजातन्त्र राजा रजौटाको कठधरामै प्रतिबन्धित थियो । २०६२/०६३ को १९ दिने जनआन्दोलनले लोकतन्त्र ल्यायो भनिए पनि यो पनि नेताहरूमा मात्र आएको देखिन्छ । जनतामा लोकतन्त्र आएको छैन । मात्र भोकतन्त्र आएको छ भन्ने प्रसङ्गमा निबन्धकार भन्छन् - “प्रजातन्त्र कम्पाउण्डवालाको ग्र्याण्ड डिजाइनभित्र नै छन् । रोडम्यापमा अङ्कित छैनन् । ... झुप्राहरूमा अर्थात् जनता सर्वसाधारणमा पुग्नै

सकेका छैनन् । ... नत्र त जहाँ प्रजातन्त्र पुग्छ, त्यहाँ सम्वृद्ध हुनु पर्ने होइन र ?" ( पृ.६६,६७) ।

## २१. *बन्ने हो कि राष्ट्रपति ?* निबन्धको विश्लेषण

यस निबन्धले नेपालको राजनीतिक विषयलाई यथार्थ रूपमा देखाएको छ । यहाँ ठूलो पदमा जानका लागि हानथाप हुन्छ । यस निबन्धमा राष्ट्रपति बन्नका लागि भएको होडबाजीको चर्चा गरिएको छ । सामान्य व्यक्तिले पनि राष्ट्रपति बन्ने मोह देखाउनु, नेताहरूको अन्तिम उद्देश्य यही रहेको विषय यस निबन्धमा उल्लेख गरिएको छ । मौकामा चौका हान्न जान्नुपर्छ भन्ने नेपाली उखान नेपालका ठूला नेताहरूले राम्रोसँग प्रयोग गर्न जानिसकेका र त्यो देखेर साना नेताहरू, योगीजोगी, कुष्ठरोगी, तोरीलाउरे सबैले नक्कल गर्ने प्रवृत्तिप्रति निबन्धले भ्रुटारो हानेको छ ।

राजा नामधारी एउटा भूपतिलाई हटाएर अहिले जनताका छोरा भनाउँदा मोराहरू सबका सब राष्ट्रपति बन्न चाहन्छन् । राष्ट्र बने बनोस् नबने नबनोस् सत्ता समातेर भत्ता पचाउँदै राष्ट्रपति बन्न पाए पुग्यो । जनतालाई मीठो आश्वासन दियो, फाइदा आफूले लियो । देश र जनतालाई एकातिर जाडेर भागे पनि आफू मालामाल बन्यो भन्ने प्रसङ्गमा निबन्धकार मैनाली भन्छन् - "नेपाल राष्ट्रको म एक नागरिक ! मेरी श्रीमती पनि समावेशी स्वरूपकी नागरिक । उसको म नेपाली पति हुँ । आजको नयाँ नेपालमा केही आपत्ति छैन । नागरिक, रैती, वर्ण, जात, लिङ्ग आदि सबैबाट पृथक् बनेर सबै पति हुन पुगेका छन् । ... सबैका सबै पति भइसकेपछि जाबो एउटा राष्ट्रपतिको बारेमा के को रडाको ?" (पृ.६८)

## २२. *आत्मकथा रक्सीको* निबन्धको विश्लेषण

समाजमा भलादमी हुँ भन्नेहरूका लागि पनि रक्सीप्रिय भएको विषय यस निबन्धमा छ । रक्सी अनेक थरीका हुने र यसले मान्छेलाई तर्साउने कुरा यहाँ उल्लेख भएको छ । स्पेशल रक्सीमा इज्जत भएको र ठूलाबडाले यसलाई सेवन गर्ने गरेको भन्दै मान्छे र रक्सीलाई जोडेर यसप्रति व्यङ्ग्य गर्नु यस निबन्धको मूल भाव हो । भोज, भतेर होस् वा पाहुना स्वागत जहाँ पनि रक्सीको महत्व बढेको, यसको असर थाहा पाउनेहरू पनि यसको प्रयोग गर्न नचुकेको यथार्थलाई निबन्धको विषय बनाइएको छ ।

अहिलेको संसार जाँड-रक्सी खानबाट अछुतो छैन, चाहे त्यो ब्राहमण होस् अथवा वैश्य-शुद्र जोसुकै हुन् । जाँड-रक्सी नभई के जवान के बुढा सबका सब सुरा र सुन्दरीमा लीन भएका पाइन्छन् । देवता हुन् कि दानव, साहित्यकार हुन् कि अलपत्रकार, चोरडाँका हुन कि बुढापाका हुन्, कलाकार, गजलकार, राम्रा र नराम्रा सबैमा रक्सीले प्रभुत्व जमाएको छ, कलीको अमृत जस्तै भएर । त्यसकारण रक्सीको आत्माले भन्छ - "मेरो प्रेरणा लिएर साहित्यकारहरूले अनेक गीत रचे, मेरै आस्वादनमा उर्वसी, तिलोत्तमा रम्भा नचाए ।" (पृ.७२)

## २३. *अचम्मको उल्लु* निबन्धको विश्लेषण

यस निबन्धमा जातीय अस्तित्वको खोजीमा विखण्डन निम्ताउन तम्सिनेहरूप्रति व्यङ्ग्य गरिएको छ । अधिकार खोज्ने निहुँमा देशलाई टुक्राउन खोज्नेहरूसँग सचेत बन्नु पर्ने विचार निबन्धकारले यस निबन्धमा राखेका छन् । यही जातीयताको नामले अफगानस्थान, इराकजस्ता मुलुकहरू विखण्डनको स्थितिमा पुगेको यथार्थलाई औंल्याउँदै निबन्धकारले नेपालमा पनि यो स्थिति आउन सक्ने भन्दै सजग हुन आग्रह गरेका छन् ।

लाटोकसेरो उल्लु हो । यो आफैँमा लाटो पनि छ । त्यस्तै गरी नेपालीहरू पनि उल्लु बनिरहेका छन् । नराम्रो असर थाहा पाउँदा पाउँदै पनि जातीयताको कारण देशलाई विखण्डन पार्न खोजेकोप्रति नेपालीहरू पनि लाटोकोसेरो बनेका छन् भन्ने कुरा यहाँ उल्लेख छ । वर्तमान समयमा नेपालमा जातीय संघीयताको नाममा देशलाई विखण्डन गर्न खोजिएको देखिन्छ । नेपाल जस्तो सानो र बहुलवादी समाज रहेको राष्ट्रमा यसो गर्नु नेपाल र नेपालीको अस्तित्व मेटाउन खोज्नु हो भन्ने मूल भाव यस निबन्धले बोकेको ।

## २४. *प्रचारको अचार* निबन्धको विश्लेषण

सत्य कुरा छोपेर असत्य कुराको प्रचारमा लाग्नेप्रति यस निबन्धले व्यङ्ग्य गरेको छ । मान्छे होस् या देश प्रचारको पछि लाग्नाले सत्य कुरा छोपिने यथार्थलाई यस निबन्धले देखाएको छ । आफ्नो नामको प्रचार, कामको प्रचार गर्नेहरूमा उद्योगपति, व्यापारी, राजनीतिज्ञ, पत्रकार, साहित्यकार सबै कारहरूको कमी नभएको भन्दै प्रचारवादले देश बिग्रिएको हो भन्ने निबन्धकारको ठम्याई छ ।

आजको युग प्रचारको युग हो । यो युगमा तिलको गेडा जति मात्र राम्रो काम गऱ्यो भने पहाड जत्रो बनाएर प्रचार गर्ने प्रचलन चल्दै आएको छ । यस्तै प्रकारको विडम्बनालाई व्यङ्ग्यको झटारो यस निबन्धले हानेको छ । हेरौँ यसै प्रसङ्गको एउटा उदाहरण - “महायज्ञदेखि पूँजापाठसम्ममा पनि हिजोआज प्रचारकै बढ्दो सरोकार समेटिएको बेलामा हामी तपाईं कोही पनि नछुटी जुट्न सकेसम्म प्रचारमा जुटौँ, भित्रभित्रै खोक्रो भएर पनि बाहिर टिलिक्क टल्कौँ” (पृ.८३) ।

## २५. *छिर्काछिर्की* निबन्धको विश्लेषण

नेपाली समाज बोक्रेपनामा बाँचेको देखाउनु यस निबन्धको मुख्य माव हो । हाम्रो समाजमा सतही ढङ्गका कुरा हुन्छन् । साँचो र बौद्धिक कुरा गर्नेहरूको कमी रहेको तर हावा कुरा गर्नेहरूकै शिर उच्च रहेको कारण शिक्षा, साहित्य, राजनीति जस्ता क्षेत्रमा विकृति आएको छ । ढाँटहरूले डालाभरि पैसा गन्ने र पुरस्कारको माला पहिरिने गरेको विषय यस निबन्धमा  छ ।

यो संसारमा कोही पनि शुद्ध हुँदैनन् । राजनीति होस् कि पत्रकार, साहित्यकार होस् कि समाजसेवी, देव हुन कि महादेव कोही पनि शुद्ध हुँदैन । एउटा न एउटा कारणले गर्दा जसलाई पनि अशुद्धिको छिर्काछिर्कीले भेटेको हुन्छ । बुढाहरू त झन बात्तिएर महादेव जस्ता हुन्छन् । महादेव त झन् शुद्ध हुँदैनन् भन्ने प्रसङ्गमा व्यङ्ग्यकार मैनाली भन्छन् - “देवाधिदेव महादेव त यतै अशुद्ध उतै अशुद्ध । उनको अशुद्धिमता औंलाउँदा दक्षप्रजापति छागमुखे हुनुपरेको कसलाई थाहा छैन र ?” (पृ.५४)

## २६. *कृष्ण धनम् सर्व धनम् प्रधानम* निबन्धको विश्लेषण

यस व्यङ्ग्य निबन्धमा कृष्णको शक्तिको चर्चा छ । विजय अनेक कुरामा हुन्छ । देश बीचको युद्ध होस् वा मान्छे बीचको त्यहाँ कृष्णको बुद्धिले काम गरेको हुन्छ । आजको मान्छेले पनि आफूलाई कृष्ण सम्झनेप्रति निबन्धले व्यङ्ग्य गरेको छ । आफूलाई कृष्ण ठान्नेहरूले नै समाज तथा देश बिगारेकोले निबन्धकार यसप्रति व्यङ्ग्यात्मक रूपमा प्रस्तुत भएका छन् ।

भ्रष्टाचार मौलाउँदै गएको समाजमा धनीमानीको मान मर्यादा हुन्छ, अभिनन्दन र प्रतिष्ठा हुन्छ । आजको समाजले मान-मर्यादा, इज्जत र प्रतिष्ठा धनी वर्गलाई मात्र दिन थालेको छ । सन्त-महन्त, ज्ञानी-गुनी र विद्धताको यहाँ कदर गरिँदैन । त्यसकारण आजका मानिसहरू आफूलाई सत्य सम्झेर पैसाको सपना र जपनामा कालो धन आर्जन गर्न हिँडेका हुन्छन् । चोरी, ठगी वा भ्रष्टाचार जे सुकै गरेर भए पनि मानिसहरू धन-दौलतका लागि दौडिरहेका छन् । भ्रष्टाचारलाई नियन्त्रण गर्ने अड्डा अदालतमा नै झन बढी भ्रष्टाचार हुने गर्छ भन्ने प्रसङ्गमा मैनाली भन्छन् - "समाजमा धनको सम्मान, आमाको सम्मानभन्दा बढी इज्जतपूर्वक र प्रतिष्ठापूर्वकको चलनविना आन्दोलन नै चलेको छैन ।" (पृ.८८)

मान्छेहरू आफूलाई कृष्ण भन्ठान्छन् तर काम राक्षसको जस्तो गरिरहेका छन् । कृष्ण भगवानले गर्ने ठीक विपरीत काम गर्छन् तर पनि आफू नै यो लोकमा प्रधान रहेको ठान्नेहरूलाई समाजद्वारा नै बहिष्कृत गरी सम्वृद्ध समाजको निर्माण गर्न सकिन्छ ।

## २७. *सम्भावामित युगेयुगे* निबन्धको विश्लेषण

मान्छेको नकरात्मक प्रवृत्तिको चित्रण यस निबन्धमा गरिएको छ । अर्कालाई पछारेर आफू अगाडि बढ्ने खराब प्रवृत्ति मान्छेले लिएको छ । साम, दाम, दण्ड, भेदका लागि मान्छेले अरूलाई लडाएर आफूले रमिता हेर्ने प्रवृत्ति होस् वा अरूको राम्रो कुरालाई पनि नराम्रो भन्दै भाषण गर्ने प्रवृतिले आजको युग भुमरीमा फसिरहेको छ । प्रजातन्त्र र मानवअधिकारको नाममा चर्को नारा लगाउँदै हिँड्नेहरू नै समाजका विषय बनिरहेका छन् । यसरी यस निबन्धले हाम्रो समाजमा भएका कुप्रवृत्तिको भण्डाफोर गरेको छ ।

एकातिर मान्छे एकले अर्कालाई पछारेर अघि बढ्ने दाउमा छन् भने अर्कातिर विज्ञानको चमत्कारले विश्व साँगुरिदै गएको छ । नयाँ-नयाँ आविष्कारहरू तथा परिवर्तनहरू पनि विस्तारै पैसामुखी बन्दै गएका छन् । यसका साथै पुराना स्मारकहरू जीर्ण बन्दै र ढल्दै गएका छन् । मानिस कठोर बन्दै गएका छन् । जसले गर्दा मानिसको अस्तित्व नै लोप हुने खतरा बढ्दै गएको छ । यस्तो खतरनाक परिवेशमा मान्छे नै सचेत र यसबारे जानकार हुनुपर्दछ ।

## २८. *नाम* निबन्धको विश्लेषण

यस व्यङ्ग्य निबन्धमा नामका भोगीहरूको चर्चा छ । कलाकार, समाजसेवी, चिकित्सक आदि नामका भोका मानिसहरूप्रति यस निबन्धले व्यङ्ग्य प्रहार गरेको छ । आफ्नो नाम चम्काउन बद्नाम समेत गर्न पछि नपर्ने व्यापारी, समाजसेवीहरू राम्रोभन्दा नराम्रो गर्न तर्फ बढी अग्रसर देखिन्छन् । नामकै लागि आफ्नो बदनाम मात्र होइन दामै पनि स्वाहा पार्ने तर आफूलाई बुद्धिमान देखाउनेहरूप्रति यहाँ व्यङ्ग्य प्रहार गरिएको छ ।

आफ्नो नाम बेचेर दाम कमाउनका लागि मानिस मरिमेट्छन् । उहिलेका मानिसहरूले लेखिदिएका कृतिबाट अहिलेका मानिसहरूलाई दाम कमाउने राम्रो माध्यम बनेको छ । पहिलेका मानिसहरूले समाजको हित हुने कार्यहरू गरेर आफ्नो नाम राख्दथे भने अहिले तिनै कामलाई आफ्नो नाममा सारेर दाम कमाउनेहरू नै समाजका किरा हुन् । यस्ता नामभोगी किराहरूलाई तह लाउन व्यापक अनुसन्धान गर्ने र पाखा लगाउने कार्य गर्नु आवश्यक छ ।

## २९. *घुम्रिएको चाउचाउ* निबन्धको विश्लेषण

यस निबन्धमा महङ्गीको चर्चा छ । देशमा व्यापारीहरूले नेताहरूलाई किनेर महङ्गी बढाएको कारणले सर्वसाधारणको जनजीवन नै अप्ठेरोमा परेको कुरा यहाँ उल्लेख छ । व्यापारी र नेताहरूले सिर्जना गरेको विसङ्गतिलाई सूक्ष्म विश्लेषण गरी पाठकसामु प्रस्तुत गर्नु निबन्धकारको ध्येय रहेको छ ।

ग्राहक ठग्ने नयाँ-नयाँ तरिकामध्ये, कुनै सामान किन्दा अर्को सामान सित्तैमा पाइने प्रलोभन देखाउनु हो । व्यापारीहरूले कुनै सामान किन्दा अर्को सामानमा चिठ्ठा पर्ने प्रलोभन देखाएर पनि कालाबजारी गरिरहेका छन् । अर्कोतिर सामानको परिणाम घटेको छ, मूल्य भने वृद्धि भएको छ । यसतर्फ नेताहरूले ध्यान नदिएको कारण अझ यो मौलाएको अवस्था छ । यसमा सिधासाधा मानिसहरू नै ठगिने र यसको समाधान गर्ने पीडित नै सचेत हुनुपर्ने सन्देश यस निबन्धमा छ । यही प्रसङ्गलाई निबन्धकार भन्छन् - “दुई औँलो चाउचाउमा पाँचै औँला डुबाई टि.भि. उपहार पाऊँ भन्ने विज्ञापन सुनेपछि ऊ आफैँ चाउचाउ बन्यो । आँपको स्वाद कोयोको समेत दाम भनेपछि उपहारको घ्याम्पे जारभित्र को नपरोस् ?” (पृ.१००) ।

## ३०. *कुरैकुराको पुच्छर* निबन्धको विश्लेषण

यस निबन्धले राजनीतिक विषयलाई व्यङ्ग्य गरेको छ । खासगरी कम्युनिष्ट राजनीतिभित्र देखिएको विकृति विसङ्गति बारेमा कटाक्ष गर्नु यस निबन्धको मुख्य विषय बनेको छ । राजनीतिको आड लिएर देशमा कूकार्य गर्ने प्रवृत्तिले नेपाललाई खाईसकेको छ । राजनीतिक नेताहरूले जनतासामु प्रस्तुत घोषणापत्र सत्तामा पुगेपछि बिर्सने र धन कमाउन पुच्छरको पछि लाग्ने प्रवृत्तिलाई निबन्धले व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेको छ । सत्य कुराको पछि नलागेर अर्काको देखासिकि गर्ने तथा कुरैकुराको पछि लाग्ने प्रवृत्तिलाई यस निबन्धले विषय बनाएको छ ।

अहिलेका नेताहरू नामको पछाडि पुच्छर झुण्डयाएर आफ्नो अभीष्ट पूरा गर्दै आएका छन् । आफ्नो स्वार्थ अनुरूपको नाम अगाडि सारेर राजनीति गर्दै आएका नेताहरूलाई झटारी गर्दै हान्दै व्यङ्ग्यकार मैनाली भन्छन् - “आफैँ हल्लिने एकथरी पुच्छर तर यो पुच्छर अरूले हाँके टस न मस नेताले हल्लाए मज्जाले हल्लिने ठुकठुक ठुकठुक” (पृ.१०२) ।

## ३१. *हैन के कस्तो छ ?* निबन्धको विश्लेषण

हाम्रो समाजमा रहेका सामाजिक बेथितिहरूको चर्चा छ । अव्यवस्था, महङ्गी र सर्वसत्तावादले हाम्रो सामाजिक जीवन बिग्रिएको हो भन्ने कुरा देखाउनु यस निबन्धको मूल भाव हो । पश्चिमी संस्कृतिले हाम्रो संस्कृतिलाई विस्थापित गर्दै गएको यथार्थताको चित्रण यस निबन्धले गरेको छ । कर्मचारीहरूको तलब नबढ्ने तर हरेक चिजको महङ्गी बढ्ने कारणले समाजमा विकृति देखिएको छ । यसरी समाजका विसङ्गतिहरूको कारण महङ्गी प्रमुख भएको विषयको उठान यसमा गरिएको छ ।

तडकभडक देखाएर हिँड्ने मान्छेको अत्यधिक चाप र सडकपेटीमा राखिएका पसल सवारीका साधनको अनियन्त्रित चाप आदिले गर्दा बाटोमा हिँड्न समेत कष्टपूर्ण बन्दै गएको छ । सरकारलाई जनताको सरोकारका कुराहरूमा ध्यान पुग्न सकेको छैन । उनीहरूलाई आफ्नो दूनो सोझ्याउँदैमा ठीक्क छ । यसै प्रसङ्गमा व्यङ्ग्यकार मैनालीको भनाइ यस्तो छ - “हिजोआज सडक आफ्नो बेग्लैखाले तडकभडक साथ हात्तीपाइले चालमा लसक-लसक

हिँड्दो छ । सडक डुब्लाएर वाहन जाम हुन्छन् । दुई पाङ्ग्रे उफ्रेर पेटी चढ्नछन् ।" (पृ.१०८)

## ३२. *साहित्यकार बन्ने धोको* निबन्धको विश्लेषण

यहाँ साहित्यकार बन्न त्यति सजिलो नभएको कुराको चर्चा गरिएको छ । वास्तविक साहित्यकार बन्न ठूलो तपस्या गर्नुपर्ने हुन्छ । विनापरिश्रम, भनसुन, प्रचार र चाकरीको भरमा साहित्यकार बन्नेहरूप्रति यस निबन्धले व्यङ्ग्य गरेको छ । देवकोटा, लामिछाने, सम, शेक्सपियर, वडेस्वर्ध, दाँते, कामुजस्ता साहित्यकार बन्छु भनेर कनिकुथि लेख्न थाल्ने नक्कली साहित्यकारहरूले नै साहित्यमा विकृतिप्रति निबन्धकार सन्तुष्ट छैनन् । साहित्यकार बन्नका लागि धेरै अध्ययन गर्नुपर्छ तर आजका साहित्यकार अध्ययन विनाको खोक्रो साहित्य लेख्छन् र आफ्नै श्रीमतीद्वारा प्रचार गर्न लगाउँछन् भन्ने विषयलाई यस निबन्धले व्यङ्ग्य गरेको छ ।

लेखन शक्ति नहुनेहरू पनि आफूलाई साहित्यकार बनाउन अनेक प्रयत्नहरू गरिरहेका हुन्छन् । अहिले विनाप्रतिभा साहित्यकार बन्न खोज्नेहरूको बाढी नै उर्लिएको छ । आफू राम्रो लेख्न नसक्ने र अरूको कृतिलाई पनि नराम्रो बन्ने साहित्यकार पनि कम छैनन् । आजकालका साहित्यकारहरू एउटा न एउटा पार्टीका झण्डा बोकेर आफूलाई ठूलो साहित्यकार हुँ भन्ने व्यक्तिहरू पनि नभएका हैनन् । त्यस्ता असली साहित्यकारको बर्खिलाप गर्दै हिँडेका पनि देखिएका छन् । पाटीसित आबद्ध लेखकहरूले जस्तो लेखे पनि त्यस पार्टी र पार्टीमुखी जनताको लागि ठूलो साहित्यकार हुन्छ तर अत्यन्त राम्रो लेख्ने, कुनै पनि पार्टीका झण्डा नबोक्ने साहित्यकार भने सधैँ उपेक्षित नै रहने कुरा यहाँको संस्कार नै बनिसकेको छ । अरू त के आफ्नै श्रीमती पनि त्यस्तो साहित्यकारलाई सरापिरहेकी हुन्छे, भन्ने कुरालाई व्यङ्ग्यकार मैनालीले यसरी पुष्टि गरेका छन् - "हुत्ती न सुत्ती बडो लेखक बनेर पुरुषार्थ देखाउन हिँडेको होइन, अगतिको घरमा स्वास्नी तर्साएर खानु जस्तो हो र लेख्नु भनेको, हुत्ती हुनुपर्छ क्या मान्छेको ।" (पृ.११६)

## ३३. *आत्मतत्वाय स्वाहा* निबन्धको विश्लेषण

समालोचना विधामा देखिएको विकृत पक्षलाई यस निबन्धले व्यङ्ग्य गरेको छ । साँचो कुरा लेख्ने समालोचकको भाउ नभएको तर प्रचारमा आएका नक्कली समालोचनकले

सम्मान पाउने यथार्थलाई यस निबन्धले विषय बनाएको छ । समालोचना गर्ने नाममा बढी प्रंशसा गर्ने प्रचलन बढेको छ । सत्य के हो त्यसलाई नलेखेर रातोलाई कालो, कालोलाई रातो लेख्ने समालोचकले समालोचना विधामा विकृति ल्याएका छन् ।

यहाँ सबै साहित्यकार सबै समालोचक बन्न खोजेका छन् । कनिकुथि किताब छपाउँछन् । आखिर एक कपी पनि बिक्दैन । साहित्यकार बाबुको कृति मूल्याङ्कन गर्ने समालोचक छोरी वा उसकै श्रीमती हुन्छे । समालोचना गर्ने नाममा बढी प्रशंसा गर्ने र प्रख्यात हुन खोज्ने प्रवृत्तिले साहित्य क्षेत्रलाई बिर्गान खोजेकोप्रति आम पाठक तथा साहित्यकारले खबरदारी गर्ने बेला आएको छ ।

## ३४. *मान्छेमात्र मान्छे* निबन्धको विश्लेषण

मान्छेको शत्रु मान्छे नै हुने, मान्छेले नै मान्छेको बदनाम गर्नेजस्ता कूप्रवृतिलाई यस व्यङ्ग्य निबन्धमा विषय बनाइएको छ । मान्छेले मान्छेलाई लडाएर अघि बढ्ने प्रवृत्तिलाई यस निबन्धले मूल रूपमा देखाउन खोजेको छ । आफ्नै परिवारभित्रका सदस्यहरू बीच पनि खुट्टा तानातानको अवस्था रहेको हुन्छ । मान्छेलाई कूमान्छे बनाउने मान्छे नै हो । यस निबन्धमा आफ्नो दूनो सोभ्म्याउन अर्को मान्छेलाई प्रयोग गर्ने प्रवृत्तिलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ ।

मान्छेको जात साह्रै अपराधी हो । ऊ आफ्नो दुनो सोभ्म्याउनेदेखि केही गर्दैन । अरूलाई सहयोग गरे पनि आफ्नो स्वार्थ हुने गरी गर्छ । आफैं बाचौं, आफैं खाऊँ, आफैं मोजमस्ती गरौं भन्ने भावनाले ग्रसित छ मान्छे । अर्काको रगत मासु खाएर पनि नपुग्ने मान्छेलाई यसरी व्यङ्ग्य प्रहार गरिएको छ - "...अरूलाई कुल्चेर अघि सर्छ मानिस । यसरी मान्छेले मान्छेलाई नकुल्चिदो हो त मान्छे कहाँ पुगिसकेका हुन्थे ।" (पृ.१२१)

## ३५. *यसराज सन्मुख नेता उवाच* निबन्धको विश्लेषण

यस निबन्धमा नेपाली राजनीतिमा देखिएको विकृतिको चर्चा गरिएको छ । जीवनकालमा कूशासन गर्ने नेताहरूलाई मरेपछि यमराजको सम्मुखमा पुग्दा पछुताउनु पर्ने कुरालाई यस निबन्धमा उल्लेख गरिएको छ । यमराजको सम्मुखमा गएपछि लामखुट्टे टोकाइ, उपियाँ र उडुसको डसाई सहनु पर्ने हुन्छ । यसको कारण त्यही पापको परिणाम हो । त्यति

धेरै कष्ट त चुनाव हारेको बेला पनि नहुने भन्दै नेताहरूको खोइरो खन्न यस निबन्ध सफल छ ।

नेताहरू विरामी भएर बस्दा पनि पद, पैसा र पावरको चिन्तन गरिरहन्छन् । उनीहरूलाई देश र जनताको मतलब हुँदैन । नेताहरू भाषणमा मात्र देश बनाउँछन् । व्यवहारले भने देश र जनतालाई गिराउँने कार्य मात्र गर्दछन् । देश लुटेर खोक्रो नभएसम्म उनीहरूलाई त रातभर निद्रा लाग्दैन । पदको लागि जस्तो अपराध गर्न पनि पछि पर्दैनन् । सत्तालिप्साको मोहले गर्दा उनीहरूलाई तन्द्रा र निद्रा छुट्याउन पनि गाह्रो पर्दछ । उदाहरणको लागि निबन्धकै एक अंश हेरौं - "तन्द्रा हो वा निद्रा, सपना हो वा विपना, प्रभु ! हिजो आज म कालो झण्डा, अनसन अनि डोलोडोलो आसन  मात्र देख्न थालेको छु ।" ( पृ.१२३)

## ३६. *संस्था कथा - पुरस्कार व्यथा* निबन्धको विश्लेषण

नेपालका संस्था र पुरस्कार वितरणमा भएको व्यथितिलाई यस निबन्धले देखाएको छ । साहित्यिक सङ्घ, संस्था र त्यहाँको चरम बेथितिलाई यस निबन्धले झटारो हानेको छ । साहित्यिका पुरस्कार राजनीतिक भागबण्डाद्वारा वितरण गर्ने प्रवृत्तिले यस क्षेत्रमा विकृति देखिएको छ । निष्पक्ष मूल्याङ्कन नहुने, आ-आफ्नो मान्छेलाई वितरण गर्ने प्रवृत्तिले बुद्धि खियाएर साहित्य लेख्नेप्रति चोट पुगेको यथार्थलाई निबन्धकारले आफ्नो निबन्धको विषय बनाएका छन् ।

आफ्ना सदस्यहरूलाई मात्र पुरस्कार दिने संस्थाहरू हिजोआज च्याउ उम्रिए झैं उम्रिएका छन् भन्दै निबन्धकारले ती संस्थाहरूले साहित्यिक क्षेत्रमा फैलाएको विकृति र विसङ्गतिहरूप्रति चोटिलो प्रहार गरेका छन् । त्यसरी प्राप्त गरेका पुरस्कारहरू पुरस्कार नभई व्यथा मात्र हुन् भन्ने कुराको जानकारी शीर्षकले नै दिन्छ ।

त्यसैगरी एक व्यक्तिले पुरस्कार पाउँदा अर्को व्यक्तिलाई कसरी डाहा हुँदो रहेछ भन्ने कुराको जानकारी पनि यसले दिएको छ । जस्तै : "मदन पुरस्कार गुठी र प्रज्ञा प्रतिष्ठानको आसमा झुण्डिएका आँखा कसरत गर्न नपाई कति ट्वाँ परेर हेरिरहनु । ... लाख जुटाई भाग छुट्याई साहित्यिक सम्मान बाँड्छन् तर रडाको पो चल्छ बा" (पृ.१२७) ।

## ३७. *जनताको नाममा स्वाहा* निबन्धको विश्लेषण

जनतालाई अयोग्य वस्तु वितरण गर्ने र जनताले त्यस्ता अयोग्य वस्तुलाई चर्को मूल्यमा किन्नु पर्ने बाध्यतालाई यस निबन्धले देखाएको छ । प्रजातन्त्र आयो, गणतन्त्र आयो तर महङ्गी झन बढ्दै गयो । चुनावको बेला ख्याउटे देखिने नेता चुनाव जितेपछि स्याउ झैँ रङ्गिएका गाला बनाएर ठाट्टिदै हिँड्छन् तर जनताको समस्या कहिल्यै पनि पूरा हुँदैन भन्ने विषयलाई व्यङ्ग्यात्मक रूपमा निबन्धले प्रस्तुत गरेको छ ।

जनता र देशको नाममा अधिक पैसा लिएर नेताहरूले च्याम पारेको देख्दा व्यङ्ग्यकार मैनाली साह्रै मर्माहित हुन्छन् । यसमा राष्ट्रियताको भावना छताछुल्ल भएर पोखिएको छ । राष्ट्रप्रेम र निरिह जनताको मायामा व्यङ्ग्यकार मैनाली संवेदनशील बनेर देखा परेका छन् । नेताहरूले चलाएका मनपरीतन्त्रले प्रजातन्त्र ओझेलमा परेको छ । जनता जनार्दनहरू अत्यन्त मारमा परेका छन् । मानव जीवन दिन प्रतिदिन कष्टकर बन्दै गएको छ । दैनिक उपभोग्य वस्तुको अभावै अभाव र आकासिँदो महङ्गीको मारमा जनताहरू छटपटाईरहेका छन् । सत्तामा पुग्ने होडबाजीले गर्दा जनताको अबमूल्य भइरहेछ । हेरौँ सोही भावनाको अंश - “राजनीतिज्ञका लागि कौडा हो जनता रतिया, चौका, छक्का माराको साधन । ...हरेक नेता अभिनेतालाई सत्ता र सम्पत्तिको हालीमुहाली गराउने तर कसैबाट केही पनि नपाइरहेको जनता ।” (पृ.१३१)

## ३८. *सत्य र ज्ञानको शत्रुता* निबन्धको विश्लेषण

प्रजातन्त्रको स्थापनापछि जनताले जुन कुराको अपेक्षा गरेका थिए, त्यसअनुरूप नभएपछि जनता निराशा भए जस्तै गरी पुस्तक मोहले पाठक विरक्तिएको चर्चा यस निबन्धमा गरिएको छ । पुस्तकमा लेखिएका सबै कुरा राम्रा हुन्छन् भन्ने भ्रम बोक्नु बेकार हो भन्ने कुरा देखाउनु नै यस निबन्धको मूल विषय हो । कतिपय पुस्तकले त सत्य कुरा होइन झन अन्योलता थप्ने भएकोले यसप्रति पाठक नै सचेत हुनुपर्ने सन्देश यस निबन्धले दिएको छ ।

कागजी सत्यताले मात्र ज्ञानको उदय हुँदैन । राम्रा-राम्रा पुस्तकमा लेखिएका कुरा सत्य भए पनि व्यवहारमा नउतारिएपछि सत्य र ज्ञानको कुराले झन शत्रुता बढ्छ । पुस्तकले जति नै ज्ञानगुणका कुरा दिए पनि मानिसहरूले त्यो कुरा व्यवहारमा लागु गर्दैनन् ।

नेपालका नेताहरूले त एकरति पनि त्यो कुरा मान्दा रहेनछन् । भाषण सबैले राम्रो गर्छन्, व्यवहारमा भने आफ्नो दुनो सोभ्याउने मात्र गर्दा रहेछन् । यही कुरालाई निबन्धले यसरी बोल्छ - "यस क्रममा मैले कार्लमार्क्स पढेँ, मण्डेलाको जीवन चरित्र सबै पढेँ, अलि देशको राजनेताहरूको अनुहारमा खोज्न थाले । तर यसले झन् खतराको स्थिति यो निम्त्यायो । ... पुस्तकका चरित्र र व्यवहारका चरित्र बीच ठूलो विरोधाभास पो देखा पऱ्यो" (पृ.१३६) ।

## ६.३ फुटकर निबन्धहरूको विश्लेषण

### १. चरिचुच्चे च

यो निबन्ध **सुलेख** (१/७, २०६९) मासिक पत्रिकामा प्रकाशित छ । यो निबन्धले नेपाली समाजको चालचलन, संस्कारमा आएको परिवर्तनबारे चर्चा गरेको छ । सामाजिक चालचलन, रहनसहनमा पूरै पश्चीमी संस्कारले असर गरेकोप्रति निबन्धकारले यस निबन्धमा व्यङ्ग्य गरेका छन् । चाडपर्व मनाउँने तारिकादेखि खानपिन, पहिरन, बोल्ने तरिका सबैमा पाश्चात्य शैलीको प्रभाव परेकोप्रति मैनाली चिन्तित देखिन्छन् । यही क्रममा नेपालको संस्कार परिवर्तन हुँदै गएमा निश्चय नै यसको लोप भएर जाने भन्दै मैनालीले यसबाट आइपर्ने चुनौतीप्रति सचेत समेत गराएका छन् ।

### २. क्वाथ राजनीति

यो निबन्ध **सुलेख** (२/६, २०७०) मा प्रकाशित छ । यस समालोचनामा मैनालीले राजनीतिप्रति व्यङ्ग्य गरेका छन् । पहिलो संविधानसभाले सहमतिद्वारा संविधान बनाउन नसकेको अवस्थाको चित्रण यसमा गरिएको छ । नेताहरूले सहमतिको मन्त्रमात्र जप्ने तर सहमति गरेर अगाडि बढ्न नसकेकोप्रति मैनालीले आक्रोस व्यक्त गरेका छन् । पाँचतारे होटेल वा रिसोर्टमा फिला, बिला, पेय, अपेय हसुरेर कम्मर मर्काउन, जिब्रो फड्काउँन सहमति हुने तर संविधानका विवादित विषयमा पटक्कै सहमति नदेखाउने नेताहरूले नेपाललाई उद्योगतितिर लगेको भन्दै मैनालीले सहमति शब्दका प्रत्येक अक्षरको अर्थ समेत लगाएका छन् जस्तै : स-सजाऊ, ह-हसरु, म-मर्काऊ, ति-तितरवितर होऊ । बाहिर राष्ट्रसेवकको रूपमा परिचय दिन खोज्ने तर भित्र राष्ट्रप्रति पटक्कै जिम्मवार नहुने नेताहरूप्रति यस निबन्धले खेदो खनेको छ ।

## ३. सिंहदरबार

यस निबन्ध **दायित्व** (२७/८१, २०७०) मासिक पत्रिकामा प्रकाशित भएको छ । यस निबन्धमा मैनालीले काठमाडौँमा बारम्बार देखिने चुनौतीहरूप्रति व्यङ्ग्य प्रहार गरेका छन् । काठमाडौँमा दालभात पकाउँन, शिक्षा आर्जन गर्न, औषधी उपचार गर्नजस्ता यावत कामहरू ढुक्कसाथ गर्न नसकिने कुराको उजागर यस निबन्धले गरेको छ । पानी, बिजुली, ग्याँसजस्ता अत्यावश्यक वस्तुको चरम अभाव हुनु तर हो-हल्ला, जुलुस, विरोध, प्रदर्शन भने दिनहुँजसो भइरहने भन्दै मैनालीको काठमाडौँको यथार्थ स्थितिबारे व्याङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् । हरेक चिजको भाउ बढ्ने भएकोले पनि काठमाडौँको मुखमा माड पर्न मुस्किल हुने व्यथालाई उजागर गरिएको छ । यस्तै समस्याहरूको कारण वाक्क भएका काठमाडौँका जनताले सिंहदरबारलाई खेदो खन्ने कारदखाना बनाएका छन् भन्दै मैनालीले सिंहदरबारमा जनताको हित गर्न बसेका कर्मचारी तथा मन्त्रिहरूप्रति असन्तोष व्यक्त गरेका छन् ।

## ४. नेपाली हास्य-व्यङ्ग्यको राजमार्गदेखि चट्याङ नगरसम्म

यस निबन्ध **भानु** (४५/११७, २०६५) पत्रिकामा प्रकाशित छ । यस निबन्धमा मैनालीले साहित्यमा हास्यव्यङ्ग्यको महत्व र यसप्रतिको बढ्दो रुचिबारे आफ्नो अभिव्यक्ति समेटेका छन् । साथै यसमा मैनालीले हास्यव्यङ्ग्यमा नेपाली साहित्यको स्थानको पनि निरूपण गरेका छन् । यहाँ मैनालीले आजको कलाकारिता भनेको मनोरञ्जनमा केन्द्रित भएको उल्लेख गरेका छन् । आफैँले देखे भोगेका समाजका समस्याहरू र चिनेजानको व्यक्तिहरूमा अनुभूतिका सरल, सरस र मनोरम वर्णन पढेर भन्दा हेरेर बौद्धिक मनोरञ्जन लिन खोज्ने प्रवृत्ति उग्र रूपले बढेर गएको चर्चा यसमा गरेका छन् । हलहरूमा केन्द्रित भएका चलचित अब घर घरमा छरिन पुगेको, छापा अक्षरका परिकार अब इमेल-इन्टरनेटबाट पाठकले लिने गरेको यथार्थ पक्षको उदउ्घाट यहाँ भएको छ । अभिनयद्वारा हँसाउने रचनाले पाठकका पीर, मर्का, दुःख, पीडा बिर्साउने भएकोले विश्वभर नै यसको माग बढेको तथ्य मैनालीले प्रस्तुत गरेका छन् ।

नेपाली हास्यव्यङ्ग्ले प्रथम प्रयोग शक्तिबल्लभ अर्यालले **हास्य कदम्ब** नाटकको नेपाली अनुवाद गरेर भित्र्याएको र आधुनिक कालसम्म आएर यसले व्यापक रूपमा चर्चा

पाएको उल्लेख गरेका छन् । नेपाली साहित्यमा १९५३ मा भित्रिएको हास्यव्यङ्ग्य प्राचीन कालमा नै व्यापक प्रयोग भएको मैनालीले उल्लेख गरेका छन् । साहित्य रचनाद्वारा मात्र नभई नेपाली हास्य व्यङ्ग्यको स्वरूप संस्कृति, सामाजिक व्यवहार र चलनहरूमा पनि ओतप्रोत पाइने कुरा मैनालीले उल्लेख गरेका छन् ।

## २. भाषाशैली विन्यास

नेपाली निबन्धको फाँटमा युवराज मैनाली व्यङ्ग्यात्मक निबन्धकार हुन् । समाजका सामाजिक, आर्थिक सांस्कृतिक, शैक्षिक, राजनैतिक लगायतका क्षेत्रहरूमा देखिएका विकृति तथा विसङ्गतिप्रति मैनालीले आफ्ना निबन्धमा व्यङ्ग्य गरेका छन् । भाषाशैलीगत दृष्टिले मैनालीका निबन्धहरू भावगत रूपमा केही जटिल छन् । सामान्य पाठकले उनका निबन्ध पढेर, बुझ्न कठिन पर्छ । उनले हाम्रै समाजका अनेकौं विकृतिहरूलाई व्यङ्ग्यात्मक रूपमा निर्धक्कसँग प्रस्तुत गरेका छन् । सम्पूर्ण निबन्ध नपढेसम्म निबन्धको भाव पनि थाहा पाउँन कठिन पर्छ । 'लङ्का ट्राभल व्हेन हनुमान' 'सम्भवामि युगेयुगे', 'आत्मतत्वा स्वाहा' जस्ता निबन्धहरूको तुलनामा अन्य निबन्धहरू बौद्धिक खालका नभई सुबोध खालका नै छन् ।

प्रस्तुत सङ्ग्रहका निबन्धको भाषामा कलात्मकता पाइन्छ । निबन्धहरू नेपाली भाषामा प्रचलित तत्सम, तद्भव, आगन्तुक, अनुकरणात्मक, झर्रा नेपाली, अङ्ग्रेजी भाषाका शब्दहरूको प्रयोगद्वारा रचना भएका छन् । मोरा, जाबो, राँडी, पाजी, तरी जस्ता नेपाली झर्रा शब्दहरूको प्रयोग गरिएको छ । रेष्टुरेन्ट, ड्युटी, डिमान्ड, फेशन आदि जस्ता अङ्ग्रेजी शब्दहरूको प्रयोग निबन्धहरूमा अत्यधिक मात्रामा गरिएको छ । टुलुटुलु, टिकटिक, खुसुक्क, ट्याम्पट्याम्प, सुइँयुइँ थर्थर, ड्याम्मड्याम्म जस्ता अनुकणात्मक शब्दहरूको प्रयोगले पनि निबन्धको भाषालाई केही रोचक बनाएको छ । नस हाल्नु, घैंटामा घाम लाग्नु जस्ता टुक्काहरूको प्रयोगले पनि यस सङ्ग्रहका निबन्धहरूको भाषामा नेपालीपन झल्केको देखिन्छ । काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर, एक थुकी सुकी सय थुकी नदी, अर्थ न बर्थ गोविन्द गाई कपाल दुखेको औषधी नाइटोमा लाई जस्ता उखानको प्रयोगले निबन्धहरूलाई रोचक बनाएका छन् । कथ्य नेपाली शब्दहरू जस्तै : याने, भाको, बुदुनो, नगीच पनि प्रयोग भएका छन् । प्रसङ्ग अनुसार रामायणका प्रसङ्गहरू पनि जोडिएको छ, जस्तै 'बालीको पुच्छरमा रामायण बाँधिएझै ...' (पृ.१६) । मैनालीका कुनै कुनै निबन्धहरूमा कवितात्मक भाषाको समेत प्रयोग भएका छन् , जस्तै :

*अठहत्तर जिल्लाका चल्ला माउ खोज्दै हिँड्छन् जहाँ,*
*सबका सब बकुल्ला सरी दाउ मार्न बढ्दछन्, यहाँ ... (पृ.१०६) ,*
*मेरो कथा मेरो गीत,*
*नजान्नेले के जानुन मसँगको प्रित ...(पृ.७२) ।*

मैनालीका निबन्धहरूले समग्रमा सार दिएका छन् । एउटा अनुच्छेद पढेर मात्र निबन्धको विषय बुझ्न सकिदैन । अत्यधिक संस्कृत भाषा जस्तै : इति पुच्छर पुरानो श्यामवर्णे लम्ब कर्णे, वक्र दृष्टि नेत्रे वैते भुवने प्रथमोऽध्यायः (पृ.३३) । ऋृंण कृत्वा धृतं विवेत्, देशंजन सर्व (पृ.३९), जनताय नमः जनताय नमः (पृ.५१) प्रयोगले पनि निबन्धको भाषामा जटिलता थपेको छ । 'प्र' को प्रपञ्च', 'पुच्छरको चमत्कार -१', 'छिर्काछिर्की' जस्ता निबन्धहरूमा कलात्मकताको कसरमसर देखिन्छ । जे आयो त्यही बगायोको तालमा मैनालीले आफ्नो अभिव्यक्तिलाई बग्न दिएको भएर पनि कतैकतै भाषामा मिठासपन गुमेको जस्तो लाग्छ । निबन्धका शीर्षकहरू प्रतीकात्मक छन् । निबन्धका विषयवस्तुले शीर्षकसँग तालमेल खाएको देखिन्छ । उमेशचन्द्र अधिकारीका व्यङ्ग्यचित्रले यी व्यङ्ग्य निबन्धहरूलाई सुनमा सुगन्ध झैँ पारेका छन् । निजात्मक शैलीमा लेखिएका निबन्धहरूले समाजका प्रत्येक क्षेत्रजस्तै आर्थिक, राजनैतिक, साहित्य कला, धर्म, दर्शन, दानप्रतिष्ठान, राष्ट्रियता, संघसंस्था आदिलाई व्यङ्ग्य गर्न सफल छन् ।

## ६.४ निष्कर्ष

वि.सं. २०६५ बाट सार्वजनिक रूपमा निबन्ध लेखन थालेका युवराज मैनालीले नेपाली समाजमा देखेका, भोगेका, अनुभव गरेका विषयहरूलाई आफ्ना निबन्धको विषयवस्तु बनाएका छन् । मैनालीको **भ्रष्टाचारको भाङ** (२०६५) निबन्धसङ्ग्रह प्रकाशित छ । यस निबन्धसङ्ग्रहमा जम्मा ३८ वटा निबन्धहरू सङ्गृहीत छन् । भित्र वैचारिक गाम्भीर्यको सागरले लहराउने र बाहिर व्यङ्ग्यको लेपले सतही जमिनजस्ता देखने उनका निबन्धहरू नवीनताले गर्दा उत्कृष्ट रहेका छन् । नेपाली समाजमा देखिएका विकृति तथा विसङ्गतिहरू खोतल्दै तिनको परिष्कार गर्ने लक्ष्य उनका निबन्धहरूले राखेका छन् । आत्मअनुभवमा आधारित उनका निबन्धको भाषा वर्णनात्मक रहेको छ ।

# परिच्छेद सातौँ

# उपसंहार तथा निष्कर्ष

## ७.१ उपसंहार

पहिलो परिच्छेद अन्तर्गत यस शोधपत्रको सामान्य रूपरेखा प्रस्तुत गरिएको छ । यस खण्डमा शोधशीर्षक, शोधप्रयोजन, विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य र महत्व, शोधकार्यको सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरेखा सम्बन्धी विवरणहरू प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेदअन्तर्गत युवराज मैनालीको जीवनी पक्षबारे चर्चा गरिएको छ । युवराज मैनालीको जन्म वि.सं. २०१७ चैत्र १० गते काभ्रेपलाञ्चोक जिल्ला अन्तर्गत कानपुर गा.वि.स. मा भएको हो । उनी बाबु केदारनाथ र आमा रेवती मैनालीका पाँचौ छोरा हुन् । यिनको बाल्यकाल जन्मस्थान काभ्रेपलाञ्चोक जिल्लाको कानपुर, रोशीखोला, कटुन्जे , फलाँटे जस्ता विभिन्न स्थानहरूको रमाइलो वातावरणसँग खेल्दै बितेको देखिन्छ । पौडी खेल्नु, ऐँसेलु खानु, उफ्रि खेल्नु, घुम्नु, बिदाको समयमा गाईबाखा चराउनु जस्ता काम गर्दै उनले बाल्यकाल बिताएको देखिन्छ । युवराज मैनालीले अक्षरारम्भदेखि सामान्य लेखपढ आफ्ना पिता केदारनाथ मैनालीबाट गरेका हुन् । पिताबाट बारखरी सिकेपछि घर नजिकैको कानपुर कालापानी प्राथमिक विद्यालयबाट पाँच कक्षासम्मको अध्ययन गरेका मैनालीले निम्न माध्यमिक तहको शिक्षा मामाको घरमा बसी शारदा माध्यमिक विद्यालयबाट गरेका देखिन्छ । वि.सं. २०३२ मा धुलिखेलको सञ्जिवनी माध्यमिक विद्यालयमा कक्षा ९ मा भर्ना भएर मैनाली त्यही डेरा गरी बसेको देखिन्छ । वि.सं. २०३४ मा मैनालीले द्वितीय श्रेणीमा प्रवेशिका उत्तीर्ण गरे । २०३६ मा रत्नराज्य क्याम्पसबाट मैनालीले द्वितीय श्रेणीमा आई.ए. उत्तीर्ण गरे । मैनालीले रत्नराज्य क्याम्पसबाटै २०४० सालमा द्वितीय श्रेणीमा बी.ए. उत्तीर्ण गरे । उनले वि.सं. २०४६ मा त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट स्नातकोत्तर तह एम.ए. दोस्रो श्रेणीमा उत्तीर्ण गरे ।

ब्राह्मण कुलमा जन्म भएका युवराज मैनालीको पारिवारिक आर्थिक अवस्था केही कमजोर रहेको थियो । बाजेको पालामा प्रशस्त जग्गा जमिन भए पनि बाबुका पालामा भाइ भागमा आधा परेको थियो । सोही जग्गा जमिनलाई भोटेहरूको ठूलो सुमदायले मिचेर

कब्जामा लगेको कारण पनि उनीहरूलाई आर्थिक समस्या परेको थियो । निम्नमध्यमवर्गीय परिवार भए तापनि मैनालीको परिवार शैक्षिक रूपले भने सुशिक्षित रहेको थियो । ८ वर्षको उमेरमा हिन्दूसंस्कारअनुसार उपनयन संसकार गरेका मैनालीको विवाह २०४८ सालमा काठमाडौँ कोटेश्वर निवासी अञ्जु गजुरेलसँग भएको थियो । श्रीमान र श्रीमती दुवै सरकारी पेसामा संलग्न भएकोले हाल मैनालीको आर्थिक अवस्था मध्यम खालको देखिन्छ । अत्यन्त सरल स्वभावका युवराज मेनाली त्यत्तिकै इमानदार, सहयोगी र मिलनसार पनि देखिन्छन् । सामान्य खाना, साधारण पहिरनमै सन्तुष्ट हुने यिनी साहित्य सिर्जना, चिन्तनमनन र साहित्यिक तथा वैचारिक अध्ययनमा रुचि राख्दछन् । मैनाली कार्यक्षेत्रका दृष्टिले मुख्यतः निजामती कर्मचारी हुन् । २०३४ सालमा एस.एल.सी. उत्तीर्ण गरी काठमाडौँको पशुपति माध्यमिक विद्यालयमा वि.सं २०३५ देखि २०३७ सालसम्म अ मा खरिदार पदबाट निजामती सेवामा प्रवेश गरेका देखिन्छ । खरिदार पदबाट निजामती सेवामा प्रवेश गरेका मैनाली हाल कारागार व्यवस्थापन विभागको शाखा अधिकृत पदमा कार्यरत छन् ।

बाल्यकालदेखि नै स्वतन्त्रताका पक्षमा बोल्ने मैनाली कुनै राजनीतिप्रति संलग्न भएका छैनन् । उनी स्वतन्त्रताप्रेमी व्यक्ति हुन् । अनेक क्षेत्रसँग सम्बन्ध र सरोकार राख्ने बहुआयामिक बौद्धिक व्यक्तित्वका रूपमा यिनको देशका शैक्षिक, प्रशासनिक, सामाजिक, सांस्कृतिक गरी अनेक क्षेत्रको विकास र प्रवर्द्धनमा भूमिका रहेको देखिन्छ । उनी प्रशासनिक कार्यको विविध उद्देश्य लिएर विभिन्न कार्याशाला, गोष्टि, सेमिनारमा संलग्न भएका छन् । उनले भ्रमणका क्रममा त्यहाँको सामाजिक, सांस्कृतिक क्षेत्रको पनि अध्ययन गरेको पाइन्छ । साहित्यसाधना, प्रध्यापक पेसा, सामाजिक कार्य र प्रशासनिक सेवा मैनालीका जीवनका मूल कार्यहरू हुन् ।

धर्मलाई परिष्कारका रूपमा मान्नुपर्छ भन्ने मैनाली मानवसेवा नै ठूलो धर्म हो भन्दछन् । मानवले स्वतन्त्रतापूर्वक बाँच्न पाउँनुपर्छ, कुनै आशा नगरी कसैले कुनै क्षेत्रमा सङ्घर्ष गऱ्यो भने अवश्य सफलता प्राप्त हुन्छ, कर्म गर्दै जानुपर्छ र जीवनमा त्यस्तो अप्ठ्यारा आइपर्दछन् तिनीहरूको सामना पनि गर्नुपर्दछ भन्ने धारणा मैनालीको छ । सकारात्मक सोच, सत्कर्म तथा नैतिकतामा रहेर अगाडि बढेको खण्डमा जीवन सफल बन्ने मान्यता उनको छ ।

तेस्रो परिच्छेद अन्तर्गत युवराज मैनालीको व्यक्तित्वको चर्चा गरिएको छ । उनी बाह्य रूपमा मझौला कद, गहुँगोरो वर्ण, हसिँलो अनुहार तथा शान्त प्रकृतिका देखिन्छन । उनले स्रष्टा व्यक्तित्व निबन्धकार, कथाकार, कविका रूपमा फैलिएका छ, भने द्रष्टा व्यक्तित्व समालोचक, सम्पादक भूमिका लेखकका रूपमा रहेको छ । उनको साहित्येतर व्यक्तित्व अन्तर्गत शिक्षक, प्रशासनिक, धार्मिक, सामाजिक आदिको रूपमा रहेको छ ।

चौँथो परिच्छेद अन्तर्गत युवराज मैनालीको साहित्ययात्राको निरूपण गरिएको छ । सर्वप्रथम २०३५ सालमा **तन्नेरी** पत्रिकाबाट 'एउटा लास लम्कदैछ सुनसानको रातमा' शीर्षकको कथामार्फत लेखनयात्रा प्रारम्भ गरेका युवराज मैनालीको साहित्ययात्रा विधागत परिवर्तन, बौद्धिकता, परिपक्वताका आधारमा पहिलो (२०३५ -२०६५) र दोस्रो (२०६५-यता) गरी दुई चरण देखा पर्दछन् । पहिलो चरण कथा, निबन्ध विधामा केन्द्रित भएकोले यो चरण साहित्य सिर्जनाको अवधि हो । दोस्रो चरणमा समालोचनामा बढी केन्द्रित र केही फुटकर सिर्जना भएकोले यो चरण समालोचना लेखनको अवधिका रूपमा रहेको छ ।

पाँचौं परिच्छेदमा युवराज मैनालीको समालोचनात्मक कृतिको विश्लेषण गरिएको छ । नयाँ तथा पुराना कृति तथा कृतिकारका बारेमा समालोचना गर्ने मैलाली वस्तुवादी समालोचक हुन् । हालसम्म उनका **केही प्रतिभा केही प्रवृति** (२०४२), **समको पौराणिक नाटय कौशल** (२०६९) र **कर्मयोगी देवकोटा महाकाव्यको विश्लेषण** (२०६९) गरी तीनवटा समालेचनात्मक कृतिहरू प्रकाशित भएका छन् । उनले केही समालोचनाहरू समालोचनात्मक सिद्धान्तको विमर्श गरेर लेखेकोले उनी सैद्धान्तिक समालोचकका रूपमा पनि रहेका छन् । मैनालीले सम तथा देवकोटाजस्ता महान साहित्यकारको परिचय तथा प्रवृत्ति विश्लेषणात्मक रूपमा प्रस्तुत गरेका छन् । कतिपय समालोचनात्मक लेखहरू निबन्धात्मक शैलीमा लेखिएकोले उनको निबन्धात्मक भाषाको रन्को समालोचनात्मक भाषामा पनि परेको देखिन्छ ।

छैटौं परिच्छेद अन्तर्गत युवराज मैनालीको निबन्धात्मक कृति **भ्रष्टाचारको भाङ**को विश्लेषण गरिएको छ । यसमा जम्मा ३८ वटा निबन्धहरू सङ्गहीत छन् । यी निबन्धहरूले नेपालको वर्तमान नोपलका राजनैतिक, आर्थिक, सास्कृतिक, शैक्षिक, साहित्यिक आदि क्षेत्रमा देखिएका विकृति र विसङ्गतिहरूलाई तीव्र व्यङ्ग्य प्रहार गरेका छन् । भित्र वैचारिक गाम्भीर्यको सागर लहराउने र बाहिर व्यङ्ग्यको लेपले सतही जमिनजस्ता देखिने उनका

निबन्धहरू नवीनताले गर्दा उत्कृष्ट रहेका छन् । निबन्धको क्षेत्रमा उनी विशेष गरी व्यङ्ग्य निबन्धकारका रूपमा स्थापित छन् । आत्मअनुभवमा आधारित उनका निबन्धको भाषामा कतै कसरमसर देखिए पनि विषयवस्तुप्रति गम्भीर चिन्तन गरी रचना गरिएका छन् ।

सातौँ परिच्छेद अन्तर्गत उपसंहार प्रस्तुत गरिएको छ । यस परिच्छेद अन्तर्गत पहिलो देखि सातौँ परिच्छेदसम्म लेखिएका शोधपरिचय, मैनालीको जीवन, व्यक्तित्व, साहित्ययात्रा तथा कृतिहरूको विश्लेषण प्रस्तुत गरिएको विषयलाई उल्लेख गरिएको छ ।

## ७.२ निष्कर्ष

काभ्रेपलाञ्चोक जिल्लाको कानपुर गाउँमा जन्मे हुर्केका साहित्यकार युवराज मैनालीको सामाजिक, प्रशासनिक तथा साहित्यिक क्षेत्रमा विशिष्ट योगदान रहेको छ । समग्रमा मैनालीको जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषणबाट प्राप्त हुन आएका मूलभूत निष्कर्ष यस प्रकार प्रस्तुत गरिएको छ :

(१) युवराज मैनाली पारिवारिक संस्कारसँगै हुर्केका हुनाले परिवार र समाजप्रति उत्तरदायी व्यक्तित्वका रूपमा परिचित छन् ।

(२) नेपाल सरकारको शा.अ. जस्तो गरिमामय पदमा प्रशासनिक कर्मचारीका रूपमा कार्यरत मैनालीले आफ्नो जागिरे जीवनका अतिरिक्त सम्पूर्ण समय र सामर्थ्य नेपाली साहित्यको उत्थानका लागि खर्चिएका छन् ।

(३) प्रशासन, समाज, साहित्यजस्ता क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका मैनालीको बहुआयामिक व्यक्तित्वका कारण शैक्षिक, सामाजिक, प्रशासनिक र साहित्यिक क्षेत्रमा महत्त्वपूर्ण योगदान पुगेको पाइन्छ ।

(४) मैनालीको साहित्ययात्रा औपचारिक रूपमा साढे तीनदशक लामो समयको निरन्तरता रहेको छ, भने यस समयमा उनका पाँचवटा पुस्तकहरू प्रकाशनमा आएका छन् ।

(५) मैलालीले आफ्ना निबन्धहरूको विषय समाजका विभिन्न पक्षहरूमा देखिएको विकृति तथा विसङ्गतिलाई बनाएका छन् । शैक्षिक आर्थिक, सांस्कृतिक, राजनैतिक, धार्मिक, कला-साहित्यजस्ता विभिन्न क्षेत्रका विकृत पक्षलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् ।

(६) मैनालीले आफ्ना निबन्धहरू मार्फत समाजका विकृत पक्षको जरा उखेलेर स्वच्छ र समुन्नत समाज निर्माणको सन्देश प्रवाह गरेका छन् ।

(७) मैनालीले समालोचनात्मक कृतिमा नयाँ तथा पुराना साहित्यकार र तिनका कृतिका विषयमा विश्लेषणात्मक चर्चा गरेका छन् ।

(८) समालोचनाका क्रममा मैनालीले केही सैद्धान्तिक मान्यताहरूको पनि चर्चा गरेर सैद्धान्तिक समालोचकका रूपमा आफूलाई उभ्याउने प्रयास गरेका छन् ।

(९) भाषाशैलीय विन्यासका दृष्टिले मैनालीका प्रारम्भका रचनाहरू जटिल भाषामा संरचित छन् भने पूर्वार्द्धका रचनाका भाषा सरल देखिन्छ । समग्रमा भावगत रूपमा जटिलता रहनु मैनालीलको साहित्य लेखनको विशेषता हो ।

# परिशिष्ट

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत शोध तयार पार्दा यसको सामग्री सङ्कलनको क्रममा शोधनायक युवराज मैनालीसँग लिइएको लिखित अन्तर्वार्तामा

१. **तपाईंको जन्म कहिले र कहाँ भएको हो ।**

- मेरो जन्म २०१७ साल चैत्र १० गते काभ्रे जिल्लाको कानपुर भन्ने गाउँमा भयो ।

२. **तपाईंको पिता र माताको नाम र पेसा के हो ।**

- पिताको नाम केदारनाथ मैनाली र माताको नाम रेवती मैनाली हो । मेरो पिताजीको २०६४ सालमा र माताको २०५० ब्लड क्यान्सर भएर निधन भयो । बुबा किसान र प्रधानपञ्च गा.वि.स. अध्यक्ष पनि हुँदा राजनीति पनि गर्नुहुन्थ्यो ? आमा गृहिणी मात्रै ।

३. **तपाईंको दाजुभाइ दिदीबहिनीको नाम र पेसा बताइदिनुहोस्,न ।**

- हामी जम्मा ९ जना दाजुभाइ, ३ जना दिदीबहिनी गरी १२ जना अर्थात् एक दर्जन जन्मेका थियौँ । म भन्दा लगत्तै मुनिको भाइ चन्द्र २ वर्षमै बित्यो । अब हामी आठजना दाजुभाइ र तीन दिदीबहिनी गरी एघार जना छौँ । जेठो दाजु केशरप्रसाद मैनाली काभ्रेमा कानून व्यवसायी हुनुहुन्छ । माहिँला दाजु श्यामप्रसाद मैनाली नेपाल सरकारको सचिव पदबाट अवकाश हुनुभएको हो । उहाँ प्रशासनिक लेखक हुनुहुन्छ । नेपाली साहित्यमा पनि उहाँको **बाटो बिराएका राजनीति** हास्यव्यंग्य निबन्धसङ्ग्रह प्रकाशित छ । साहिँलो दाजु उमेशप्रसाद मैनाली विशिष्ट श्रेणी गृह सचिवसम्म हुनुभयो । अहिले लोकसेवा आयोगको अध्यक्ष हुनुहुन्छ । काहिँलो म हुँ, म गृह मन्त्रालयको शाखा अधिकृत छु । ठाहिँलो भाइ गोपीनाथ मैनाली जो नेपाली साहित्यको बौद्धिक समालोचक, निबन्धकार र आख्यानकार पनि हुन् । व्यवस्थापनका क्षेत्रमा उनका एक दर्जन जति कृति प्रकाशित छन् । उनी राष्ट्रिय योजना आयोगमा सहसचिव छन् । अन्तरे देवराज मैनाली इन्जिनियर हुन । उनी अमेरिका बस्छन् । ठूलो कान्छो नारायण मैनाली हुन् । उनी विराटनगरमा एल. डी. ओ. छन् । कान्छो डाक्टर रामप्रसाद मैनाली हुन्, उनी अर्थ मन्त्रालयमा उपसचिव छन् । दिदी रुक्मणी खरेल घरमै हुनुहुन्छ । बहिनीहरू प्रभा र शोभा श्रम मन्त्रालयमा ना.सु स्तरमा कार्यरत छन् । यसरी हाम्रो परिवार निजामति सेवामा कार्यरत छौँ, जेठो दाजु बाहेक ।

४. **तपाईको बाल्यकाल कहाँ बित्यो ।**

- मेरो बाल्यकाल कानपुर र कानपुरको बेसी, रोशिखोलामा अनि मामाघर काभ्रेकै फलाँटेमा केही समय बित्यो ।

५. **तपाईंको बाल्यकालको रुचि के थियो ?**

- साथी भाइसँग खेल्न, घुम्न, गाईबाखा चराउन र रोशिखोलामा चक्र खेल्न मन पराउँथे ।

- बालकालमा गुन्द्रुक र ढिडो, दुध, भुटेको पिठो रुचाउँथे । अहिले भोक लाग्दा जे भए पनि ठिकै लाग्छ ।

**६. तपाईंको शिक्षादीक्षाको बारेमा बताइदिनुहोस्,न ।**

- मेरो अक्षरारम्भ पाँच वर्षको उमेरमा पिताजीले बाह्रखरीबाट गराउनु भयो ?
- म सात वर्षको उमेरमा कानपुर कालापानी प्राथमिक विद्यालयमा भर्ना भएँ ।
- म विद्यालयमा कानपुरमा ५ कक्षासम्म कहिले द्वितीय र धेरै पटक पहिलो नै हुन्थेँ ।
- विद्यालय स्तरमा मेरो पढाइ असल थियो । काभ्रेमा माध्यमिक स्तरको वादविवाद प्रतियोगितामा म प्रथम भएको थिएँ ।
- मेरो अध्ययन क्रममा तीनवटा विद्यालयमा पढेँ । कानपुरमा प्राथमिक विद्यालयमा मात्र थियो र कक्षा ५ सम्म मात्र थियो । मेरो मामा खड्गराज खरेल शारदा माध्यमिक विद्यालयमा शिक्षक हुनुहुन्थ्यो । त्यस कारण म मामाघर फलाँटेको उ. मा.वि. मा कक्षा आठ सम्म पढें । पढाइ स्तरीय भएको करण ९ र १० कक्षा अध्ययनका लागि धुलिखेलको सञ्जिवनी माध्यमिक विद्यालयमा गएँ ।
- २०३४ सालमा धुलिखेलको सञ्जिवनीबाट प्रवेशिका उत्तीर्ण गरेँ । द्वितीय श्रेणीमा गरेँ ।
- आइ.ए. र बी.ए रत्नराज्यलक्ष्मी क्याम्पस र एम.ए. प्राइवेटबाट त्रि.वि.वि. बाट गरेँ ।

**७. तपाईंका विद्यालय स्तरका मिल्ने साथीहरू को को थिए ?**

- साथीहरू धेरै थिए । राष्ट्रिय व्यक्तित्व भएका भने कोही छैनन्, बानेश्वरका उप्रेती काष्ठ उद्योगका प्रो.प्राइटर हरिहर उप्रेती, त्यस्तै रामनारायण उप्रेतीहरू व्यवसायका हिसाबमा राम्रै मानिन्छन् ।

**८. तपाईं विद्यार्थी रहँदा तपाईंको आर्थिक अवस्था कस्तो थियो ?**

- अरूको जस्तै खेती किसानीबाट हाम्रो परिवार चलेको थियो । हाम्रो जग्गा धेरै नै थियो । बुवा प्रधानपञ्च पनि हुनुहुन्थ्यो ? उहाँसँग जहिले पनि पछि हिड्ने मानिस धेरै थिए । हामी धेरै भएकाले एस.एल.सी. पछि आफै कमाउँदै पढ्यौं । त्यसबेला हाम्रो आर्थिक अवस्था निम्न वर्गीय थियो ।

**९. तपाईंको विवाह र सन्तानबारे बताउँनुहोस न ।**

- मेरो विवाह ३१ वर्षमा परम्परागत मागेर भयो ।
- २०२३ सालमा कोटेश्वरकी अञ्जू गजुरेलसँग ।
- उनी तेस्री अर्थात् साहिँली छोरी हुन् ।
- उनको जन्म २०२३ सालमा, कोटेश्वरमा भयो ।
- उनी स्पष्टवक्ता, भद्र र सहयोगी स्वभावकी छिन् ।
- आयुष्मा र आयाम गरी दुई जना छोराछोरी छन् । छोरी आयुष्माको २०५०/७/११ मा र छोरा आयामको २०६६/६/१७ सालमा जन्म भयो ।

- छोरी अमेरिकामा स्नातक र छोरा कक्षा ६ मा पढ्छन् ।

**१०. अञ्जूका बुबा,आमाको नाम के हो र पेसाले के के हुनुहुन्छ** ?

- उहाँको नाम धर्मनाथ गजुरेल हो । सरकारी सेवामा लामो समय सेवा गरी केही जिल्लामा अड्डाको हाकिम समेतको जिम्मेवारी सम्हाल्नु भयो । अहिले अवकास हुनुभयो । अञ्जूकी आमा घरमै हुनुहुन्छ । उहाँ सामान्य गृहिणी हुनुहुन्छ ।

**११. अञ्जूका कति दाजुभाइ र दिदीबहिनी हुनुहुन्छ** ?

- एक दाजु, दुई भाइ, चार दिदीबहिनीमा एकजना वितेकी उनी लगत्तै पछिकी ।

**१२. अञ्जूले कहाँबाट कति सम्मको अध्ययन गर्नुभयो** ?

- नेपालगञ्जबाट स्टाफनर्स सम्मको अध्ययन गरेकी छन् ।

**१३. तपाईंको बानी व्यवहार तथा रुचि के कस्तो छ ।**

- मलाई सामान्य खाना मन पर्छ, खाना रोज्ने बानी छैन् ।
- पोसाक अञ्जूले जे ठीक गर्छिन् त्यही लगाउँछु ।
- कोही रिसाउने खुसाउने गर्छन् त्यस्तो नगर्ने, व्यक्तिगत फाइदका लागि कसैको घरमा नधाउने, छिटै विश्वास गर्ने मेरो बानी छ ।
- म विहान ४ बजे उठिसकेको हुन्छु । विहान नुहाउँछु, मर्निङवाक गर्छु, रामदेवको केही व्यायम गर्छु ।
- धर्ममा पनि आस्था राख्छु । मन्दिर जान्छु । भगवान सम्झन्छु । मानिसलाई सहयोग गरेमा भगवान खुसी हुन्छन् भन्ने मेरो धारणा छ ।
- भ्रमण गर्न मनलाग्छ, नेपालका धेरै जिल्लाको भ्रमण गरेको छु । छिमेकी चीन र भारतको समेत भ्रमण गर्ने सौभाग्य पाएको छु ।
- भ्रमण क्रममा त्यस स्थानको प्राकृतिक सौन्दर्य, मानिसहरूको रहनसहन, धार्मिक, सांस्कृतिक अवस्था विकास निर्माण आदिलाई ध्यान दिने गरेको छु ।
- मेरो सबैभन्दा बढी रुचि साहित्यमा छ । कारण सानै उमेरदेखि नै म साहित्य पढ्ने र लेख्ने गर्दै आएको छु ।

**१४. हाल तपाईंको आर्थिक अवस्था कस्तो छ** ?

- विहान बेलुका खान, बच्चा पढाउँन सकेको छु, बैंक ब्लालेन्स छैन । मध्यम स्तरको आर्थिक अवस्था मेरो छ । राजधानीमा एउटा र पोखरामा एउटा पक्की घर छन् ।

**१५. तपाईंको आर्थिक अवस्थालाई अरू कसैले सहयोग गरेका छन्** ?

- अञ्जूबाट र कहिलेकाही अञ्जूका पिताजीबाट केही सहयोग पाएको छु ।

**१६. तपाईंको सन्तानलाई पढाई खर्च कति लाग्छ** ?

- छोरी अमेरिकामा आफै पढ्छिन् र छोरालाई मासिक बीस हजार जति लाग्ला ।

**१७. तपाईं जन्मस्थान छोडी बसाइसराइ कहिले र किन गर्नुभयो ?**

- म २०३२ देखि पढाइको र पछि जागिरको सिलासिलामा जन्मस्थान छोडेर यतातिर आएँ ।

**१८. तपाईं फुर्सदको समयमा के गर्नुहुन्छ ?**

- साहित्यिक सिर्जना, भेटघाट गर्छु ।

**१९. तपाईं साहित्य रचनाको अतिरिक्त के गर्नुहुन्छ ?**

- साथीहरूसँग बसेर साहित्यिक गफ गर्ने, साहित्यको र अन्य विषयमा पुस्तक पढ्ने, दाजुभाइ र दिदीबहिनी, इष्टमित्रसँग भेट्ने र मन्दिर जाने गर्छु ।

**२०. तपाईंले लेखनारम्भ कहिलेदेखि कुन विधाबाट गर्नुभयो ?**

- मैले २०३५ सालमा कथा लेखनबाट लेखन श्री गणेश गरेको हुँ । *एउटा लास लम्कदै छ सुनसायको रातमा* भन्ने कथा २०३५ मा **तन्नेरी** साहित्यिक पत्रिकाबाट प्रकाशित भयो ।

**२१. तपाईंले लेखन आरम्भमा प्रेरणा कसबाट पाउनु भयो ?**

- पशुपति मित्र माध्यमिक विद्यालयका शिक्षक फणीन्द्रराज खेताला र कृष्णप्रसाद उपाध्यायको संगत, क्याम्पसमा घटराज भट्टराईको सल्लाहले केही काम गरेको र यो बाहेक मेरो दाजुहरू, बुबा आमाको प्रेरणालाई पनि मैले स्मरण गर्नुपर्ने हुन्छ ।

**२२. पहिलो रचना गर्दा तपाई कति कक्षामा पढ्दै हुनुहुन्थ्यो ?**

- पहिलो कक्षा आठमा पढ्दै कथा कविता लेखेको थिए तर प्रकाशित रचना गर्दाचाहि म आइ.ए. मा अध्ययन गर्दै थिएँ ।

**२३. तपाईंको पहिलो प्रकाशित कृति कुन हो ? र कहिले प्रकाशित भयो ।**

- मेरो पहिलो प्रकाशित कृति **मुर्दाबोल्यो** कथासङ्ग्रह २०३७ सालमा प्रकाशित भयो ।

**२४. तपाईंका हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरू के के हुन् ।**

१. **मुर्दा बोल्यो** (२०३७), कथासङ्ग्रह

२. **केही प्रतिभा केही प्रकृति** (२०४२), समालोचनासङ्ग्रह

३. **भ्रष्टाचारको भाङ** (२०६५), निबन्धसंग्रह

४. **समका पौराणिक नाट्य कौशल** (२०६९), समालोचनासङ्ग्रह

५. **कर्मयोगी देवकोटा महाकाव्यको विश्लेषण** (२०६९), समालोचनात्मक ग्रन्थ

**२५. तपाईं साहित्य रचना गर्दा सङ्ख्यात्मक रूपमा धेरै वा गुणात्मक रूपमा धेरै रचना गर्न चाहनहुन्छ ?**

- सङ्ख्या बढाएर मात्र साहित्यको विकास सम्भव छैन । थोरैमा उत्कृष्टता साहित्यिक विशेषता हो । म कति लेखियो भन्नेमा हैन के लेखियो भन्ने गर्दछु । मेरो सिर्जनाका विषयमा अनुसन्धानको क्रममा तपाई स्वयम् बुझ्नुहुन्छ ।

**२६. तपाईं दिनमा कति समय साहित्यलाई दिनु हुन्छ ।**

- यति नै भने छैन । केही समय साहित्यलाई दिने गरेको छु । प्रायः दिनमा केही न केही लेखिन्छ ।

**२७. तपाईंका साहित्यले समाजका कस्ता- कस्ता क्षेत्रलाई देखाउँछन् ? किन तपाईले त्यस्ता क्षेत्रलाई पकड्नु भएको हो ।**

- समाजको यथार्थ स्वरूप मै मेरो साहित्यको विषय हो । म कथामा यथार्थवादी कित्तामा पर्छु । बालकृष्ण समले **मुर्दा बोल्यो** कथासङ्ग्रहमा समाजमा घटेका घट्नाहरूको नग्नचित्र भन्नुभएको छ । साहित्यकार फणीन्द्रराज खेतालाले कथाकारको रूपमा अर्को एउटा मैनाली भनेर कथाकार गुरूप्रसाद मैनालीको धारमा मलाई चित्रण गर्नुभएको छ । **भ्रष्टाचारको भाङ** लोकतन्त्रकालीन नेपालको चिरफार हो । साहित्य समाज सापेक्ष हुन्छ । समाजका यही कुरा मैले देखाएको छु । साहित्यको समाज रूपान्तरण गर्नु पर्दछ भन्ने भावनालाई मैले यस्ता विषय उठाएको हुँ ।

**२८. तपाईंको विचारमा साहित्य के हो र कस्तो हुनुपर्छ ।**

- जीवन र जगत्को यथार्थ स्वरूपलाई कलात्मक ढङ्गले अभिव्यक्त गर्नु साहित्य हो । यो समाज सापेक्ष हुन्छ । राजनीतिमा यो निरपेक्ष रहनु आवश्यक हुन्छ । साहित्य सामयिक, कलात्मक, सुन्दर र नवीन हुनुपर्छ । साहित्यमा समाज सलबलाउँछ । समाज रोए साहित्य रुन्छ । समाज हाँसे साहित्य हाँस्छ । समाज रूपान्तरणका लागि साहित्यले आवाज बुलन्द गर्नुपर्दछ ।
- साहित्य जीवन र जगतको दर्पण हो । यसमा कलात्मक प्रस्तुति हुन्छ । असल साहित्यले समाजको रूपान्तरणका लागि मार्गनिर्देश गरेको हुन्छ । साहित्यमा देश, काल, समाज सजीव रूपमा चित्रण गरिनु पर्छ । साहित्य साहित्यका लागि होइन साहित्य जीवनका लागि हुनुपर्छ भन्ने मेरो धारणा छ ।
- साहित्य लेखन सरलतामा गहनता बोकेको सर्वाधिक नवीन, शिल्प र कला पक्षमा अत्यन्त सुन्दर हुनुपर्छ ।
- लेखकको उद्देश्य गुणात्मक, नवीन, सृजनाका लागि हुनुपर्छ र त्यस्तो सृजना सामाजिक परिवर्तनको वाहक बन्न सक्नुपर्छ ।

**२९. तपाईंले वर्तमान नेपाली समाजलाई कसरी नियाल्नु भएको छ र समाज रूपान्तरण गर्न साहित्यकारको कस्तो भूमिका हुनुपर्छ ।**

- वर्तमान नेपाली समाज आध्यात्मियतातिर भन्दा भौतिकतातिर अघि बढिरहेको छ । जसरी पनि कमाउनेतर्फ मान्छे अग्रसर भएका छन् । देश र समाजभन्दा पनि आफ्नो स्वार्थ पूरा गर्न लाग्दछन् । सुन्दर समाज बनाउन साहित्यकारहरूको अहम् भूमिका हुन्छ । समाजले भोगिरहेको सृजना भए साहित्यकार सफल हुनसक्छ ।

**३०. तपाईंको जागिरे जीवन बारे बताइदिनुहोस्,न ।**

- २०३५ सालबाट मैले जागिर सुरु गरेँ ।

- चावहिलको पशुपति मित्र माध्यमिक विद्यालयमा प्राथमिक शिक्षकको रूपमा २०३५ सालदेखि २०३७ सालसम्म सेवा गरेँ । प्रवेशीका सकेर राजधानी आउँदा काठमाडौँमा शिक्षक विज्ञापन भएको रहेछ । शिक्षक सेवा आयोगबाट म शिक्षकमा नियुक्ति भएँ । पारिश्रमिक दुईसय पचास मात्र थियो ।
- २०३७ सालमा लोक सेवा आयोगको सिफारिसमा निजामती कितावखानाबाट खरिदामा सेवा प्रवेश गरी २०४४ सालमा साझा विकास शाखा गौरको ना.सु. र २०६३ मा शा.अ. पदमा बढुवा भै गृहमन्त्रालय र अन्तर्गतका अध्यागमन विभाग र रसुला जिल्लाको सहायक प्रमुख जिल्ला अधिकारी, काठमाडौँ जिल्लाको प्रशासकीय अधिकृत हुँदै अहिले म कारागार व्यवस्थापन विभागको शाखा अधिकृत पदमा कार्यरत छु ।

**३१. सामाजिक सेवामा संलग्न भएको भए त्यसको विवरण दिनुहोस् न ।**

- समाजसेवा मेरो रुचिको विषय हो । रसुवाको सहायक प्र.जि.अ. हुँदा त्यहाँको दैवी विपत्तिमा काम गरेको छु । २०७२ को भूकम्प र त्यसपछिको पराकम्पनको कारण भएको क्षतिको विवरण लिने कार्यका साथै भग्नावशेषको समान हटाउने कार्य गरेको छु । अरूले सहयोग मागेमा आफ्नो वर्कत र बुद्धिले भ्याएसम्म सहयोग पुऱ्याएको छु ।

**३२. तपाईं के कस्तो संस्थामा संलग्न हुनुहुन्छ ।**

- साहित्यिक संस्थाहरूमा संलग्न छु । **भानु** मासिक, साहित्यिक, **दायित्व वाङ्मय प्रतिष्ठान**, **सुरभि साहित्य प्रतिष्ठान**को सल्लाहाकार, नोवेल स.पि. साकोसको सल्लाहाकार र **सुलेख** साहित्यिक मासिकको संरक्षक रहेको छु ।

**३३. तपाईको राजनीतिक संलग्नता बारे बताईदिनुहोस् न ।**

- २०३६ सालमा आइ.ए. पढ्दा बहुदलको पक्षमा आवाज उठाइको र जुलुसमा गइयो । २०६३ मा गृह मन्त्रालयबाट लोकतन्त्रको मागगर्दै काम ठप्प पारियो । मलाई राजनीति मुलुक सञ्चालनको मुख्य निर्देशक जस्तो लाग्छ ?
- म हाल कुनै पनि राजनीतिमा संलग्न छैन ।

**३४. तपाईले हालसम्म पाएका सम्मान तथा पुरस्कारहरू के के छन् ।**

- मैले प्रशासनिक सेवामा जानयद सेवा पदक र दीर्घ सेवा पदक, रसुवा जिल्लामा स.प.जि.अ मा कार्यरत रहँदा रसुवा नागरिक समाजका तर्फबाट रसुवा नागरिक सम्मान प्राप्त गरेको छु । साहित्यमा बी.डी. त्यागी हीरक जयन्ति सम्मान २०७१ अनि युगान्तर वर्ष पुरस्कार २०७१ पाएको छु ।

**३५. सम्मान तथा पुरस्कारलाई कसरी लिनुहुन्छ ?**

- सम्मान तथा पुरस्कारमा मेरो खास रुचि छैन । अहिले यसको विश्वासनीयतामा प्रश्न खडा भएको छ । नजिकका मानिसलाई योगदानै नभएपनि दिने र राम्रो भन्दा हाम्रो मान्छेलाई पुरस्कार, सम्मान दिने अहिले परम्परा नै छ । ९० प्रतिशत सम्मान र पुरस्कार धाउनेले

पाएका छन् । एक हातबाट दिने र अर्को हातबाट लिने गरिन्छ । योगदान नै नभएकाहरूका कोठा सम्मान पत्रहरूको भरिएका छन् । यसो भनेर मैले सबै पुरस्कारलाई दोषारोपण गरेको भने होइन । केही मात्र योगदानका आधारमा प्रदान गरिन्छ ।

३६. **तपाईंको विचारमा जीवन के हो** ?

- जीवन दुःख र सुखको नियमित यात्रा हो । अर्को शब्दमा भन्दा जीवन संघर्ष हो ।

३७. **मानिसले असल कार्य कसरी गर्नुपर्छ** ?

- मानिसले सकारात्मक सोच, सत्कर्म, सत्विचार र सच्चरित्र र नैतिक स्तरमा रहेर चलेको खण्डमा असल कार्य गर्न सकिन्छ ।

३८. **मान्छेले के लक्ष्य लिनुपर्छ त्यो लक्ष्य प्राप्ति गर्न कस्तो कर्म गर्नुपर्छ** ?

- मान्छेले महान् लक्ष्य लिनुपर्छ । त्यसका लागि अविराम गतिले कार्य गर्दै जानुपर्छ । गर्दै गएको खण्डमा असम्भव भन्ने वस्तु हुँदैन ।

३९. **तपाईंका दुःखका क्षणहरू के के हुन्** ?

- मेरा आमा बुबाको निधनमा मेरो जीवनमा सबभन्दा दुःखको अनुभूति गरेको छु ।

# सन्दर्भग्रन्थसूची

## १. पुस्तकसूची


थापा, मोहन हिमांशु. **साहित्य परिचय**. दो.सं. काठमाडौँ : साझा प्रकाशन, २०५० ।

मैनाली, युवराज. **मुर्दा बोल्यो**. काठमाडौँ : कमल प्रसाद ढुङ्गेल, २०३७ ।

................,**केही प्रतिभा केही प्रवृति.** दो.सं. काठमाडौँ : नुवाकोट साहित्य प्रतिष्ठान नेपाल, २०६७ ।

................., **भ्रष्टाचारको भाङ.** काठमाडौँ : भानु प्रकाशन, २०६५ ।

................, **समको पौराणिक नाट्य कौशल**. काठमाडौँ : बी.एन. पुस्तक संसार प्रा. लि, २०६९ ।

..............., **कर्मयोगी देवकोटा महाकाव्यको विश्लेषण**. काठमाडौँ : सुरभि साहित्य प्रतिष्ठान, २०६९ ।

लुइटेल, खगेन्द्रप्रसाद. **शोधविधि.** चौ.सं. काठमाडौँ : साझा प्रकाशन, २०६६ ।

सुवेदी, राजेन्द्र. **स्नातकोत्तर नेपाली निबन्ध.**चौ.सं. काठमाडौँ : पाठ्य सामग्री पसल, २०६३ ।


## २. पत्रपत्रिका सूची


घिमिरे, अच्युत, *मैनालीको भ्रष्टाचारको भाङको भावभूमि* **दायित्व,** (वर्ष२७, अङ्क८२, जेठ-असार २०७०), पृ.५९-६३ ।

दाहाल, प्रकाशमणि, *भ्रष्टाचारको भाङ : व्यंग्य साहित्यको तिख्खर स्वाद* **रचना**, (वर्ष५, अङ्क३, कार्तिक-मसिर २०७०), पृ.९-१२ ।

प्रभात, विष्णु, *आफ्नै मौलिकतामा भ्रष्टाचारको भाङ* **गरिमा,** (वर्ष२८, अङ्क१, पुस २०६६), पृ.११-१६ ।

फुयाँल, श्रीहरि, *भ्रष्टाचारको भाङलाई नियाल्दा* **शारदा,** (वर्ष५, अङ्क१, माघ २०६७), पृ.६७-७६ ।

मैनाली, युवराज, *नेपाली साहित्यमा भूपी* **राष्ट्रिय बहस,** (वर्ष१, अङ्क१, २०६१), पृ. १७-१८ ।

................, *प्राकृत पोखरा मुकुन्दशरण उपाध्याय* **मिर्मिरे,** (वर्ष३४,अङ्क२, पूर्णाङ्क२३७, २०६२), पृ.५२-६३ ।

................, *'आत्मज्वाला' भित्रका कवि फुयाँल* **युगान्तर,** (वर्ष४, अङ्क९, २०६३), पृ. ६२-६७ ।

................, *कुहिरोको कम्बलभित्र धुस्रिँदा* **भानु,** (वर्ष४३, अङ्क९९, २०६३), पृ.२९-३३ ।

................,*'परेवा र कैदी' मा कथाकार विजय मल्ल* **शारदा,** (वर्ष१, अङ्क४, २०६४), पृ.३७-४२ ।

................, *'अध्यारो द्वीपमा' उज्यालिएका कथाकार ध्रुवचन्द्र गौतम* **मिर्मिरे,** (वर्ष३६, अङ्क८, पूर्णाङ्क२६७, २०६४), पृ. ४२-४९ ।

................, *सोचका विम्बहरू* **भानु,** (वर्ष४४, अङ्क१०३, २०६४), पृ.५-१२ ।

................,*भवानी घिमिरेको स्मृतिका रेखाहरूको रेखाचित्र* **भानु,** (वर्ष४४, अङ्क११०, २०६४), पृ.११-१५ ।

................, *नियात्रा काव्यका प्रयोक्ता कवि दामोदर पुडासैनी* **भानु,** (वर्ष४४, अङ्क१११, २०६४), पृ.१७-२३ ।

................,*पौराणिक नाटक 'ध्रव' र 'प्रल्हाद' को तुलनात्मक विवेचना* **शारदा,** (वर्ष२, अङ्क४, २०६५), पृ.६६-६३ ।

................,*देवकुमारी थापा र उनको कथाकारिता* **भानु,** (वर्ष४५, अङ्क११२, २०६५), पृ.२८-३० ।

................,*क्षेत्रप्रताप अधिकारीको तर देश हारिरहेछ (कवितासङ्ग्रह) भित्र चियाउँदा* **भानु,** (वर्ष४५, अङ्क११३, २०६५), पृ.५-९ ।

................,*पल्पसा क्याफे : दर्पण यो देशको* **भानु,** (वर्ष४५, अङ्क११५, २०६५), पृ.१६-२१ ।

................,*नेपाली हास्य-व्यङ्ग्यको राजमार्गदेखि* **भानु,** (वर्ष४५, अङ्क११७, २०६५), पृ.१५-२२ ।

................,*गमलाको फूल* **भानु,** (वर्ष४५, अङ्क११८, २०६५), पृ.२०-२५ ।

................,*'अनुराधा' उपन्यासभित्र विजयमल्ल* **शारदा,** (वर्ष३, अङ्क१, २०६६), पृ.३०-३८ ।

................,*'शिखर चढिरेको मान्छे' भित्रको मान्छे अवलोकन गर्दा* **दायित्व,** (वर्ष२३, पूर्णाङ्क६७, २०६६), पृ. २६-२९ ।

................,*नाटककार सममा देखिएका नाटकीय दोषको उत्खनन्, आवश्यकता र निदान* **मिमिरे,** (वर्ष३८, अङ्क११, २०६६), पृ.१-५ ।

................,*औपन्यासिकवृत्तमा बीपीको 'सुम्निमा'* **नुवाकोट साहित्य प्रतिष्ठान,** (२०६६), पृ.८७- ९८ ।

................,*अमूर्तता, सामयिकता र अभिव्यक्तिगत प्रयोगमा प्रतिविम्बित शंकर कोइराला* **शारदा,** (वर्ष५, अङ्क२, २०६७), पृ.६७-७९ ।

................,*'प्रकृतिमा मान्छे' भित्रको मानवतावादी स्वर* **मिमिरे,** (वर्ष३९, अङ्क२, २०६७), पृ.१५१-१५६ ।

................,*नेपाली उपन्यासमा नौलो प्रयोग* **भानु,** (वर्ष४७, अङ्क१३०, २०६७), पृ.५०-६३ ।

................,*चरिचुच्चे च* **सुलेख,**(वर्ष१, अङ्क७, २०६९), पृ.१२-१५ ।

................, *लिलाममा जगदीश घिमिरे* **सुलेख,** (वर्ष४, अङ्क२, २०६९), पृ. ३८-४५ ।

................, *स्वअङ्कुभित्र 'निरङ्कुशता' मा घोत्लिँदा* **महामण्डल,** (वर्ष४, अङ्क३, पूर्णाङ्क१५, २०६८), पृ. १-३ ।

................,*मदनरेग्मीका कविता* **दायित्व,** (वर्ष२६, पूर्णाङ्क८०, २०६९), पृ.५१-५८ ।

................,*कलानिधिका हृदय स्पन्दनभित्र* **श्रीङ्खला,** (वर्ष३५, अङ्क१०, २०६९), पृ.१८-२१ ।

................,*मान्छेँ मान्छे* **कविता,** (पूर्णाङ्क९५, २०६९), पृ.२२ ।

................,*यो पनि दन्त्यकथा* **सुलेख,**(वर्ष२, अङ्क५, पूर्णाङ्क१४, २०७०), पृ.४७-४८ ।

................,*क्वाथ राजनीति* **सुलेख,**(वर्ष२, अङ्क६, पूर्णाङ्क१५, २०७०), पृ.५-७ ।

................,*'जसको जोत उसको पोत'का भौकाजी* **सुलेख,**(वर्ष२, अङ्क१२, पूर्णाङ्क२१, २०७०), पृ.४९-५७ ।

................,*'नेपाली कथ्य परम्पराभित्र कथाकार किशोर पहाडीलाई पर्गेल्दा* **महामण्डल,**

(वर्ष६, अङ्क१, पूर्णाङ्क२१, २०७०), पृ. ३-७ ।

................,*सम्भाव्यता* **ज्योति**, (वर्ष९, पूर्णाङ्क२१, २०७०), पृ.४५ ।

................,*सिंहदरवार* **दायित्व,** (वर्ष२७, पूर्णाङ्क८१, २०७०), पृ.५२-५३ ।

................,*कवि शिरोमणि लेखनाथ र नेपाली साहित्य* **दायित्व,** (वर्ष२७, पूर्णाङ्क८३, २०७०), पृ.२६-२७ ।

................,*यो के भएको ?* **प्रहरी,** (वर्ष५५, पूर्णाङ्क३, २०७०), पृ.१०१ ।

................,*युद्ध* **प्रहरी,** (वर्ष५५, पूर्णाङ्क४, २०७०), पृ.१२ ।

................,*बन्दगेट खुल्लागेट* **प्रहरी,** (वर्ष५५, पूर्णाङ्क५, २०७०), पृ.५२ ।

................,*अनुभूति* **प्रहरी,** (वर्ष५५, पूर्णाङ्क६, २०७०), पृ.१८ ।

................,*मेरो बाटो* **कविता**, (पूर्णाङ्क९७, २०७०), पृ.१५ ।

................,*समीरभित्रै पहाड समीरभित्रै अणु* **शारदा,** (वर्ष१, अङ्क१, २०७१), पृ.४१-५० ।

...............,*काव्य कसीमा 'द्वारिका श्रेष्ठका कविता'* **शारदा,** (वर्ष१, अङ्क२, २०७१), पृ.५६- ६२ ।

................,*'सन्तान' नाटकमा जगदीश* **शारदा,** (वर्ष१, अङ्क५, २०७१), पृ.२५-२९ ।

................,*नेपाली कवितामा भूपी* **शारदा,** (वर्ष१, अङ्क१०, २०७१), पृ.७७-८४ ।

................,*'उलार'भित्रको उभार* **शारदा,** (वर्ष१, अङ्क१२, २०७१), पृ.३२-३७ ।

................, *स्वार्थ* **शारदा**, (वर्ष१,अङ्क१२, २०७१), पृ. ५० ।

..............,*उपन्यासकार हृदयचन्द्रसिंह प्रधान र उपन्यासकारिता* **सुलेख,** (वर्ष३, अङ्क१२, २०७१), पृ.३९-५० ।

................,*सोच* **त्रिशूली त्रिवेणी,** (वर्ष९, अङ्क२, २०७१), पृ.५ ।

................, *रौद्ररुप* **शब्दाङ्कुर**, (वर्ष१४,अङ्क५,पूर्णाङ्क१५२, २०७१), पृ. १८ ।

................, *पलायन* **शब्दाङ्कुर**, (वर्ष१४,अङ्क५,पूर्णाङ्क१६१, २०७१), पृ. २२ ।

................,*छेस्का* **भानु**, (वर्ष५१, अङ्क१८०, २०७१), पृ.३९ ।

................, *सन्तुष्टि* **शारदा**, (वर्ष२, अङ्क५, पूर्णाङ्क१७, २०७२), पृ. ३९-४० ।

................,*धरावासीका दुई उपन्यासका दुई धार* **सुलेख**, (वर्ष४, अङ्क५, पूर्णाङ्क३६, २०७२), पृ.१९-२८ ।

................,*तीन धुम्तीका धुमाइहरू* **सुलेख**, (वर्ष४, अङ्क८, पूर्णाङ्क३९, २०७२), पृ.९-२५ ।

................,*आजका अर्जुन* **महामण्डल,** (वर्ष८, अङ्क२, पूर्णाङ्क३०, २०७२), पृ.१९ ।

................, *'अकविता' भित्रका गीत र गीतकार क्षेत्रप्रताप* **शब्दाङ्कुर**, (वर्ष१५, अङ्क१, पूर्णाङ्क१६९, २०७२), पृ. २५-२६ ।

................,*म पनि कैदी नै* **हिमाली गुराँस**, (वर्ष१९, पूर्णाङ्क५७, २०७२), पृ.२७ ।

................, *हुँदोरहेछ यस्तो पनि* **हिमाली गुराँस**, (वर्ष१९, अङ्क५८, २०७२), पृ. १८ ।

................, *भर्खरै झुल्केको घामप्रति* **दायित्व**, (वर्ष२९, पूर्णाङ्क९६, २०७२), पृ. २५-२६ ।

................, *'मनका छाल' माथि एक विवेचना* **जनमत**, (वर्ष३२, अङ्क१०, २०७२), पृ. २७-३० ।

राउत, रामेश्वर, 'मातृदास', *समको नाटकमाथि युवराजको समालोचना* **जनभावना,** (२०७० साउन२१), पृ.१२-१६ ।